# परिच्छेद एक

# शोधपत्रको परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक साहित्यकार घनश्याम ढकालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत पाटन संयुक्त क्याम्पसको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको आवश्यकता पूरा गर्ने प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ विषयप्रवेश : स्पष्टीकरण र व्याख्या

वि.सं. २०१० मा स्याङ्जा जिल्लाको सतौँमा जन्मिएका घनश्याम ढकाल नेपाली प्रगतिवादी साहित्यका फाँटमा साधनारत साहित्यस्रष्टा हुन् । वि.स.२०२६मा 'मातृभूमिको गारेटो' शीर्षकको पत्रिकामा निबन्ध छपाएर नेपाली साहित्यमा कलम चलाउने ढकाल निबन्धकार कथाकार, उपन्यासकार तथा कवि व्यक्तित्व हुन् । ढकालले नेपाली साहित्यका विभिन्न विधाहरूमा कलम चलाए तापनि विशेषगरी आफूलाई कथा विधामा केन्द्रित गरेका छन् । जनताका पीरमर्कालाई देखाउँदै शोषकवर्गका कुकृत्यको उजगार गरी जनमुक्तिको गतिलाई अगाडि बढाउन साहित्य पनि एउटा हतियार हो भन्ने उनको मान्यता रहेको छ ।

नेपाली साहित्यमा निबन्ध, कथा, उपन्यास, कविता र सौन्दर्यचिन्तनको क्षेत्रमा ढकालले आफ्नो लेखनी विस्तार गरेका छन् । साहित्यमा वर्गीय चिन्तन र त्यसको प्रतिविम्बनलाई महत्त्व दिने ढकाल मार्क्सवादी सौन्दर्यचिन्तनका पक्षपोषक हुन् । साहित्यिक सङ्घसंस्थाको स्थापना, सञ्चालन, पत्र-पत्रिका प्रकाशन र राजनीति सन्दर्भमा पनि उनको सक्रियता देख्न सकिन्छ ।

'सागर' 'अजात शर्मा', 'प्रकाश शर्मा' आदि उपनामबाट समेत लेखन कर्मलाई अगाडि बढाउने ढकालले आफ्ना कृतिमा शोषित वर्गमाथि भएगरेका उत्पीडन र कुकृत्यको भण्डाफोर गर्दै शोषितहरूको राज्य व्यवस्था स्थपनाका लागि अवाज उठाएका छन् । समसामयिक परिस्थितिमा गाउँले जीवनका मार्मिक पक्षलाई विषयवस्तु बनाउँदै सरल भाषामा जीवनको यथार्थलाई समात्ने प्रवृत्ति ढकालमा देखिन्छ । ढकाल प्रगतिशील लेखक सङ्घमा आबद्ध भई मार्क्सवादी सौन्दर्यचिन्तका क्षेत्रमा क्रियाशील हुँदै आएका छन् । प्रतिगवादी साहित्य सिर्जना एवम् सौन्दर्यचिन्तनमा समर्पित ढकालले'मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना' (२०५४) तथा यससँग सम्बन्धित विभिन्न लेख तथा रचनाहरू साहित्यिक पत्रिका **कलम, वेदना, पसिना, प्रलेस,** गण्डकी सङ्गम तथा साहिप्ताहिक पत्रिका जनादेश, जनएकता मार्फत लेखन-प्रकाशनमा क्रियाशील रहेको पाइन्छ । नेपाली प्रगतिवादी आन्दोलनलाई सुरूदेखि नै पछ्याउँदै साहित्यका क्षेत्रमा साधनारत ढकाल 'प्रगतिशील लेखक सङ्घ' 'अखिल नेपाल जनसांकृतिक सङ्घ' 'गण्डकी साहित्य सङ्गम' 'अखिल नेपाल लेखक सङ्घ' आदि सङ्घ संस्थाहरूमा सम्लग्न हुँदै आएका छन् ।

लेखकले शोषित जनतालाई आफ्नो वर्ग पहिचान दिँदै, सुखी संसारको वास्तविक बाटो देखाएर समाज परिवर्तन गर्नु पर्दछ भन्ने मान्यतामा कटिबद्ध ढकालका आजसम्म प्रकाशित कृतिहरू यस प्रकार रहेका छन् ।

## (क) निबन्ध

१. नाम कमाउने रहमा (२०४२)
२. दरिद्रताबाट मुक्ति (२०४५)

## (ख) कविता

१. गंगा कावेरी एक्सप्रेस चिठीलाई जवाफ (२०४२) अप्राप्त
२. अभिवादन गर्छ सगरमाथा पेरूभियाली जनक्रान्तिलाई (२०४३) अप्राप्त
३. फैसला हारजीतको (२०४४)
४. भावनाका छालहरू (२०६२)

## (ग) कथा

१. भरिया र यात्री (२०४६)

२. शहीद मानचित्रमा नपरेको शहीद (२०४८)

३. समर्पण बाटोमा (२०५१)

४. आजको महाभारत (२०५५)

५. सहिदको सालिक (२०६६)

## (घ) उपन्यास

१. गाउँभित्र (२०४७)

२. रातो आकाश (२०६०)

## (ङ) समालोचना/सौन्दर्यचिन्तन

१. मार्क्सवादी सोन्दर्यशास्त्रको विवेचना (२०५४)

२. द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवाद (२०६४)

नेपाली साहित्यका उपर्युल्लिखित विधामा योगदान दिने साहित्यकार घनश्याम ढकालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन हालसम्म नभएको हुँदा उक्त अध्ययन आवश्यक देखिन्छ ।

### १.४ शोधसमस्या

साहित्यकार घनश्याम ढकालले कथा, उपन्यास, निबन्ध, कविता, सौन्दर्यचिन्तन जस्ता नेपाली साहित्यका विभिन्न विधामा योगदान पुऱ्याएका छन् । ढकालले सिर्जना गरेका विभिन्न विधाका साथै उनको 'जीवनी, व्यक्तित्व र कृतित्व' का बारेमा विभिन्न पत्र पत्रिकामा सामान्य टिप्पणी बाहेक हालसम्म व्यवस्थित अध्ययन भएको पाइँदैन । त्यसैले प्रस्तुत शोधपत्र निम्नलिखित समस्यामा केन्द्रित रहेको छ ।

(क) साहित्यकार घनश्याम ढकालको जीवनवृत्त के कस्तो रहेको छ ?

(ख) घनश्याम ढकालका व्यक्तित्वका के कस्ता पाटाहरू रहेका छन् ?

(ग) घनश्याम ढकालको कृतित्व के कस्तो रहेको छ ?

(घ) नेपाली साहित्यमा घनश्याम ढकालको योगदान के कस्तो रहेको छ ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्र निम्नलिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेको छ

(क) साहित्यकार घनश्याम ढकालको जीवनीको निरूपण गर्नु,

(ख) साहित्यकार घनश्याम ढकालको व्यक्तित्वको निरूपण गर्नु,

(ग) साहित्यकार घनश्याम ढकालको कृतित्व मूल्याङ्कन गर्नु र

(घ) नेपाली साहित्यमा घनश्याम ढकालको योगदानको निरूपण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

साहित्यको इतिहासमा छरिएर रहेका समाजिक स्रष्टाहरूको पूर्वाग्रहरहित ढंगले खोज गर्ने कार्य कमै मात्रमा भएका छन् । सोही क्रममा साहित्यकार घनश्याम ढकालको काथाकारिताको बारेमा अध्ययन-अनुसन्धान भएको पाइए पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा सम्यक अध्ययन भएको पाइँदैन । उनका बारेमा आजसम्म भएका अध्ययनहरूको कालक्रमिक विवरण निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**प्रलेस** (१:१, २०४९, असोज) मा निनु चापागाईं र राजेन्द्र सुवेदीले 'नेपाली साहित्यका समकालीन प्रवृत्तिहरू' शीर्षकको समालोचनामा प्रजातन्त्र प्राप्तिपश्चात् पनि उनै पञ्चहरूले सत्ता सञ्चालनमा आफ्नो बर्चस्व कायम गरेको यथार्थ उद्घाटन कथाकार घनश्याम ढकालको 'प्रतिगामी' कथाले गरेको छ भन्ने उल्लेख गरेका छन् ।

**प्रयोग** (३:३, २०५२) मा घनश्याम ढकालको जीवनी र उनका कृतिहरूको सामान्य टिपोट तथा समसायिक परिस्थितिमा गाउँले जीवनमा मार्मिक पक्षलाई लेखनको विषयवस्तु बनाउँदै सरल भाषाम जीवनको यथार्थलाई समात्ने चेष्टा ढकालले गरेको छन् भन्ने उल्लेख गरिएको छ ।

**कलम** (४:२, ३ असोज २०५३) मा राजेन्द्र सुवेदीले 'यथार्थवादी नेपाली कथा परम्परा र समसामयिक कथ्य' शीर्षकको समालोचना प्रकाशित गराएर यथार्थवादी स्रष्टाहरूलाई आलोचनात्मक यथार्थवादी र समाजवादी यथार्थवादी गरी दुई भागमा विभाजन गर्दै समाजवादी यथार्थवादी स्रष्टाअन्तर्गत पलायित मानसिकताबाट बचेर कथा सिर्जन गर्ने कथाकारहरूमा

घनश्याम ढकालको निरन्तरताले नेपाली वस्तुजगतको समाजवादी यथार्थवादी चिन्तनलाई माथि उठाउन निकै योगदान दिएको छ भनेर चर्चा गरेका छन् ।

**कलम** (४:२, ३ आशिवन २०५३) मा तारकान्त पाण्डेले 'समकालीन कथा लेखनको स्थिति' शीर्षको आलेखमा समाजवादी यथार्थवाद अन्तर्गत नकारात्मक यथार्थको अभिव्यञ्जना दिने कथामा ढकालको 'वौलाहा बाँसुरी वादक' कथाको चर्चा गर्दै २०४६ साल यता आरम्भ भएको निर्वाचनले जनमानसलाई भूलभूलैयामा पारिरहेको यथार्थलाई पनि यस अवधिका कथाले तीव्रतापूर्वक उद्घाटित गरेको देखिन्छ भनी ढकालको 'मृगतृष्णा' कथाको प्रसङ्ग उठाएको पाइन्छ ।

**कलम** (६:३, जेठ-साउन, २०५५) मा प्रकाशित 'समकालीन कथाः लेखनः प्रवृत्ति र दिशा' शीर्षकको उपशीर्षक 'समकालीन कथा लेखनःप्रवृत्तिगत सर्वेक्षण' अन्तर्गत गोपीन्द्र पौडेलले घनश्याम ढकालका कथाहरूले बहुदलीय व्यवस्थाका विकृति एवम् यस व्यवस्थाप्रति जनतामा पलाएको वितृष्णालाई अन्तर्वस्तु बनाएका छन् भन्ने कुरा उल्लेख गरेका छन् ।

**नेपाली कथा भाग ३** (प्रधान सम्पादकः ऋषिराज वराल साझा प्रकाशन, २०५५) मा 'नेपाली कथा ऐतिहासिक सर्वेक्षण' शीर्षकअन्तर्गत नेपाली कथाको इतिहासलाई प्राथमिक, माध्यमिक र आधुनिककाल गरी तीन भागमा विभाजन गरिएको छ र प्रवृत्तिका दृष्टिले आधुनिक काललाई चार चरणमा विभाजन गर्दै चौथो चरणमा यथार्थवादी चिन्तन आलोचनात्मक स्वरका साथ देखा पर्दछ भनेर २०३६ सालपछि कथा लेख्ने कथाकारहरूमा घनश्याम ढकालको नाम उल्लेख भएको पाइन्छ ।

**प्रलेस** (७:१३, फागुन २०५९) मा प्रकाशित 'समकालीन नेपाली कथाका प्रवृति' शीर्षकको कार्यपत्रमा देवीप्रसाद गौतमले प्रगतिवादी कथाकारका रूपमा घनश्याम ढकाल र उनका कथाहरूको उल्लेख गरेका छन् ।

**नेपाली समालोचना परम्परा र प्रवृत्ति** (२०६१) मा 'नेपाली समालोचनाको पछिल्लो चरण : प्रगतिवादी समालोचना' शीर्षमा राजेन्द्र सुवेदीले प्रगतिवादी समालोचनालाई तीन चरणमा वर्गीकरण गरेर पहिलो उपचरणमा घनश्याम ढकालको नाम उल्लेख गर्दै ढकाललाई मार्क्सवादी समालोचनाका फाँटमा क्रियाशील प्रतिभाका रूपमा परिचित व्यक्तित्व भनेर उल्लेख गरेका छन् ।

**यथार्थवादी नेपाली समालोचना** (२०६२) (घनश्याम ढकालद्वारा सम्पादित) समालोचनामा ग्रन्थमा देवीप्रसाद गौतमले 'कथाकार घनश्याम ढकालका कथाहरूको भावभूमि' शीर्षकअन्तर्गत कथाको विषयगत विविधताका आधारमा ढकालको कथायात्रालाई मूल रूपमा वि.स. २०५२ अघि र पछि दुई चरणमा विभाजन गर्दै यी दुईचरणका बीचको भेदकका रूपमा कथाका प्रवृत्तिगत विविधता, शैलीगत परिष्कार र खासगरी माओवादी द्वन्द्वको पृष्ठभूमि, त्यसले जनजीवनमा पारेको प्रभाव र त्यसबारे राज्यबाट देखाइएका निरङ्कुश व्यवहारका साथै राजीनितिक प्रतिक्रिया, अन्तर्राष्ट्रिय चाप प्रतिचाप आदिको अभिव्यक्ति उनका कथामा रहेका छन् भन्ने उल्लेख गरेको पाइन्छ ।

**वेदना** (३२:१ असोज, २०६२) मा राजेन्द्र सुवेदीको 'औपन्यासिक तत्वका सन्दर्भमा 'रातो आकाश' उपन्यासको अध्ययन' शीर्षकको समालोचनामा प्रस्तुत उपन्यास २०४७ देखि २०६० साल सम्मको अवधिमा नेपालको इतिहासमा देखापरेको बहुदलीय राजनीतिक विसङ्गति र माओवादी द्वन्द्वले जन्माएको विसङ्गत पर्यावरणभित्रको कुरूप यथार्थलाई कथावस्तु बनाएर आख्यानवृत्तको उपन्यास हो भन्ने उल्लेख गरिएको छ ।

**यथार्थवादी नेपाली समालोचना** (२०६२) (घनश्याम ढकालद्वारा सम्पदित) समालोचनामा रमेशप्रसाद भट्टराईले 'घनश्याम ढकालका उपन्यासहरूमा विचारधारात्मक अवस्थिति' शीर्षकको समालोचनामा विचार र प्रतिबद्धताका दृष्टिले दृढ, मार्क्सवादी विचारधारालाई केन्द्रमा राख्ने ढकाल मार्क्सवादी चिन्तन र क्रान्तिचेतले ओतप्रोत रहेका छन् भन्ने उल्लेख गरेका छन् । उनको लेखनको महत्त्वपूर्ण पक्ष विचारधारा हो र उनी आफ्ना रचनामा मार्क्सवादी विचारधाराबाट डोरिएका छन् भन्दै ढकालका 'गाउँभित्र' (२०४७) र 'रातोआकाश' (२०६०) उपन्यासमा विचारधारात्मक अवस्थिति रहेको उल्लेख गरेका छन् ।

**प्रलेस** (१०:१४ माघ २०६२) मा राजेन्द्र सुवेदीले 'प्रगतिशील नेपाली उपन्यास परम्परा र प्रवृत्ति' शीर्षकको लेखमा 'रातो आकाश' उपन्यासले २०४७ सालपछिको जनविद्रोहबाट जन्मिएको हत्या, आतङ्क, दमन, उत्पीडनका अनेकतम पक्षहरूका बीचमा टुट्दै गएको राज्य सञ्चालन, कानुनी मर्यादा, राज्यमा एक पक्षबाट भएका राज्य सञ्चालन, कानुनी मर्यादा, स्वेच्छाचारी प्रवृत्ति, आन्दोलनकारीहरूबाट भएका समाजरूपान्तरण कार्यका प्रयत्नहरू र तिनका जघन्य वर्वरताले मुलुकलाई पतनको गर्ततिर धकेलेको भन्ने उल्लेख गरेको पाइन्छ ।

**सगुन** (४:१०, २०६३) मा सकुम शर्माले 'परिचयका सन्दर्भमा घनश्याम ढकाल' शीर्षकको लेखमा साहित्यकार घनश्याम ढकाल र उनका विधागत कृतिहरूको सामान्य परिचय दिएर प्रगतिवादी साहित्यका क्षेत्रमा स्मरणीय साहित्यस्रष्टा ढकालको लेखनका केन्द्रमा मार्क्सवादी दर्शन, चिन्तन र विचार रहेको छ भन्ने उल्लेख गरेका छन् ।

**रश्मि** (२०६३ कार्तिक) समालोचना अंकमा गोपीन्द्र पौडेलद्वारा लेखिएको 'आधुनिक नेपाली कथा परम्परामा चरण विभाजनका समस्या र तिनको समाधान शीर्षकको लेखमा 'चरण विभाजनको औचित्य साहित्यिक सांस्कृतिक घटना प्रसङ्गअन्तर्गत साहित्यक सांस्कृतिक गतिविधि र तिनले स्थापित गरेको औचित्यका आधारमा आधुनिक नेपाली कथालाई पाँच चरणमा विभाजन गरी चौथो चरण (२०६३-४५) र पाँचौ चरण  (२०४६-वर्तमान सम्म) मा प्रगतिवादी वृत्तका कथाकारका रूपमा घनश्याम ढकालको नाममा उल्लेख गरिएको पाइन्छ ।

**कथाकार घनश्याम ढकालको कथाकारिताको अध्ययन** (२०६३, १२२) शीर्षकको शोधपत्रमा प्रेमप्रसाद पोखेलले समाजमा विद्यमान आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा देखिएको विकृति र विसङ्गतिलाई मार्क्सवादी दृष्टिले हेरेका छन् भन्ने उल्लेख गरेका छन् ।

**पचासको दशकका प्रगतिवादी नेपाली कथाहरूको अध्ययन** (२०६५, ५७) शीर्षकको शोधपत्रमा बन्दना ढकालले 'आजको महाभारत' कथा प्रगतिवादी दृष्टिले महत्त्वपूर्ण मानिन्छ भन्दै यस कथामा नेपालमा माओवादी जनयुद्ध प्रारम्भ भए पश्चात् ग्रामीण जनताले भोग्नु परेको वतावरणलाई यथार्थ ढंगले प्रस्तुत गरिएको छ भन्ने उल्लेख गरेकी छिन् ।

### १.७ अध्ययनको औचित्य र महत्त्व

प्रगतिवादी नेपाली साहित्यका क्षेत्रमा लामो समयदेखि साधनारत साहित्यकार घनश्याम ढकालले साहित्यका विभिन्न विधामार्फत वर्गीय असमानताको विरोध गर्दै सर्वहारा वर्गको पक्षमा आफूलाई उभ्याउँदै आएका छन् । ढकालका बारेमा विभिन्न पत्रपत्रिकाहरूमा सामान्य रूपमा छिटपुट अध्ययनबाहेक व्यवस्थित अध्ययन अनुसन्धान भएको पाइँदैन । त्यसैले उनको साहित्यिक जीवनीको निरूपण गर्दै उनको बहुमुखी व्यक्तित्वको परिचय दिनुका साथै नेपाली साहित्यमा उनले गरेको योगदानको चर्चा गर्नुअति आवश्यक देखिन्छ । तसर्थ उक्त आवश्यकतालाई महसुस गर्दै घनश्याम ढकालको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरी नेपाली

साहित्यका पाठकसामु परिचय दिइनुका साथै भविष्यमा समेत साहित्यकार घनश्याम ढकालका बारेमा थप अनुसनधान गर्न चाहने हरेक व्यक्ति वा संस्थालाई प्रस्तुत शोधकार्यले यथेष्ट सहयोग पुऱ्याउने हुनाले पनि यसको महत्त्व टडकारो देखिन्छ । यसका साथै प्रस्तुत अध्ययनबाट पाठकहरूको ज्ञान र प्रेरणा प्राप्त गर्न सक्षम हुने हुनाले प्रस्तुत शोधकार्य औचित्यपूर्ण हुनुका साथै यसको आफ्नै मूल्य, महत्त्व र उपयोगिता रहने विश्वास गर्न सकिन्छ ।

## १.८ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत अध्ययन साहित्यकार घनश्याम ढकालको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययनमा आधाररित हुनाले यो साहित्यिक क्षेत्रसँग सम्बन्धित रहेको छ । यसमा उनका सम्पूर्ण पुस्तकाकार कृतिहरूको विभिनन कोणबाट विवेचना गरिएको छ । यति हुँदाहुँदै पनि उनका पत्रपत्रिकामा छरिएर रहेका फुटकर रचनाहरूको विस्तृत विवेचना नगरेर सामान्य सूचीमात्र तयार गरिएको छ । उनी अद्यावधि साहित्यिक क्षेत्रमा क्रियाशील रहेका हुनाले उनका एक दर्जन भन्दा बढी साहित्य कृतिहरू प्रकाशित भइसकेका छन् । त्यसैले प्रस्तुत शोधपत्र ढकालका फुटकर रचनाहरूको अध्ययनमा केन्द्रित नरही उनका प्रकाशित मोठ कृतिहरूको अध्ययनमा सीमित रहेको छ । यस सन्दर्भमा वि.स. २०६६ आसारसम्मका ढकालका रचना एवम् उपलब्ध भएसम्मका सामग्रीको कालक्रमिक विवरण दिएर यिनै रचनाहरूलाई आधार बनाउँदै उनको जीवनी, व्यक्तित्व र कृतित्वको संक्षिप्त अध्ययन-विश्लेषणमा प्रस्तुत शोधपत्र सीमित रहेको छ ।

## १.९ शोधविधि

शोधपत्र तयार गर्दा तयारीका सिलसिलामा प्राप्त भएका सबै तथ्य र सूचनाहरूलाई संयोजित गरिएको छ । घनश्याम ढकालको जीवनी, व्यक्तिवको र कृतित्वको अध्ययन -विश्लेषणका सिलसिलामा आवश्यकता अनुसार विवरणात्मक, तथा विश्लेषणात्मक पद्धतिअनुरूप अध्ययन गरिएको छ । ढकाल प्रगतिवादी स्रष्टा हुनाले साहित्यसम्बन्धी प्रगतिवादी मान्यता तथा तत्सम्बन्धी विधासिद्धान्तका आधारमा उनका कृतिको विश्लेषण-मूल्याङ्कन गरिएको छ ।

### १.९.१ सामग्री सङ्कलनविधि

### १.९.२ अध्ययन-विश्लेषणको सैद्धान्तिक आधार

शोधकार्यलाई विश्वासनीय एवम् प्रमाणिक बनाउन विभिन्न सामाग्रीहरूको सङ्कलन, अध्ययन सम्पादनको आवश्यकता देखिन्छ । प्रस्तुत शोधकार्यको लागि अवलम्बन गरिएको सामग्री सङ्कलन विधि मूलतः पुस्तकालयीय रहेको छ । यसैगरी प्राथमिक र द्वितीयक स्रोतका रूपमा सामग्री सङ्कलन गरिएको छ ।

प्रस्तुत शोधकार्यका सन्दर्भमा शोधनायक घनश्याम ढकाल जीवितै रहेको हुँदा आवश्यकताअनुसार शोधनायकसँग भेटघाट, प्रश्नावली आदिका माध्यमबाट अध्ययनका क्रममा आइपरेका समस्याको समाधान गरिएको छ । ढकालका कृतिहरूलाई प्राथमिक सामग्रीका रूपमा स्वीकार गरी उनका बारेमा लेखिएका, उनका कृतिका बारेमा लेखिएका तथा उनका बारेमा विभिन्न विद्वान्हरूबाट लिइएका जानकारीलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसमा आवश्यकताअनुसार शोधनायकका शुभचिन्तक एवम् विद्वान्हरूका लेखरचनाका साथै विभिन्न साहित्यकारसँग पनि मौखिक एवम् लिखित जानकारी लिइएको छ ।

### १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको सङ्क्षिप्त रूपरेखा निम्नानुसार रहनुका साथसाथै आवश्यकताअनुसार उपशीर्षकहरू पनि दिइएको छ ।

१. परिच्छेद एक : शोध परिचय

२. परिच्छेद दुई : घनश्याम ढकालको जीवनीको अध्ययन

३. परिच्छेद तीन : घनश्याम ढकालको व्यक्तित्वको अध्ययन

४. परिच्छेद चार : घनश्याम ढकालको कृतित्वको अध्ययन

५. परिच्छद पाँच : उपसंहार तथा निष्कर्ष

प्रस्तुत शोधपत्रका उक्त पाँच परिच्छेदलाई आवश्यकताअनुसार विभिन्न शीर्षक, उपशीर्षकमा विभाजन गरी साहित्यकार घनश्याम ढकालको जीवनी, व्यक्तित्व र कृतित्को अध्ययन प्रस्तुत गरिएको छ । अन्त्यमा सन्दर्भ सामग्रीसमेत प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई

# घनश्याम ढकालको जीवनीको अध्ययन

## २.१ जन्म र जन्मस्थान

घनश्याम ढकालको जन्म वि.स. २०१० माघ १४ गतेका दिन स्याङ्जा जिल्लाको रजस्थल गा.वि.स. वडा नं. ६, सतौं, ठूलापँधेरा नजिक ढटुवाले भन्ने ठाउँमा भएको थियो । अहिले यो पुतलीबजार नगरपालिका वडा नं. ८ मा पर्दछ । उनका पिता प्रभाकर ढकाल र माता कौशल्या ढकालका चार सन्तानहरूमध्ये सबैभन्दा कान्छो सन्तानका रूपमा जन्मिएका घनश्याम ढकालका तीनवटी दिदीहरू रहेका छन् । ढकालको जन्मकुण्डली अनुसार न्वारानमा राखिएको नाम घनप्रसाद ढकाल भएपनि औपचारिक रूपमा यिनी घनश्याम ढकालका नामले सबैतिर परिचित रहेका छन । यिनका पिताको निधन यिनी सात वर्षको हुँदा २०१७ सालमा दमको रोगबाट भएको थियो भने उनकी माताको निधन विभिन्न समस्या र आर्थिक अभावमा उपचारै हुन नसकी यिनी १९वर्ष हुँदा २०२९ सालमा भएको बुझिन्छ । प्राध्यापन पेशामा संलग्न हुँदा २०३६साल देखि नै पोखरामा अस्थायी बसोवास गर्दै आएका ढकाल २०४२सालदेखि पोखरा उपमहानगरपालिका वडा नं. ८, सिमलचौर प्रतिभामार्गमा स्थायी बसोबास गर्दै आएको बुझिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.२ वंश परम्परा र पारिवारिक पृष्ठभूमि

उपमन्यु गोत्रीय ब्राह्मण परिवारमा जन्मिएका ढकालको पुख्यौली थलो स्याङ्जा जिल्लाको रजस्थल गाउँपञ्चायत हो । पछि सोही गाउँ पञ्चायत चण्डिकालिका हुँदै २०५१ सालमा पुतलीबजार नगरपालिकामा परिणत भएको बुझिन्छ । रजस्थल निवासी बाजे शशीधर ढकालका पाँच भाइ छोराहरूमध्ये साहिलो छोरा प्रभाकर ढकालका एक पुत्र हुन्-घनश्याम ढकाल । निम्न मध्यमवर्गीय पारिवारिक वृत्तमा जन्मिएका ढकालका तीनवटी दिदीहरू रहेका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.३ बाल्यकाल

बाल्याअवस्था मानवजीवनको प्राम्भिक अवस्था भएकाले यतिबेला जुनसुकै बालकहरू पनि आफ्नो बाल्यकाल बालसुलभ आचरण, मनोरञ्जन तथा खेलकुदमा रमाएर बिताउने गर्दछन् । घनश्याम ढकाल परिवारका सबैभन्दा कान्छो सन्तान भएकाले आफ्ना बाबु-आमाको काख र दिदीहरूको साथ पाई गाईवस्तु चराउँदा पाखा-पखेरा दौडिदै, साथीभाइहरूसँग डन्डिबियो जस्ता मनपर्ने खेलहरू खेल्दै, ढकालले रमाइलोसँग आफ्नो बाल्यकाल विताएको जानकारी पाइन्छ । यसो भए तापनि सातवर्षकै कलिलो उमेरमा पिताजीको निधन र त्यसमा पनि आर्थिक विपन्नताले गर्दा ढकालका बालसुलभ चाहनाहरू पूरा हुन सकेको पाइँदैन । यसरी बाल्यवस्थादेखि नै आर्थिक विपन्नताको चपेटामा परेका ढकालको बाल्यकाल दुःखदपूर्ण देखिए पनि त्यसबाट उनी हार नखाई अगाडि बढेको जानकारी पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.४ शिक्षा-दीक्षा

घनश्याम ढकालको शिक्षारारम्भ औपचारिक रूपमा नभई अनौपचारिक रूपमै भएको बुझिन्छ । आफ्ना पिताजी प्रभाकर ढकालबाट उनले घरमै अक्षरराम्भ गरेका थिए ।

### २.४.१ विद्यालय शिक्षा

आफ्ना पिताजीबाट घरमै अक्षराम्भ गरेका घनश्याम ढकालको बाल्यकाल स्याङ्जा जिल्लाको ढटुवाले गाउँमै बितेकाले खेतीपाती र गाउँको श्रमसाध्य जीवन धान्दै विद्यालय शिक्षाको आरम्भ उनले ६ वर्षको उमेरमा रजस्थल प्रा.वि.बाट गरेका हुन् । घरबाट २०-२५ मिनेटको दूरीमा रहेको सोही विद्यालयबाट ढकालले कक्षा १ देखि ६ सम्मको अध्ययन २०२२ सालतिर पूरा गरेको जानकारी पाइन्छ । कक्षा ७ को अध्ययन ढकालले घरमै बसेर दुई घण्टा टाढाको मिडिल स्कूलबाट पूरा गरेका हुन् भने कक्षा ८ को अध्ययन मावली घरमा बसेर पवर्तको कार्कीनेटा स्थित मिडिल स्कूलबाट २०२४ सालमा पूरा गरी माध्यमिक शिक्षा आरम्भ गर्न थालेका ढकालले प्रवेशिका परीक्षा मातृभूमि विद्या मन्दिर स्याङजाबाट २०२७ सालमा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको जानकारी पाइन्छ (शोधनायक बाट प्राप्त जानकारी) ।

### २.४.२. उच्चशिक्षा

प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि उच्चशिक्षा अध्ययन गर्ने अभिलाषा जागृत हुनु स्वभाविकै हो । घनश्याम ढकाल २०२७ सालमा प्रवेशिका परीक्षा दोस्रो श्रेणीमा उत्तीर्ण भएपछि उच्च शिक्षा अध्ययनको गोरेटोमा अगाडि बढ्दछन् । उनले २०२७ सालमा आई.एस्सी.को अध्ययन सुरु गरेर २०२९ सालमा सो तहको अध्ययन पूरा गरेको बुझिन्छ । त्यसपछि बी.एस्सी.को अध्ययन थालेका ढकालले सो तहको अध्ययन पूरा गरी २०३२ सालमै बी.ए. प्राइभेट परीक्षा दिएर उत्तीर्ण गरेको बुझिन्छ भने २०३५ सालमा बी.एल.को अध्ययन पूरा गरेका ढकालले २०३६ सालमा तथ्याङ्कशास्त्रमा एम्.एस्सी.को अध्ययन पूरा गरेको जानकारी पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.५ विवाह र पारिवारिक स्थिति

विवाह जीवनको अनिवार्य प्रक्रिया हो । विवाहकै माध्यमबाट दाम्पत्य जीवन आरम्भ हुन्छ । दाम्पत्य जीवनमा श्रीमान् श्रीमती एक रथका दुई पाङ्ग्रा मानिन्छन् र एक पाङग्रको अभावमा रथ चल्न सक्दैन । दाम्पत्य जीवन पनि कुनै एकको अभावमा चल्न कठीन हुन्छ । त्यसैले विवाहरहित मानवजीवन अधुरो हुनेभएकोले मानवको भौतिक अस्तित्वको लागि समेत विवाह अनिवार्य मानिन्छ । घनश्याम ढकालको विवाह २०२४ सालमा १४ वर्षको कलिलो उमेरमा भएको हो । उनको विवाह कास्की जिल्ला निवासी श्री केशव बरालकी जेठी छोरी पारू बरालसँग हिन्दू परम्पराअनुसार वैदिक विधि-विधानका साथ सम्पन्न भएको थियो ।

दाम्पत्य जीवनको साहचर्य एवम् समयको व्यतिक्रममा २०३३ साल साउन ३ गतेका दिन ढकाल परिवारमा जेठो सन्तानका रूपमा छोरो विजयको जन्म हुन्छ भने २०३८ साल पुस १ गते छोरी सिर्जना र २०४२ साल पुस ११ गते छोरी बन्दनाको जन्म भएको पाइन्छ । सानै उमेरदेखि तीक्ष्ण बुद्धिका विजयले पी.एन. क्याम्पस पोखराबाट आई.एस्सी.को अध्ययन पूरा गरी बी.ए. अध्ययन गर्न थालेको बुझिन्छ (बन्दना ढकालबाट प्राप्त जानकारी) । विद्यार्थी कालदेखि नै राजनीतिमा चाख लिने विजय क्याम्पस प्रवेशपछि अनेरास्ववियु (क्रान्तिकारी) हुँदै ने.क.पा. (माओवादी) को जिल्ला सेक्रेटरी बनी भूमिगत जीवनमा 'विश्वास' उपनामले चिनिन पुग्दछन् । भूमिगत अवस्थामा पार्टीभित्रै विरजा अधिकारी (नमूना) सँग २०६१ असोज १५ गते विवाह बन्धनमा बाँधिएका विजयको समाजको अग्रगामी रूपान्तरणका लागि प्रतिगामी शाही सरकारका

विरुद्धमा लड्दा-लडदै २०६१ पुस २९ गतेका दिन शाही सरकारका जल्लादहरूद्वारा कास्की जिल्लाको निर्मलपोखरी स्थित सम्मीमैदनमा निर्मम हत्या गरियो (सहिदः २०६३, १४-१५) । ढकाल दम्पतीको दोस्रो सन्तानका रूपमा जन्मिएकी सिर्जनाको २०६० साल फागुन महिनामा विवाह भएको देखिन्छ । उनी त्रि.वि. कीर्तिपुरबाट वाणिज्य विषयमा स्नातकोत्तर तहको अध्ययन पूरा गरी 'स्थानीय शान्ति समिति' मा शान्ति अधिकृतका रूपमा कार्यरत रहेकी छिन् भने हाल ढकाल दम्पत्तीका साथ छोरी बन्दना मात्र रहेकी छिन् । त्रि.वि. कीर्तिपुरबाट नेपाली विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेकी बन्दना हाल 'जनदीशा' दैनिकको प्रूफरिडर हुँदै 'रातो झिल्को' पत्रिकाको प्रबन्ध सम्पादकका रूपमा कार्यरत रहेकी छिन् । यसरी घनश्याम ढकालको परिवारमा हाल छोरी बन्दना र बुहारी विरजासहित चारजनाको सदस्य रहेको बुझिन्छ र विरजा जनमुक्ति सेना तेस्रो डिविजनमा कार्यरत छिन् (बन्दना ढकालबाट प्राप्त जानकारी) ।

## २.६ आर्थिक अवस्था र आजीविका

भौतिक जगतमा बाँच्नका लागि अर्थजगतले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । जीवन जिउने माध्यमका रूपमा अर्थोपार्जन अपरिहार्य मानिन्छ । निम्न मध्यमवर्गीय पारिवारिक वृत्तमा जन्मिएका घनश्याम ढकालको आर्थिक अवस्था प्रारम्भदेखि नै कमजोर रहेको बुझिन्छ । आयस्रोतको अन्य कुनै माध्यम नभएका ढकालको स्याङ्जाको पुर्ख्यौली सम्पत्तिका रूपमा सीमित जग्गा-जमिन मात्र रहेको बुझिन्छ । बाल्यकालदेखि नै आर्थिक अभावको चपेटामा परेका ढकालले पुर्ख्यौली सम्पत्ति बेचेर नै आफ्नो अध्ययनलाई अगाडि बढाएको जानकारी पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) । त्यसकारण आर्थिक अभावको पीडालाई ढकालले ज्यादै नजिकबाट आत्मसात गर्दै आएको कुरा उनको बाल्यकाल र शिक्षादीक्षाले पनि प्रष्ट पार्दछ । पछि ढकाल प्राध्यापन पेशामा आबद्ध भएपछि उनको आर्थिक अवस्था सन्तुलित भई जीवन पनि सहज रूपमा व्यतीत भएको देखिन्छ ।

## २.७ पेशागत संलग्नता

भौतिक जीवन सफल र सहज बनाउन पेशागत संलग्नता अपरिहार्य मानिन्छ । घनश्याम ढकालको पेशागत संलग्नतालाई नियाल्दा बी.एस्सी. उत्तीर्ण गरेपछि शिक्षण पेशामा आबद्ध भई विज्ञान र गणित विषयको शिक्षकका रूपमा २०३२ साल साउनबाट २०३३ साल जेठ महिनासम्म श्री जनता मा.वि. बिर्घा, अर्चलेमा करिब एक बर्षजति अध्यापन गरेको बुझिन्छ ।

त्यसपछि २०३६ सालमा प्रद्युम्न पनेरू मा.वि. रङ्गेठाटी, स्याङ्जामा २-३ माहिना जति अध्यापन गराएका ढकाल २०३६ साल कार्तिक ११ गतेबाट चैत्र ११ गतेसम्म पृथ्वीनारायण क्याम्पस, पोखरामा उपप्रशिक्षकका रूपमा कार्य गर्न पुग्दछन् । २०३६ साल चैत्र ११ गतेबाट सहायक प्राध्यापक नियुक्त भएका ढकाल २०३८ सालको त्रि.वि. सेवा आयोगबाट स्थायी भई २०४८ सालको त्रि.वि. सेवा आयोगबाट उपप्रध्यापक पदमा बढुवा हुन पुग्दछन् र २०५८ मंसिर १५ गतेबाट अवकाश लिएको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) । यसरी शिक्षण पेशाबाट पेशागत संलग्नतामा आबद्ध ढकालको मूल पेशा प्राध्यापन पेशा नै रहेको बुझिन्छ भने अन्य पेशामा उनको संलग्नता पाइँदैन ।

## २.८ राजनीतिक-सामाजिक सङ्घसंस्थामा संलग्नता

घनश्याम ढकाल राजनीतिक-सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तित्व हुन् । तत्कालीन शिक्षकहरू दिनबन्धु अर्याल, डा. शोषकान्त अर्याल र जयप्रसाद पौडेलको सङ्गतले २०२५ सालदेखि विद्यार्थी राजनीतिमा प्रवेश गरेका ढकालले 'ने.वि.सङ्घ' र 'तरूण क्लब' (हालको तरूण दल) मार्फत आफ्नो राजनीतिक यात्रा सुरू गरेको बुझिन्छ । २०२५ सालमा वी.पी.को सशस्त्र सङ्घर्षबाट गणतन्त्र स्थापना गर्ने विचारबाट प्रभावित भएर ने.वि. सङ्घको राजनीतिमा लागेका ढकाल २०३०-३१ सालतिर नेपाली कांग्रेसले सो विचार त्यागेपछि त्यसबाट विकर्षण भई क्रमशः मार्क्सवादी दर्शनसँग परिचित हुन पुग्दछन् । पछि आफ्नै जीवनको परिस्थिति र परिवेशले मार्क्सवादी दर्शन नै ठीक हो भन्ने लागेर ढकाल २०३६ साल देखि ने.क.पा. (माले) मा आबद्ध भएको पाइन्छ । समयको व्यतिक्रमसँग राजनीतिमा सक्रिय भएका ढकाल अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनका सन्दर्भमा चीनमा प्रतिक्रान्ति भयो कि भएन भन्ने सवालमा मतभेद सिर्जना भएपछि २०३८ सालमा अविभाजित चौथो महाधिवेशनबाट 'माशाल' को साधरण सदस्य बनी त्यसको निरन्तरता 'एकता केन्द्र' हुँदै तत्कालीन ने.क.पा. (माओवादी) र हालको एकीकृत (माआवादी) को राज्यसमिति सदस्यमा सक्रिय रहेको बुझिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

ढकाल साहित्यिक-सांस्कृतिक क्षेत्रमा पनि क्रियाशील व्यक्तित्व हुन् । उनी २०३९ सालबाट 'अखिल नेपाल राष्ट्रिय जनसांस्कृतिक सङ्घ' को तयारी समितिको सम्पर्कमा रही २०४८ सालमा पुनर्गठित 'अखिल नेपाल जनसांस्कृतिक सङ्घ ' को केन्द्रीय सदस्य, २०५५ र २०६० मा गरी यसैको दुई कार्यकाल उपाध्यक्ष बन्दै २०६१ मा राजिनामा गरी २०६३ बाट पुनः

सक्रिय रहँदै राज्यसमिति सदस्य बनेका ढकाल २०६५ सालबाट केन्द्रीय सचिवालय सदस्य बनेका देखिन्छन् ।

साहित्यिक-सांस्कृतिक क्षेत्रमा क्रियाशील हुने चाहनाअनुरूप २०३७ सालबाट प्रलेसमा आबद्ध भई २०४४ सालमा केन्द्रीय सदस्य, २०५६ सालमा उपाध्यक्ष, २०५९ मा महासचिव र २०६६ सालबाट अध्यक्ष बनेका ढकाल प्रलेसका गतिविधिमा हालसम्म निरन्तर सक्रिय रहेका देखिन्छन् । यसैगरी 'गाण्डकी साहित्य सङ्गम' २०४९ पोखराका संस्थापकहरूमध्ये एक संस्थापक सचिव मानिने ढकाल २०६१ बाट २०६५ सम्म गरी दुई कार्यकल अध्यक्ष बनेको देखिन्छ । अर्कोतर्फ २०६४ पुसबाट 'अखिल नेपाल लेखक सङ्घ' को केन्द्रीय अध्यक्ष बनेका ढकाल २०५२ पछि लगभग २०५५ सम्म 'नेपाल राष्ट्रिय बुद्धिजीवी संगठन' को केन्द्रीय सदस्य रही काम गरेको पाइन्छ । त्यसैगरी २०६४ सालदेखि उनी इच्छुक सांस्कृतिक प्रतिष्ठानका सदस्य रहिआएका छन् । अनि उनी विजय ढकाल सहिद-स्मृति प्रतिष्ठानका अध्यक्षसमेत बनेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) । यसरी ढकाल राजनीतिक सामाजिक क्षेत्रमा निकै क्रियाशील रहेको र त्यस क्रियाशीलताले साहित्यिक बाटोलाई थप ऊर्जा प्रदान गरेको देखिन्छ ।

### २.९ रुचि र स्वभाव

हरेक मानिसका आ-आफ्नै रूचि र स्वभाव हुन्छन् । उसलाई हुर्काउने वातावरण, उसले देखेको संसार, उसले प्राप्त गरेको अनुभव र ज्ञानका आधारमा मानिसको रूचि र स्वभाव निर्धारण हुने गर्दछ । त्यसैले समयान्तरालमा समाजका हरेक कुराहरूसँगै मानिसको रूचि र स्वाभावमा परिवर्तनहरू देखापर्दछन् । घनश्याम ढकालका पनि आफ्नै रुचि र स्वाभाव रहेका छन् । विद्यार्थी जीवनदेखि नै साहित्यिक गतिविधिमा चाख लिने ढकालको मूल रुचिको विषय साहित्य सिर्जना नै रहेको बुझिन्छ भने पत्र-पत्रिका पढ्नु एवम् लेख्नु र समाचार सुन्नु पनि ढकालको रुचिको विषय बनेको पाइन्छ । साहित्यका विभिन्न विधामा कलम चलाउने ढकालको विशेष रुचि आख्यनका क्षेत्रमा रहेको देखिन्छ । आख्यान विधाअन्तर्गत उनका पाँचवटा कथासङ्ग्रह र दुईवटा उपन्यास प्रकाशित छन् । यसैगरी विभिन्न स्थानको भ्रमणमा रुचि राख्ने ढकालले बौद्धिक तथा राजनीतिक क्रियाकलापमा समेत असाध्यै रुचि राख्ने गरेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

ढकालको स्वभाव पनि आफ्नै किसिमको रहेको पाइन्छ । यिनी नौ वर्षका हुँदा आफ्ना पिताको निधन भएकाले त्यसका मर्ममा यिनीभित्र अन्तर्मुखि स्वभाव विकासित भएको पाइन्छ (शर्माः २०६३, २११) । कुनै कार्य प्रारम्भ गरेपछि जस्तोसुकै परिस्थितिमा त्यसप्रति डटेर लाग्ने जिम्मेवारी स्वभाव ढकालको रहेको पाइन्छ (बन्दना ढकालबाट प्राप्त जानकारी) । धेरै बोल्न नरुचाउने र आफूभन्दा निम्नवर्गका मानिसप्रति दया राख्ने ढकाल गम्भीर स्वभावका देखिन्छन् (श्रीमती पारू ढकालबाट प्राप्त जानकारी) । नेपाली साहित्यका फाँटमा प्रगतिवादी धाराअन्तर्गत रहेर कलम चलाउने ढकाल ढृढ विश्वासी, स्पष्टवादी, एवम् अध्ययनशील स्वभावका रहेका देखिन्छन् (डा. जगदीशचन्द्र भण्डारीबाट प्राप्त जानकारी) । ढकालको यिनै रुचि र स्वाभावले गर्दा नै उनको व्यक्तित्व शालीन, शिष्ट, मर्यादित र परिपक्व एवम् जिम्मेवार रहेको देखिन्छ ।

## २.१० साहित्य सिर्जना

### २.१०.१ प्रेरणा र प्रभाव

हरेक व्यक्तिलाई साहित्यिक क्षेत्रमा प्रवेश गर्न पूर्ववर्ती तथा समकालीन साहित्यिक गतिविधिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । अग्रज वा प्रतिष्ठित व्यक्तित्वको विचार र चिन्तनले जो सुकैलाई पनि प्रभावित र प्रेरित गर्न सक्छ । यसका अतिरिक्त प्रसिद्ध साहित्यकारहरूका कृतिहरू अध्ययन गरेर पनि कतिपय साहित्यकारहरूले साहित्य सिर्जना गरेको पाइन्छ । घनश्याम ढकालको साहित्य सिर्जनामा कुनै व्यक्ति विशेष र कृति विशेषको प्रभाव परको पाइँदैन । सर्वप्रथम ढकाल स्वयम्लाई साहित्यको पठन तथा सिर्जनका क्षेत्रमा ज्यादै चासो जागेको बुझिन्छ भने २०३०-३१ साल तिर मार्क्सवादी दर्शनसँग परिचित भएपछि यस विषयमा अझ बढी चासो बढेको देखिन्छ । त्यसैले ढकाल आफ्नै जीवनको अनुभव र परिवेश तथा समग्र कृतिहरूको अध्ययन र मार्क्सवादी दर्शन चिन्तनको प्रभावमा आएर साहित्य सिर्जनामा सम्लग्नरही निरन्तर रूपले अगाडि बढेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.१०.२ लेखन आरम्भ

जब समाजका विविध घटना र प्रकृतिको मनोरम दृश्यले स्रष्टाका मनमा प्रभाव पार्दछ तब ती अनुभूतिहरूलाई अभिव्यक्त गर्न स्रष्टाले साहित्य सिर्जना गर्दछ । त्यस्ता घटनाहरूको अभिव्यञ्जनलाई प्रथम पटक मूर्त रूप दिइएको लेख वा रचना नै लेखकको लेखन कार्यको प्रारम्भिक बिन्दु मानिन्छ । बाल्यावस्थादेखि नै वेद चण्डी, रामायण पढेका घनश्याम ढकाल

सानैदेखि साहित्यप्रति रुचि भएको बताउँछन् । माध्यमिक तहमा अध्ययन गर्दादेखि नै साहित्य लेखनमा अग्रसर भएका ढकालको लेखन आरम्भ स्याङ्जाबाट प्रकाशित हुने 'मातृभूमिको गोरोटो' पत्रिकामा २०२६ सालमा प्रकाशित निबन्ध (शीर्षक अप्राप्त) बाट भएको हो । उनका हालसम्म एकदर्जन भन्दा बढी पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । यसपछि ढकालले आफ्नी स्वर्गवासी आमाको सम्झनामा 'कौशल्या' शोककाव्य २०२९ सालमा लेखेका थिए तर हालसम्म यो कृति अप्रकाशित र अप्राप्य नै रहेको बुझिन्छ । ढकालको पहिलो कथा 'बारूण यन्त्र' 'हिमाली आवाज' साप्ताहिक पत्रिकामा प्रथमपटक प्रकाशित भएपनि यो अप्राप्य नै रहेको छ । यसपछि ढकालका 'गंगाकावेरी एक्सप्रेस चिठीलाई जवाफ' (२०४२) र 'अभिवादन गर्छ सगरमाथा पेरूभियाली जनक्रान्तिलाई' (२०४३) गरी दुईवटा लामाकविता प्रकाशित भएको जानकारी पाइए तापनि हालसम्म यी दुई रचना अप्राप्य नै रहेका छन् । ढकालको निबन्ध सङ्ग्रहका रूपमा 'नाम कमाउने रहरमा' (२०४२) र 'दरिद्रताबाट मुक्ति' (२०४३) प्रकाशित रहेका छन् भने उनको एकमात्र कविता सङ्ग्रह 'फैसला हारजितको' (२०४४) सालमा प्रकाशित भएको देखिन्छ ।

यसरी ढकाल साहित्य लेखनको आरम्भतिर कविता र निबन्ध लेखनमा सक्रिय रहे तापनि २०४६ पछि आख्यान लेखनतिर केन्द्रित भएको पाइन्छ । वि.स. २०४४ पछि साहित्यको एउटा विधालाई मुख्य रूपमा र अन्य विधालाई सहायक रूपमा अँगाल्नु पर्छ भन्ने चेतना जागृत भएपछि आफू आख्यान विधामा केन्द्रित भएको कुरा स्वयम् ढकाल बताउँछन् । यसपछि उनका 'भरिया र यात्री' (२०४६ कथासङ्ग्रह) गाउँभित्र (२०४७ उपन्यास) 'शहीद-मानचित्रमा नपरेको शहीद' (२०४८ कथासङ्ग्रह) 'समर्पणको बाटोमा' (२०५१ कथासङ्ग्रह) 'मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना' (२०५४ सौन्दर्यचिन्तन) 'आजको महाभारत' (२०५५ कथासङ्ग्रह) 'रातो आकाश' (२०६० उपन्यास) 'सहिदको सालिक' (२०६६ कथासङग्रह) 'द्वन्दात्मक एवम् ऐतिहासिक भौतिकवाद' (२०६४ दर्शन) जस्ता पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् भने 'गण्डकी साहित्य सङ्गम' पोखराद्वारा प्रकाशित समालोचनात्मक ग्रन्थ 'यथार्थवादी नेपाली समालोचना' (२०६२) र 'पोखरेली समालोचना' (२०६५) को सम्पादनसमेत ढकालले गरेका छन् । यसैगरी ढकालले आफ्नो एकमात्र छोरो विजयको मृत्युको शोकमा 'भावनाका छालहरू' ( २०६२ शोक गीतिकाव्य) प्रकाशित गरेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) । यसरी ढकालका हालसम्म प्रकाशित पुस्तकाकार कृति एवम् फुटकर रचनाहरूले नेपाली साहित्यको प्रगतिवादी फाँटलाई समृद्ध बनाउन निकै ठूलो योगदान दिएको देखिन्छ ।

२.११ ढकाललाई चिनाउने विभिन्न उपनामहरू

वि.स. २०१७ पछि देशमा निरङ्कुश पञ्चायति व्यवस्था लागू भएपछि अभिव्यक्ति स्वतन्त्रतामाथि प्रतिबन्ध लगाइयो । प्रतिबन्धित अवस्थामा लेखक तथा साहित्यकारहरूले आफ्ना विचारहरू विभिन्न रचनाका माध्यबाट छद्म नाममा प्रकाशन गराइ जनमानसमा पुऱ्याउने गर्दथे । घनश्याम ढकालले पनि आफ्ना रचनाहरूमा विभिन्न छद्म नामहरू दिने गरेको देखिन्छ । उनका छद्म नामहरू सागर, अजात शर्मा, प्रकाश शर्मा, विदुर शर्मा, हिमाद्री रहेको बुझिन्छ (शोधनायकबाट प्राप्त जानकारी) यसरी विभिन्न छद्म नामहरूको प्रयोगद्वारा विभिन्न पत्रपत्रिकामा रचना प्रकाशित गरी पञ्चायती तानाशाही व्यवस्थाको क्रुर पञ्जाबाट उम्कन घनश्याम ढकाल सफल भएका देखिन्छन् ।

२.१२ जीवनका अविस्मरणीय घटनाहरू

मानवजीवन विभिन्न घटना प्रतिघटनाहरूको एउटा झुण्ड हो । प्रत्येक व्यक्तिले आफ्ना जीवनमा धेरै घटनाहरूलाई व्यहोरेका हुन्छन् । ती घटनाहरूमध्ये कतिपय घटनाहरू भुल्ने नसिकने खालका हुन्छन् । घनश्याम ढकालको जीवनमा यस्ता अविस्मरणीय घटनाहरू प्रसस्त घटेका पाइन्छन् । यस्ता थुप्रै घटनाहरूमा माता-पिताको मृत्यु, पढाइका लागि आर्थिक अवस्था जुटाउने क्रममा भोगेका तीता-मीठा अनुभवहरू, आफ्नो एकमात्र छोरो विजयको हत्या अनि सङ्कटकालमा पुलिस र सेनाको धरपकडजस्ता विभिन्न घटनाहरूमध्ये छोरो विजयको हत्या जीवनको कहिल्यै विर्सन नसकिने अविस्मरणीय घटना बनेको बुझिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

२.१३ जेलजीवन

वर्गीय हकहीत र शोषित-पीडित जनताको उत्थानका लागि आवाज उठाउने र समतामूलक समाज स्थापनाका लागि विद्यमान व्यवस्थाका विरुद्धमा लाग्ने व्यक्ति प्रतिगामी सरकारको लागि आँखाको कसिङ्गर बन्नु स्वभाविकै हो । त्यसमाथि पनि क्रान्ति र विद्रोहको स्वर उराल्ने अनि कम्युनिष्ट विचारधारामा विश्वास राख्ने व्यक्तिको जीवन सामन्तवादी पूँजीवादी शासन व्यवस्थामा सहज हुनु त असम्भव नै हुन्छ । विद्यार्थी जीवनदेखि नै सक्रिय राजनीतिमा लागेका घनश्याम ढकाल मार्क्स, लेनिन्, माओत्सेतुङ्ग र स्तालिनका सिद्धान्तहरूलाई आत्मसात गरी वर्गीय असमानता, दमन, शोषण तथा अर्धदासको जीवन जिउन

विवश मजदुर-किसानहरूको जीवनलाई माथि उठाउन प्रयत्नशील रहँदा अनेकौं पटक हिरासतमा बस्न र भूमिगत जीवन बिताउन बाध्य भएका थिए । ढकाल प्रथम पटक नौ बामघटकद्वारा गरिएको बन्दमा २०५२-५३ तिर प्रहरी हिरासतमा परेका थिए भने प्रतिगामी सरकारको विरुद्धमा जनयुद्धलाई अगाडि बढाउने क्रममा २०५८ साल मंसिर महिनाबाट भूमिगत जीवन बिताएका थिए । यसपछि दोस्रो युद्धविराममा खुला भएका ढकाल दोस्रो युद्धविराम भङ्ग भएपछि पुनः भूमिगत भई २०६० को अन्त्यतिर प्रकट हुन्छन् (शोधनायकबाट प्राप्त जानकारी) । यसरी व्यक्तिगत सुख-सुविधा त्यागी जनताको महान् लक्ष्य प्राप्तिका निम्ति हिरासत र भूमिगत जीवन बिताएका ढकालको जीवन कष्टप्रद नै देखिन्छ ।

## २.१४ वैचारिक आस्था

मान्छेमा जीवनलाई सही ढङ्गले बुझ्न सक्ने अवस्थाको जन्म त्यतिबेला हुन्छ, जहाँबाट उसले सही विचारलाई आत्मासात् गर्दछ । विचार नै मान्छेको सामाजिक अस्तित्व जोगाउने र उच्च स्थानमा पुऱ्याउने मुख्य अस्त्र हो भन्ने कुरा ढकालले अवलम्बन गरेको वैचारिक निष्ठाबाट थाहा पाउन सकिन्छ । घनश्याम ढकालले आफ्नो वैचारिक धरातल मार्क्सवादी चिन्तनको सेरोफेरोबाट निर्माण गरेको पाइन्छ । ढकाल २०३० सालदेखि मार्क्सवादी चिन्तनप्रति आकर्षित भई मुलुकको अग्रगामी रूपान्तरण यसै विचारबाट हुन सक्छ र यसै विचारको आलोकमा मानवसमाजको नवनिर्माण सम्भव छ भन्ने विचारप्रति प्रतिबद्ध तथा अस्थावान् रहँदै आएको बुझिन्छ (शोधनायकबाट प्राप्त जानकारी) । यसरी घनश्याम ढकालले अङ्गीकार गरेको उन्नत विचार र त्यसप्रतिको अटल आस्था एवम् लगावले उनलाई प्रतिष्ठित बनाएको छ भन्न सकिन्छ ।

## २.१५ भ्रमण

भ्रमण सबै मान्छेको रुचिप्रिय विषय हो । त्यसैले घनश्याम ढकाल पनि भ्रमणप्रिय रहेका बुझिन्छन् । ढकालले राजनीतिक तथा साहित्यिक अभियानका सिलसिलामा देशका विभिन्न पहाडी तथा तराईका जिल्लाहरूको भ्रमण गरेका छन् । विदेश भ्रमण गर्ने क्रममा ढकाल छिमेकी मुलुक चीन र भारतका विभिन्न स्थानहरूमा गएको पाइन्छ । सर्वप्रथम पार्टीको राष्ट्रिय सम्मेलनमा भाग लिनका लागि ढकाल २०४२ सालमा भारतको अयोध्या पुगेको बुझिन्छ । त्यसपछि 'अखिल भारत नेपाली एकता समाज' को सम्मेलनमा भाग लिन ढकाल २०५२ सालमा भारतकै नयाँदिल्ली पुगेका ढकालले २०५४ सालपछि ए.आई.एल.आर.सी. को

सांस्कृतिको सम्मेलनमा भाग लिने सिलसिलामा कलकत्ताको भ्रमण गरेको पाइन्छ । यसैगरी चिनियाँ साहित्यकारहरूको निमन्त्रणामा नेपाली साहित्यक टोलीमा सम्लग्न रही ढकालले २०६६ असार २ गतेबाट १७ गतेसम्म चीन भ्रमण गरेको बुझिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१६ मान, सम्मान र पुरस्कार

असल काम गर्ने मानिसलाई त्यस्ता कार्यमार्फत अझ बढी अभिप्रेरित गर्नका लागि सम्मान तथा पुरस्कार दिइने गरिन्छ । यस्ता कार्यहरूले व्यक्तिमा उत्साह भरेर त्यस्ता कार्यप्रति अझ बढी लगनशीलता र जाँगर उत्पन्न गरिदिन्छ । त्यसैले स्रष्टाहरूलाई सम्मानित र पुरष्कृत गर्दा उनीहरूबाट बढी गहकिला रचनाहरूको आशा गर्न सकिन्छ । घनश्याम ढकालले पनि साहित्य साधना गरेबापत बिभिन्न पुरस्कारहरू प्राप्त गरेका छन् । उनलाई साहित्य साधन गरेबापत २०५२ सालमा राष्ट्रिय प्रतिभा पुरस्कार प्रदान गरिए तापनि लिन अस्वीकार गरेको बुझिन्छ । त्यसपछि प्रगतिवादी साहित्यका क्षेत्रमा योगदान पुऱ्याएबापत ढकाललाई ‘पारिजात सृजन पुरस्कार’ (२०५५), ‘साहित्य सन्ध्या पुरस्कार’ (२०६३) र ‘मनकुमारी केदार शर्मा ढकाल पुरस्कार’ (२०६५) द्वारा पुरस्कृत र सम्मानित गरिएको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१७ निष्कर्ष

स्याङ्जा जिल्लाको रजस्थल गा.वि.स. वडा नं. ६, सतौं ढटुवालेमा २०१० सालमा जन्मिएका घनश्याम ढकालको बाल्यकाल पनि त्यही बित्नुका साथै उनको शिक्षादीक्षाको आरम्भ पनि त्यहीबाट भएको थियो । निम्नमध्यम वर्गीय पारिवारिक वृत्तमा जन्मिएका ढकालले शिक्षा-दीक्षाका क्रममा विभिन्न समस्या र सङ्कट भोग्दै एम.एस्सी. सम्मको औपचारिक अध्ययन गरेका छन् । जीवनको प्रारम्भकालदेखि नै आर्थिक विपन्नतासँग सम्झौता गरेर आफ्नो अध्ययन पूरा गरेका ढकाल २०३६ सालदेखि प्राध्यापन पेशामा सम्लग्न रहदै आएको देखिन्छ । विद्यार्थी जीवनदेखि नै राजनीतिमा लागेका ढकाल मार्क्सवादी दर्शन-चिन्तनसँग परिचित र प्रभावित हुँदै साहित्य सिर्जना गर्ने प्रगतिवादी साहित्यकार हुन् । नेपाली साहित्यका फाँटमा प्रगतिवादी धाराअन्तर्गत रहेर कलम चलाउने ढकाल दृढ विश्वासी, स्पष्टवादी एवम् अध्ययनशील स्वभावका रहेका छन् । साहित्यका विभिन्न विधामा कलम चलाउने ढकाल बहुआयामिक व्यक्तित्व मानिन्छन् । नेपाली

साहित्यका कविता, निबन्ध, कथा, उपन्यास र समालोचनाजस्ता विधामा कलम चलाउने ढकालले आफूलाई मूलतः आख्यान विधामा केन्द्रित गरेका छन् । उनले आफ्ना साहित्यिक कृतिका माध्यमबाट आफू बाँचेको समाजमा देखिएका शोषण, अन्याय, अत्याचार, दमन, पीडा र गरिबीका कारण दयनीय एवम् कष्टकर जीवन भोग्न विवश भएका जनताका पीडालाई उजागर गर्दै त्यस्ता विसङ्गतिको अन्त्य गरी समतामूलक र सभ्य समाज स्थापनाको चासो व्यक्त गरेका छन् ।

घनश्याम ढकाल साहित्य साधना गर्दै हाल प्रलेस र अखिल नेपाल लेखक सङ्घको अध्यक्ष पदमा रही कार्य गर्दै आएका छन् । यसरी प्रलेस र अनेलेसङ्घका नेतृत्व तहमा रही काम गर्दै आएका ढकालले पूँजीवादी एवम् बुर्जुवा कलासाहित्यका विरूद्ध मार्क्सवादी कलासाहित्यको पक्षपोषण गर्दै आफूलाई त्यही सिर्जनाविधि अनुकूल बनाएका छन् । यसरी जीवनका अनेक जटिलता, आरोह-अवरोह एवम् सङ्घर्षशील क्षणहरू पार गर्दै आएका ढकालको जीवन सङ्घषपूर्ण गाथाले भरिएको देखिन्छ ।

# परिच्छेद तीन

# घनश्याम ढकालको व्यक्तित्वको अध्ययन

## ३.१ विषय प्रवेश

हरेक मानिसको आ-आफ्नै पहिचान हुन्छ । कुनै पनि मानिसको पहिचान भनेकै उसको व्यक्तित्व हो जसका आधारमा ऊ समाजमा परिचित हुन्छ । मानिसको व्यक्तित्व निमार्णमा उसका जीवनमा आइपर्ने विभिन्न आरोह-अवरोह, पीर, वेदना, हर्ष, खुसी तथा उसको पारिवारिक, सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक तथा वातावरणीय प्रभावले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसैगरी व्यक्तित्व निमार्णका लागि प्रतिभा, लगनशीलता, क्षमता, वौद्धिकता जस्ता कारक तत्वहरू आवश्यक पर्दछन । यिनै तत्वहरूका आधारमा एउटा मानिसले आफ्नो जीवनमा साहित्यकार, वैज्ञानिक, समाजसेवी, राजनीतिक, दार्शनिक आदि व्यक्तित्व आर्जन गर्दछ । नेपाली साहित्यका विविध क्षेत्रमा सक्रिय योगदान पुऱ्याउने घनश्याम ढकालको व्यक्तित्व पनि उपर्युक्त प्रक्रियाअनुसार नै निर्माण भएको देखिन्छ । ढकालको व्यक्तित्व निर्माणमा विशेषतः उनको आचरण, व्यवहारिक क्रियाकलापका साथै पारिवारिक, आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, साहित्यिक पक्षले महत्त्वपूर्ण भूमिका खेलको पाइन्छ । तिनलाई बुँदागत रूपमा निम्नानुसार चर्चा गर्न सकिन्छ ।

## ३.२ शारीरिक व्यक्तित्व

मानिसको बाह्य व्यक्तित्व भनेको शारीरिक व्यक्तित्व हो । अर्थात बाहिरबाट स्पष्ट रूपमा देखिने शारीरिक बनोट र बनोटसम्बन्धी व्यक्तित्व नै बाह्य व्यक्तित्व हो । यो शारीरिक दृश्य संरचनामा आधारित हुन्छ ।  दुईबीसे बाह्रहिउँद पार गरिसकेका ढकालको औसत पाँच फिट उचाइ, लगभग ६० के.जी. तौल भएको परिपुष्ट शरीर, गहुँगोरो वर्ण, चम्किला आँखा, फुल्न लागेको बाक्लो कपाल, दाह्री-जुँगा पाल्ना नरुचाउने ढकालको मिलेको शारीरिक बनोट देखिन्छ । आफ्नो दैनिक कार्य सम्पन्न गर्न कति पनि अल्छी नमान्ने र आफ्नो कार्यप्रति जिम्मेवार रहने ढकाल फुर्सदको समय पनि खेर फाल्न रुचाउँदैनन् । धेरै नबोल्ने, गम्भीरतापूर्वक अरुका कुरा सुन्ने र आफ्ना विचार प्रष्ट रूपमा राख्ने सौम्य र शान्त स्वभावका ढकाल सबैसँग

सहज रूपमा प्रस्तुत हुने गर्दछन् । यसरी सादा जीवन उच्च विचार राख्ने सर्ट, पाइन्ट, इष्टकोट र शिरमा टोपी लगाइ झोला भिर्न रुचाउने र झट्ट हेर्दा चिन्तनशील देखिने ढकालको शारीरिक व्यक्तित्व आकर्षक रहेको छ ।

## ३.३ साहित्यिक व्यक्तित्व

साहित्य समाजको ऐना हो, साहित्यले विचारलाई परिष्कृत पार्दछ र जातिगत उन्नतिमा टेवा पुऱ्याउँछ भन्ने मान्यता राख्ने ढकाल बहुआयमिक साहित्यिक व्यक्तित्व हुन् । अध्ययनका दृष्टिले गणितका अध्येता बनेका ढकालले स्वअध्ययनका आधारमा साहित्यको सिर्जना र समालोचन गर्ने क्षमता विकास गरेका हुन् । उमेरको प्रौढतासँगै सिर्जना क्षेत्रमा प्रवेश गरेका ढकाल समालोचनाका क्षेत्रमा त २०५० पछि मात्र क्रियाशील बनेका छन् । आख्यानको प्रगतिवादी सिर्जना इतिहासमा परिचित ढकालले क्रमशः कथा र उपन्यास सँगसँगै रचना गरेका छन् । (राजेन्द्र सुवेदीबाट प्राप्त जानकारी) । यसरी नेपाली साहित्यका निबन्ध, कविता, कथा, उपन्यास र समालोचनाका क्षेत्रमा निरन्तर कलम चलाइरहेका व्यक्तित्व घनश्यम ढकाललाई मूलतः आख्यानकार व्यक्तित्वका रूपमा चिनिन्छन् । यसका अतिरिक्त उनका सांस्कृतिक र समसामयिक राजनीतिक टिप्पणी पनि विभिन्न पत्र-पत्रिकामा आउने गरेका छन् । यी सबै सन्दर्भमा उनको दृष्टिकोणको आधार चाँहि समाजवादी-यथार्थवादी दृष्टि नै रहने गरेको छ (नन्दीश अधिकारीबाट प्राप्त जानकारी) । यसरी साहित्यका विविध विधामा आफ्नो सिर्जनाकौशल देखाइसकेका ढकालले आफूलाई मूलतः आख्यान विधामा केन्द्रित गरेका छन् । आख्यान अन्तर्गत पनि उनको कलम विशेष रूपमा कथा लेखनमा आग्रसर भएको पाइन्छ तापनि उनीभित्र कवि, निबन्धकार उपन्यासकार, समालोचक, सम्पादक, भूमिका लेखक व्यक्तित्व रहेको देखिन्छ । यी विविध स्रष्टको साहित्यिक व्यक्तित्वलाई निम्नानुसार विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

### ३.३.१ कथाकार व्यक्तित्व

साहित्यिक व्यक्तित्वका विविध पाटाहरूमध्ये घनश्याम ढकालको सबै भन्दा फराकिलो पाटोको रूपमा कथाकार व्यक्तित्व रहेको देखिन्छ । साहित्यका विभिन्न विधामा आफ्नो बहुमुखी सिर्जनाकौशल प्रदर्शन गरिसकेका ढकालको लेखन कर्म थुप्रै विधामा छरिएको भए पनि उनको साहित्य साधनाको विशेष प्राप्ति कथा विधा नै मान्न सकिन्छ (गौतम : २०६२, ४०२) । कथाकार व्यक्तित्वले नै उनलाई स्थापित साहित्यकार बनाएको छ । २०३८ सालमा 'हिमाली

आवाज' साप्ताहिक पत्रिकामा 'बारुणयन्त्र' शीर्षकको कथा प्रकाशित गराएर आफ्नो कथायात्रा प्रारम्भ गरेको ढकालका 'भरिया र यात्री' (२०४६), 'सहीद मानचित्रमा नपरेको शहीद' (२०४८), 'समर्पणको बाटोमा' (२०५१), 'आजको महाभारत' (२०५५) र 'सहिदको सालिक' गरी पाँचवटा कथासङ्ग्रहहरू प्रकाशित भएका छन् र तिनमा क्रमशः ११, ७, १७, १५ र ११ गरी जम्मा ६१ वटा कथाहरू सङ्गृहीत छन् । ढकाल चिन्तनका क्षेत्रमा समेत सचेत र सक्रिय रहेकाले वैचारिकता उनका कथाको केन्द्रीय तत्वकै रूपमा देखा पर्दछ  भने अन्य राष्ट्रिय-अन्तराष्ट्रिय राजनीतिक परिवेश र विविध सामाजिक विषयवस्तुहरूसम्म उनका कथाको आयाम विस्तारित रहेको पाइन्छ (पाण्डेय : २०५३, १३१) । ढकालले आफ्ना कथामा जीवन भोगाइका क्रममा समाज एवम् देशमा घटेका समसामयिक घटनालाई यथार्थ रूपमा उतारेका छन् । मान्छेका कथाव्याथा, विवशता, प्रतिक्रियावादी तथा पूँजीवादी दलालका कुकृत्य, प्रशासनिक दमन, शोषण आदि यथार्थलाई विषयवस्तु बनाई वर्गीय हितका निम्ति साहित्य लेख्ने ढकाल समाजवादी यथार्थवादी कथाकार हुन् ।

### ३.३.२ उपन्यासकार व्यक्तित्व

घनश्याम ढकालको साहित्यिक व्यक्तित्वका विविध पाटाहरूमध्ये उपन्यासकार व्यक्तित्व अर्को प्रमुख व्यक्तित्वको रूपमा रहेको छ । ढकाल प्रगतिवादी उपन्यासकार हुन् । २०४७ सालमा 'गाउँभित्र' उपन्यास प्रकाशित भएपछि आख्यानको प्रगतिवादी सिर्जना इतिहासमा परिचित ढकालको 'रातोआकाश' (२०६०) उपन्यास प्रगतिवादी सिर्जना क्षेत्रको प्रतिनिधि आख्यान कृति मानिन्छ (राजेन्द्र सुवेदीबाट प्राप्त जनकारी) । ढकालको 'गाउँभित्र' उपन्यासले पञ्चायतकालीन नेपाली समाजको आर्थिक राजनीतिक र सांस्कृतिक संरचनाको प्रभावमा पीडित गाउँले जीवनलाई विषयवस्तु बनाएको छ । नेपाली गाउँको परिधिमा अल्झिएको मानसपट मुक्तिको द्वन्द्वमा जुटेको प्रसङ्ग उपन्यासले वरण गरेको प्रमुख कथ्य हो । 'रातो आकाश' उपन्यासले २०४७ सालको राजनीतिक परिवर्तनपछि विभिन्न दल बदलेर उनै अगिल्लो कालखण्डका पञ्चहरू बहुदलीय सत्तामा आरोहित भएर सत्ताको दुरूपयोग गरेका कारण उपेक्षित र लक्षित वर्गले आफ्नो काम र आवश्यक योजना सम्पन्न गर्न नपाउने विद्रोही चेतना विकास भएको कथ्य प्रस्तुत गरेको छ । प्रगतिवादी परम्परामा २०४७ सालको परिवर्तन पछिको प्रवृति र मूल्य केन्द्रमा लेखिएको यो उपन्यास प्रगतिवादी परम्पराको एउटा उल्लेख्य कृति बनेको छ (उही : ४८१-४८३) । यसरी यी दुवै उपन्यासले ढकालको उपन्यासकार व्यक्तित्वलाई

प्रष्टाएका छन् भने ढकालले छिट्टै तयार पार्ने सोचासहित तेस्रो उपन्यास लेख्न प्रारम्भ गरेको जानकारी पाइन्छ ( नयाँ पत्रिका : २०६६, ७) । यसरी कथाकार व्यक्तित्वकै समानान्तर व्यक्तित्वको रूपमा ढकालको उपन्यासकार व्यक्तित्व रहेको निष्कर्ष प्राप्त हुन्छ ।

### ३.३.३ निबन्धकार व्यक्तित्व

घनश्याम ढकाल नेपाली साहित्यमा निबन्धकार व्यक्तित्वका रूपमा पनि उभिएका छन् । ढकालले आफ्नो साहित्यिक यात्राको आरम्भ नै निबन्ध विधाबाट गरेका हुन् । स्याङ्जाबाट प्रकाशित हुने 'मातृभूमिको गोरेटो' पत्रिकामा वि.स.२०३६ मा प्रकाशित निबन्ध ढकालको पहिलो निबन्ध हो । ढकाल वस्तुपरक र वैचारिक निबन्धकार हुन् । निबन्ध विधाका फाँटमा उनका 'नाम कमाउने रहरमा' (२०४२) र 'दरिद्रताबाट मुक्ति' (२०४५) गरी दुई निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । प्रगतिवादी नेपाली साहित्यमा निबन्ध विधा फस्टाउन नसकेकाले नै आँफू निबन्ध विधामा केन्द्रित भएको यिनको मत छ (ढकाल : २०४२, भूमिका पृष्ठ) । ढकालका निबन्ध डायरी, पत्रात्मक, संस्मरणात्मक कथ्यसूत्रको प्रयोग गरिएको विश्लेषणात्मक र विचारात्मक छन् (शर्मा, ४: १०, २०६३, २१४) । यिनका निबन्धमा प्रगतिशील तथा बामपन्थी दृष्टिकोण अभिव्यक्त भएको पाइन्छ । यिनले आफ्ना निबन्धमा अवसरवाद र सिद्धान्त विचलनको विरोध एवम् सिद्धान्त निष्ठता, व्यक्तिवादको विरोध र सामूहिकता प्रतिको निष्ठा तथा आस्थाभावको अभिव्यक्ति गरेका छन् । (डा. जगदीशचन्द्र भण्डारीबाट प्राप्त जानकारी) । ढकालका निबन्धहरू आम मानिसमा रहेका अभाव र उत्पीडनको पीडा र मर्म प्रकट गर्न सफल भएका छन् । प्रारम्भिक लेखनका भए पनि उनका यी निबन्धहरू गुणात्मक र वैचारिक दृष्टिले सफल मानिन्छन् । यसरी ढकाल प्रगतिवादी जीवनदृष्टिभित्र रहेर विभिन्न विषयवस्तुलाई निबन्धात्मक रूप दिन सफल भएका छन् ।

### ३.३.४ कवि व्यक्तित्व

घनश्याम ढकालको साहित्यिक व्यक्तितत्वका विभिन्न पाटाहरूमध्ये कवि व्यक्तित्व पनि उल्लेखनीय रहेको छ । अहिले आख्यान लेखनमा बढी जमेका भए पनि ढकालले पहिलो पटक नौ कक्षा पढ्दा-पढ्दै कविता नै लेखेका थिए (नयाँ पत्रिका : २०६६, ७) । यसै कार्यलाई निरन्तरता दिने क्रममा ढकालले आफ्नो स्वर्गवासी आमाको सम्भनामा 'कौशल्या' शोककाव्य २०२९ सालमा लेखेका थिए तर उक्त काव्य हालसम्म अप्रकाशित र अनुपलब्ध नै रहेको छ ।

कविता लेखनको निरन्तरता कै क्रममा ढकालका 'गङ्गाकावेरी एक्सप्रेस चिठीलाई जवाफ' (२०४२) र 'अभिवादन गर्छ सगरमाथा पेरुभियाली जनक्रान्तिलाई' (२०४३) गरी दुईवटा लामा कविता प्रकाशित भएको सूचना मात्र प्राप्त छ तर कविता चाहि अनुपलब्ध नै रहेको छ । ढकालको एकमात्र कवितासङ्ग्रह 'फैसला हारजितको' कविता सङ्ग्रह २०४४ सालमा प्रकाशित भएको पाइन्छ । यस कवितासङ्ग्रहमा ढकालले जीवनमुखी स्वर व्यक्त गरेका छन् । ढकालको काव्ययात्राको निरन्तरताकै क्रममा 'भावनाका छालहरू' (२०६२) शोककाव्य प्रकाशित भएको छ । यो शोककाव्य आफ्ना प्रिय पुत्र विजय ढकालको स्मृतिमा रचना गरिएको हो । यी पुस्तकाकार कृतिबाहेक विभिन्न पत्र-पत्रिकामा ढकालका फुटकर कविताहरू छरिएरै रहेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) । यसरी विद्यार्थी कालदेखि नै कविता लेख्न रुचि देखाउने ढकालमा कवि व्यक्तित्व पनि सबल रूपमा रहेको देखिन्छ ।

### ३.३.५ समालोचक/सौन्दर्य चिन्तक व्यक्तित्व

घनश्याम ढकालको साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये समालोचक व्यक्तित्व पनि प्रमुख पाटोको रूपमा रहेको छ । निबन्ध विधाबाट सिर्जना आरम्भ गरेका ढकाल समालोचक व्यक्तित्वका रूपमा चिनिएका छन् । २०३७ सालतिर 'झिसमिसे' पत्रिकामा व्याङ्ग्यात्मक समालोचना प्रकाशित गराएर आफ्नो समालोचना यात्रा आरम्भ गरेका ढकालका थुप्रै फुटकर लेखहरू विभिन्न पत्र-पत्रिकामा छरिएर रहेका छन् । ढकाल मार्क्सवादी सौन्दर्यशास्त्रको अध्येता हुनुको साथै त्यसलाई नेपाली साहित्यमा प्रयोग गर्ने प्रयोगकर्तासमेत हुन् । ढकालको 'मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना' (२०५४) र 'द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवाद' (२०६४) गरी दुई मोठ कृतिहरू प्रकाशित भएका छन् । ढकालको समालोचना चिन्तन सार र वस्तुपक्षमा केन्द्रित रहेको छ । यसैले ढकाल मार्क्सवादी समालोचना पद्धतिका फाँटमा क्रियाशील व्यक्तित्व मानिन्छन् (सुवेदी : २०६१, २६५) । सैद्धान्तिक तथा व्यवहारिक समालोचनाको क्षेत्रमा ढकालको योग्दान रहेको छ । विचारको परिपाक हुनु, सपाट दृष्टिकोण रहनु, सैद्धान्तिक आलोकमा सौन्दर्यको किटान गर्नु आदि ढकालका सौन्दर्यशास्त्री तथा व्यवहारिक आलोचनाका प्राप्ति हुन् (डा. जगदीशचन्द्र भण्डारीबाट प्राप्त जानकारी) । यसैगरी ढकाल मूलतः मार्क्सवादी सौन्दर्यशास्त्रले अघि सारेका मान्यता र विधा सिद्धान्तका आधारभूत कुरालाई ध्यानमा राखेर समालोचना गर्ने जिम्मेवार प्रगतिवादी समालोचकका रूपमा स्थापित भइसकेका छन् भन्ने अभिव्यक्ति डा. नन्दीश अधिकारीले दिएका छन् (डा. नन्दीश अधिकारीबाट

प्राप्त जानकारी) । यसरी घनश्याम ढकाल एक बौद्धिक, प्रतिभाशाली, प्रखर एवम् प्रगतिवादी समालोचनाका फाँटमा क्रियाशील प्रगतिवादी समालोचक हुन् भन्ने यथार्थ विभिन्न विचारक, विद्वान तथा समालोचकहरूले राखेका धारणाबाट प्रष्ट हुन्छ । त्यसैले ढकालका विभिन्न व्यक्तित्वमध्ये समालोचक व्यक्तित्व प्रमुख रूपमा रहेको प्रष्ट हुन्छ ।

### ३.३.६ सम्पादक व्यक्तित्व

साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये घनश्याम ढकालको सम्पादक व्यक्तित्व पनि प्रखर बनेको पाइन्छ र ढकाल एक सफल सम्पादकका रूपमा चिनिएका छन् । सम्पादनका क्षेत्रमा २०४७ सालदेखि लागि परेका ढकालले सर्वप्रथम साहित्यिक त्रैमासिक पत्रिका 'पसिना' को सम्पादन गरेको पाइन्छ । एक अङ्क मात्र प्रकाशित उक्त पत्रिकामा कविता, कथा, लेख, निबन्ध र समालोचना प्रकाशित भएको पाइन्छ । यसै क्रममा ढकाल 'गण्डकी साहित्य सङ्गम' पोखराको मुखपत्रका रूपमा प्रकाशित 'गण्डकी सङ्गम' पत्रिकाको सम्पादन कार्यमा २०४९ सालदेखि हालसम्म क्रियाशील रहेको बुझिन्छ । उक्त क्रममा अझ सशक्त भई ढकालले 'प्राज्ञमञ्च' र प्रगतिवादी साहित्यिक पत्रिका 'कलम' को समेत सम्पादन गरेका छन् । प्रस्तुत साहित्यिक पत्रिकामा प्रगतिशील साहित्य सामग्री एवम् साङ्गठानिक कार्यपत्र र गतिविधि प्रस्तुत भएका देखिन्छन् । यसै गरी समालोचनात्मक साहित्यिक कृतिका रूपमा ढकालले 'यथार्थवादी नेपाली समालोचना' (२०६२) र 'पोखरेली समालोचना' (२०६५) को सम्पादनसमेत गरेका छन् भने विजय ढकाल सहिद-स्मृति प्रतिष्ठान पोखराद्वारा प्रकाशित 'सहिद' (२०६३) पत्रिकाको सम्पादन कार्यमा समेत सम्लग्न देखिन्छन् ।

अतः २०४७ सालदेखि यस क्षेत्रमा क्रियाशील रहेका ढकालको सम्पादक व्यक्तित्व पनि प्रभावकारी रहेको छ भन्ने जानकारी उनले यस क्षेत्रमा दिएको योगदानले प्रष्टयाउँछ । त्यसैले ढकालको यो व्यक्तित्व अझ प्रखर हुँदै जाने सम्भावना पनि उत्तिकै प्रवल देखिन्छ ।

### ३.३.७ भूमिका लेखक व्यक्तित्व

घनश्याम ढकालको व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये भूमिका लेखक व्यक्तित्व पनि उल्लेख्य रहेको छ । ढकालको भूमिका लेखनशैली मौलिक एवम् पृथम किसिमको रहेको छ । समाजवादी यथार्थवादी वैचारिक मान्यतालाई आधार बनाएर रचनाको मूल्याङ्कन गर्ने क्षमता

एवम् कुशलता उनको भूमिका लेखनमा पाइन्छ । ढकालले सम्बन्धित विषय प्रसङ्गको सैद्धान्तिक मान्यताकै सेरोफोरोमा आफ्नो भूमिका लेखन पद्धति अँगालेका छन् । नारायण तिमल्सिनाको 'बिराएको बाटो' कथासङ्ग्रहमा आफ्नो भूमिका प्रस्तुत गर्दै उनले तिमल्सिनाका कथाहरू वर्तमान यथार्थको अभिव्यञ्जन गर्न सफल रहेका छन् भन्दै उनको यस सङ्ग्रहका सम्पूर्ण कथाहरू प्रगतिशील रहेका छन् भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । 'मुक्तिमार्ग' (२०५३) जनार्दन वियोगीको खण्डकाव्यको भूमिका लेखनमा ढकालले प्रस्तुत खण्डकाव्य शोषित-पीडित नेपालीहरूको मुक्तिको मार्ग पहिल्याउने एउटा कडी हो र उनी यसमा द्वन्द्वात्मक भौतिकवादी भएर उपस्थित भएका छन् भन्दै यसलाई प्रगतिवादी खण्डकाव्यका रूपमा उल्लेख गरेका छन् । यसैगरी देवेन्द्र लम्सालको 'बहुलाही राइँदाल्नी' खण्डकाव्यको भूमिकामा ढकालले राइँदाल्नीका पीडा र मर्महरू केलाउँदै प्रस्तुत खण्डकाव्य प्रगतिवादी साहित्यिक मान्यता अनुरूप लेखिएको खण्डकाव्य हो भन्ने दृष्टिकोण उल्लेख गरेका छन् । भूमिका लेखनकै क्रममा कास्कीबाट प्रकाशित गीतिसङ्ग्रह (शीर्षक अप्राप्त) को भूमिकामा ढकालले यसका सम्पूर्ण गीतहरू शोषित-पीडित नेपाली जनजीवनका मर्म र पीडाहरूलाई अभिव्यक्त गर्न सफल रहेका छन् भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

अतः निष्कर्षमा भन्नुपर्दा ढकालको भूमिका लेखन मौलिक रहेको छ । यथार्थवादी एवम् समाजवादी वस्तुपरक विचारलाई आधार बनाएर सुक्ष्म ढङ्गले कृतिको आशय प्रष्टचाउने कार्यमा ढकाल ज्यादै सफल रहेको तथ्य उनका भूमिकाहरूको अध्ययनबाट प्राप्त हुन्छ । तसर्थ यस क्षेत्रमा महात्वपूर्ण योगदान दिएका ढकालको भूमिका लेखक व्यक्तित्व पनि प्रभावकारी रहँदै आएको देखिन्छ ।

## ३.४ साहित्येतर व्यक्तित्व

घनश्याम ढकालको साहित्यिक व्यक्तित्वका साथै साहित्येतर व्यक्तित्वका पाटाहरू पनि प्रसस्तै रहेका छन् । ढकालका साहित्यिक व्यक्तित्वलाई साहित्येतर व्यक्तित्वले माथि उठाउन एवम् उर्जाशील बनाउन थुप्रै मलजल गरेको हुँदा यी व्यक्तित्वको पाटाहरूको विस्तारमा चर्चा गर्नु आवश्यक भएकाले ढकालका साहित्येतर व्यक्तित्वका विविध पाटाहरूलाई विभिन्न उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

### ३.४.१ प्राध्यापक व्यक्तित्व

घनश्याम ढकालको साहित्येतर व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये प्राध्यापक व्यक्तित्व एउटा महत्त्वपूर्ण पाटो हो । ढकालको प्राध्यापक व्यक्तित्वलाई नियाल्दा सर्वप्रथम उनले २०३२ साल साउनबाट २०३३ साल जेठ महिनासम्म श्री जनता मा.वि. विर्घा अर्चलेमा करिब एक वर्ष जति अध्यापन गरेको बुझिन्छ । यसपछि २०३६ सालमा प्रधुम्न पनेरु मा.वि. रङ्गेठारी, स्याङ्जामा अध्यापनरत रहेको अवस्थामा २०३६ साल कार्तिक ११ गतेबाट पृथ्वीनारायण क्याम्पस, पोखरामा उपप्रशिक्षकका रूपमा कार्य गरेको पाइन्छ । उक्त क्रममा ढकाल २०३६ साल चैत्र ११ गतेबाट  पृथ्वीनारायण क्याम्पस, पोखरामा सहायक प्राध्यापक पदमा नियुक्ति भएर औपचारिक रूपमा प्राध्यापन पेशामा सम्लग्न हुन पुग्दछन् । यसरी २०३६ साल चैत्र ११ गतेबाट सहायक प्राध्यापक पदमा नियुक्त भएका ढकाल २०३८ सालको त्रि.वि. सेवा आयोगबाट स्थायी भई २०४८ सालमा त्रि.वि. सेवा आयोगबाटै उपप्राध्यापक पदमा बढुवा हुन पुग्दछन् र २०५८ साल मंसिर १५ गतेबाट अवकाश लिन पुग्दछन् (शोधनायकबाट प्राप्त जानकारी) ।

यसरी जीवन गुजाराको मूल आधार प्राध्यापन पेशालाई बनाउँदै अन्य क्षेत्रमा पनि विशेष सरोकार राख्नु ढकालको निजी स्वाभाव मान्न सकिन्छ । ढकाल २०३७ सालमा प्राध्यापक सङ्घमा आबद्ध भई प्राध्यापकहरूको पेशागत हकहितमा लागेर त्यहाँका विसङ्गति र विकृतिको विरुद्धमा लड्दै सङ्गठनलाई दह्रो बनाउन योगदान गरेको डा. जगदीशचन्द्र भण्डारीले बताएका छन्  (डा. जगदीशचन्द्र भण्डारीबाट प्राप्त जानकारी) । यसैगरी ढकालको प्राध्यापक व्यक्तित्व क्रियाशील एवम् सशक्त बनेको र उर्जाशील रहेको विचार डा. नन्दीश अधिकारीले पनि व्यक्त गरेका छन् । (डा. नन्दीश अधिकारीबाट प्राप्त जानकारी) ।

अतः घनश्याम ढकालको प्राध्यापक व्यक्तित्व क्रियाशील एवम् सशक्त बनेको स्पष्ट भइसकेको छ । त्यसैले घनश्याम ढकालको प्राध्यापक व्यक्तित्व क्रियाशील एवम् सशक्त बनेको तथ्य प्रष्ट हुन्छ ।

### ३.४.२ सामाजिक व्यक्तित्व

आफू बाँचेको समाजका लागि दिएको योगदान तथा सामाजिक क्रियाकलापबाटै मानिसको सामाजिक व्यक्तित्व निर्माण हुन्छ । समाजभन्दा टाढा रहेर कुनै पनि व्यक्तिले आफ्नो

अस्तित्व कायम गर्न सक्दैन । मान्छे समाजको उपज हो, त्यसैले समाजप्रति उसको दायित्व हुन्छ । घनश्याम ढकाल पनि साहित्य सिर्जनाका साथसाथै सामाजिक क्षेत्रमा पनि उत्तिकै क्रियाशील व्यक्तित्व हुन् । ढकाल अध्यापन र साहित्य साधनबाट समय निकालेर सामाजिक उत्थानका लागि विभिन्न सङ्घ-संस्थामा सम्लग्न हुँदै र जिम्मेवारी वहन गर्ने कार्यमा पनि निकै उत्सुकताका साथ लागेको पाइन्छ । यस क्रममा उनले २०३६ सालबाट 'प्रगतिशील लेखक सङ्घ' मा आबद्ध भई २०५९ सालमा महासचिव र २०६६ सालमा अध्यक्ष बन्दै नेतृत्वदायी भूमिका निर्वाहा गरेको पाइन्छ । सामाजिक क्रियाकलाप अगाडि बढाउने क्रममा ढकाल 'गण्डकी साहित्य सङ्गम' (२०४९) को संस्थापक सदस्य बनी यसका विविध गतिविधिसँग सक्रिय रहेका छन् । यसैगरी 'अखिल नेपाल लेखक सङ्घ' (२०६४) को केन्द्रीय सदस्य र 'नेपाल राष्ट्रिय बुद्धिजीवि सङ्गठनको केन्द्रीय सदस्य रही प्राध्यापन क्षेत्रसँग सम्बन्धित पेसागत मर्यदा र प्राज्ञिक कार्य गर्नुले ढकालको सामाजिक व्यक्तित्वलाई प्रष्टयाउँछ (शोधनायकबाट प्राप्त जानकारी) । यसरी साहित्य एवम् प्राध्यापनबाट उनले सामाजिक विसङ्गतिलाई हटाउन सङ्गठित भई लाग्नुले ढकालको सामाजिक दायित्व बोध उच्च एवम् तीव्र रहेको निष्कार्ष प्राप्त हुन्छ ।

### ३.४.३ राजनीतिक व्यक्तित्व

घनश्याम ढकालको राजनीतिक व्यक्तित्व पनि उल्लेख्य रहेको छ । विद्यार्थी जीवनबाटै राजनीतिमा अभिरुचि राख्दै आएका ढकालले आरम्भमा वी.पी.को सशस्त्र सङ्घर्षबाट नेपालमा गणतन्त्र स्थापना गर्नुपर्छ भन्ने विचारबाट प्रभावित भई ने.वि. सङ्घमार्फत आफ्नो राजनीतिक जीवन सुरु गरेका हुन् । पछि काङ्ग्रेसले सो विचार त्यागेपछि मार्क्सवादी दर्शनप्रति आकर्षित हुन पुगेका ढकाल आफ्नै जीवनको परिस्थिति र परिवेशले मार्क्सवादी दर्शन नै ठीक हो भन्ने लागेर २०३६ सालदेखि ने.क.पा. (माले) मा आबद्ध भई सक्रिय राजनीतिक जीवन सुरु गर्दछन् । समयको व्यतिक्रमसँगै राजनीतिमा सक्रिय हुँदै गएका ढकाल अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनका सन्दर्भमा चीनमा प्रतिक्रान्ति भयो कि भएन भन्ने सवालमा मतभेद सिर्जना भएपछि २०३८ सालमा अभिवाजित चौथो महाधिवेशनबाट ने.क.पा. (मशाल) को साधारण सदस्यमा आबद्ध भई 'एकता केन्द्र' हुँदै तत्कालीन ने.क.पा. (माओवादी) मा सक्रिय भई भूमिगत जीवन बिताउनु र हाल ने.क.पा. माओवादी (एकीकृत) को राज्यसमिति सदस्यमा सक्रिय रहनुले पनि ढकालको राजनीतिक व्यतित्व क्रियाशील रहेको देखिन्छ । राजनीतिमा सक्रिया रहँदा

ढकालले एकातिर ‘नेपाल जनसांस्कृतिक महासङ्घ’ मा नेतृत्व तहमा रही कार्य गरेका छन् भने अर्कातिर प्रलेसमा आबद्ध भई २०४४ सालमा केन्द्रीय सदस्य, २०५६ सालमा उपाध्यक्ष, २०५९ सालमा महासचिव र २०६६ सालमा अध्यक्ष बनेका ढकाल पछिल्लो समयमा आख्यान र समालोचनाका क्षेत्रमा सक्रिय भएको र प्राध्यापक पेशामा क्रियाशील रहेपनि राजनीतिक व्यक्तित्व यसकै सहयोगी बनेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) । यसरी मार्क्सवादी चिन्तनलाई आत्मसात गरी प्रगतिवादी साहित्य एवम् समालोचनाका क्षेत्रमा सक्रिय रहेका ढकालको राजनीतिक विचार पनि मार्क्सवादी चिन्तनको सापेक्षतामा अगाडि बढेको देखिन्छ ।

### ३.४.४ सांस्कृतिक व्यक्तित्व

घनश्याम ढकालको सांस्कृति व्यक्तित्व पनि उल्लेख रहेको छ । उनको जीवनदृष्टि र जीवन भोगाइ यथार्थवादी रहेको हुँदा पुरातन कुरीतिका विरुद्ध उभिएर नवीन मूल्य-मान्यता एवम् उन्नत संस्कृतिको पक्षपोषणका लागि सशक्त भएर उनी आफ्नो सिर्जन कलाका माध्यमबाट अगाडि बढेको पाइन्छ । यस क्रममा उनले ‘नेपाल जनसांस्कृतिक महासङ्घ’ को नेतृत्व तहमा रही कार्य गरिसकेका छन् भने ‘नेपाल राष्ट्रिय बद्धिजीवि सङ्गठन’ को केन्द्रिय सदस्यसमेत बनी सांस्कृतिक क्षेत्रमा आफूलाई क्रियाशील गराएका छन् । यसैगरी संस्कृतिलाई समग्रहमा हेर्ने वस्तुवादी दृष्टिकोणलाई आत्मसात गर्दै श्रृजनालाई पनि यसै अनुरूप ढाल्न सक्ने ढकालले संस्कृति निर्माणको पक्षमा दिएको योगदान महत्त्वपूर्ण बनेको देखिन्छ ।

### ३.४.५ सङ्गठक व्यक्तित्व

घनश्याम ढकाल साहित्य एवम् समालोचनाका क्षेत्रमा मात्र नभई प्राध्यापन, राजनीति र सङ्गठनमा समेत क्रियाशील व्यक्तित्व हुन् । २०२५ सालबाट ने.वि. सङ्घ मार्फत विद्यार्थी राजनीति सुरु गरेका ढकाल २०३६ सालबाट बामपन्थी राजनीतिमा क्रियाशील हुँदै हाल ने.क.पा. माओवादी (एकीकृत) को राज्यसमिति सदस्यमा सक्रिय रही कार्य गरिरहेकाले उनी साङ्गठनिक गतिविधिमा क्रियाशील रहेको बुझिन्छ । साहित्यिक सांस्कृतिक क्षेत्रमा क्रियाशील हुने चाहना अनुरूप प्रलेसमा २०३७ बाट आबद्ध भई २०४४ सालमा केन्द्रीय सदस्य, २०५६ सालमा उपाध्यक्ष बनेका ढकालले यसका गतिविधिमा नेतृत्वदायी भूमिका निर्वाहा गरेको देखिन्छ । यसैगरी २०३९ सालबाट ‘आखिल नेपाल राष्ट्रिय जनसांस्कृतिक सङ्घ’ को तयारी समितिको सम्पर्कमा रही सांस्कृतिक क्षेत्रमा क्रियाशील रहेका ढकाल २०५५ र २०६० मा गरी

दुई कार्यकाल यसको उपाध्यक्ष र २०६५ सालबाट केन्द्रीय सचिवालय सदस्य बनी यसका गतिविधिसँग सम्लग्न रही नेतृत्वदायी भूमिका निर्वाहा गरेका छन् । यसैगरी ढकाल २०४८ सालमा स्थापित 'नेपाल राष्ट्रिय बुद्धिजीवि सङ्गठन' को केन्द्रीय सदस्य र 'अखिल नेपाल लेखक सङ्घ' को अध्यक्षसमेत बन्न पुगेका देखिन्छन् । त्यसैगरी उनी इच्छुक सांस्कृतिक प्रतिष्ठानका सदस्य रहेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) । यसरी विद्यार्थी कालदेखि विभिन्न सङघ-सङ्गठनहरूमा सम्लग्न रहँदै आएका ढकाल प्राध्यापन पेशामा क्रियाशील हुन् थालेपछि उक्त सङ्गठनको क्रियाकलापमा सक्रिय रहँदै आएको र विद्यार्थी सङ्घ-सङ्गठनदेखि सांस्कृतिक प्रगतिशील लेखक सङ्घको संङ्गठनमा समेत नेतृत्वदायी भूमिका खेल्दै आएका ढकालको साङ्गठनिक व्यक्तित्व पनि सशक्त रहेको निष्कर्ष प्राप्त हुन्छ ।

### ३.४.६ प्रेरक व्यक्तित्व

बाल्यावस्थादेखि नै आर्थिक विपन्नताको मार खेप्दै आएका सङ्घर्षशील व्यक्तित्वका धनी घनश्याम ढकालले जीवनका कठिनाइहरूबाट प्राप्त अनुभवलाई अवसरका रूपमा सदुपयोग गरेर आफ्ना पाइला अगाडि बढाएको पाइन्छ । ढकालले साहस र हिम्मतका साथ एवम् लगानशील भएर कर्म गर्दै आज जुन गरिमा र सफलता आर्जन गर्न सफल भएका छन्, यही नै सबैका लागि प्रेरणा बनेको छ । यसरी प्रगतिवादी नेपाली साहित्यका क्षेत्रमा उनको प्रतिभाशाली एवम् कुशल साहित्यिक व्यक्तित्वमार्फत प्राप्त योगदानलाई ठूलो उपलब्धिका रूपमा मूल्याङ्कन गर्न सकेको खण्डमा उत्तरवर्ती साहित्यकारहरू उनीबाट प्रभावित र प्रेरित हुने प्रवल सम्भावना देखिन्छ ।

अतः प्रगतिवादी नेपाली साहित्यका क्षेत्रमा उनका महत्त्वपूर्ण कृति र फुटकर सिर्जना एवम् लेख रचनाले ठूलो योगदान दिएको हुँदा यस विषयमा रुचि जगाउने, समर्पित हुने मार्ग प्रसस्त गरिदिएकाले पनि भावी पुस्ताका लागि सहित्यकार घनश्याम ढकाल एउटा प्रेरक व्यक्तित्वका रूपमा रहेका देखिन्छन् ।

## ३.५ निष्कर्ष

घनश्याम ढकालले नेपालको साहित्यिक, राजनितिक, सामाजिक आदि विभिन्न गतिविधिमा सङ्लग्न भएर आफ्नो करिब ५६ वर्ष बिताइसकेका छन् । ढकालको व्यक्तित्वको विभिन्न पक्षको अध्ययनबाट उनको साहित्यिक व्यक्तित्वअन्तर्गत पनि आख्यानकार व्यक्तित्व नै

बलशाली भएको देखिन्छ । आख्यानकार व्यक्तित्वकै केन्द्रीयतामा उनका अन्य व्यक्तित्वहरू विकसित भएका छन् । नेपाली साहित्यमा कथा, उपन्यास र समालोचना लेखनमा ढकालको सक्रियता देखिन्छ । मुलुक, सर्वहारा श्रमिक जनता र वास्तविक जनक्रान्तिका पक्षधर ढकाल सामाजिक कुसंस्कार र शोषण उत्पीडनका विरुद्ध आवाज उठाउने साहित्यकार हुन् । उनले आफ्ना साहित्यिक रचनाहरूमार्फत नेपाली जनमानसमा रहेका व्यक्त अभाव र उत्पीडनका व्यक्त-अव्यक्त पीडा र मर्मलाई प्रकट गरेका छन् ।

# परिच्छेद चार

# घनश्याम ढकालको कृतित्वको अध्ययन

## ४.१ विषय प्रवेश

स्याङ्जा जिल्लाको ग्रामीण परिवेशमा २०१० सालमा जन्मिएका घनश्याम ढकाल सानैदेखि साहित्यप्रति आफ्नो रुचि भएको बताउँछन् । माध्यमिक तहमा अध्ययन गर्दादेखि नै साहित्य लेखनमा अग्रसर भएका ढकालले स्याङ्जाबाट प्रकाशित हुने 'मातृभूमिको गोरेटो' पत्रिकामा २०२६ सालमा छापिएको निबन्ध (शीर्षक अप्राप्त) बाट आफ्नो साहित्यिक यात्र प्रारम्भ गरेका हुन् । उनका हालसम्म कथा, उपन्यास निबन्ध, कविता, समालोचनाजस्ता विविध विधामा एक दर्जनभन्दा बढी पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । साहित्यलेखनको प्रारम्भिक अवस्थामा कविता र निबन्धलेखनमा बढी रुचि देखाउने ढकालको साहित्य सिर्जनाको उर्वरविधा भनेको आख्यान विधा नै हो ।

वी.पी.को शसस्त्र सङ्घर्षबाट नेपालमा गणतन्त्र स्थापना गर्ने विचारबाट प्रभावित भई ने.वि. सङ्घमार्फत राजनीतिमा लागेका ढकाल चालीसको दशकमा मार्क्सवादी चिन्तनतिर आकर्षित हुन पुग्दछन् । नेपाली साहित्य फाँटमा प्रगतिवादी धाराअन्तर्गत रहेर कलम चलाउने ढकाल दृढविश्वासी, स्पष्टवादी एवम् अध्ययनशील स्वभावका छन् । नेपालको बामआन्दोलन र जनसङ्घर्षहरूमा प्रत्यक्ष सहभागी हुँदै आएका हुनाले ढकालका रचनाहरू युगीन जीवनको यथार्थतलाई आफ्नो सिर्जन कर्मको माध्यमबाट प्रस्तुत गर्न र परिवर्तनकामी जीवनको चेतनस्तर प्रगाढ बनाउन सफल रहेका छन् । यिनले आफू बाँचेको समाजमा देखिएका शोषण, अन्याय, अत्याचार, दमन, पीडा, गरिबीका कारण दयनीय एवम् कष्टकर जीवन भोग्न विवश भएका जनताका व्यथा एवम् पीडालाई उजागर गर्दै त्यस्ता विसङ्गतिहरूको अन्त्य गरी समतामूलक र सभ्य समाज स्थापनाका लागि निकासको बाटो पनि आफ्ना साहित्यिक रचनाका माध्यमबाट खोजेका छन् ।

## ४.२ घनश्याम ढकालको साहित्य यात्रा

स्याङ्जा जिल्लाको ग्रामीण परिवेशमा जन्मेका ढकालको मूल कार्यथलो पोखरा हो । उनी २०४२ सालदेखि पोखरा उपमहानगरपालिका सिमलचौर वडा नं. ८ स्थित प्रतिभामार्गमा स्थायी बसोवास गर्दै आएका हुन् । पोखरामा लामो प्राध्यापकीय जीवन बिताएका ढकालको जीवनका उकाली-ओरालीहरूमा प्रसस्त उतार-चढाव रहेपनि उनी विचार र प्रतिबद्धताका दृष्टिले अत्यन्त दृढ रहेका छन् । जीवनको उत्तरार्धमा आफ्नै प्रीय पुत्र विजयको हत्या र त्यसका कारण सिर्जित पीडालाई समेत सिर्जनामा बदलेर उनी आफ्नो साहित्यिक यात्रालाई निरन्तरता दिइरहेको छन् । मार्क्सवादी विचारधारालाई केन्द्रमा राख्ने ढकाल मार्क्सवादी चिन्तन र क्रान्तिचेतले ओतप्रोत छन् र क्रान्तिकारी आशावादका कारण उनले आफ्नो शोकलाई पनि शक्तिमा बदलेका छन् । यही शक्तिका कारण नै उनले आफ्नो सिर्जनशीलतालाई निरन्तरता प्रदान गर्न सकेका हुन् (भट्टराई, २०६२ : ३५२) ।

माध्यमिक तहमा अध्ययन गर्दा देखि नै साहित्य लेखनमा अग्रसर भएका घनश्याम ढकालको साहित्य यात्रा लगभग तीन दशक लामो रहेको छ । ढकालले स्याङ्जाबाट प्रकाशित हुने 'मातृभूमिको गोरेटो' पत्रिकामा २०२६ सालमा छापिएको निबन्ध (शीर्षक अप्राप्त) बाट आफ्नो साहित्यिक यात्रा प्रारम्भ गरेका हुन् । उनका हालसम्म कथा, उपन्यास, निबन्ध, कविता समालोचनाजस्ता विविध विधामा एक दर्जनभन्दा बढी पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । यसरी विभिन्न विधामा आफ्नो बहुमुखी सृजनाकौशल प्रदान गरिसकेका ढकालको लेखन कर्म थुप्रै विधामा छरिएको भएपनि उनको साहित्य साधनाको विशेष प्राप्ति कथा विधामा नै मान्न सकिन्छ (गौतम, २०६२ : ४०३) । यसरी साहित्य लेखनको प्रारम्भिक अवस्थामा कविता र निबन्ध विधामा बढी रुचि देखाउने ढकाल २०४६ पछि आख्यान विधातर्फ बढी केन्द्रित भएको पाइन्छ । डा. देवीप्रसाद गौतमका अनुसार ढकालका कथामा २०४७ साल अघि, २०४७ सालपछि र २०५२ सालपछिको नेपालको सामाजिक राजनीतिक परिवेश स्पष्ट रूपमा आएको भए तापनि कथाको विषयगत विविधताका आधारमा उनको कथा यात्रालाई मूल रूपमा वि.स. २०५३ अघि र पछि गरी दुई चरणमा विभाजन गर्न सकिन्छ (उही) भनेका छन् भने समालोचक डा. ताराकान्त पाण्डेले ढकालका कथासङ्ग्रहहरूलाई सङ्ग्रहगत रूपमा पनि अध्ययन गर्न सकिन्छ तापनि समयले सिर्जेको परिवेश र विषयका आधारमा जनआन्दोलन (२०४६) पूर्व र पश्चात्को परिवेशसँग सम्बद्ध कथाहरूका रूपमा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ भनेका छन् (पाण्डे, २०५३ : १३२/१३३) । ढकालको २०४६ सालपूर्वको तुलनामा

२०४६ सालपछिको सिर्जनामा केही परिपक्वता रहेकाले भट्टराई र पाण्डेयको तर्कलाई समेत आधार मानेर ढकालको साहित्य यात्रालाई (पहिलो चरण प्रारम्भदेखि २०४६ सम्म) र दोस्रो चरण (२०४७ देखि हालसम्म) गरी दुई भागमा बाँडेर अध्ययन गर्न सकिन्छ ।

४.२.१ पहिलो चरण (आरम्भदेखि २०४६ सम्मको साहित्य लेखन)

ढकालको साहित्यलेखनको पहिलो चरण आरम्भिक र अभ्यासिक चरणको रूपमा रहेको देखिन्छ । यस समयमा उनी कथा विधाभन्दा पनि कविता र निबन्धजस्ता विधामा बढी केन्द्रित भएका छन् । २०२६ सालमा निबन्ध विधाका माध्यमबाट साहित्य यात्रा आरम्भ गर्ने ढकालले २०२९ सालमा आफ्नी स्वर्गवासी आमाको सम्झनामा 'कौशल्या' शोककाव्य रचना गरेपनि हालसम्म उक्त काव्य अप्रकाशित र अप्राप्य नै रहेको देखिन्छ (शोधनाकबाट प्राप्त जानकारी) । ढकालको पहिलो पुस्तकाकार कृतिको रूपमा 'नाम कमाउने रहरमा' निबन्ध सङ्ग्रह (२०४२) देखापर्दछ । यो कृति सागर उपनामबाट प्रकाशित छ  (शर्मा, २०६२ : २१२) । यसपछि ढकालको दोस्रो पुस्तकाकार कृतिको रूपमा 'दरिद्रताबाट मुक्ति' (२०४५) निबन्धसङ्ग्रह देखापर्दछ । ढकालले आफ्नो कथालेखनको आरम्भ पनि यसै चरणमा गरेका देखिन्छ । उनको पहिलो कथा 'वारुणयन्त्र' हो । यो कथा 'हिमाली अवाज' साप्ताहिक पत्रिकामा २०३८ सालमा पहिलो पटक प्रकाशित भएपनि हालसम्म अप्राप्य नै रहेको छ (शोधनाकयबाट प्राप्त जानकारी) । ढकालको पहिलो कथासङ्ग्रह 'भरिया र यात्री' (२०४६) हो । यस कथासङ्ग्रहमा ११ वटा कथाहरू सङ्गृहीत रहेका छन् । यतिवेला ढकालको लामा कविताहरू 'गङ्गाकावेरी एक्सप्रेस चिठीलाई जवाफ (२०४२) र 'अभिवादन गर्छ सगरमाथा पेरुभियाली जनक्रान्तिलाई' (२०४३) प्रकाशित भएपनि ती अनुपलब्ध नै रहेका छन् । उनको पहिलो  कवितासङ्ग्रह 'फैसला हारजितको' (२०४४) हो । यसमा ढकालका ५ वटा कविताहरू सङ्कलित रहेका छन् । यसरी पहिलो चरणमा ढकालको साहित्य लेखन निबन्ध, कविता र कथासम्म विस्तारित भएको पाइन्छ ।

अभ्यासिक यात्राका रूपमा विस्तारित ढकालको साहित्ययात्राको पहिलो चरणका रचनाहरूमा ३० वर्षसम्म पञ्चायतले सिर्जना गरेका विकृति-विडम्बनाको यथार्थ चित्रण भएको पाइन्छ । यतिबेलाका कथामा वैचारिक चिन्तन तीब्र रूपमा आएको छ र त्यो घनश्याम ढकालको साहित्यसिर्जनाको मूल पहिचान बनेको छ । यसै गरी यतिबेलाका रचनामा विशुद्ध सामाजिक समस्या, सरोकार र विषय पनि प्रमुख रूपमा आएका छन् । मूलतः ढकालले यतिबेलाका आफ्ना रचनामा नेपाली जनताको दयनीय अवस्थाप्रति चिन्तित हुँदै त्यसको

कारकका रूपमा रहेका शोषणकारी यथास्थिवादी शक्तिहरू, तिनका जीवनविरोधी दृष्टिकोणहरू र तिनका विरूप एवम् क्रुर कार्यहरूलाई भावभूमि बनाएका छन् ।

४.२.२ दोस्रो चरण (२०४७ सालदेखि हालसम्मको साहित्य लेखन)

दोस्रो चरणमा ढकालको साहित्यलेखन विशेषगरी आख्यान विधामा केन्द्रित रहेको पाइन्छ । बहुदलीय व्यवस्थाको स्थापना पश्चात् जनताको सरकार गठन हुनु तर त्यसले जनअपेक्षा पूरा गर्न नसक्नु, माओवादी जनयुद्धको पृष्ठभूमि, त्यसले जनजीवनमा पारेको प्रभाव र त्यसबारे राज्यबाट देखाइएको निरङ्कुश व्यवहारका साथै राजनीतिक प्रतिक्रिया, अन्तराष्ट्रिय चाप प्रतिचाप आदि जस्ता घटनाहरू दोस्रो चरणका कारकका रूपमा रहेका छन् (गौतम, २०६२ : ४०२) । यतिबेला ढकालले उपन्यास र कथा सिर्जनमा आफूलाई केन्द्रित गरेका छन् । ढकालको उपन्यास लेखन 'गाउँभित्र' (२०४७) उपन्यासबाट प्रारम्भ भएको हो । यस उपन्यासको परिवेश पञ्चायत काल हो र त्यही कालावधिका नेपाली समाजका पीडा दैन्य, सङ्घर्ष, दमन र प्रतिरोधलाई उपन्यासको विषयवस्तु बनाइए पनि त्यो वास्तविक परिवर्तन थिएन र गाउँका झुपडी र छाप्रोमा यसले कुनै परिर्वन ल्याएको थिएन । त्यसैका विरुद्धमा सङ्घर्षको आग्रह गरिएको उपन्यास हो-'गाउँभित्र' (भट्टराई, २०६२ : ३५३/३५४) । ढकालको दोस्रो उपन्यास 'रातो आकाश' (२०६२) हो । यस उपन्यासमा २०४७ पछिको अवधिमा विकसित जनविद्रोहको कथा छ । २०४७ सालको परिवर्तनपछि पनि ग्रामीण समाजमा कुनै पविर्तन आएन । राज्यले राष्ट्रका गरिब महिला, जनजाति र दलितलाई कुनै सम्बोधन गर्न कुनै बाटो पनि फेला पारेन । सामन्ती शासक र शोषणका रूप उस्तै रहे भने प्रहरी र प्रशासन, न्याय र शिक्षालगायत कुनै क्षेत्रमा परिवर्तनका लहरहरू देखापरेनन् । यही पृष्ठभूमिमा 'रातो आकाश' उपन्यास प्रारम्भ भएको छ । यस चरणमा कथासङ्ग्रहका रूपमा 'सहिद मानचित्रमा नपरेको सहिद' (२०४८) 'समर्पणको बाटोमा' (२०६६) 'आजको महाभारत' (२०५५) र 'सहिदको सालिक' (२०६६) गरी चारवटा कथासङ्ग्रहहरू प्रकाशित भएका छन् । यी कथासङ्ग्रहअन्तर्गत सङ्गृहीत सबैजसो कथामा प्रजातन्त्रपछि नेपाली राजनीतिको स्थिति, सामन्ती प्रवृतिको विरोध, प्रजातन्त्रका नाममा विकसित अवसरवादी चरित्र, विकृति, विसङ्गति तथा नारीशोषण, सहिदको अवमूल्यन, संशोधनवादी चरित्र, राज्य आतङ्कको चित्रण र विद्रोहको अभिव्यक्ति भएको पाइन्छ ।

दोस्रो चरणमै ढकालको साहित्यलेखन समालोचना विधामा समेत विस्तार भएको छ । यतिबेला उनको 'मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना' (२०५४)र 'द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवाद' (२०६४) जस्ता दुई सैद्धान्तिक समालोचनात्मक ग्रन्थ प्रकाशित भएका छन् । 'मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना' नेपालमा मार्क्सवादी सौन्दर्यशास्त्रहरूका बारेमा सिलसिलाबद्ध रूपमा लेखिएको पहिलो कृति हो । यसमा सौन्दर्यशास्त्रसँग सम्बद्ध विषयहरूलाई मुख्य रूपमा समावेश गरिएको छ । सौन्दर्यशास्त्र कलासिद्धान्त सम्बन्धी दार्शनिक मान्यताको समष्टि हो र कलारचना प्रक्रियाबारे मात्र नभई जीवन जगतकै सौन्दर्यतत्वको विवेचना गर्ने शास्त्र हो भन्दै ढकालले यसको क्षेत्र ज्यादै व्यापक रहेको चर्चा गरेका छन् । ढकालको दोस्रो सैद्धान्तिक समालोचनाका रूपमा प्रकाशित 'द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवाद' ले मार्क्सवादी दर्शनका बारेमा आधारभूत ज्ञान प्रदान गरेको छ ।

ढकालले आफ्नो साहित्ययात्राको दोस्रो चरणमै 'भावना छालहरू' (२०६२) शोक गीतिकाव्य प्रकाशित गराएका छन् । आफ्नो प्रिय पुत्र विजयको स्मृतिमा रचना गरिएको यस गीतिकाव्यमा दानवीय, राक्षसी, पाषाण हृदयी, जल्लाद शाही सत्ता र त्यसका भरौटेहरूप्रतिको चरम घृणा र तत्कालीन क्रान्तिकारी कम्युनिष्ट पार्टीप्रति समर्थन जनाउँदै द्वन्द्वरत वर्तमान नेपाली सामाजलाई अन्तर्वस्तु बनाइएको छ । त्यसैले यसमा आँसु, वेदना, आत्यचार र त्यसबाट मुक्तिका लागि सुरु गरिएको जनयुद्ध र बलिदानका कथाहरू आएका छन् ।

यसरी आफ्नो तीन दशकलामो साहित्ययात्रामा ढकालका पहिलो चरणका रचनाले जनआन्दोलन पूर्वको परिवेशलाई प्रकट गर्दै त्यस अवधिमा व्यक्त पञ्चयती निरङ्कुशता, अत्यचार र त्यसका जनविरोधी क्रियाकलापलाई अनि पञ्चायतको आडम्बरी राष्ट्रवादका कारण नेपाली जनताले पाएको दुःखको मार्मिक  अभिव्यक्ति गरेका छन् । दोस्रो चरणका रचनाले जनआन्दोलन पश्चात्  स्थापित बहुदलीय शासन र सरकारको सारमा मौलिक परिवर्तन नदेखिएको र नेपाली जनताले दुःख खेप्न पर्ने, अन्याय सहनुपर्ने, जीविकाको लागि विदेशिनु पर्ने र पञ्चायती फटाहाहरूकै अत्याचार सहनुपर्ने कटु यथार्थलाई मार्मिक अभिव्यक्ति गरेका छन् । यतिबेला ढकालका रचनाहरूमा सैद्धान्तिक तथा वैचारिक चिन्तन पनि प्रसस्त मात्रामा आएका छन् । विशेषगरी कम्युनिष्ट आन्दोलनका कमी-कमजोरीप्रति आलोचनात्मक टिप्पणी गरी यसमा सुधारको अपेक्षा गर्दै संशोधनवाद र अवसरवादबिरोधी चेतना उनका रचनाले प्रस्तुत गरेका छन् ।

## ४.३ घनश्याम ढकालका साहित्यिक रचनाहरूको विवरण

स्याङ्जा जिल्लाको ग्रामीण परिवेशमा जन्मिएका घनश्याम ढकाल सानैदेखि साहित्यप्रति आफ्नो रुचि भएको बताउँछन् । माध्यमिक तहमा अध्ययन गर्दादेखि नै साहित्य लेखनमा अग्रसर भएका घनश्याम ढकालले स्याङ्जाबाट प्रकाशित हुने 'मातृभूमिको गोरोटो' पत्रिकामा २०२६ सालमा छापिएको निबन्धबाट आफ्नो साहित्यिक यात्रा प्रारम्भ गरेका हुन् । उनका हालसम्म कथा, उपन्यास, निबन्ध, कविता, समालोचनाजस्ता विविध विधामा एक दर्जनभन्दा बढी पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् भने कतिपय रचनाहरू विभिन्न पत्र-पत्रिकाहरूमा छरिएरै रहेका छन् । ढकालका पुस्तकाकार एवम् फुटकर रचनाहरूको कालक्रमिक विवरण प्रस्तुत गरी पुस्तकाकार कृतिहरूको क्रमशः अध्ययन गरिएको छ ।

### क) फुटकर रचनाहरूको विवरण

| क्र.सं. | रचना | विधा | प्रकाशन वर्ष | पत्रिका | वर्ष अङ्क पूर्णाङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | गङ्गाकावेरी एक्सप्रेस चिठीलाई जवाफ | कविता | २०४२ | – | – | अप्राप्य |
| २. | अभिवादन गर्छ सगरमाथा पेरुभियाली जनक्रन्तिलाई | कविता | २०४३ | - | - | अप्राप्य |
| ३. | नयाँ वर्षको शुभकामना | कविता | २०४४ | - | - | 'फैसला हारजितको' कवितासङ्ग्रहमा प्रथमपटक प्रकाशित |
| ४. | छोराछोरीलाई इतिहास पढाउँदा | कविता | २०४४ | - | - | " |
| ५. | फैसला हारजिको | कविता | २०४४ | - | - | " |
| ६. | श्रद्धबाबुआमाको | कविता | २०४४ | - | - | " |
| ७. | नर्सरी र बोर्डिङ्ग स्कूलमा पढ्न गुनासो गर्ने छोराछोरीसँग | कविता | २०४४ | - | - | " |
| ८. | स्वागत छ लालीगुराँसलाई | कविता | २०५३ | कलम | ४ : १ | 'कलम'मा प्रथमपटक प्रकाशित |
| ९. | सम्बोधन विजयलाई | कविता | २०६३ | विजय : शब्द-बिम्ब | | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. | देशद्रोही | कथा | २०४६ | - | - | भरिया र यात्री कथासङ्ग्रहमा प्रथमपटक प्रकाशित |
| ११. | चुनाव | कथा | २०४६ | - | - | " |
| १२. | शहरको अध्यारो वस्तीभित्र | कथा | २०४६ | - | - | " |
| १३. | देशभित्र र बाहिर | कथा | २०४६ | - | - | " |
| १४. | राष्ट्रियताको खोजीमा | कथा | २०४६ | - | - | " |
| १५. | श्रीलाल नेता नारायण | कथा | २०४६ | - | - | " |
| १६. | भरिया र यात्री | कथा | २०४६ | - | - | " |
| १७. | जनसहभागिता | कथा | २०४६ | - | - | " |
| १८. | कुलीन घर | कथा | २०४६ | - | - | " |
| १९. | पट्टामा अनुवाद भएको जिन्दगी | कथा | २०४६ | - | - | " |
| २०. | जनआन्दोलको पूर्व-सन्ध्यामा | कथा | २०४७ | पशिनामा प्रथम पटक प्रकाशित | १:१ | 'शहिदमान मानचित्रमा नपरेको सहिद' कथासङ्ग्रहमा प्रथम पटक सङ्कलित |
| २१. | गाउँभित्र | उपन्यास | २०४७ | – | – | - |
| २२. | एकादेशको प्रजातन्त्र | कथा | २०४८ | – | – | 'शहिदमान चित्रमा नपरेको शहिद' कथा सङ्ग्रहमा प्रथमपटक प्रकाशित |
| २३. | चङ्खमान | कथा | २०४८ | – | – | " |
| २४. | शहिद मानचित्रमा नपरेको शहिद | कथा | २०४८ | – | – | " |
| २५. | मुक्तिदाता | कथा | २०४८ | – | – | " |
| २६. | बाघ र बामपन्थी | कथा | २०४८ | – | – | " |
| २७. | प्रतिगामी | कथा | २०४८ | – | – | " |
| २८. | यथार्थ, युगीन चेतना र सिर्जना | चिन्तन | २०४९ | 'जनादेश' | २ | |
| २९. | पागल करौडपती | कथा | २०५० | 'गण्डकी साहित्य संगम' मा प्रथम पटक प्रकाशित | १ : १ | 'समर्पणको बाटोमा' कथासङ्ग्रहमा प्रथमपटक सङ्कलित |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३० | मृगतृष्णा | कथा | - | ‘कलम’ मा प्रथम पटक प्रकाशित | - | ” |
| ३१. | बौलाहा बाँसुरी बादक | कथा | २०५१ | - | | ” |
| ३२. | जीवन यात्रा | कथा | २०५१ | - | - | ” |
| ३३. | निर्वासित भविष्य | कथा | २०५१ | - | - | ” |
| ३४ | सुललित लेखक | कथा | २०५१ | - | - | ” |
| ३५ | रेलको इन्जिन | कथा | २०५१ | - | - | ” |
| ३६ | अनावरण | कथा | २०५१ | - | - | ” |
| ३७ | उपचार | कथा | २०५१ | - | - | ” |
| ३८ | तयारी | कथा | २०५१ | - | - | ” |
| ३९ | अन्धकार | कथा | २०५१ | - | - | ” |
| ४० | विजयोत्सव | कथा | २०५१ | - | - | ” |
| ४१ | समर्पणको बाटोमा | कथा | २०५१ | - | - | ” |
| ४२ | चक्रवर्ती अदालतको फैसला विरुद्ध | कथा | २०५१ | - | - | ” |
| ४३ | कायरता | कथा | २०५१ | - | - | ” |
| ४४ | पर्यटन नगरमा आखिरी दिन | कथा | २०५१ | - | - | ” |
| ४५ | ठेला | कथा | २०५२ | ‘वेदना’ मा प्रथम पटक प्रकाशित | २२ : २ | ‘आजको महाभारत’ कथा सङ्ग्रहमा प्रथम पटक सङ्कलित |
| ४६ | जनसांस्कृतिक आन्दोलनको दिशा | चिन्तन | २०५२ | ‘कलम’ | ३ : ३ | |
| ४७ | कामरेड मुख्या | कथा | २०५३ | ‘वेदना’ मा प्रथम पटक प्रकाशित | २३ : २ | ” |
| ४८ | एकनम्बर | कथा | २०५३ | ‘प्रलेस’ मा प्रथम पटक प्रकाशित | - | ‘आजको महाभारत’ कथासङ्ग्रहमा सङ्कलित |
| ४९ | सन्दर्भ वर्तमानको, चर्चा यथार्थ बोधको | चिन्तन | २०५३ | ‘जनादेश’ | ५ : ३४ | |
| ५० | ठेक | कथा | २०५३ | - | - | ” |
| ५१ | दशैंको खुसीयालीमा | कथा | २०५३ | - | - | ” |
| ५२ | आजको महाभारत | कथा | २०५३ | - | ४ : २/३ | ” |
| ५३ | एउटा विद्रोह | कथा | २०५३ | - | - | ” |
| ५४ | आतङ्कवादी | कथा | २०५३ | - | - | ” |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५५ | वीरेन हाम्रो पारिवारिक सदस्य बनीसकेकोछ | कथा | २०५३ | - | - | " |
| ५६ | छापामारको खोजी | कथा | २०५३ | - | - | " |
| ५७ | धुव्रमानको अन्त्य | कथा | २०५३ | - | - | " |
| ५८ | विग्रेको छोरो | कथा | २०५३ | - | - | " |
| ५९ | जीवन मूल्यको खोजी गर्दै | कथा | २०५३ | - | - | " |
| ६० | मनभित्र फुलेको लालीगुराँस | कथा | २०५३ | - | - | " |
| ६१ | प्रगतिवादी साहित्य लेखनमा वर्ग चिन्तन | चिन्तन | २०५३ | 'जनादेश' | ६ : १५ | |
| ६२ | जनयुद्धको क्यानभासमा कोरिएको चित्र | चिन्तन | २०५३ | 'जनादेश' | ६ : २० | |
| ६३ | मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना | समालोचना | २०५४ | - | - | सौन्दर्यचिन्तन |
| ६४ | पश्चिमाञ्चलको कवितात्मक परिक्रमा | समालोचना | २०६२ | - | - | यथार्थवादी नेपाली समालोचनमा सङ्कलित |
| ६५ | औपन्यासिक चेतना विकासको सन्दर्भमा समय त्रासदी | समालोचना | २०६२ | - | - | यथार्थवादी नेपाली समालोचनमा सङ्कलित |
| ६६ | तीर्थ श्रेष्ठ र उनका कविता | समालोचना | २०६५ | - | - | पोखरेली समालोचनमा सङ्कलित |
| ६७ | कवि रमेश श्रेष्ठ र उनका कविताको अन्तरवस्तु | समालोचना | २०६५ | - | - | पोखरेली समालोचनमा सङ्कलित |
| ६८ | नेपालश्री : एक विवेचना | समालोचना | २०६५ | - | - | पोखरेली समालोचनमा सङ्कलित |
| ६९ | पोखरेली कविता : केही टिपोट | समालोचना | २०६५ | - | - | पोखरेली समालोचनमा सङ्कलित |
| ७० | पोखरेली आख्यान : संक्षिप्त चिनारी | समालोचना | २०६५ | - | - | पोखरेली समालोचनमा सङ्कलित |
| ७१ | ब्रहम सत्य जगत | कथा | २०५४ | 'कलम' मा | ५ : | 'आजको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मिथ्या | | | प्रथम पटक प्रकाशित | १५ | महाभारत' कथा सङ्ग्रहमा सङ्कलित |
| ७२ | अनेकोट अभिव्यक्ति स्वतन्त्रताका लागि बलिदान | चिन्तन | २०५६ | 'जनादेश' | ९ : १७ | |
| ७३ | सांस्कृतिक क्षेत्रमा संयुक्त मोर्चा र प्रलेस | चिन्तन | २०५६ | 'जनादेश' | ९ : ११ | |
| ७४ | छोरासँगको भेट | कथा | २०५६-०५७ | 'कलम' मा प्रकाशित | ८:२/३:२५/२६ | 'सहिदको सालिक' कथासङ्ग्रहमा प्रकाशित |
| ७५ | सांस्कृतिक आन्दोलनमा वर्गीय ध्रुवीकरण | चिन्तन | २०५७ | 'जनादेश' | ९ : ४१ | |
| ७६ | विकासभित्रको गोली | कथा | २०५८ | 'मुक्तिमोर्चा' मा प्रकाशित | २८:१९ | " |
| ७७ | अछामे | कथा | २०५९ | 'प्रज्ञा-पराग' मा प्रकाशित | १:३ | " |
| ७८ | माटोको खोजीगर्दा | कथा | २०५९ | 'वेदना' मा प्रकाशित | २९:३:६७ | " |
| ७९ | श्रीमतीलाई चिठी | लघुकथा | २०६० | 'रजस्थल' मा प्रकाशित | ६:१८ | - |
| ८० | भोटहाल्ने धोको | लघुकथा | २०६० | 'वेदना' मा प्रकाशित | ३०:१:६८ | - |
| ८१ | सुरक्षा | लघुकथा | २०६० | " | " | - |
| ८२ | औषधोपचार | लघुकथा | २०६० | " | " | - |
| ८३ | रातो आकाश | उपन्यास | २०६२ | - | - | - |
| ८४ | द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवाद | समालोचना | २०६४ | - | - | - |
| ८५ | यथार्थ युवा चेतना र युवा कवि स्वर | चिन्तन | २०६४ | 'कलम' | १५ : १ | |
| ८६ | उत्तरआधुनिकतावाद छोटो चिनारी | चिन्तन | २०६४ | 'गण्डकी संगम' | १४ : ७ | |
| ८७ | पछुतो | कथा | २०६६ | - | - | 'सहिदको सालिक' कथासङ्ग्रहमा प्रथमपटक प्रकाशित |
| ८८ | शहिदको सालिक | कथा | २०६६ | - | - | " |
| ८९ | फलामे किल्ला | कथा | २०६६ | - | - | " |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९० | पीडा प्रतीक्षाको | कथा | २०६६ | - | - | ” |
| ९१ | छेलिएको मोर्चा | कथा | २०६६ | - | - | ” |
| ९२ | आखरीबाटो | कथा | २०६६ | - | - | ” |
| ९३ | टाउकाको मूल्य खोज्दा | कथा | २०६६ | - | - | ” |
| ९४ | नेपाली राष्ट्रियता र भारत | निबन्ध | २०६६ | 'कलम' | १७ : १ | |

## ख) पुस्तककार कृतिको विवरण

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | नाम कमाउने रहरमा | निबन्ध | २०४२ | - | - | निबन्धसङ्ग्रह |
| २. | फैसला हारजीतको | कविता | २०४४ | - | - | कवितासङ्ग्रह |
| ३. | दरिद्रताबाट मुक्ति | निबन्ध | २०४५ | - | - | निबन्धसङ्ग्रह |
| ४. | भरिया र यात्री | कथा | २०४६ | - | - | कथासङ्ग्रह |
| ५. | गाउँभित्र | उपन्यास | २०४७ | - | - | - |
| ६. | सहिद मानचित्रमा नपरेको सहिद | कथा | २०४८ | - | - | कथासङ्ग्रह |
| ७. | समर्पणको बाटोमा | कथा | २०५१ | - | - | कथासङ्ग्रह |
| ८. | मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना | समालोचना /सौन्दर्य चिन्तन | २०५४ | - | - | - |
| ९. | आजको महाभारत | कथा | २०५५ | - | - | कथासङ्ग्रह |
| १०. | रातो आकाश | उपन्यास | २०६० | - | - | - |
| ११. | भावनाका छालहरू | कविता | २०६२ | - | - | शोकगीतिकाव्य |
| १२. | द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवाद | दर्शन | २०६४ | - | - | - |
| १३ | सहिदको सालिक | कथा | २०६६ | - | - | कथासङ्ग्रह |

### ४.४ घनश्याम ढकालका साहित्यिक कृतिहरूको अध्ययन

स्याङ्जा जिल्लाको ग्रामीण परिवेशमा जन्मिएका घनश्याम ढकाल माध्यमिक तहमा अध्ययन गर्दादेखि नै साहित्य सिर्जनामा अग्रसर भए पनि स्याङ्जाबाट प्रकाशित हुने 'मातृभूमि' को गोरेटो पत्रिकामा निबन्ध प्रकाशित गराएर आफ्नो औपचारिक लेखन यात्रा आरम्भ गरेका हुन् । उनले नेपाली साहित्यका निबन्ध, कविता, कथा, उपन्यास र समालोचना जस्ता विधामा आफ्नो लेखनी विस्तार गरेर प्रगतिवादी साहित्यस्रष्टाका रूपमा आफूलाई उभ्याएका छन् । यिनको पहिलो साहित्यिक कृतिका रूपमा 'नाम कमाउने

रहरमा' निबन्धसंङ्ग्रह 'सागर' उपनामबाट प्रकाशित भएको पाइन्छ (शर्मा, २०६३ः २१२) । यसपछि ढकालका 'दरिद्रताबाट मुक्ति' (२०४५ निबन्ध सङ्ग्रह), 'गङ्गाकावेरी एक्सप्रेस चिठीलाई जवाफ' (२०४२), 'अभिवादन गर्छ सगरमाथा पेरुभियाली जनक्रान्तिलाई (२०४३) जस्ता लामा कविता, 'फैसला हारजितको' (२०४४ कवितासङ्ग्रह) 'भावनाका छालहरू' (२०६२ शोकगीतिकाव्य), 'भरिया र यात्री' (२०४६), शहीद मानचित्रमा नपरेको शहीद' (२०४८), 'समर्पणको बाटोमा' (२०५१), 'आजको महाभारत' (२०५५) र 'सहिदको सालिक' (२०६६) गरी पाँच कथा सङ्ग्रह, 'गाउँभित्र' (२०४७) र 'रातो आकाश' (२०६०) गरी दुई उपन्यास, 'मार्क्सवादी सौनदर्यशास्त्रको विवेचना' (२०५४) र 'द्वन्द्वात्मक एवम् ऐतिहासिक मौलिकबाद' (२०६४) जस्ता समालोचना/सौन्दर्यचिन्तन जस्ता पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् । ढकाल सम्पादन कार्यमा समेत क्रियाशील देखिन्छन् । उनले गण्डकी साहित्य सङ्गम, पोखराद्वारा प्रकाशित 'यथार्थवादी नेपाली समालोचना' (२०६२) र 'पोखरेली समालोचना' (२०६५) को सम्पादनसमेत गरेका छन् । आफ्ना साहित्यिक रचनामा ढकालले समाजमा विद्यमान आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई मार्क्सवादी दृष्टिले हेरेर उनले समाजमा वर्गीय समानता कायम राख्ने र शीर्षक वर्गले शोषित वर्गमाथि गर्ने शोषणलाई निर्मूल गर्ने प्रमुख हतियारका रूपमा साहित्य सिर्जनालाई लिएका छन् ।

### ४.४.१ घनश्याम ढकालका कथाको अध्ययन

स्याङ्जा जिल्लाबाट प्रकाशित हुने मातृभूमिको गोरेटो पत्रिका निबन्ध प्रकाशित गराएर साहित्य यात्रा आरम्भ गर्ने ढकालले २०३८ सालमा 'हिमाली आवाज' साप्ताहिक पत्रिकामा 'वारुणयन्त्र' शीर्षकको कथा प्रकाशित गराएर आफ्नो कथा यात्रा सुरु गरेका हुन् । उनका हालसम्म 'भरिया र यात्री' (२०४६), 'शहीद मानचित्रमा नपरेको शहीद' (२०४८), 'समर्पणको बाटोमा' (२०५१), 'आजको महाभारत' (२०५५) र 'सहिदको सालिक' (२०६६) गरी पाँचवटा कथासङ्ग्रहरू प्रकाशित भइसकेका छन् । कमजोर आर्थिक

अवस्थाका कारण सर्वसाधारणले भोग्नुपरेको विवशता र त्यसमाथि ठूलावडा भनाउँदाहरूको अत्याचारका जाँतोमा पिसिनु पर्ने निम्नवर्गका जनताको बाध्यतालाई प्रस्तुत गरी त्यसबाट मुक्तिका लागि सङ्घर्ष नै प्रमुख रहेको कुरा उनले आफ्ना कथामा प्रस्तुत गरेका छन् । यिनै विविधतायुक्त विषयवस्तुलाई समेटेर रचना गरिउका ढकालका कथाकृतिहरूका अध्ययन यसप्रकार गर्न सकिन्छ ।

४.४.१.१ "भरिया र यात्री' कथासङ्ग्रहको अध्ययन

प्रकाशनका दृष्टिले 'भरिया र यात्री' (२०४६) कथाकार घनश्याम ढकालको पहिलो कथासङ्ग्रह हो । पञ्चायतकालीन पछिल्लो समयको यथार्थ चित्र उतारिएको यस सङ्ग्रहमा एघारवटा कथाहरू सङ्गृहीत रहेका छन् । नेपाली समाजमा विद्यमान अन्धविश्वास, राष्ट्रियता, शैक्षिकस्थिति, विकासकार्य, सामाजिक संस्कार, लाहुरेको स्थितिजस्ता विषयवस्तु यस सङ्ग्रहमा आएका छन् । पञ्चायतकालीन नेपाली समाजमा घटेका यथार्थ घटनालाई प्रस्तुत गरिएका यी कथामा राष्ट्रवादी र राष्ट्रघाती चरित्रदेखि लिएर नेता, निम्नवर्गीय र कुलीन चरित्र मजदुर वर्गका चरित्र, लाहुरेको अवस्था चित्रण गर्ने चरित्रको प्रयोग भएको पाइन्छ । यसैगरी यस सङ्ग्रहभित्रका कथाको मूल समय पञ्चायती शासन काल हो । खासगरी पञ्चायती शासन कालका नेपाली ग्रामीण तथा सहरी परिवेश र भारतीय सेनामा संलग्न नेपाली लाहुरेको चित्रण गरिएको भारतीय परिवेश नै कथाको मुख्य परिवेश हो भने यस सङ्ग्रहका कथाले अन्धविश्वासको अन्त्य, शोषणको विरोध, राजनीतिक सुधारको चाहना र लाहुरेको दयनीय अवस्थाको चित्रण गर्नुलाई मूल उद्देश्य बनाएको पाइन्छ । ठेट नेपालीभाषा, उखान टुक्काको प्रयोगले कथाको भाषाशैली सरल, सहज र प्रभावकारी बनेको पाइन्छ ।

४.४.१.२ "शहीद मानचित्रमा नपरेको शहीद' कथासङ्ग्रहको अध्ययन

प्रकाशनका दृष्टिले 'शहीद मानचित्रमा नपरेको शहीद' (२०४८) कथाकार घनश्याम ढकालको दोस्रो कथासङ्ग्रह हो । राजनीतिलाई नै विषयवस्तु बनाइएको यस सङ्ग्रहमा ढकालका सातवटा कथा सङ्गृहीत रहेका छन् । २०४६ सालको जनआन्दोलन र त्यसपछिका दुई वर्षमा नेपाली राजनीतिको स्थिति र सामाजिक समस्याहरू यी कथामा आएका छन् । यसैगरी सामाजिक क्षेत्रमा मौलाएका सामन्ती प्रवृत्ति, चेलीबेटी बेचविखनको दयनीय स्थिति, प्रजातन्त्रको खोल ओढेर मौलाएको अवसरवादी चरित्र र सहिदप्रति गरिएको अवमूल्यनलाई यस सङ्ग्रहका कथाले विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । प्रगतिवादी विचारधारालाई अँगालेर लेखिएका यी कथामा वर्गीय पात्रको प्रयोग भएको पाइन्छ । राजनीतिमा संलग्न भ्रष्ट र अवसरवादी चरित्रदेखि लिएर राष्ट्र निर्माणमा संलग्न भई सहिद हुनसम्म पछि नपर्ने राष्ट्रवादी पात्रहरू समेत कथामा आएका छन् । सामन्ती प्रवृत्तिका शोषकवर्ग र सरल आचारणका कारण बेचिन विवश नेपाली ग्रामीण अशिक्षित नारी नारी पात्रहरू समेत यस सङ्ग्रहका कथाहरू जनआन्दोलन पूर्व र पछिको दुई वर्षसम्मको नेपाली राजनीतिक र सामाजिक परिवेशमा केन्द्रित रहेका छन् भने भारतीय वेश्यालयमा बेचिएका नेपाली चेलीहरूको अवस्था चित्रण गर्ने केही कथामा भारतीय परिवेश समेत आएको पाइन्छ । सरल, सहज गाउँले भाषा, वर्णनात्मक शैली, तृतीयपुरुष दृष्टिविन्दु, सौखिक कथानक ढाँचा र स्थानीय भाषिकाको प्रयोगले यी कथा रोचक र प्रभावकारी बनेका छन् ।

४.४.१.३ "समर्पणको बाटोमा' कथासङ्ग्रहको अध्ययन

'समर्पणको बाटोमा' (२०५१) कथाकार घनश्याम ढकालको तेस्रो कथासङ्ग्रह हो । सत्रवटा कथाहरू सङ्ग्रहित यस कथासङ्ग्रहमा कथाकार ढकालले प्रजातान्त्रिक सरकार बनेदेखि माओवादी जनयुद्ध सुरु भएसम्मको राजनीतिक केन्द्रमा समाजको यथार्थ चित्र प्रस्तुत गरेका छन् । शोषक सामन्तीहरूको अन्याय अत्याचार, निर्दोष र निमुखा जनताहरू माथि भएको थिचोमिचो, धनाढ्यवर्गको इच्छाअनुसार चल्ने न्याप्रणाली, गरिबीका कारण

विदेशिनु पर्ने, नेपालीहरूको बाध्यात्मक स्थितिसँगै दाइजोप्रथाको विरोध, राजनीतिक दलहरूका बीचमा भएको असहज द्वन्द्व, चुनाव, गरिबी र युद्धमा समर्पित पक्षहरू यस सङ्ग्रहको कथाका विषयवस्तुको रूपमा आएका छन् । अन्याय अत्याचार र शोषणको विरोध गरी प्रगतिवादी विचार प्रस्तुत गरिएका यी कथाहरूमा शोषक र शोषित, विदेशिएका लाहुरेको चित्रण गर्ने, अवसरवादी तथा पलायनवादी र समतामूलक समाज स्थापनामा लागेका वर्गीय चरित्र आदिको प्रयोग भएको पाइन्छ । ग्रामीण सामाजिक-राजनीतिक तथा सहरी परिवेशमा संरचित यी कथाहरूमा सरल-सहज भाषाशैली प्रयोग भए तापनि केही कथाहरूमा बौद्धिक भाषा प्रयोग भएको छ ।

४.४.१.४ "आजको महाभारत' कथासङ्ग्रहको अध्ययन

आजको महाभारत कथाकार घनश्याम ढकालको चौथो कथासङ्ग्रह हो । यस कथासङ्ग्रहमा ढकालका जम्मा १५ वटा कथासङ्ग्रहहरू सङ्ग्रहीत रहेका छन् र यी कथाले नेपाली भूमिका सिर्जित महासमरलाई कुनै न कुनै रूपमा आफ्नो विषयवस्तु बनाएका छन् । यस सङ्ग्रहका केही कथाले वर्तमान नेपाली समाजमा चलेको जनयुद्धको कारणलाई देखाउने कार्य गरेका छन् भने केही कथाले जनसमरमा प्रत्यक्ष रूपमा संलग्न योद्धा र तिनले गरेको युद्धलाई प्रस्तुत गरेका छन् । यसरी साठीको दशकदेखि प्रारम्भ भएको माओवादी विद्रोह, यसको पृष्ठभूमि, यसले जनमानसमा पारेको प्रभाव नै यस सङ्ग्रहका कथाको मूल विषयवस्तु बनेको पाइन्छ । ग्रामीण सामाजिक-राजनीतिक तथा सहरी परिवेशमा संरचित यी कथाहरूमध्ये अधिकांश कथाहरू सरल, सहज भाषाशैलीमा संरचित छन् भने केही कथामा बौद्धिक भाषा प्रयोग भएको पाइन्छ ।

४.४.१.५ "सहिदको सालिक' कथासङ्ग्रहको अध्ययन

'सहिदको सालिक' (२०६६) कथाकार घनश्याम ढकालको पाँचौ तथा अन्तिम कथासङ्ग्रह हो । यस एघारवटा कथाहरू सङ्ग्रहित रहेका यस सङ्ग्रहका कथाहरूले जनयुद्धका क्रममा राज्यले सिर्जना गरेको आतङ्पूर्ण व्यवहार, नेता, कार्यकर्ता र मन्त्रीहरूले सहिदप्रति देखाएको उदासिनता, नारी अधिकार, बेपत्ता परिवारका पीडा र विद्रोहको अभिव्यक्ति र कम्युनिष्ट पार्टीप्रतिको आस्थाभावलाई मूल विषयवस्तुका प्रस्तुत गरेका छन् । सहरी, ग्रामीण तथा राजनीतिक परिवेशमा संरचित यी कथाहरू वर्गद्वन्द्व र वर्गीय पक्षधरतालाई प्रस्तुत गर्न अत्यन्त सफल रहेका छन् ।

४.४.२ घनश्याम ढकालका कथाहरूको प्रवृत्तिगत अध्ययन

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने घनश्याम ढकालको लेखनको मूल विधा कथा नै हो । कथाका क्षेत्रमा यिनका 'भरिया र यात्री' (२०४६), 'शहीद मानचित्रमा नपरेको शहीद' (२०४८), 'समर्पणको बाटोमा' (२०५१) 'आजको महाभारत' (२०५५) र 'सहिदको सालिक' (२०६६) गरी चारवटा कथासङ्ग्रहहरू प्रकाशित रहेका छन् र यी सङ्ग्रहमा क्रमशः ११, ७, १७, १५ र ११ गरी जम्मा ६१ वटा कथाहरू सङ्ग्रहित रहेका छन् । यिनका कथामा नेपाली समाजको सिङ्गो कालखण्ड, पञ्चायतकालीन समय, जनआन्दोलन, परिवर्तनपछिको समय, माओवादी जनयुद्ध, त्यसले जनजीवनमा पारेको प्रभाव, राज्यले जनयुद्ध दबाउने नाममा सिर्जना गरेको आतङ्कपूर्ण व्यवहार, बेपत्ता परिवारको पीडा र विद्रोहका अभिव्यक्तिहरू आएका छन् । यी सङ्ग्रहका कथामा ढकालले आफूले देखेका, सुनेका, अनुभव गरेका तथा काल्पनिक घटनाहरूलाई कथानकको स्रोत बनाएर रचना गरेका कथाहरू समाविष्ट गरेका छन् । ढकालका यी कथाहरूको माथि सङ्क्षिप्त परिचयमात्र प्रस्तुत गरिएकाले यिनको विषयगत पहिचान र प्रवृत्तिका आधारमा विश्लेषण गर्नु आवश्यक देखिन्छ । विषयगत पहिचान र प्रवत्ति तथा शिल्पगत प्रवृत्तिका आधारमा ढकालका कथाहरूलाई निम्नानुसार बुँदागत रूपमा विश्लेषण गर्न सकिन्छ ।

४.४.२.१ राज्यआतङ्कको तीव्र विरोध र कम्युनिष्ट विचारप्रतिको आस्था

जनताले निरन्तर रूपमा गरेको बलिदानको फलस्वरूप २०४६ चैत्र २६ गतेका दिन मुलुकमा प्रजाातन्त्रको स्थापना भयो । प्रजातन्त्र पुनस्थापनापछि सत्तामा पुगेका शक्तिहरूले जनअपेक्षा पूरा गर्न सकेनन् । जननिर्वाचित सरकारले राष्ट्र र जनहितमा काम गर्न सकेको अनुभव जनतालाई भएन । जनताले आफ्नो ठानेको सरकारले त झनझन राष्ट्र र प्रजातन्त्र विरोधी कार्यहरू गर्न थाल्यो, जसको फलस्वरूप सर्वसधारण जनताहरूमा महङ्गी, वेरोजगारी र असुरक्षाको महसुस हुन थाल्यो । यसको विरोधमा लाग्दा तत्कालीन सरकारले जनतालाई आतङ्ककारीको बिल्ला भिडाएर सरकार व्यापक जनदमनमा उत्रियो र जननिर्वाचित सरकारले मुलुकमा राज्य आतङ्कको सिर्जना गर्यो । सरकारको यही राज्य आतङ्कको तीव्र विरोध गर्दै कथाकार घनश्याम ढकालले कथा रचना गरेका छन् भने सर्वहारावर्गीय जनताहरूको कम्युनिष्ट पार्टीप्रति बढ्दै गइरहेको आस्थालाई ढकालले आफ्ना कथामा प्रस्तुत गरेका छन् । ढकालको यही प्रवृत्तिको प्रतिनिधित्व गर्ने प्रतिनिधिमूलक कथाहरूमा 'आजको महाभारत', 'आतङ्कवादी,' 'छापामारको खोजी', 'विग्रेको छोरो', 'मनभित्र फूलेको लालीगुराँस' 'ध्रुवमानको अन्त्य', 'ब्रहम सत्य जगत मिथ्या', 'विकास भित्रको गोली', 'पछुतो', 'फलामे किल्ला', 'छोरासँगको भेट', 'माटोको खोजी गर्दा', 'अछामे', टाउँकाको मूल्य खोज्दा' जस्ता कथाहरू पर्दछन् । जनसमरको यथार्थ तथा वर्तमान राज्यआतङ्कको प्रतिबिम्बन गर्ने यी कथाले एकातिर शासकद्वारा गरिएको बर्बरतापूर्ण दमन र जनहत्याको प्रतिबिम्बन गरेका छन्, भने अर्कोतिर सङ्घर्षका क्रममा वीरता, साहस र सौर्यको प्रदर्शन गर्ने उच्च-उदात्त चरित्र भएका पात्रको प्रस्तुति गरेका छन् (पौडेल, २०५५ : ८४) ।

'आजको महाभारत' कथामा देशमा विद्यामान कुशासनको अन्त्य गरी समतामूलक समाज स्थापनाका निम्ति लागिपरेका सुन्दर, आनन्द, विशाखा जस्ता पात्रहरूमाथि दुर्गासिंह र सूर्यनाथ जस्ता शासक र सत्ताका प्रतिनिधिहरूबाट गरिएको अमानवीय, निर्दयी र कुरतापूर्ण व्यवहारको यथार्थ चित्रण गरिएको छ । यस कथामा आफ्नो स्वार्थ पूर्तिका निम्ति निर्दोष जनतामाथि सत्ताको आडमा दुर्गासिंहले गरेको अमानवीय व्यवहार, त्यसको विरोध गर्ने सुनन्दाको हत्याको घटना, उसको परिवारको विचल्ली, उनीहरूद्वारा उठाइएको आवाज र सुरक्षाफौजद्वारा गरिएको कार्वाही आदि घटनाहरू आएका छन् । यसरी जनहित र जनकल्याणका

लागि बनेको सरकार अनि देश र जनताका लागि सुरक्षार्थ खटिएका सुरक्षाफौजद्वारा निर्दोष र निहत्था जनतामाथि गरिएको क्रुर र अमानवीय व्यवहारको यथार्थ प्रस्तुति यहाँ भएको छ ।

राजनीतिक परिवेशमा संरचित यो कथा दुर्गासिंहको दमनपूर्ण व्यवहारबाट प्रारम्भ भएर त्यसका विरुद्धमा सङ्गठित भएर लाग्ने प्रतिबद्धताका साथ समाप्त भएकाले यसमा अभिधामूलक अर्थसापेक्ष रहेको छ । रैखिक कथानक ढाँचा रहेको यस कथामा घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध रहेका छन् । बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको यस कथामा बौद्धिक भाषा प्रयोग भएको छ । हाँडीमा मकै भुटेझैँ, लज्जावती झारझैँ, गिद्धले सिनो झम्टेझैँ जस्ता उपमा अलङ्कार, ड्यामड्याम, सच्यकसच्याक, थुचुक्कजस्ता अनुकरणात्मक शब्द, मिसामिस, हातपातजस्ता द्वित्व शब्द प्रयोग भएको पाइन्छ ।

'आतङ्कवादी' कथामा सामन्ती शोषणका बिरुद्ध क्रान्तिमा लागेको गुप्तमान तथा क्रान्तिको समर्थन गर्न पुगेको शिक्षक मणिन्द्रमाथि आफ्नो हैकम कायम राख्नका लागि शान्तिध्वजले पुलिस लगाएर गिरफ्तार गराएको घटनालाई प्रस्तुत गरिएको छ । आफू शोषित भएकाले यसका विरुद्धमा सङ्घर्ष गर्नुपर्ने चेतना गुप्तमान जस्ता जनताहरूमा आएको र क्रान्तिमा लागेको घटना, जनता क्रान्तिमा लागेपछि समाजमा आफ्नो हैकम कायम हुन नसक्ने ठानी शान्तिध्वजको मनमा बेचैनी छाएको, गुप्तमानको समर्थन गराएर आफू सुरक्षित हुन खोजेको जस्ता घटनाहरू यस कथामा आएका छन् । यसरी जनताको रगत-पसिना, चुस्न पल्केका सामन्तले आफ्नो विरुद्धमा लाग्ने व्यक्तिलाई फँसाइ कैदको कहर काट्न बाध्य पार्दछन् भन्ने कुरालाई यस कथामा यथार्थ रूपमा प्रस्तुत गरिएको छ ।

राजनीतिक परिवेशमा संरचित यस कथाको अर्थ सापेक्ष अभिधामूलक रहेको छ । कथाको सम्पूर्ण घटनाक्रम शान्तिध्वजको जीवनमा केन्द्रित रहेकाले यस कथामा बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा घटित भएकोले यस कथाको कथानक ढाँचा रैखिक रहेको छ । तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग भएको यस कथामा निपात र अनुकरणात्मक शब्दको प्रयोगले भाषिक सहजता कायम भएको देखिन्छ ।

'ब्रहम सत्य जगत् मिथ्या' कथामा चतुरानन्दको स्वार्थपूर्ण राजनीति र यस्तो राजनीतिक क्रियाकलापबाट वितृष्णा जागी विमुख भएको देवानन्द र युवकको नयाँ संसार निमार्ण गर्ने अग्रगामी राजनीतिक गतिविधिलाई मुख्य विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । चतुरानन्दमा जागेको मार्क्सवादी विचार र क्रमशः उसमा आएको पलायन, मार्क्सवादी चिन्तनमा अडिग रही क्रान्तिमा लागेका युवकको राजनीतिक गतिविधि, जनसमरप्रति देवनान्दको समर्थन आदि जस्ता घटनाहरू कथामा आएका छन् । यस बाहेक जनसमर सुरुभएपछि त्यसलाई दवाउनका निम्ति युवाको बा-आमालाई पुलिस लगाएर निर्मम हत्या गरी बहिनी निरूपालाई हात-खुट्टा भाँचेर आँखा फुटाइ जिउँदै चित्तामा फ्याँकिदिएको घटनालाई युवकको पूर्व-स्मृतिमार्फत प्रस्तुत गरिएको छ । यसरी यस कथाले मार्क्सवादी चिन्तन बोकेका चतुरानन्द जस्ता नेताहरूमा देखिएको सत्ता लिप्सा र सुःखभोगले ल्याएको विचलन र शान्ति सुव्यवस्था कायम गर्ने नाममा राज्यले सिर्जना गरेको राज्यआतङ्कको यथार्थ चित्र प्रस्तुत गरेको छ ।

राजनीतिक परिवेशमा संरचित यस कथामा स्वार्थपूर्ण राजनीतिलाई त्यागेर समतामूलक समाजस्थापनाको चासो सरल तरिकाले अभिव्यक्त गरेकाले यसको अर्थसापेक्ष अभिधामूलक रहेको छ । चतुरानन्दको मार्क्सवादी विचार र युवकमा जागेको राजनीतिक गतिविधिलाई समान रूपमा चित्रण गरिएको यस कथामा बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ । तत्सम शब्दको बाहुल्यता रहेको यस कथाको भाषा बौद्धिक रहेको छ तापनि लाभा उम्लेझैं, बिजुली शरीरमा प्रवाहित भएझैं, कानको जाली फुटेझैँ जस्ता उपमा अलङ्कार र चिटचिट, ढकमक्क, ड्यामड्याम, ह्वालह्वाल्ती, भूर्र, थुचुक्क जस्ता अनुकरणात्मक शब्दको प्रयोगले कथामा भाषिक स्वाभाविकता सिर्जना गरेको छ ।

'छापामारको खोजी' कथामा छापामारहरूको खोजीको बाहनामा प्रहरीद्वारा गरिएको वनविनास, जनतामाथि गरिएको दमन र हिंसात्मक क्रियाकलापका साथै शान्तिसुरक्षा र सुव्यवस्थाका नाममा सरकारद्वारा सोझा निरीह जनताप्रति गरिएको अत्याचारी र दमनपूर्ण व्यवहारको चित्रण गरिएको छ । समाजका निम्नवर्गीय जनताहरूलाई छापामारद्वारा गरिएको सहयोग, प्रहरीद्वारा गरिएको छापामारको खोजी, अन्यायमा पिल्सिएका जनताहरूद्वारा न्याय

पाउने आशामा गरेको छापामारको समर्थन, किसान र छापामारहरूको वैचारिक छलफल तथा एक-आपसमा रहेको सहयोगी भावनाको चित्रण, प्रहरीनिरीक्षकद्वारा शिक्षकप्रति गरिएको व्यवहार एवम् सरकारको दमनपूर्ण व्यवहारको चित्रण यस कथामा भएको छ । यसरी जनहितमा लागेका छापामारहरूको खोजी गर्ने क्रममा राज्यद्वारा सिर्जना गरिएको आतङ्क र दमनपूर्ण व्यवहारको चित्रण यस कथामा भएको छ ।

राजनीतिक परिवेशमा संरचित यस कथामा प्रहरीद्वारा छापामारको खोजीमा बर्बरतापूर्ण दमन र हिंसात्मक क्रियाकलापलाई सरल ढङ्गले चित्रण गरिएकाले यस कथाको अर्थसापेक्ष अभिधामूलक रहेको छ । नीलबहादुरको सामन्ती प्रवृत्ति तथा प्रहरीनिरीक्षक र सरकारको दमनपूर्ण व्यवहारको चित्रण भएको यस कथामा बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा घटित भएकाले यस कथाको कथानक ढाँचा रैखिक रहेको छ । तत्सम, तद्भव र आगन्तुक शब्द तथा ठेट नेपाली भाषाको प्रयोग भएको यस कथामा उपमा अलङ्कार र द्वित्व शब्दको प्रयोगले भाषिक स्वाभाविकता सिर्जना गरेको छ ।

'ध्रुवमानको अन्त्य' कथामा गाउँका सोझा-साझा, अपठित र निर्धा व्यक्तिहरूलाई दुईचार पैसा ऋण र अन्नपात दिएको बहानामा कसरी उनीहरूलाई दास बनाइ सम्पत्तिसमेत जफत गर्दा रहेछन् भन्ने दृष्टान्त प्रस्तुत गर्दै त्यस्ता व्यक्तिहरूलाई छापामारले गरेको जनकार्वाहीलाई विषयवस्तु बनाइएको छ । ध्रुवमानको घरमा काम गर्न बसेको अमानसिंह काम गर्न नसकेपछि घरबाट निकालिनु, ध्रुवमानले उसको जग्गा-जमिन कब्जा गर्नु, बिनबहादुरकी बुहारीलाई भुँडी बोकाइ उसैको उठिबास लगाउनु, अमानसिंहको छोरो पदमबहादुरले उसको विरुद्धमा सङ्गठन गर्नु, ध्रुवमानले पुलिस लगाएर उनीहरूलाई घेरा हाल्नु, गैरे जेठालाई माओवादी जम्मा गरेको आरोपमा कुटेर मार्नु तथा माओवादी लुकाएको बहानामा सम्पूर्ण गाउँलेहरूलाई दुःख दिनु, गाउँलेहरू ध्रुवमानको दाइँमा नआउनु, छापामारहरूले ध्रुवमानको धान लुटेर लग्नु र यसैको झोंकमा गाउँलेहरूलाई पुलिस लगाएर पक्राउनु र छापामारहरूले ध्रुवमानको अन्त्य गरिदिएको घटनाहरू यस कथामा आएका छन् । यसरी आफ्नो स्वार्थ सिद्ध

गर्नका निम्ति सामन्तहरूले पुलिस लगाएर सर्वसाधारण जनतालाई आतङ्कित पारेको घटना-प्रसङ्ग यस कथामा आएको छ ।

सामाजिक परिवेशमा संरचित यस कथामा गरिबहरू शोषण र अन्यायका विरुद्धमा सङ्गठित भएर लागेको घटनालाई अभिधात्मक रूपमा चित्रण गरिएकोले यसमा अभिधामूलक अर्थसापेक्ष रहेको छ । ध्रुवमानको शोषणपूर्ण व्यवहार र उसैको अन्त्यमा कथा केन्द्रित रहेकाले यस कथामा बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा घटित भएकाले यस कथामा रैखिक कथानक ढाँचाको प्रयोग भएको छ । विभिन्न उपमा अलङ्कार र अनुकारणात्मक शब्द प्रयोगले कथामा भाषिक स्वभाविकता सिर्जना गरेको देखिन्छ ।

'बिग्रेको छोरो' कथामा अन्याय-अत्याचार, शोषण र दमनपूर्ण व्यवहारको अन्त्य गरी समतामूलक समाजस्थापनामा लाग्दा दुःख खोप्नु परे पनि आफ्नो विचार र कर्तव्यबाट विचलित हुनु हुँदैन भन्ने कुरालाई प्रस्तुत गरिएको छ । गम्भीरमान्को छोरो पुनम सत्य र न्याय स्थापना गरी स्वतन्त्र जीवन बिताउनका लागि र जनतामा चेतना जगाउनका निम्ति कम्युनिष्ट पार्टीमा लागेको छ । यस्तो कार्यमा लागेकोले समाजका केही मानिसले गम्भीरमान्को छोरो बिग्रेको भनेका छन् । यस्तो अवस्थामा गम्भीरमान्ले छोरोलाई सम्झाउन खोजेको छ तर पुनम आफू कुकार्यमा नलागी देश र जनताका निम्ति लडिरहेकोले आफ्नो बाबुलाई अरुका कुरा नसुन्न आग्रह गर्दै सम्झाउँछ । यसै निहुँमा गम्भीरमान्लाई पुलिसले निकै दुःख पनि दिएको छ । यसरी क्रान्तिमा लागिपरेका मानिसहरूलाई सरकारले दिएको दुःखको यथार्थ चित्रण यस कथामा भएको छ ।

राजनीतिक परिवेशमा संरचित यस कथामा पुनमले अन्याय-अत्यचारको विरोध गरेकाले गम्भीरमान्को छोरो बिग्रेको भनि व्यङ्ग्य गरिएकाले यसको अर्थसापेक्ष व्यञ्जनामूलक रहेको छ । पुनम कै चरित्रमा कथा केन्द्रित रहेकाले यस कथामा बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई सरलरेखीय गतिमा अगाडि बढेकाले कथानक ढाँचा रैखिक रहेको छ । विभिन्न उपमा अलङ्कार, उखान-

टुक्का र अनुकरणात्मक शब्दको प्रयोगले कथामा भाषिक स्वाभाविकता सिर्जना गरेको छ जसले गर्दा कथा सरल र सुबोध बनेको छ ।

'मनभित्र फुलेको लालीगुराँस' कथामा नारी पात्र विनिता र सन्ध्याले आफ्ना श्रीमान् र दाइहरूलाई प्रहरीको पञ्जाबाट फुत्काउन गरेको वीरताको प्रदर्शन गरिएको छ । यस कथामा गाउँ नै आतङ्कित हुने गरी पुलिसले गरेको आक्रमण, बूढाबाबुद्वारा घरपरिवारलाई दिएको जानकारी, छोराको आगमन तथा उसलाई बचाउनका निम्ति उसकी बहिनी र श्रीमतीले खेलेको भूमिका आदि जस्ता घटनाहरू आएको यस कथामा राज्यद्वारा पुलिस लगाएर सिर्जना गरेको आतङ्कपूर्ण व्यवहारको यथार्थ चित्रण गरिएको छ ।

राजनीतिक परिवेशमा संरचित यस कथामा स्वच्छ एवम् सुकोमल मन भएका जनतालाई फूलका रूपमा र अन्याय अत्यचारका कारण जनतामा जागेको विद्रोहलाई रातो रङका रूपमा लिइएको भए पनि यस कथाको अर्थ सापेक्ष अभिधात्मक रहेको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भएर आएकाले यस कथाको कथानक ढाँचा रैखिक रहेको छ । कुनै एउटा पात्रको जीवनमा घटित घटनामा कथा केन्द्रित रहेकाले यस कथामा बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा उपमा अलङ्कार आगन्तुक शब्द, अनुकरणात्मक शब्द र निपातको प्रयोगले कथा सरल र सुबोध बनेको छ ।

'विकासभित्रको गोली' कथामा देश विकासका नाममा भएको युद्धमय अवस्थाको चित्रण गरिएको छ । यस कथामा जनयुद्धका समयमा सुरक्षा फौजले विपन्नवर्गीय ग्रामीण जनताहरूका माझ औषधी उपचार र विकासको जाल फिंजाइ रण्डी र रक्सी भट्टीहरू सञ्चालन गरेको, विकासका नाममा सर्वसाधारण जनतालाई बिना पारिश्रमिक चौकी निर्माण कार्यमा लगाएको, विकासका नाममा खडा गरिएको उक्त चौकी र रक्सीभट्टी जनसेनाले ध्वस्त गरेको, सुरक्षा फौजले सर्च अप्रेशनका नाममा निदोर्ष गाउँलेहरूलाई गोली हानी हत्या गरेको र थुप्रैलाई कुटपिट गरी गिरफ्तार गरेको अनि सुमन र पूर्णीमा पनि छापामार सेनामा सामेल भएर गएका घटनाहरू आएका छन् । यसरी शान्ति-सुरक्षा र विकासका नाममा सरकारले अवलम्बन गरेको नीतिले गर्दा थुप्रै निदोर्षहरूले ज्यान गुमाउनु परेको यथार्थ तस्वीर कथामा उतारिएको छ ।

राजनीतिक परिवेशमा संरचित यस कथामा देशमा विद्यमान दमनपूर्ण अवस्थाको सरल चित्रण गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । रैखिक कथानक ढाँचामा आबद्ध यस कथामा घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आएपनि कथामा कहीं कतै पूर्वापर प्रसङ्गको पनि प्रयोग भएको छ । बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको यस कथामा सरल तथा सहज भाषाको प्रयोग भएको छ ।

'पछुतो' कथामा निम्नवर्गीय ग्रामीण किसानहरूमाथि प्रहरीले गरेको अन्यायपूर्ण व्यवहारको चित्रण गरिएको छ । जनयुद्धका समयमा किसानहरू धान रोप्न खेतमा जाँदा प्रहरीले गरेको धरपकड् र हत्या, प्रहरीको बाधा अवरोधका बावजुद पनि गोपाल रोपाई गर्न खेत जानु, प्रहरी आउनु, गोपाल गोरु फुकाएर घर आउनु, त्यसैरात प्रहरीले गोपाललाई लिएर जानु, उसकी श्रीमतीले प्रहरी चौकी, ठाना लगायतका ठाउँमा खोजी गर्दा पनि गोपालको पत्तो लगाउन नसक्नु, उसकी श्रीमती वन्दीप्रत्यक्षीकरणको रिट दर्ता गर्न अदालततर्फ जानु तर यो भन्दा पहिल्यै गोपालको हत्या गरिनु जस्ता घटनाहरू यस कथामा आएका छन् । यसरी विपन्न वर्गीय किसानहरूले खेती गरेर जीवन गुजारा चलाए पनि माओवादीका नाममा राज्यद्वारा उनीहरूले भोग्नु परेको यातनाको चित्रण कथाा भएको छ ।

राजनीतिक परिवेशमा संरचित यस कथामा राज्यद्वारा गरिएको दमनपूर्ण व्यवहारको सरल चित्रण भएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । रैखिक कथानक ढाँचामा आबद्ध यस कथामा घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा घटित भएका छन् । बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग भएको यस कथामा सरल तथा सहज भाषाशैलीको प्रयोग भएको छ ।

'फलामे किल्ला' कथामा राज्यले सर्वसाधारण जनताहरूका माझ जनयुद्धलाई हतोत्साह गराउन फैल्याएको अफवाहलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । माओवादीहरूले चौकी आक्रमण गरी असीजना प्रहरी र सबै हतियार कब्जामा लिनु, सरकारी सञ्चार माध्यमद्वारा जनसेनालाई शाहीसेनाले घेराहालेर माओवादी सोत्तर पार्ने लागेको अफवाह फैल्याइनु, जनसेनाले फौजी कार्यक्रम सम्पन्न गरिरहेको गाउँको नजिकै हेलिकप्टरद्वारा सैनिकहरू ओरालिनु, शाहीसेनाले जनसेनालाई घेरा हाल्नु तर त्यो भन्दा अगाडि नै जनसेनाले शाहीसेनालाई घेरा हाल्नु, दुवै तर्फबाट गोलि हाना-हान हुनु, दुबै तर्फबाट माइकिङ् गरी एक-अर्कालाई बाटो छोड्न आह्वान गर्नु, शाहीसेनाले अप्रत्यक्ष हार स्वीकार गरेर आफ्नो बाटो लिनु,

जनसेनाले विजयको गगनभेदी नारा लगाउनु तर रेडियोले माओवादी आतङ्ककारीलाई अझ मजबुतिका साथ शाहीसेनाले घेरिरहेको छ भन्ने समाचार सम्प्रेषण गर्नु जस्ता घटनाहरू आएका छन् । यसरी जनयुद्धलाई विचलित पारी सर्वसधारण जनताहरूमा आतङ्क सिर्जना गर्न राज्यद्वारा फैल्याइएको अफवाहको यथार्थ चित्रण यस कथामा भएको छ ।

राजनीतिक परिवेशमा संरचित यस कथामा जनसेना र शाहीसेनाका गतिविधिहरूलाई सरलतापूर्वक प्रस्तुत गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा घटित भएकाले यस कथाको कथानक ढाँचा रैखिक रहेको छ । आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग भएको यस कथामा तत्सम, तद्भाव आगन्तुक शब्द तथा निपात र द्वित्वको प्रयोगले कथामा भाषिक सहजता कायम भएको देखिन्छ ।

'छोरासँगको भेट' कथामा राज्यले जनयुद्धमा सङलग्न अविरल, सौगात, देवेन्द्र, गगन जस्ता पात्राहरूलाई खोजी-खोजी हत्या गर्न थालेपछि उनीहरू भूमिगत रहेर गरेको सङ्घर्षको यथार्थ चित्रण गरिएको छ । यस कथामा भविसराले छोरो अविरलको सम्झना गर्नु, भविसराले भर्खरको छापामार र पुलिस भिडन्त भएको घटना देवेन्द्रसँग सोध्नु, देवेन्द्रले उक्त घटनामा चारजान छापामार साथी र दुई जना पुलिस मारिएको बताउनु, भविसराले आपत् विपद्को समयमा दाजुभाइको नाता भन्दा पार्टीको नाता नजिक हुन्छ भन्नु, बालुमायाले दुःखीलाई दुःख पर्दा दुःखीकै मन रून्छ भनेर आफ्नो छोरो कमाण्डोद्वारा मारिदा दुनियाले दुःख मनाउ गरेको तर आफ्नो जेठाजुले कठै सम्म नभनेको घटना सम्झिनु, अविरलले आमालाई भेट्ने खबर पठाउनु, भविसरा छोरी अनुपालाई लिएर अविरलाई भेट्न सेल्टरतर्फ जानु, सेल्टरमा भविसराले अविरललाई दुब्लाइछस् भन्दा अविरलले कम्युनिष्ट पार्टी हाम्रो अभिभावक हो अत्तिनु पर्दैन भनेर आमालाई सम्झाएका घटनाहरू आएका छन् । यसरी राज्यले आतङ्क सिर्जना गर्दै गएपछि त्यसका विरुद्धमा सर्वसाधारणहरूको कम्युनिष्ट पार्टीप्रति बढ्दै गएको आस्थालाई कथामा प्रस्तुत गरिएको छ ।

राजनीतिक परिवेशमा संरचित यस कथामा कम्युनिष्ट पार्टीमा सङ्गठित जनताहरूमाथि राज्यले गरेको दमनपूर्ण व्यवहारको सरल ढङ्गले चित्रण गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । रैखिक कथानक ढाँचा अङ्गालिएको यस कथामा घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा घटित भएका छन् । बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको यस कथामा सरल, सहज र सुवोध भाषाशैलीको प्रयोग भएको छ ।

'माटोको खोजी गर्दा' कथामा विदेशी भूमिमा लुटिएर आफ्ना अभिभावक गुमाएपछि स्वदेशी भूमिलाई सुरक्षित ठानी मातृभूमिमा आउँदा मृत्युवरण गर्नुपरेको घटनाको यथार्थ चित्रण गरिएको छ । गोपीनाथ रोजगारीको सिलसिलामा विदेशिनु, विदेशमा पसिना बगाएर पनि आफ्नो परिश्रम भोग गर्न नपाई खेदिनु र मृत्युवरण गर्नु पुग्नु, जस्ता घटनाहरू एकातिर आएका छन् भने अर्कातिर गोपीनाथका छोरा-छोरी हरि र बिन्दु विदेशी भूमिलाई असुरक्षित ठानी आफ्नो मातृभूमि फर्किनु, देश र जनताको सुरक्षाका लागि खटिएका सुरक्षाफौजको मनपरी र लापरवाहीपूर्ण व्यवहारले आतङ्ककारीका नाममा उनीहरूले मृत्युवरण गरेकाजस्ता घटनाहरू यस कथामा आएका छन् । यसरी रोजगारीको अवसर खोज्दै विदेशीएका नेपालीहरू विभिन्न बाहानामा शोषित हुनुका साथै मृत्युसमेत वरण गरिरहेका छन् भने स्वदेश फर्किदासमेत आतङ्ककारीको आरोपमा मृत्युवरण गर्नु परेको छ ।

राजनीतिक परिवेशमा संरचित यस कथामा विदेशमा नेपालीहरू खेदिनुपरेको र खेदाइमा परी स्वदेश फर्किदासमेत मृत्युवरण गर्नु परेको घटनालाई सरल तरिकाले चित्रण गरिएकाले अभिधामूलक अर्थसापेक्ष रहेको छ । कथामा घटनाहरू आदि, मध्य अन्त्यको शृङ्खलामा नआई अन्त्यबाट प्रारम्भ भएकाले बृत्तकारीय कथानक ढाँचाको प्रयोग भएको छ । गोपीनाथ, डबली, हरि, विन्दु, रामनाथ, गाउँले किसानहरू, अध्यक्ष जस्ता पात्रहरूका क्रियाकलापबाट कथा अगाडि बढेको यस कथामा बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ । सरल भाषा-शैलीको प्रयोग, भ्याभ्यार, घुप्लुक्क, चिटचिट, लगलग जस्ता अनुकरणात्मक शब्द र मुटु काम्नु जस्तो टुक्काको प्रयोगले कथा बोधगम्य र सरल बलेको छ ।

'अछामे' कथामा विदेशी पृष्ठभूमिमा नेपालको युद्धमय राजनैतिक अवस्था र राज्यले शान्तिसुरक्षाका नाममा सिर्जना गरेको आतङ्कपूर्ण व्यवहारको यथार्थ चित्रण गरिएको छ । रोजगारीको खोजीमा तिलबहादुर आछाम जानु, आछाम गएर उसले ठूलो कारखाना क्षेत्रमा चिया बेच्न थाल्नु, त्यसै समय देशमा जनयुद्ध चर्किनु, आछामेले आफ्नै गाउँमा दश जना मारिएको घटना सुन्नु, छोरा-छोरीको पीरले गर्दा ऊ घर फर्किनु, घर फर्किन लाग्दा बाटामै भारतीय प्रहरीद्वारा आछामेलाई आतङ्कारीको अभियोगमा पक्राउन गरी नेपाल सरकारलाई सुपुर्दगी गर्नु, अछामेका बारेमा कारखानाभित्र विभिन्न कुराहरू चल्नु जस्ता घटनाहरू कथामा आएका छन् । यसरी अछामेले आतङ्ककारीको आरोपमा भोग्नुपरेको दमनपूर्ण व्यवहारको चित्रण कथामा भएको छ ।

राजनीतिक परिवेशमा संरचित यस कथामा अछामेले भोग्नुपरेको दमनपूर्ण व्यवहारको चित्रण सरल ढङ्गले गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । रैखिक कथानक ढाँचा अगालिएको यस कथामा घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आएका छन् । अछामेको जीवनमा घटित घटनामा केन्द्रित यस कथा बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । सरल भाषाशैलीको प्रयोग भएको यस कथामा निपात र आगन्तुक शब्दको प्रयोगले कथामा भाषिक स्वभाविकता ल्याएको छ ।

'टाउकाको मूल्य खोज्दा' कथामा सरकारले माओवादीहरूको टाउकाको मूल्य तोकेर सर्वसाधारण जनतालाई आतङ्कित बनाएको घटनाको यथार्थ चित्रण गरिएको छ । कर्णेल प्रकाशले माओवादीहरूका फोटा देखाएर टाउकाको मोल तोक्नु, यही प्रलोभनमा हर्के माओवादीको खोजीमा निस्कनु, छापा मार्ने क्रममा हर्केले प्रतापको अनुहारसँग मिल्ने मानिसलाई गिरफ्तार गर्नु, उसको टाउको लिएर हर्के कर्णेलसमक्ष पुग्नु, कर्णेलले उक्त टाउको माओवादीको तर प्रतापको नभएको बताउनु, माओवादी मारेको खुसीयालीमा टोलीले खसी काटेर भोज खानु, हर्केले जताततै माओवादी मात्र देख्नु, हर्केको टोली माओवादीको एम्बुसमा पर्नु र टोलीका सबैजना मृत्यु हुनुजस्ता घटनाहरू कथामा आएका छन् । यसरी राज्यद्वारा माओवादीको टाउकाको मोल तोकी राज्यले सर्वसाधारण जनतामा फिँजाएको आतङ्कपूर्ण व्यवहारको यथार्थ चित्रण कथामा भएको छ ।

राजनीतिक परिवेशमा संरचित यस कथामा माओवादीको टाउकाको मोल तोकेर राज्यले सिर्जना गरेको आतङकको चित्रण सरल ढङ्गले गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । कथामा घटनाहरू आदि, मध्य, अन्त्यको क्रममा नआई मध्यभागबाट प्रारम्भ भएर अन्त्य भएकाले वृत्तकारीय कथानक ढाँचा प्रयोग भएको छ । हर्के, कर्णेल प्रकाशजस्ता पात्रका माध्यमबाट घटनाहरू अगाडि बढेकाले बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग कथामा भएको छ । पात्रको स्तर अनुसारको बोलिचालीको यथार्थ भाषा प्रयोग भएको यस कथामा सरल भाषाशैलीको प्रयोग भएको छ ।

### ४.४.२.२ सहिदप्रति सम्मान र सरकारी रवैयाको विरोध

पञ्चायती व्यवस्थाका विरुद्धमा छेडिएको २०४६ सालको जनआन्दोलमा थुप्रै नेपाली वीरहरूले आफ्नो जीवन उत्सर्ग गरेका हुन् । जनताले आफ्नो त्याग, उत्सर्ग र बलिदान दिएर आन्दोलनकारी राजनीतिक दलहरूलाई सत्तामा पुऱ्याए पनि तिनीहरूले सहिदको उपेक्षा मात्र गरे । उनीहरूले भाषणमा सहिदहरूप्रति श्रद्धान्जली र सम्मान गरे पनि त्यसलाई व्यवहारअनुकूल बनाएनन् । वर्षेनी सहिद दिवसको औपचारिकता भाषणमा मात्र सीमित राख्ने, सहिदप्रतिको बेवास्ता, सहिद-परिवारले भोग्नुपरेको कष्टप्रद जीवन, उनीहरूप्रतिको उपेक्षापूर्ण व्यवहार तथा सहिद परिवारका नाममा आएको छात्रवृत्तिमा समेत नेताहरूले आफ्ना छोराछोरीलाई विदेश पठाएर उनीहरूको उपेक्षा मात्र होइन उपहाससमेत गरेका छन् । यिनै विषयहरूको अभिव्यक्ति कथाकार घनश्याम ढकाले आफ्नो 'सहिद मानचित्रमा नपरेको सहिद', 'प्रतिगामी', 'सहिदको सालिक' र 'छेलिएको मोर्चा' जस्ता कथाहरूमा गरेका छन्' ।

'सहिद मानचित्रमा नपरेको सहिद' कथामा सहिदहरूप्रति गरिएको उपेक्षापूर्ण व्यवहारलाई प्रस्तुत गरिएको छ । वर्गीय मुक्तिका लागि पञ्चायती दमनका विरुद्धमा उत्रिएका किसान र सिजनको राजनीतिक चरित्र प्रष्टयाउँदै २०४६ साल चैत्र २४ गतेको घटनामा साहदत प्राप्त गरेको सिजनालाई प्रजातन्त्र स्थापनापछि बनेको सरकारले सहिद मान्न अस्वीकार गरेको घटनालाई यस कथामा प्रस्तुत गरिएको छ । पञ्चायती व्यवस्थाको समाप्तीपछि अन्तरिम सरकारको बैठकले दरबारमार्गको सालिक पर्वमा साहदत प्राप्त गरेको सिजनलाई सहिदको पङ्तिबाट अलग गरिएको घटनाले जनआन्दोलनपछि बनेको सरकार र सत्ताको वर्गीय सारमा मौलिक भिन्नता नआएको कुरालाई मात्र होइन त्यस सरकारमा सामेल कथित वामपन्थीहरूको वास्तविकतालाई समेत निकै मार्मिक अभिव्यक्ति दिएको छ (पाण्डेय, २०५३ : १३५) ।

राजनीतिक परिवेशमा संरचित यस कथामा स्वार्थी प्रवृत्तिले गर्दा सच्चा सहिदको कदर गर्न नसकिएको घटनालाई सरल ढङ्गबाट चित्रण गरिएकाले यसमा अभिधामूलक अर्थसापेक्ष रहेको छ । कथाका सम्पूर्ण घटनाहरू सिजनको राजनीतिक गतिविधिमा केन्द्रित रहेकाले यहाँ बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । सरल वाक्यको बाहुल्यता रहेको यस कथामा

अनुकारणात्मक शब्द, उखान-टुक्का र उपमा अलङ्कारको प्रयोगले भाषिक स्वाभाविकता ल्याएको छ जसले गर्दा कथा सरल र सुबोध बनेको छ ।

'प्रतिगामी' कथामा जनआवाज घन्काइ आन्दोलमा लाग्ने एकजना आन्दोलनकारी युवकलाई प्रहरीद्वारा गोली हानेर मारिएको घटनालाई प्रस्तुत गरिएको छ । यस कथामा आन्दोलनकारी विरुद्ध सुराक गरेर माधव घर फर्किनु, आन्दोलकारीले नारा लगाउँदै राँके जुलुस निकाल्नु, माधव तर्सिनु, माधवले आन्दोलनको अगुवा गोपाललाई ठान्नु, जनआन्दोलन सफल हुनु, गोपाल माधवविरुद्ध उजुरी गर्न सदरमुकाम पुग्नु तर उल्टै गोपाललाई प्रतिगामीको आरोप लगाई गोली ठोक्नु, सहिदका परिवारलाई आर्थिक सहयोग र सम्मानको घोषणा गरिनु, केही पाउने आशामा गोपालका बाबु समारोहमा जानु तर माधवले आन्देलनको समयमा मरे पो सहिद हुन्छ भन्दै बूढो त पागल भएछ भन्नु र स्वयम्सेवकहरूले गोपालका बाबुलाई गलहत्याएर बाहिर निकालेका घटनाहरू आएका छन् । यसरी जनआवाज घन्काइ आन्दोलनमा लागेबापत सहिद भएका व्यक्तिहरूलालई सरकारले सम्मान गर्नुका सट्टा उनीहरूको परिवारलाई सार्वजनिक समारोहमा बेइज्जत गर्दै निकालेको यथार्थ घटनालाई 'प्रतिगामी' कथाले चित्रण गरेको छ ।

राजनीतिक परिवेशमा संरचित यस कथामा सच्चा राजनीतिक गर्नेहरू ओझेलमा परेको घटनालाई सरल ढङ्गमा चित्रण गरिएकाले अभिधामूलक अर्थसापेक्षको प्रयोग यहाँ भएको देखिन्छ । माधवको राजनीतिक गतिविधिमा केन्द्रित रहेकाले कथामा बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । कथामा घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भएर आएकाले रैखिक कथानक ढाँचाको प्रयोग यस कथामा भएको छ । सरल, सरस भाषा तथा अनुकरणात्मक शब्द र टुक्का प्रयोगले कथा सरल, स्वाभाविक र सुबोध्य बनेको छ ।

'साहिदको सालिक' कथामा सहिदप्रति गरिएको उपेक्षापूर्ण व्यवहारको चित्रण गरिएको छ । यस कथामा मणिराज जनयुद्धमा सामेल हुनु र जेल पर्नु, जेल परेकै अवस्थामा उसको छोरो मारिनु, लाखौं जनताहरू जनयुद्धका पक्षमा सडकमा उत्रिनु र सामन्ती सत्ता ढल्नु, मणिराज रिहाइ हुनु, गाउँलेहरूले सहिद पार्क बनाउन मणिराजलाई अध्यक्ष छान्नु, सहिद पार्कको निर्माण पूरा हुनु, गाउँलेहरू त्यस पार्कमा सहिदको सालिक राख्ने निर्णय गर्नु, सहयोगका लागि मणिराज

सिंहदवार र मन्त्री क्वाटर धाउनु, मन्त्री र मन्त्रीपीएले मणिराजलाई ढाँट्ने काम मात्र गर्नु, मणिराज निराश भएर गाउँ फर्किने निर्णय गर्नु, हत्याको विरूद्धमा उपत्यका बन्द हुनु त्यही साँझ मन्त्रीले मृतकलाई सहिद घोषण गरी सालिक निर्माण गरिदिने आश्वासन दिनु जस्ता घटनाहरू कथामा आएका छन् ।

राजनीतिक परिवेशमा संरचित यस कथामा नेता र मन्त्रीको स्वार्थी प्रवृत्तिले सहिदको सालिक बन्न नसकेको घटनाहरू सरल ढङ्गले चित्रण गरिएकाले यसमा अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । सहिदको सालिक बनाउने कार्यमा मणिराज अग्रसर भएकाले कथामा बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । रैखिक कथानक ढाँचाको प्रयोग गरिएको यस कथामा घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलमा घटित भएका छन् । सरल भाषा शैलीको प्रयोग भएकोले कथा सरल र सुबोध बनेको छ ।

'छेलिएको मोर्चा' कथामा क्रान्तिका लागि आफ्नो परिवारजनको समेत वास्ता नगरी सहिद बनेको एकजना वीरसपुतलाई आफ्नो पार्टीले समेत बेवास्ता गर्न लागेको घटनालाई कथामा उतारिएको छ । मोहनसर क्रान्तिकारी पार्टीमा लाग्नु तथा त्यस कार्यमा सरला मेडमले सघाउनु, देशमा सङ्कटकाल लागू हुनु, शाहीसेनाले मोहन सरलाई गिरफ्तार गरी विभत्स हत्या गर्नु, पातिको हत्यापछि सरला मेडमको पार्टीप्रतिको लगाव झन बढ्नु, शैलेस आफ्नो बाबुको हत्याको बदला लिने उद्देश्यले जनसेनामा भर्ती हुनु, शाहीसेनाले शैलेसको खोजीका नाममा मेडमलाई धेरै दुःख दिनु, अन्त्यमा मेडमको जेठो छारो सन्दीपलाई बेपता बनाउनु, सन्दीपले बेनी आक्रमणमा साहदत प्राप्त गर्नु, समयक्रममा राज्यतन्त्र अन्त्य हुनु, गाउँमा मोहन सरको सालिक बनाउने चर्चा चल्नु, पार्टीभित्रै कसैले मोहनसर पार्टीका आंशिक कार्यकर्ता मात्र हुन् भनेर कुरा उठाउनु, सहिदको रगत खेर जान्छ कि भनेर मेडम निराश भए पनि आशाको उज्यालो ज्योति हृदयमा बाल्नु जस्ता घटनाहरू कथामा आएका छन् । यसरी सहिदहरूले बदलाको भाव नराखी न्यायपूर्ण युद्धमा आफूलाई होमेर बलिदान गरे पनि आफ्नै पार्टीले उनीहरूको सम्मान गर्न अनकनाएको घटनालाई कथामा प्रस्तुत गरिएको छ ।

राजनैतिक परिवेशमा संरचित यस कथामा राजनीतिक दलहरूले सहिदको सम्मान गर्न अलकनाएको घटनाएलाई सरल ढङ्गले प्रस्तुत गरिएकाले अभिधामूलक अर्थ सापक्ष प्रयोग भएको छ । रैखिक कथानक ढाँचामा आवद्व यस कथामा घटनाहरू आदि, मध्य र अन्त्यको शुङ्खलामा आए पनि कहीं कतै पूर्वपार प्रसङ्गको पनि प्रयोग भएको छ । कथाका सम्पूर्ण

घटनाहरू सरला मेडमको जीवनसँग सम्बन्धित भएकोले बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग कथामा भएको छ। सरल वाक्यको अधिक्य रहेको यस कथामा तत्सम, तद्भव र आगन्तुक शब्द तथा द्वित्व र अनुकरणात्मक शब्दको प्रयोगले भाषिक स्वभाविकता जिर्सना गरेको छ जसले गर्दा कथा सरल र सुविधा बनेको छ।

४.४.२.३ स्वार्थी, अवसरवादी एवम् बिचलनमुखी प्रवृत्तिको आलोचना

२०४६ सालमा बहुदलीय व्यवस्थाको स्थापना भएपछि कम्युनिष्ट पार्टीहरू आ-आफ्ना दलीय तथा व्यक्तिगत स्वार्थमा निर्लिप्त भएर लागेका छन्। उनीहरूले सरकारी संस्थानहरूलाई आफ्ना कार्यकर्ताहरूको जागिर खाने भर्तिकेन्द्र बनाएका छन्। यसले गर्दा व्यक्ति तथा राजनीतिक दलहरूमा गुटगत स्वार्थ विकसित भएको देखिन्छ। यसरी कम्यूनिष्ट पार्टी तथा व्यक्तिहरूमा देखापरेको पलायन, विचलन र आवसरवादी प्रवृत्तिलाई घनश्याम ढकालले आफ्ना कथाको कथ्य बनाएका छन्। यसै प्रवृत्तिको प्रतिनिधित्व गर्ने प्रतिनिधि मूलक कथाहरूमा 'सुललित लेखक' 'मुक्तिदाता' 'बाघ र बामपन्थी' 'कामरेड मुखिया' 'श्रीलाल नेता नारायण' 'अनावरण', 'रेलको इन्जिन' 'समर्पणको बाटोमा' 'कायरता' आदि पर्दछन्।

'सुललित लेखक' कथा प्रगतिवादी लेखकहरूमा आएको पलायनवादी प्रवृत्तिको चित्रणमा केन्द्रित रहेको छ। आरम्भमा परिवर्तन र क्रान्तिमा लागि जनचेतना फैलाउँदै हिँडेको कलानाथमा केही समयपछि पलायनवादी प्रवृत्ति हावी भएको छ। सुरुमा ऊ उत्पीडित जनताहरूलाई चेतना जगाउँदै हिडेको छ र उसैका माध्यमबाट म पात्रमा पनि चेतना जाग्दछ। काठमाण्डौ गएर प्रतिष्ठित लेखकको रूपमा स्थापित भएको कलानाथ म पात्रसँगको भेटमा क्रान्ति सम्भव छैन, सङ्गठनबाट केही हुँदैन भन्ने जस्ता पलायनवादी कुरा गर्न पुग्दछ। कलानाथको यस्तो विचारप्रति म पात्रको घृणा जागी उसको भण्डाफोर गर्ने निर्णय गरेसँगै कथा समाप्त भएको छ। यसरी अवसरवाद केवल राजनीतिक पार्टी र तिनका नेतामा मात्र नभई मार्क्सवादी लेखक भनेर चिनिने व्यक्तिहरूमा पनि पर्याप्त मात्रामा छ भन्ने धारणा ताराकान्त पाण्डेयको देखिन्छ (उही, २०५३ : १३९)।

वैचारिक चिन्तनको प्रस्तुतिमा केन्द्रित यस कथामा क्रान्तिकारी लेखकहरूले क्रान्तिलाई यथार्थ रूपमा नभई भावनात्मक चित्रण गरिएको यस कथाको अर्थसापेक्ष अभिधात्मक रहेको छ । कलानाथमा आएको पलायनवादी एवम् अवसरवादी प्रवृत्तिको चित्रण म पात्रका माध्यमबाट गरिएकाले आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग यस कथामा भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको श्रृङ्खलामा आबद्ध भई घटित भएकाले यस कथाको कथानक ढाँचा रैखिक रहेको छ । बौद्धिक भाषाशैलीको प्रयोग भए पनि अनुकरणत्मक शब्द र उपमा अलङकारको प्रयोगले कथा सरल सहज र प्रभावकारी बनेको देखिन्छ ।

ढकालको यसै प्रवृत्तिको प्रतिनिधिमूलक 'समर्पणको बाटोमा' कथाले अशक्त र उत्पीडितहरूको पार्टीका रूपमा परिचित कम्युनिष्ट पार्टीमा आबद्ध हुने व्यक्तिहरूमा त्याग र समर्पण हुनु पर्छ भन्दै आफ्नो नीति व्यवहारमा लागू गर्न नसकेको कमजोरीलाई औंल्याइएको छ भने 'कायरता' कथाले आन्दोलन हुनु अगाडि बलिदानका कुरा गर्नु तर आन्दोलन सुरु भएपछि कोठामा लुक्ने र भाषण गर्ने बेलामा मञ्चमा देखापर्ने नेताहरूको कायरतालाई चित्रण गरेको छ । ढकालले 'भारिया र यात्री' 'श्रीलालनेता नारायण' 'बाघ र बामपन्थी' 'मुक्तिदाता' आदि कथाहरूमा संशोधनवादप्रतिको आलोचना प्रस्तुत गरेको छन् भने 'कामरेड मुखिया', 'अनावरण', 'एक नम्बर', 'रेलको इन्जिन' आदि कथा स्वार्थ र अवसरबादका कारण पार्टी र व्यक्तिमा देखापरेको विचलन प्रस्तुत गरिएको छ ।

संरचनाका दृष्टिले कतिपय कथाहरू अन्यन्त कमजोर रहेका छन् । प्रायः कथाहरूमा सरलवाक्यको बाहुल्यता देखिन्छ भने कहीं कतै संयुक्त वाक्यहरूको पनि प्रयोग भएको देखिन्छ । यस्ता कथाहरूमा सामाजिक परिवेश कमजोर रहे पनि वैचारिक प्रस्तुति सशक्त रहेको छ । तत्सम तद्भव, आगन्तुक शब्दको प्रयोग, अनुकरणात्मक शब्द, उखान टुक्का र उपमा अलङ्कार, प्रतीकात्मक अर्थसापेक्ष, रैखिक कथानक ढाँचा, आदि जस्तो कथाशिल्पको प्रयोगले धेरै कथाहरू सशक्त बनेका छन् भने 'कायरता' र 'समर्पणको बाटोमा' जस्ता कथाको संरचना तत्वगत दृष्टिले कमजोर देखिन्छ ।

### ४.४.२.४ नारीहरूमाथिको शोषण र दाइजो प्रथाले भित्रयाएको विकृतिको चित्रण

कथाकार घनश्याम ढकालले आफ्ना कथाहरूमा सामन्तवादी मूल्यमान्यताबाट सिर्जित विभिन्न खालका असमानता, लैङ्गिक विभेद, तथा नारीहरूमा थोपरिएका बन्धन तथा समाजमा व्याप्त दाइजोप्रथालाई अभिव्यक्ति दिइएका छन् । यसै क्रममा पितृसत्तात्मक सामाजिक संरचनाका कारण नारीहरूले समानता र न्यायको अनुभव गर्न नसकेको महसुस गर्दै यसप्रकारको असमानताको अन्त्य हुनुपर्ने दृष्टिकोणसमेत ढकालका कथामा पाइन्छन् । यस दृष्टिले ढकालको 'कुलीन घर', 'चङ्खमान', 'तयारी' जस्ता कथाहरू महत्त्वपूर्ण रहेका छन् ।

'कुलीन घर' कथामा समाजमा विद्यमान दाइजो प्रथाले निम्त्याएको जघन्य अपराध र आफूलाई कुलघरनियाँ भन्न रुचाउने व्यक्ति परिवारभित्र रहेको घृणित कार्यलाई प्रस्तुत गरिएको छ । पाँचजोर गाग्री खँडकुलाको लोभमा परेर छोरो भोलाको विवाह गर्न राजी भएको छविलाल विवाहमा चारजोर मात्र पाएपछि आफ्नी बुहारी सावित्रीको हत्यासमेत गर्न पछि पर्दैनन् । यसरी कुलीनता र दाइजो प्रथाको नाममा नारीको जीवनमा हत्या र हिंसाजस्ता जघन्य अपराध भएका छन्, नारीप्रति पाशविक व्यवहार गरिएको छ भन्नेकुरा 'कुलीन घर' कथामा देखइएको छ ।

सामाजिक परिवेशमा संरचित यस कथामा दाइजोप्रथा र कुलीनताले सावित्रीको बैवाहीक जीवनमा ल्याएको दुःखद घटनाको चित्रण सरल तरिकाले गरिएकाले यस कथाको कथानक ढाँचा रैखिक रहेको छ । सावित्रीको जीवनमा घटित घटनासँग कथा केन्द्रित रहेकाले बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग यस कथामा भएको छ । उपमा अलङ्कार, उखान टुक्काको प्रयोग र सरल वाक्यगठनले कथा सरल र सुवोध बनेको छ ।

'चङ्खमान्' कथामा चेलीबेटी बेचविखनजस्तो ज्वलन्त समस्याको चित्रण गरिएको छ । यस कथाको चङ्खमान्ले एउटी अवला नारी दीपामाथि गरेको अन्यायको चित्रण गरेको छ । साहारा दिने नाममा चङ्खमानले दिपाको सम्पूर्ण सम्पत्ति हजम पारी उसको चरम यौनशोषण गरी उल्टै उसलाई बम्बैइ पुऱ्याइ बेचेर रकम मुठ्याएको छ । यसका अतिरिक्त कथामा पञ्चायत कालमा जागिरका लागि गरिने चाकरी, जागिरेहरूको रवाफ, छोरो जन्माउन नसक्ने

बुहारीमाथि सासुद्वारा गरिने व्यवहारको झलक पनि पाइन्छ । यसरी चेलीबेटी बेचविखनजस्तो ज्वलन्त समस्याको चित्रण गरिएको यस कथाले असहाय नारीहरूलाई चङ्खमान्जस्ता व्यक्तिहरूले चरम यौनशोषण गरी उनीहरूलाई बम्बैइ पुऱ्याई बेचेको र तिनै दलाली व्यक्तिहरू राष्ट्रिय पुरस्कारद्वारा सम्मानित भएको घटनालाई प्रस्तुत गरेको छ ।

सामाजिक परिवेशमा संरचित यस कथामा चेलीबेटी बेचबिखन र चाकरीका भरमा जागिर पाउने र पुरष्कृत हुने विषयलालई सरल ढंगले चित्रण गरिएकाले यस कथाको अर्थसापेक्ष अभिधामूलक रहेको छ भने चङ्खमानकै स्वार्थपूर्ण व्यवहारको चित्रणमा कथा केन्द्रित रहेकाले यस कथामा बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई घटित भएकाले यस कथामा रैखिक कथानक ढाँचाको प्रयोग भएको छ । सरल भाषाको प्रयोग गरिएको यस कथामा अनुकरणात्मक शब्द र उखान टुक्काको प्रयोगले कथामा भाषिक स्वाभाविकता सिर्जना गरेको देखिन्छ ।

'तयारी' कथाले समाजमा विद्यामान दाइजो प्रथा समाजबाट हटाउनु पर्छ भन्ने चेतना जगाए पनि सामाजिक रोगका रूपमा रहेको दाइजो प्रथालाई व्यावहारिक रूपमा हटाउन नसकिएको यथार्थलाई प्रस्तुत गरेको छ । गरिबीका कारण टुकलालले छोरीको विवाह गर्न नसकेको, दाइजोका विरुद्धमा लाग्नेहरूले नै यसलाई व्यवहारमा लागू गर्न नसकेको, छोरीकै विवाह खर्च जुटाउन भैँसी पाली दूध बेच्ने गरेको, टुकलाल बिरामी परेको, अज्ञानता र गरिबीका कारण उसको उपचार हुन नसकेको आदि  कारुणिक घटनाहरू यस कथामा आएका छन् । यसरी समाजमा जरागाडेर बसेको दाइजो प्रथाका कारण गरिबहरूको जीवन झन्झन् कष्टकर र दयनीय बन्न पुगेको छ भन्ने कुरालाई 'तयारी' कथाले प्रस्तुत गरेको छ ।

सामाजिक परिवेशमा संरचित यस कथामा गरिबी र दाइजोका कारण छोरीको विवाह गर्न नसकेको र श्रीमतीले एउटा सारीसमेत फेर्न नसकेको घटनालाई सरल ढङ्गले चित्रणले गरिएकाले यस कथाको अर्थसापेक्ष अभिधामूलक रहेको छ । कथाका सम्पूर्ण घटनाहरू टुकलालकै जीवनसँग सम्बन्धित रहेकाले यस कथामा बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई आएकाले यस कथाको कथानक

ढाँचा रैखिक रहेको छ । सरल तथा सहज भाषाको प्रयोग कथामा भएको छ । उपमा अलङ्कार उखान टुक्का, अनुकरणात्मक शब्द र निपातको प्रयोगले कथा रोचक बनेको छ ।

### ४.४.२.५ पञ्चायतकालीन निरङकुश सामाजिक, राजनीतिक परिवेशको चित्रण

पञ्चायतकालीन निरङकुश, सामाजिक, राजनीतिक परिवेशको अभिव्यक्ति घनश्याम ढकालका कथामा पाइन्छ । यतिबेलाका उनका कथामा पञ्चायतकालीन राजनीतिक बितण्डा, पञ्च-शोषक, सामन्तहरू प्रजातन्त्रवादी बनेर जनतालाई गरेको शोषणका कारण श्रमजीवि जनताको उत्थान हुन नसकेको घटनालाई अभिव्यक्त गरिएको छ । ढकालका यस्ता प्रतिनिधिमूलक कथाहरूमा 'चुनाव', 'देशद्रोही', 'देशभित्र देशबाहिर', 'राष्ट्रियताको खोजीमा', 'बौलाहा बाँसुरी बादक' 'जनसहभागिता' 'डा. चण्डिकाको दैनिकी', 'जनआन्दोलनको पूर्वसन्ध्यामा' आदि कथाहरू पर्दछन् ।

'चुनाब' एउटा पञ्च-पत्रकारको कथा हो जसमा चुनाब जित्नका लागि गरिने पीत पत्रकारिता र झुटा आश्वासन बाँडेर भोटको राजनीतिक गर्नेहरूको यथार्थ प्रस्तुत गरिएको छ । यस कथाको पर्वतराज यस्तै व्यक्तिहरूको प्रतिनिधि पात्र हो जो चुनाब जित्नका लागि र सम्पत्ति कमाउनका लागि जस्तोसुकै कार्य गर्नसम्म पछि पर्दैन । पर्वतराजले पत्रकारिताका नाममा पीत पत्रकारिता गर्नु, चुनाब जित्नका लागि झुटा आश्वासनहरू बाँडनु, चुनाब जित्नु, मन्त्री बन्नु र मन्त्री बनेपछि आफूले व्यक्त गरेका कुराहरू पूरा नगरी जनतालाई बेवास्ता गर्नु जस्ता घटनाहरू यस कथामा आएका छन् । यसरी गाउँमा जनतासँग झूठा वाचा गरेर चुनाबसमेत जित्ने र जितिसकेपछि मान्छे चिन्न पनि गाह्रो मान्ने र आफ्ना वाचा बिर्सने पञ्च चरित्रलाई यस कथाले राम्ररी प्रस्तुत गरेको छ (उही : १३२ ) ।

राजनीतिक परिवेशमा संरचित यस कथामा अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । पर्वतराजको जीवनसँग सम्बद्ध घटनामा कथा केन्द्रित रहेकाले बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग यस कथामा भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई आएकाले रैखिक कथानक ढाँचाको प्रयोग यस कथामा भएको छ । सरल, सुबोध भाषा शैलीको प्रयोग

गरिएको यस कथामा अनुकरणात्मक शब्द र आगन्तुक शब्दको प्रयोगले भाषिक स्वभाविकता सिर्जना गरेको देखिन्छ ।

'देशद्रोही' कथामा पञ्चायतको भ्रष्ट राष्ट्रवादले देशवासीलाई पारेको दुष्प्रभावको राम्रो चित्रण गरिएको छ । कामको खोजिमा एकबहादुर सहर पस्नु, पसिना बगाएर जेनतेन परिवार पाल्नु, मट्टितेल लिनका लागि लाममा बस्नु तर मट्टितेल नपाउनु, मट्टितेल पाउनुपर्ने आवाज वडाध्यक्षसमक्ष राख्नु, वडाध्यक्षले प्रहरी लगाएर एकबहादुरलाई गलहत्याउनु, खानतलासीको नाममा एकबहादुरको खल्तीको पैसा प्रहरीले लुट्नु र पञ्चायत विरोधी गतिविधि गरेको आरोपमा एकबहादुर पक्राउ पर्नुजस्ता घटनाहरू कथामा आएका छन् । यसरी समाजमा शक्तिसम्पन्न रूपमा रहेको हैकमवादी सामन्ती वडाध्यक्षले निर्धा व्यक्तिहरूको जीवन नै तहसनहस हुने गरी विभिन्न आरोप लगाई दमनपूर्ण व्यवहार गर्दछन् भन्ने कुरालाई 'देशद्रोही' कथाले प्रस्तुत गरेको छ ।

सहरी परिवेशमा संरचित यस कथामा एकबहादुरको जीवनमा घटित घटनाहरू सरल ढङ्गबाट व्यक्त गरिएकाले यस कथाको अर्थसापेक्ष अभिधामूलक रहेको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङखलामा आबद्ध भई घटित भएकाले रैखिक कथानक ढाँचा यहाँ प्रयोग भएको छ । एकबहादुरको जीवनमा घटित घटनामा केन्द्रित रही कथा अगाडि बढेकाले यस कथामा बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । सरल भाषा, शैलीको प्रयोग गरिएको यस कथामा अनुकरणात्मक शब्द र कथ्य भाषाको प्रयोगले कथामा भाषिक स्वाभाविकता सिर्जना गरेको देखिन्छ ।

'देशभित्र देशबाहिर' कथाले सोझा, निमुखा र निर्धा व्यक्तिहरू जुनसुकै ठाउँमा गए पनि सामन्त, दलाल र फटाहाद्वारा शोषित हुन्छन् । शोषणको चपेटामा परेका शोषित व्यक्तिहरूले न्यायका लागि आवाज उठाउँदा भारतीय शासकहरूको चाकडी गर्ने कायर चरित्र भएका शासकहरूद्वारा खेप्नु परेको दमनपूर्ण व्यवहार लाई प्रस्तुत गरेको छ । जयलालको बाबुको मृत्यु हुनु, ठूलो सङ्घर्षका साथ आमाद्वारा हुर्काइनु, छोराको विवाह गर्ने उमेर हुँदाहुँदै आमाको मृत्यु

हुनु, सम्पूर्ण सम्पत्ति बेचेर विवाह गर्नु, स्वदेशमा जीवन निर्वाह गर्न नसकी विदेशिनु, विदेशमा लुटेराहरूद्वारा जयलालको छाप्रोमा आगो लगाइनु र लुटिनु, आफूलाई असुरक्षित ठानेर ऊ स्वदेश फिर्नु, स्वदेशमा समेत भारतीय नागरिकद्वारा आफ्नी श्रीमती बलात्कृत हुनु र त्यसको प्रतिकार गर्दा जयलाल सार्वजनिक अपराधमा गिरफ्तार हुनुजस्ता घटनाहरू यस कथामा आएका छन् । वस्तुतः यस कथाबाट पञ्चायतको राष्ट्रवाद खोक्रो रहेको र त्यसका मूलमा भारतीय शासक गुटको चाकडी गर्ने कायर चरित्र निहित रहेको तथ्यलाई राम्ररी उद्घाटन भएको छ (उही : १३३) ।

सहरी परिवेशमा संरचित यस कथामा जयलालले बिदेश तथा स्वदेशमा भोगेका घटनालाई सरल रूपमा व्यक्त गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । कथाका सम्पूर्ण घटनाहरू जयलालको जीवनसँग केन्द्रित रहेकाले बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग यस कथामा भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई घटित भएकाले रैखिक कथानक ढाँचाको प्रयोग यस कथामा भएको छ । विभिन्न टुक्का र कथ्य नेपाली भाषाको प्रयोगले भाषशैली सरल र सहज बनेको छ ।

'राष्ट्रियताको खोजीमा' कथाले राष्ट्रियताको नाममा रातारात आडम्बरी राष्ट्रवादी बनेर आफ्नो स्वार्थसिद्ध गर्ने बौद्धिक भनाउँदामा रहेको स्वार्थी प्रवृत्तिको नाङ्गो र यथार्थ चित्रण गरेको छ । भारतले नाकाबन्दी गरेको समयमा वक्तव्य निकाली राष्ट्रवादी बन्नु र पञ्चको नजिक हुनु, राष्ट्रियता जोगाउने नाउँमा राष्ट्रिय ढुकुटी रित्याउनु, सच्चा राष्ट्रवादीलाई अराष्ट्रिय तत्वको आरोप लगाउनु र राष्ट्रवादीले उठाएका कुरामा आफ्नो स्वार्थसिद्ध गर्ने अवसर देखेर मख्ख पर्नुजस्ता घटनाहरू यस कथामा आएका छन् । यसरी 'राष्ट्रियताको खोजीमा' कथाले भारतको विरोधका नाममा लामा-लामा वक्तव्य छपाएर रेडियो तथा टी.भी. मा प्रसारित गराएर रातारात आडम्बरी राष्ट्रवादी बन्ने र पञ्चायतको आर्शीवाद प्राप्त गर्ने होडमा सामेल हुने प्रवृत्तिप्रति मर्मान्तक प्रहार गरेको छ (उही : १३४) ।

पञ्चायती राजनीतिक परिवेशमा संरचित यस कथामा राष्ट्रियताका नाममा स्वार्थसिद्ध गर्नेहरूको स्वार्थी प्रवृत्तिको चित्रण सरल ढङ्गले गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग

भएको छ । यस कथामा घटनाहरू आदि, मध्य र अन्त्यको श्रृङ्खलामा आबद्ध भई घटित भएकाले रैखिक कथानक ढाँचाको प्रयोग भएको छ । सरल, सहज भाषशैली, अनुकरणात्मक शब्दको प्रयोगले कथामा भाषिक स्वाभाविकताको सिर्जना गरेको देखिन्छ ।

'बौलाहा बाँसुरी वादक' कथाले समाजमा भक्तमानजस्ता सामन्तीहरू रातारात प्रजातन्त्रवादी बनेर पञ्चायतकालमा झैं भीमकान्तजस्ता गरिब, निमुखा जनतालाई शोषण गरिरहेका छन् भन्ने तथ्यको उद्‌घाटन गरेको छ । भीमकान्तले मुस्किलका साथ आफ्नो गुजारा चलाउनु, ऋण तिर्न नसक्दा भक्तमानद्वारा भीमकान्तको घरबारी जफत गरिनु, न्यायका लागि आवाज उठाउँदा उसलाई राजद्रोहको आरोप लाग्नु, व्यवस्था परिवर्तन भएपछि आफ्नो घरजग्गा फिर्ता हुने आशामा गा.वि.स.को कार्यालय जानु, अध्यक्षको कुर्सीमा भक्तमानलाई पाउनु र भीमकान्त विक्षिप्त बन्न पुग्नु जस्ता घटनाहरू यस कथामा आएका छन् । यसरी पञ्चायत र बहुदल युगमा भक्तमान जस्ता फटाहाको शासन यथावत छ र भीमकान्त जस्ता मान्छेहरूले यन्त्रणा पाउने, बहुलाउने र मृत्युसमेत वरणगर्नु पर्ने कारणहरू पनि यथावत छन् भन्ने कटु यथार्थको संवेदनशील प्रस्तुतिका लागि यो कथा स्मरणीय रहेको छ (उही : १३७) ।

राजनीतिक परिवेशमा संरचित यस कथामा सरल तथा सहज भाषाको प्रयोग भएको छ भने पूर्वदिप्ती शैलीमा कथा संरचित रहेको छ । भीमकान्तले न्याय पाउन नसकेको, घटना सोझो र सरल ढङ्गबाट व्यक्त गरिएकाले यस कथाको अर्थसापेक्ष अभिधामूलक रहेको छ । म पात्रका माध्यमबाट भीमकान्तले भोगेका सम्पूर्ण घटनाहरू प्रस्तुत गरिएकाले आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग यस कथामा भएको छ । भिकान्तले ऋण लिएर जीवन गुजारा चलाएदेखि विक्षिप्त बनेको घटनाहरू आदि, मध्य र अन्त्यको क्रममा आएकाले रैखिक कथानक ढाँचा यस कथामा प्रयोग भएको छ । सरल वाक्यगठन, अनुकारणात्मक शब्दको प्रयोगले कथामा भाषिक स्वभाविकता सिर्जना गरेको देखिन्छ ।

'जनसहभागीता' कथामा सोझा गाउँलेहरूद्वारा जनहीतका लागि गरिएको कार्यप्रति अवरोध खडा गरी पञ्चहरूले आफ्नो स्वार्थसिद्धिका लागि कतिसम्म दुःख दिन्छन् भन्ने कुरालाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । गाउँलेहरूले सार्वजनिक जग्गामा विद्यालय बनाउने निर्णय

गर्दा प्रधानपञ्चले धम्क्याउनु र पञ्चायतको निर्णय विपरीत बनेको स्कूल प्रधानपञ्चले स्वीकृत हुनु नदिनु, स्कूलको फर्निचरका निम्ति काठ काट्दा जङगल फँडानीको आरोप लगाउनु, जनताले पञ्चायतको निर्णय विपरीत स्कूल बनाएपछि आफ्नो मान-भाउ रहदैन भन्दै पञ्चहरू स्कूल भत्काउन जानु, सर्वसाधारण जनताहरूले प्रतिकार गर्न खोज्दा उग्रवादी र व्यवस्था विरोधीको आरोप लगाइ सार्वजनिक अपराधमा गिरफ्तार गर्नुसम्मका घटनाहरू यस कथामा आएका छन् । यसरी आफ्नो अनुकूल नपाए पञ्चहरूले जनहीतका लागि गरिएका कार्य पनि देखीसहँदैनन् भन्ने यर्थाथ 'जनसहभागिता' कथामा चित्रण भएको छ ।

पञ्चायती राजनीतिक परिवेशमा संरचित यस कथामा पञ्च प्रवृत्तिलाई सरल ढङ्गमा चित्रण गरिएकाले अभिधामूलक अर्धसापेक्ष प्रयोग भएको छ । यस कथामा घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्व भई घटित भएकाले रैखिक कथानक ढाँचाको प्रयोग भएको छ । सोभ्कासाभ्का गाउँलेहरू र भ्रष्ट पञ्चहरूको चरित्रचित्रण गरिएको यस कथाको दृष्टिबिन्दु बाह्य सर्वदर्शी रहेको छ । सरल, सहज र सुस्पष्ट भाषाशैलीको प्रयोगले कथा सुबोध्य बनेको छ ।

'डा. चण्डिाको दैनिकी' कथामा अध्यापन जस्तो पेशामा आबद्ध रहेका पथभ्रष्ट पञ्चायती व्यवस्थाको पछि लाग्ने बौद्धिक भनाउँदा चाकरीमनोवृत्ति भएका व्यक्तिहरूको यथार्थ उद्घाटन गरिएको छ । चण्डिका प्राध्यापक बन्न पी.एच.डी. गर्नु, विश्वविद्यालयको अध्यापन कार्यमा नियमित नरहनु, पञ्चायती सरकारको चाकरी गरेर पदोन्नति हुनु, बाह्य रूपमा बौद्धिक देखिए पनि आन्तरिक रूपमा बौद्धिक दरिद्रता हुनुजस्ता घटनाहरू यस कथामा आएका छन् । यसरी यस कथामा विश्वविद्यालयमा कक्षा नलिई ठगीखाने र यथास्थितिवाद विरोधी प्राध्यापकहरूको सुलसुले भई आफ्नो प्रमोशन सुरक्षित गराउने अनि त्यसरी नै चोरी र ठगीका भरमा डाक्टरको डिग्री समेत लिने भाट बुद्धिजीविको राम्रो उदाहरण डा. चण्डिकका माध्यबाट प्रस्तुत गरिएको छ (उही : १३४) ।

पञ्चायती राजनीतिक परिवेशमा संरचित यस कथामा डा. चण्डिकाको दैनिकीलाई सरल ढङ्गले चित्रण गरिएकाले अभिधामूलक अर्थसापेक्षको प्रयोग भएको छौं । डा. चण्डिकाको चाकरी प्रवृत्तिलाई म पात्रले प्रस्तुत गरेकाले यस कथामा आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग

भएको छ । यस कथामा घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई घटित भएकाले रैखिक कथानक ढाँचाको प्रयोग भएको छ । सरल भाषाशैलीमा संरचित यस कथामा निपात र आगन्तुक शब्दको प्रयोगले भाषिक स्वाभाविकता सिर्जना गरेको छ ।

'जनआन्दोलनको पूर्वसन्ध्यमा' कथाले २०४६ सालको जनआन्दोलन दबाउन पञ्चायती शासकहरूद्वारा सुनियोजित तरिकाले क्याम्पसमा गरिएको दमनकारी घटना र पञ्चको निरङकुशतावादी राजनीतिको चित्रण गरेको छ । म पात्रको क्याम्पस प्रवेश, मण्डले विद्यार्थीद्वारा न्यायप्रेमी जनताप्रति लगाएको आरोप म पात्रले सुन्नु, जनआन्दोलनका दिन विद्यार्थी र प्रहरीबीच भएको झपड, थुप्रै विद्यार्थी घाइते हुने गरी गरिएको अमानवीय व्यवहार र अस्मिताको मृत्यु तथा म पात्र अस्मिताको मृत्यु भएको सुनेर पनि लाचार भएर बस्नुसम्मका घटनाहरू यस कथामा आएका छन् । यसरी जनआन्दोलन दबाउने क्रममा पञ्चायती शासकहरूद्वारा सुनियोजित रूपले घटाइएको उक्त दमनकारी घटनामा न्यायप्रेमी विद्यार्थीलाई अङ्गभङ्ग हुने गरी अमानवीय तरिकाले कुटपिट गरिएको, ठूलो संख्यामा गिरफ्तार गरी यतानागृहमा लगिएको र छात्राहरूप्रति समेत अमानवीय व्यवहार गरी सार्वजनिक बेइज्जती गरिएका घटनाहरू अन्यन्त जीवन्त र मार्मिक ढङ्गले अभिव्यक्त भएका छन् ।

राजनीतिक परिवेशमा संरचित यस कथामा जनआन्दोलन दबाउन पञ्चशासकहरूले गरेको अमानवीय व्यवहारलाई अति सरल तर दर्दनाक रूपमा प्रस्तुत गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । म पात्रका माध्यमबाट सम्पूर्ण घटनालाई विस्तृत रूपमा व्यक्त गरिएकोले यस कथामा आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग भएको छ । बौद्धिक भाषाको प्रयोग भए पनि कथा दुर्बोध्य र जटिल देखिदैन । विभिन्न किसिमका अनुकारणात्मक शब्द, उपमा अलङकार र उखान टुक्काको प्रयोगले कथामा भाषिक स्वाभाविकता सिर्जना गरेको देखिन्छ ।

४.४.२.६ तथाकथित मानवअधिकारप्रति व्यङ्ग्य

राज्यले शान्तिसुरक्षा र अमनचैन कायम गर्ने नाममा व्यापक रूपमा नागरिकहरूको हकअधिकारमाथि धावा बोलिरहरेको छ । सत्तालोलुप शासकहरूले आफ्नो सत्ता टिकाउनका लागि राज्यले कहिले आफ्ना नागरिकहरूलाई आतङ्ककारी घोषणा गरेर त कहिले टाउकाको मोल तोकेर तथा कहिले आतङ्ककारी विधेयक पारित गरेर सोझा-साझा जनतालाई आफ्नो हकअधिकारबाट बञ्चित गरिरहेको छ । कथाकार ढकालले पनि यस प्रवृत्तिलाई आफ्ना कथामा समावेश गरेका छन् । उनका यस्ता प्रतिनिधिमूलक कथाहरूमा 'खेल र खेलाडी', 'चक्रवर्ती अदालतको फैसलाविरुद्ध' जस्ता कथाहरू पर्दछन् ।

'खेल र खेलाडी' कथाले स्वतन्त्रता, प्रजातन्त्र र मानवअधिकारको दोसल्ला ओढाएर त्यासभित्र पुँजीवादीहरूले जनताको हात बाँधेर राख्नछन्  भन्ने कुरा प्रस्तुत गरेको छ । कथाको मुख्य पात्र अभागी दशैँको किनमेल गर्न बजार जानु, चुलिँदै गएको महङ्गीको विरोध गर्दा सुरक्षाफौजसँग सङ्घर्ष गर्नु, उसका हात खुट्टामा नेल ठोकिनु, जेलमा उसको खेलाडीसँग भेट हुनु, मुक्तिका लागि सङ्घर्ष गर्नु, खेलाडी जेलबाट छुट्नु, खेलाडीले विजयको माला पहिरिनु, खेलाडीले अभागीलाई मानवअधिकार, प्रजातन्त्र र स्वतन्त्रताको बहानामा मुक्ति दिएको विश्वास दिलाउनु, अभागी आफ्नो मुक्ति भएको ठानी हिड्न खोज्दा अमनचयनका नाममा प्रहरी पिछालाग्नु जस्ता घटनाहरू यस कथामा आएका छन् । यसरी अमनचयन कायम राख्ने नाममा व्यापक रूपमा मानवअधिकार हनन् भएको घटनालाई 'खेल र खेलाडी' कथाले उद्घाटन गरेको छ ।

सहरी परिवेशमा संरचित यस कथामा मुक्तिका नाममा प्रहरीले पिछा गर्न नछोडेको घटनालाई सरल ढङगले प्रस्तुत गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । अभागीको जीवनमा घटित घटनामा कथा केन्द्रित रहेकाले बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग यस कथामा भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई घटित भएकाले यस कथाको कथानक ढाँचा रैखिक रहेको पाइन्छ । बौद्धिक भाषाको प्रयोग गरिएको यस कथामा

आगन्तुक एवम् अनुकरणात्मक शब्द र उखानको प्रयोगले भाषिक स्वभाविकता सिर्जना गरेको देखिन्छ ।

'चक्रवर्ती अदालतको फैसाला विरुद्ध' कथाले साम्राज्यवादी र जीवनवादीबीचको द्वन्द्वलाई प्रस्तुत गरेको छ । उज्यालो कहिल्यै पुग्न नसकेको अन्धकारको घना बस्तीभित्र सुबोध र विवोधले भोगेका पीडा चक्रवर्ती अदालको निर्माण, चक्रवर्ती अदालतको फैसला र त्यस्तो फैसलाका विरुद्ध सङ्घर्ष गरिरहनुपर्ने सुबोधको अठोट यस कथाको प्रमुख प्रसङ्ग बनेर आएका छन् । यसरी साम्राज्यवाद र यसका नाइकेलाई निर्मूल पार्न जीवनवादीहरू दृढ अठोट र धैर्यताका साथ सङ्घर्षमा उत्रनुपर्छ भन्ने कुरालाई यस कथाले मुख्य रूपमा प्रस्तुत गरेको छ ।

राजनीतिक परिवेशमा संरचित यस कथामा चक्रवर्ती अदालत साम्राज्यवादको प्रतीक र न्यायधिश साम्राज्यवादीको नाइकेको प्रतीकका रूपमा आएकोले प्रतीकात्मक अर्थसापेक्ष रहेको छ । न्यायधिशले साम्राज्यवादको र सुबोध र विबोधले सम्पूर्ण उत्पीडित जनताको प्रतिनिधित्व गरेको यस कथामा बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई घटित भएको यस कथाको कथानक ढाँचा रैखिक रहेको छ । बौद्धिक भाषाशैलीको प्रयोग भएकोले कथा समान्य पाठकका लागि दुर्बोध्य बनेको छ । विभिन्न उपमा अलङ्कार, अनुकरणात्मक शब्द, र कवितात्मक पङ्क्तिहरूले कथालाई मिठास र रोचक बनाएको देखिन्छ ।

### ४.४.२.७ जातीयता भेदभाव र समाजिक अन्धविश्वासको चित्रण

घनश्याम ढकालले परम्परागत सामाजिक संस्कारले सिर्जना गरेको जातीयत, असमानता, भेदभाव र छुवाछुतको उछित्तो काढ्ने काम आफ्ना कथामा एकातिर गरेका छन् भने अर्कातिर समाजमा व्याप्त अन्धविश्वास र रुदीवादी व्यवहारको चित्रण गरेका छन् । यसका विरुद्ध युवाहरूले विद्रोह गर्न खोज्दा देखापर्ने समस्या विद्रोह गर्नुपर्दाको द्वन्द्वमय मनस्थितिको चित्रण ढकाल आफ्ना काथामा गरेका छन् । ढकालका यस प्रवृत्तिका कथाहरूमा 'एउटा विद्रोह' 'पीडाको प्रतीक्षा' 'आखरी बाटो' र 'अँध्यारो बस्तीभित्र' जस्ता कथाहरू पर्दछन् ।

'एउटा विद्रोह' कथामा नेपाली सामाजमा विद्यमान जातीय छुवाछुत र भेदभावलाई प्रस्तुत गरिएको छ । कानुनी रूपमा जातीय छुवाछुत र भेदभाव गर्न नपाइने भए पनि व्यवहारमा त्यो लागू नभएको, हालसम्म पनि माथिल्ला जातका मानिसले तल्ला जातका मानिसलाई पिँढीमा जानसम्म नदिएको र गिल्टेका भाँडामा खान दिने गरेको जस्ता यथार्थको चित्रण गर्दै त्यसकै माझबाट यस्ता प्रथाका विरुद्धमा सफल पाइला चालिएको कुरा यहाँ प्रस्तुत गरिएको छ । कथाको प्रमुख पात्र पुष्कर क्याम्पस अध्ययनसँगै कम्युनिष्ट पार्टीको पूर्णकालीन कार्यकर्ता बनेको छ । यस क्रममा ऊ महिला सङ्घकी कार्यकर्ता लताप्रति ज्यादै आकर्षित भएको छ र विवाहको प्रस्ताव राख्न पुग्दछ । लताले आँफू जेठा कामीकी छोरी भएको कुरा बताए पनि आँफू जातिगत विभेद र घृणालाई समाप्त पार्ने निश्चयका साथ कम्युनिष्ट पार्टीमा लागेको बताउँछ । यो कुरा पुष्करका बाबु-आमाले थाहापाएपछि उनीहरूको भोक निद्रा हराउन पुग्दछ तापनि ऊ अन्त्यसम्म आफ्नो निर्णयमा अडिग रहन्छ । यसरी जातीय छुवाछुतको विरोधमा लाग्दा देखापरेको समस्या, विद्रोह गर्नुपर्दाको द्वन्द्वमय मनस्थितिका साथै  परम्पराको क्रमभङ्गता र त्यसको सफलतालाई 'एउटा विद्रोह' कथाले प्रस्तुत गरेको छ ।

ग्रामीण सामाजिक परिवेशमा संरचित यस कथामा जातीय प्रथा र छुवाछुतको अन्त्य आजका युवापुस्ताले विद्रोह नगरेसम्म सम्भव छैन भन्ने कुरालाई सरल रूपमा व्यक्त गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । पुष्करको जीवनमा घटित घटनामा कथा केन्द्रित रहेकाले बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग यस कथामा भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई घटित भएको यस कथाको कथानक ढाँचा रैखिक रहेको छ । सरल भाषाशैली रहेको यस कथामा आगन्तुक र अनुकरणात्मक शब्दको प्रयोग तथा टुक्का र द्वित्वको प्रयोग भएको देखिन्छ जसले गर्दा कथामा भाषागत स्वभाविकता देखिनुको साथै कथालाई रोचक बनाएको छ ।

'पीडाको प्रतीक्षा' कथामा जनयुद्धका समयमा गिरफ्तार गरिएका मानिसलाई सार्वजनिक गर्न त्यसपछिका सरकारले र संसद्ले नसकेपछि त्यसका विरुद्धमा पनि विद्रोह हुने अभिव्यक्ति प्रस्तुत गरिएको छ । संकटकालको समयमा पूर्णको गिरफ्तारी हुनु, मोतीमायाले छोरा पूर्णको

जीवन रक्षाका लागि मानवअधिकारवादी सङ्घ–संस्था धाउनु, दोस्रो पटकको युद्धविराममा थुप्रै बन्दीहरू छुटुनु तर पूर्ण नछुटुनु, पार्टीका कतिपय मानिसहरूले समेत मोतीमायालाई भेट्न छोड्नु, बेपत्ता परिवारहरूले आन्दोलन गर्नु, तर सरकारद्वारा निर्धात दमन गर्नु, सेनाले सरकारलाई नटेर्नु, नेताहरू चिल्ला कारमा हुँइकिन थालेकाले उनीहरूबाट विद्रोहको आस गर्न मातीमायाले नसक्नु र अन्त्यमा मोतीमायाले कि मेरो पूर्ण चाहिन्छ कि अपराधीलाई बढार्ने विद्रोह भन्नु जस्ता घटनाहरू कथामा आएका छन् । यसरी जनयुद्धका समयमा युद्धबन्दी बनाइएकाहरूलाई परिवर्तित परिवेशको सेनाले नटेर्नु अनि त्यसका विरुद्धमा विद्रोह आवश्यकता रहेको कुरा कथा प्रस्तुत गरिएको छ ।

राजनीतिक परिवेशमा संरचित यस कथामा खुनी शाही सरकारले जनयुद्वका सिपाहीहरूलाई वेपत्ता बनाएको र त्यसपछि बनेको सरकार र संसद्ले समेत उनीहरूको खोजी गर्न नसकेको घटनालाई सरल ढङ्गले चित्रण गरेकाले अभिधामूलक अर्थ सापेक्षको प्रयोग भएको छ । घटनाहरू आदि, मध्य र अन्यको शृङ्खलामा नआई बीचबाटै सुरू भएकाले यस कथामा बृत्तकारीय कथानक ढाँचाको प्रयोग भएको छ भने पूर्णलाई बेपत्ता बनाइएको, उसको खोजी गरिएको घटना मोतीमायाका मध्यमबाट प्रस्तुत गरिएकाले बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग कथामा भएको छ । पात्र र परिवेश अनुसारको भाषा प्रयोगले कथा सुबोध र स्वाभाविक बनेको छ ।

'आखिरी बाटो' कथामा पुरूषले विवाह गरेर श्रीमतीमाथि अत्याचार गरेपछि त्यसका विरुद्धमा भएको विद्रोहलाई यथार्थ रूपमा चित्रण गरिएको छ । खिमचन्द्रले पन्ध्र वर्षको उमेरमा कमलालाई विवाह गर्नु, कमलाले दुःख गरेर खिमचन्द्रलाई एम.ए पढाउनु, खिमचन्द्र सरकारी जागिरे भएपछि सासु–ससुराले छोरो सुहाउँदो बुहारी भइन भन्नु, चिना देखाउँदा ज्योतिषीले दुवैको मृत्युजोग परेकाले दोस्रो विवाहपछि मात्र मृत्युजोग टर्ने कुरा गर्नु, कमलाले खिमचन्द्रलाई दोस्रो विवाहका निम्ति आग्रह गर्नु, खिमचन्द्रले दोस्रो विवाह गर्नु, सासू–ससुराको मृत्युपछि खिमचन्द्रले कमलालाई एक्लै छाडिदिनु, कमला माइतीको शरणमा पुग्नु, कमलाको राजनीतिक कार्यकर्ता भावनासँग भेट हुनु, भावनासँगै कमलापनि जनयुद्धमा सङ्लग्न भई भूमिगत हुनु, उता गाउँमा कमला पोइला गएको हल्ला फिजाइनु, कमलाले खिमचन्द्रलाई भेटनका लागि चिठी लेख्नु र अन्त्यमा कमलाले खिमचन्द्र अंश लिई उसलाई नङ्ग्याएर कालोमोसो दली ऊसँग बदला लिनु जस्ता घटनाहरू कथामा आएका छन् । यसरी सामाजमा विवाहिता पत्नीमाथि

पुरुषहरूले गरेको अत्याचार र त्यसका विरूद्वमा नारीहरूले गरेको विद्रोहको अभिव्यक्ति कथामा भएको छ । यही विद्रोहलाई कथाकारले कथामा कमलामार्फत यसरी प्रस्तुत गरेका छन् “मेरा पूर्व लोग्नेले ममाथि कति अन्याय र अत्यचार गरे तपाइँहरूले देख्नु भएकै  छ । यस्ता अत्याचारीको दासी भएर बस्नु भन्दा मैले छोडपत्र गरेकी छु । सामन्ती समाज रहेसम्म खिमचन्द्रजस्ता अत्याचारी पुरूष जन्मीरहन्छन् र हामी महिलाहरूमाथि अन्याय गरिरहन्छन् । त्यसैले सङ्गठित भएर यो सामन्ती समाजलाई नफेरेसम्म हाम्रो पनि मुक्ति हुँदैन । सबै शोषित जनताको मुक्ति नभएसम्म हाम्रो पनि मुक्ति हुदैन । आन्दोलन वा विद्रोह नै हाम्रो आखिरी बाटो हो (सहिदको सालिक : ७८) ।” यसरी समाज परिवर्तनको निम्ति विद्रोह अनिवार्य रहेको कुरालाई कथाकारले कथामार्फत प्रस्तुत गरेका छन् ।

पारिवारिक परिवेशमा संरचित यस कथा खिमचन्द्रले कमलामाथि गरेको अत्यचार र कमलाले गरेको विद्रोहलाई सरल तरिकाले प्रस्तुत गरिएको गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । रैखिक कथानक ढाँचा प्रयोग गरिएको यस कथामा घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भएर आएका  छन् । खिमचन्द्रको अत्यचार र कमलाको विद्रोह विभिन्न पात्रहरूका क्रियाकलापबाट अभिव्यक्त गरिएकाले कथामा बाह्य सवदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ । पात्र र परिवेश अनुकूल सुहाउँदो भाषा–शैलीको प्रयोगले गर्दा कथा सुबोध र प्रभावकारी बनेको छ ।

‘अँध्यारो बस्तीभित्र’ कथामा शहरको एउटा बस्तीमा अन्धविश्वासको साम्राज्यभित्र हुर्किएको भण्डारी परिवारले त्यो बस्तीमा आउने हेमन्तको परिवारप्रति आफ्नो स्वार्थपूर्तिका लागि गरेको अन्धविश्वासपूर्ण व्यवहारको यथार्थ तस्वीर उतारेका छन् र यस्ता व्यवहारबाट मुक्तिका लागि हेमन्तद्वारा गरिएको विरोधको चित्रण गरेका छन् । हेमन्तको परिवार सहरको एउटा बस्तीमा बसोवास भर्न आउनु, भण्डारी परिवारको अन्धविश्वासी कुरा सुन्नु र यसप्रति विमति जनाउनु जस्ता घटनाहरू यस कथामा आएका छन् । यसरी सहरभित्र पनि अन्धविश्वास विद्यमान रहेको र यस्ता अन्धविश्वासपूर्ण व्यवहार समाजबाट सदाका लागि अन्त्य हुनुपर्छ भन्ने तथ्य ‘शहरको अँध्यारो बस्तीभित्र’ कथाले प्रष्टचाएको छ ।

सहरी परिवेशमा संरचित यस कथामा हेमन्तको परिवारमाथि गरिएको अन्धविश्वासपूर्ण व्यवहारको चित्रण सरल ढङ्गमा गरीएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । कथाका सम्पूर्ण घटनाहरू भण्डारी परिवार र हेमन्तको परिवारको सदस्यको जीवनसँग सम्बद्ध रहेकाले बाह्य सर्वज्ञ दृष्टिबिन्दुको प्रयोग कथामा भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई सरलरेखीय गतिमा अगाडि बढेकाले यस कथाको कथानक ढाँचा रैखिक रहेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस कथामा विभिन्न उखानटुक्का, अनुकरणात्मक शब्द र द्वित्वशब्दको प्रयोगले कथा सुबोध्य र रोचक बनेको छ ।

### ४.४.२.८ आर्थिक समस्या र चिकित्सकीय लापर्वाहीको चित्रण

आर्थिक विषमता, अमानवीय व्यवहार, सामन्ती प्रथा गरिबी र अन्यायपूर्ण व्यवहारका कारण गरिब नेपाली जनताले मुक्ति पाउन सकेका छैनन् । गरिबीका कारण थुप्रै नेपालीहरूको जीवन कष्टकर र ज्यादै पीडादायी बनेको छ । सानो काम गर्नका निम्ति पनि उनीहरू ऋण लिन विवश छन् र सोही ऋण तिर्न नसकी कोही विदेशिएका छन् भने कोही आफ्नो आर्थिक स्थिति सुधार गर्ने सुन्दर सपना बुनेर विदेशी सेना भर्ती भएका छन् । यस्ता शोषणपूर्ण व्यवहार र गरिबीको थिचाइबाट नेपाली जनताले मुक्ति पाउनुपर्ने कुरा कथाकार घनश्याम ढकालले आफ्ना कथामा एकातिर देखाएका छन् भने अर्कोतिर आर्थिक अभावमा निम्नवर्गीय मानिसहरूले उपचार गराउन नसकेको र त्यसमाथि पनि डाक्टरको लापर्वाहीपूर्ण व्यवहारले सर्वसाधारणको ज्यान गएको घटनालाई आफ्ना कथामा प्रस्तुत गरेका छन् । ढकालका यस्ता कथाहरूमा ‘ठेक’, ‘ठेला’, ‘पर्यटन नगरीमा आखिरी दिन’, ‘दशैको खुसीयाली’, ‘पट्टामा अनुवाद भएको जिन्दगी’, ‘निर्वासित भविष्य’, ‘पागल करोडपति’ ‘अन्धकार’ र ‘उपचार’ जस्ता कथाहरू पर्दछन् ।

‘ठेक’ कथाले गरिबीका कारण बिहानबेलुका छाक टार्न र बाबुको उपचारसमेत गर्न नसकेका निम्नवर्गीय व्यक्तिहरू गरिबीको चापमा पिल्सिनुका साथै अन्याय र शोषणमा थिचिनु परेको यथार्थलाई प्रस्तुत गरेको छ । रामसदनले चार वर्षदेखि पेटको रोगले थलिएका बाबुलाई उपचारार्थ अस्पाताल लैजानु, डाक्टरद्वारा काठमाण्डौं लैजाने सल्लाहा दिनु तर आर्थिक अभावका कारण लैजन नसक्नु, जीविकोपार्जनका लागि पूर्णदत्तको खेत ठेकमा गर्नु, असिनाका कारण

रामसदनले ठेक बुझाउन नसक्नु, ठेक बुझाउन नसकेपछि पूर्णदत्त भैंसी फुकाउन आउनु, पूर्णदत्तको दमनपूर्ण व्यवहारका विरुद्ध सन्ते र चित्रेले रामसदनको पक्ष लिई पूर्णदत्तलाई गलहत्याउनु, रामसदनको बाबुको मृत्यु, हुनु पूर्णदत्त उजुरीका लागि सदरमुकाम जानु जस्ता घटनाहरू यस कथामा आएका छन् । यसरी गरिबीका कारण अर्काको जमिन ठेक्का-अधियाँ गरेका गरिबहरूको पसिना समाजका शोषक, सामन्तहरूद्वारा चुसिएको छ । यसबाट मुक्ति पाउनका लागि सबै गरिबहरू सङ्गठित भई लाग्नुपर्ने कुरालाई 'ठेक' कथाले उद्घाटन गरेको छ ।

ग्रामीण सामाजिक परिवेशमा संरचित यस कथामा रामसदको जीवनका दुःखपूर्ण घटनाहरूको चित्रण सरल ढङ्गले गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । कथामा आएका सम्पूर्ण घटनाहरू रामसदनको जीवनमा केन्द्रित रहेकाले बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग यस कथामा भएको देखिन्छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई घटित भएकाले यस कथाको कथानक ढाँचा रैखिक रहेको छ । सरल भाषाशैलीको प्रयोग भएको यस कथामा अनुकारणात्मक, आगन्तुक र निपातजस्ता शब्दको स्वभाविक प्रयोग देखिन्छ ।

'ठेला' कथाले जीवनभर पसिना बगाउँदा बगाउँदै पनि समाजमा रहेका शोषक-सामन्तहरूको शोषणमा परेर गरिबहरूको जीवनस्तर उकासिन नसकेको यथार्थलाई प्रस्तुत गरेको छ । जीवननिर्वाहका लागि सहर पसेको अनन्त व्यस्त सडकको छेउमा कोठा लिएर होटेल चलाउनु, होटलबाट जीवन निर्वाह नहुनु, छोराछोरीलाई स्कूल भर्ना गर्न नसक्नु, रासन दोकानमा साहूको पैसा तिर्न नसक्नु र होटल छाड्नु, श्रीमान् श्रीमती नै मजदुरी काममा लाग्नु, यसबाट पनि जीवननिर्वाह गर्न नसकेपछि फर्निचरको काममा लाग्नु, फर्निचरको काम गर्दागर्दै आन्दोलनमा लागेको निहुँमा निष्कासित हुनु, यसको विरोधमा सम्पूर्ण मजदुरहरू एक हुनु, अनन्त पुलिसद्वारा समातिएर जेल जानु र जेलबाट छुटेपछि जीवन निर्वाहका लागि ठेलामा तरकारी बेच्न थाल्नु जस्ता घटनाहरू यस कथामा आएका छन् ।

शहरी परिवेशमा संरचित यस कथामा अनन्तको जीवनमा घटेका सम्पूर्ण घटनाहरूलाई सरल र सहज ढङ्गबाट चित्रण गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । म पात्रका

माध्यमबाट अनन्तको जीवन अवलोकन गरिएकाले यस कथामा आन्तरिक परिधीय दृष्टिबिन्दु प्रयोग भएको देखिन्छ । ठेलामा तरकारी बेच्दै हिंडेको घटनासँगै प्रारम्भ भएको यो कथा अनन्तको विगत कोटचाउँदै त्यही ठेलामा तरकारी बेचिरहेको अवस्थामा टुङ्गिएकोले परावर्तित रैखिक कथानक ढाँचामा कथा संरचित रहेको छ । सरल भाषाशैलीमा रचना गरिएको यस कथामा आगन्तुक शब्द,, अनुकरणात्मक शब्द र टुक्का प्रयोगले भाषिक स्वभाविकता सिर्जना गरेको देखिन्छ ।

'पर्यटन नगरमा एक दिन' कथाले सहरी क्षेत्रको अनियन्त्रित महङ्गी तथा साहूमाहाजनको ऋणले गर्दा आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरू आफू जन्मेको ठाउँसमेत छाड्न बाध्य हुनु परेको मार्मिक कथा प्रस्तुत गरेको छ । पुरन्दरले आफू र आफ्नो परिवारको जीवननिर्वाहका लागि आफूसँग भएको केही जग्गाजमिन साहूका नाममा बन्धकी राख्नु, बन्धकीराखेको जग्गाको ऋण तिर्न नस्क्दा सम्पूर्ण घरवारी साहूलाई बुझाउनु, मन मानी नमानी आफ्नो जन्मभूमि चटक्क छाडेर बसाइँ सर्न विवश भएको घटनालाई कथाले प्रस्तुत गरेको छ । यसरी गरिबहरूले जीवननिर्वाहका लागि आफ्नो घरबारीसमेत साहूको नाममा राख्न बाध्य भएका छन् र उनीहरूले ऋण चुक्ता गर्न नसक्दा घरबारविहिन भएर बसाइँ सर्नु परेको तीतो यथार्थ 'पर्यटन नगरमा एक दिन' कथाले प्रस्तुत गरेको छ ।

सहरी परिवेशमा संरचित यस कथामा गरिबहरूले जीवन निर्वाहका लागि साहूलाई घरबारी नै सुम्पिएर हिड्नुपर्ने स्थितिको सोझो र सरल ढङ्गले चित्रण गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । यस कथाका सम्पूर्ण घटनाहरू पुरन्दरको जीवनसँग सम्बन्धित रहेकाले यहाँ बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई सरलरेखीय गतिमा कथा अगाडि बढेकाले रैखिक कथानक ढाँचा कथामा प्रयोग भएको छ । सरल भाषाशैलीको प्रयोग भएको यस कथामा अनुकरणत्मक शब्द, द्वित्व र आगन्तुक शब्द प्रयोगले भाषिक स्वाविकता सिर्जना गरेको देखिन्छ ।

'दशैंको खुसीयाली' कथाले वर्षभरिमा एक पटक खुसीयाली र उमुङ्ग बोकेर आउने दशैं गरिबहरूकालागि पीडादायी र कष्टप्रद बनेको कुरालालई प्रस्तुत गरेको छ । गाईबस्तुका लागि

घाँस काट्न वनमा जानु, गाउँको चलनअनुसार दशैंमा बाटो खन्नु, दशैंको समयमा गाउँलेहरूले एउटा खसी बन्दोवस्त गर्न नसक्नु तर गरिबका लागि गरिबलाई भोट भनेर निर्वाचित नेता निलमले सिङ्गो खसी काटेर रक्सी र मासुको भोज गर्नु, दशैंको समयमा कान्छी सुत्केरी हुँदा रनवीर र नन्दकला खुसी हुनु, छोरी ज्वाइँलाई सुतक परेको समाचार पठाउनु र छोराछोरीलालई मावल पठाउनु जस्ता घटनाहरू यस कथामा आएका छन् । यसरी सम्पन्न व्यक्तिहरूका लागि मात्र दशैंले खुसी र उमङ्ग लिएर आएको हुन्छ । गरिबहरूका लागि दशैं खुसी र उमङ्गको रूपमा नभई पीडा बनेर आएको हुन्छ । आर्थिक विपन्नताका कारण उनीहरू दशैं आएकोमा भन्दा नआएकोमा नै खुसी हुन्छन् भन्ने तथ्य 'दशैंको खुसीयाली' कथाले उद्‌घाटन गरेको छ ।

सामाजिक परिवेशमा संरचित यस कथामा गरिबका लागि दशैंले थप्ने पीडा र गरिबका नाममा चुनाब जितेर स्वार्थसिद्ध गर्न पल्केका नेताहरूको भ्रष्ट चारित्रलाई सरल र सहज तरिकाले चित्रण गरिएकोले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । कथाका सम्पूर्ण घटनाहरू रनवीरको जीवनमा घटित घटनामा केन्द्रित रहेकाले बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग यस कथमा भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई घटित भएकाले रैखिक कथानक ढाँचा यस कथामा प्रयोग भएको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस कथामा उखान-टुक्का, अनुकरणात्मक शब्दको प्रयोगले भाषिक स्वभाविकता सिर्जना गरेको देखिन्छ ।

'पट्टामा अनुवाद भएको जिन्दगी' कथाले आर्थिक समस्या टार्न नेपालीहरू विदेशी सेनामा भर्ती भएर ज्यानसमेत गुमाउन विवश भएको यथार्थ प्रस्तुत गरेको छ । जीतबहादुरले आर्थिक विपन्नताका कारण जीवननिर्वाहका लागि एकमुरी कोदो मुखियासँग माग्नु, त्यसका लागि घरमुनीको ठूलो बारी बन्दगी राख्नु, कोदो बोकेर जाँदा चौतारीमा रने र बलेमानबाट पुर्ने भर्ती भएको खबर थाहापाउनु, पुर्नेले पैसा पठाउनु, पुर्नेले पैसा पठाएको थाहा पाएर मुखिया जितेको घरमा जानु, मुखियाले जितबहादुरको भैसीमा आँखा गाड्नु तर उसले भैंसी नदिनु, पुर्नेको चिठी आउनु र केही महिनापछि घर फर्किने खबर पठाउनु तर पुर्ने नफर्किएर उसको मृत्युको खबरसँगै जितबहादुरको नाममा पेन्सनपट्टा आउनुसम्मका घटनाहरू यस कथामा आएका छन् ।

यसरी परिवारको आर्थिक समस्या टार्नका निम्ति छोरोलाई विदेश भर्तीमा पठाउनु पर्ने बाध्यता र त्यसको प्रतिफलस्वरूप छोराको मृत्युपत्र र पट्टा प्राप्त गरी जीवन पश्चतापमा बिताउने नेपालीहरूको यथार्थ हो-'पट्टामा अनुवाद भएको जिन्दगी' ।

सामाजिक परिवेशमा संरचित यस कथामा जीतवहादुरको जीवनमा घटित घटना सरल ढङ्गबाट चित्रण गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । कथाका सम्पूर्ण घटना जितबहादुरको जीवनमा केन्द्रित रहेकाले बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग यस कथामा भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई घटित भएकाले रैखिक कथानक ढाँचाको प्रयोग कथामा भएको छ । सरल भाषाशैलीको प्रयोग कथामा भएपनि नेपालीइत्तर शब्दहरूको प्रयोगले कथामा भाषिक स्वभाविकता सिर्जना गरेका छन् ।

'निर्वासित भविष्य' कथाले वर्षभरी पसिना बगाएर पनि खान नपुगेपछि गरिबहरू विदेशिन बाध्य हुनुपरेको स्थितिको यथार्थ उद्घाटन गरेको छ । वर्षभरिको कमाइले पनि आफ्नो परिवारको पेट भर्न नसकेको कर्मबीरले आफ्नो छोरा बलबीरको स्कूल फिससम्म तिर्न सकेको छैन । यस कारणले गर्दा बले स्कूलमा उपहासको पात्र बनेको छ । यसै पीडाले गर्दा ऊ विदेशिन बाध्य भएको छ । यसरी गरिबीका कारण आफ्नो पढ्ने चाहना पूरा गर्न नसकी पेट भर्ने समस्याले थुप्रै नाबालक नेपालीहरू विदेशिन बाध्य छन् भन्ने कुरालाई 'निर्वासित भविष्य' कथाले प्रस्तुत गरेको छ ।

सामाजिक परिवेशमा संरचित यस कथामा गरिबीका कारण स्कुल फिश तिर्न सम्म नसक्नु र आर्थिक समस्याले गर्दा विदेशीनु परेको घटनालाई सरल ढङ्गबाट चित्रण गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । बलवीरका संवेगात्मक घटनामै केन्द्रित यस कथामा बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । कथाका सम्पूर्ण घटनाक्रम सरलरेखीय गतिमा अघि बढी आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई घटित भएकाले यस कथाको कथानक ढाँचा रैखिक रहेको छ । सरल भाषाशैलीमा संचित यस कथामा अनुकरणात्मक शब्द र आगन्तुक शब्दको प्रयोगले भाषिक स्वाभाविकता सिर्जना गरेको देखिन्छ ।

'पागल करोडपति' कथाले आर्थिक रूपले विपन्न कल्पनाथका मनमा जागृत भएका मनोभावनालाई यथार्थमूलक ढङगले चित्रण गरेको छ । यस कथाको कल्पनाथ प्रगतिशील चेतनाको नजिक भएपनि उच्चशिक्षा सिद्धिसकेपछि विस्तारै धनवादी मानसिकताको सिकार भई करोडपति बन्ने सपना सँगल्छ र त्यसका लागि युरोप जाने चक्करमा लाखौं रुपियाँ ऋण लिएर करोडपति बन्नुपूर्व नै विलासी हुन पुग्दा ऋणले धोति न टोपी भई पागल बन्छ (उही : १४२) । यसरी कल्पनाथले गरिबीका कारण भोग्नु परेको समस्याको चित्रण यस कथामा भएको छ ।

शहरी परिवेशमा संरचित यस कथामा कल्पनाथको गरिबीलाई सरल तरिकाले चित्रण गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । कल्पनाथको करोडपति बन्ने चाहनासँग कथाका सम्पूर्ण घटना सम्बद्ध भएकाले बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग यस कथामा भएको छ । आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई घटनाहरू सरलरेखीय गतिमा अगाडि बढेको यस कथामा रैखिक कथानक ढाँचा प्रयोग भएको छ । बौद्धिक भाषाशैलीको प्रयोग भएको यस कथामा निपात र उपमा अलङ्कारको प्रयोगले भाषिक स्वाभाविकता सिर्जना गरेको देखिन्छ ।

'अन्धकार' कथाले गरिबीको थिचाइबाट मुक्ति पाउने आशामा थुप्रै नेपालीहरूले घरखेत बेचेर विदेश जान जम्मा गरेको पैसा दलालहरूले खाएर गरिब नेपालीको जिन्दगी अन्धकारमा डुबेको यथार्थ घटना प्रस्तुत गरेको छ । दशनङ्ग्रा खियाँउदा पनि छ महिना खान नपुग्ने गरिबहरूको पीडादायी अवस्था, सोझा र निरीह जनताले घरखेत बेचेर विदेश जान जम्मा गरेको पैसा दलालीले खाएर गरिब नेपालीको जिन्दगी अन्धकारमा डुबेकोजस्ता घटनाहरू यस कथामा आएका छन् । यस कथाको प्रेमनाथ यस्तै पात्र हो जो हजारौं रुपियाँ खर्च गरेर कोरिया पुग्दछ तर नक्कली भिसाका कारण काम पाउनुका सट्टामा गल्लीमा लुक्दै हिडेर बेवारिसे बन्न बाध्य भएको छ । यसरी प्रेमनाथको परिवारले आर्थिक उज्यालोको सट्टा अन्धकारको व्याप्ति भोगेको बताएर कथाले वर्तमान नेपाली युवाहरूमा हुर्किरहेको र संक्रामक रोगझैं फैलिरहेको कोरिया जाने रहर र त्यसको दु:खद परिमाणामप्रति सरकारसमेतको असचेतताबारे राम्रो व्यङ्ग्य गरेको छ (उही : १४३) ।

सामाजिक परिवेशमा संरचित यस कथामा सोझा नेपाली युवाहरू ठूलो धनराशी कमाउने लोभमा दलालको फन्दामा परी अन्धकारमा डुबेका छन् भन्ने कुरा सरल तरिकाले प्रस्तुत गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । काशीनाथको जीवनमा घटित घटनामा अगाडि बडढेको यस कथामा बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग भएको छ। आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई घटित घटनाहरू यस कथामा सरलरेखीय गतिमा अगाडि बढेकाले रैखिक कथानक ढाँचाको प्रयोग भएको छ।

'उपचार' कथाले आर्थिक अभावका कारण गरिबहरूले ज्यान गुमाउनु पर्ने स्थिति र डाक्टरहरूद्वारा गरिएको लपर्वाही तथा शोषणपूर्ण व्यवहारको यथार्थ चित्रण गरेको छ । कैलाश आफ्नो छोराको उपचारका लागि अस्पताल पुग्नु, अस्पतालमा डाक्टरको अनुपस्थिति रहनु, आर्थिक समस्याका बाबजुद पनि उपचारका निम्ति क्लिनिक जानु, द्रेब्रे गोडाका सट्टा दाहिने गोडाको अप्रेसन हुनु, दोस्रो पटक अप्रेसनका निम्ति रगत चाहिनु, रगतका निम्ती कैलास मानवसेवामा जुटेका सङ्घसंस्थाहरू धाउनु, सङ्घसंस्थाहरूबाट समेत स्वार्थपूर्ण व्यवहार देखाउनु र अन्त्यमा रगत ल्याउन ढिला भएको कारण देखाउदै छोराको मृत्यु भएको देखाउनु जस्ता घटनाहरू यस कथामा आएका छन् । यसरी आर्थिक अभावका कारण गरिबहरूले ज्यान गुमाउनु परेको र डाक्टरहरूको शोषणपूर्ण व्यवहारको तथा उनीहरूद्वारा देखाइएको लापर्वाहीपूर्ण व्यवहारको चित्रण 'उपचार' कथाले गरेको छ।

शहरिया परिवेशमा संरचित यस कथामा चिकित्सा क्षेत्रमा देखापरेका विकृतिलाई सरल ढङ्गले चित्रण गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । कैलाशको जीवनमा घटित घटनामा कथा केन्द्रित रहेकाले बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग यस कथामा भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङखलामा घटित भई सरलरेखीय गतिमा अगाडि बढेकाले रैखिक कथानक ढाँचाको प्रयोग यस कथामा भएको छ । सरल भाषाशैली प्रयोग गरिएको यस कथामा उपमा अलङ्कार, अनुकरणात्मक शब्द र निपात जस्ता शब्द प्रयोगले भाषिक स्वाभाविकता सिर्जना गरेको देखिन्छ ।

४.४.२.९ प्रजातान्त्रिक व्यवस्थाको चरित्र र यसले अपनाएको चुनावी शैलीको आलोचना

वर्तमान बहुदलीय व्यवस्थामा जनताको मतलाई पैसाले किन सकिने र त्यसमा जनभावना प्रतिम्बित हुनुको सट्टा विकृत सत्य प्रतिबिम्बित हुन्छ भन्ने तथ्यलाई घनश्याम ढकालले आफ्ना कथाको कथ्य बनाएका छन् । अथवा सङ्घर्षका सीमाहरू छाडेर प्रतिकूल निर्वाचन प्रणालीलाई ढकालले आफ्ना कथामा उतारेका छन् । उनका ‘विजयोत्सव’ र ‘मृगतृष्णा’ जस्ता कथाहरूले यस प्रवृत्तिको प्रतिनिधित्व गरेका छन् ।

‘विजयोत्सव’ कथामा राजनीतिक दलहरूले सर्वसाधारण व्यक्तिहरूलाई आफ्नो दलको सदस्य वनाउनका लागि अपनाएको हथकण्डाको चर्चा गरिएको छ । भद्रमान विहानै उठेर गोठको धन्दा गर्नु र उसकी श्रीमतीले खानाको व्यवस्था मिलाउनु, उनीहरूले समयानुकुल काम गर्नु, पैधेरामा कम्युनिष्टले छोएको पानी नखाने मिचाहा कुरा हुनु र छिमेकीसँग झगडा पर्नु, भोट नदिएको आरोपमा भद्रेलाई गाउँलेहरूले समाजबाट एक्लो बनाइ असहयोग गर्ने निर्णय गर्नु र समाजबाट एक्लिए पनि कसैको सहयोगबिना आफ्नो खेती लगाएर छाड्नु जस्ता घटनाहरू यस कथामा आएका छन् । यसरी बहुदल स्थापनापश्चात् कसरी संसद्वादी दलका नेता-कार्यकर्ताले सर्वसाधारण जनतालाई प्रलोभन र धम्कीसमेत दिई आफ्नो पार्टीको सदस्यता लिन बाध्य बनाउँछन् भन्ने कुराको पर्दाफास विजयोत्सव कथाले गरेको छ (उही : १३६) ।

ग्रामीण परिवेशमा संरचित यस कथामा सामन्तहरूले भद्रेलाई एक्लै बनाए पनि विचलित नभएको घटना सरल रूपमा प्रस्तुत गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ । भद्रेकै जीवनमा घटित घटनासँग कथा अगाडि बढेकाले बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग यस कथामा भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई सरलरेखीय गतिमा अगाडि बढेकाले रैखिक कथानक ढाँचा यस कथामा प्रयोग भएको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस कथामा उपमा अलङ्कारको प्रयोगले कथालाई रोचक वनाएको देखिन्छ ।

'मृगतृष्णा' कथामा संसदीय निर्वाचनमा नेताहरूले दिने फोस्रो आश्वसन र उनीहरूको धोकेवाजी चरित्रको उद्घाटन गरिएको छ । कथाको प्रमुख पात्र बलबहादुर आर्थिक रूपमा कमजोर भएपनि शारीरिक रूपमा बलियो पात्र हो जसलाई नगरपालिकाको निर्वाचनमा मानसिंहले प्रयोग गरेको छ । चुनावी दङ्गामा शान्ति कायम गर्नका निम्ति पुलिसले चलाएको गोली खुट्टामा लागि बलबहादुर अपाङ्ग भएको छ । आफू अपाङ्ग भए पनि मानसिंहले चुनाव जितेपछि सुकुमबासी समस्या समाधान हुने आशमा ऊ एकदम खुसी हुन्छ । मानसिंह मेयरको कुर्सीमा बसेपछि बलबहादुरलाई उपेक्षा गर्दै बुल्डोजर लगाई सुकुम्वासी बस्तीका सारा छाप्राहरू भत्काउन लगाउँछ । यसरी संसददीय व्यवसथा भनेको चुनावी व्यवस्था हो र संसदीय चुनाव जनताका अधिकारको रक्षा गर्ने प्रक्रिया नभई नेता भनाउँदाहरूलाई संसद् र सत्तमा चढाउने भऱ्याङ मात्र हो भन्दै संसदीय व्यवस्थाभित्र चुनाव फोहोरी खेल हो भन्नेकुरा घनश्याम ढकालको 'मृगतृष्णा' कथाले पुष्टिगरेको देखिन्छ (पौडेल, २०५५ : ८०) ।

शहरी परिवेशमा संरचित यस कथामा बलबहादुरका जीवनमा घटेका घटनाहरूको सरल प्रस्तुति गरिएकाले अभिधामूलक अर्थसापेक्ष प्रयोग भएको छ र उसैको जीवनमा घटित घटनासँग कथा अगाडि बढेकाले बाह्यसीमित दृष्टिबिन्दुको प्रयोग यस कथामा भएको छ । घटनाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध भई सरलरेखीय गतिमा अगाडि बढेकाले रैखिक कथानक ढाँचा यस कथामा प्रयोग भएको छ । सरल भाषाशैलीको प्रयोग भएको यस कथामा उपमा अलङ्कार, अनुकारणात्मक शब्द, र आगन्तुको शब्दको प्रयोगले भाषिक स्वाभाविता सिर्जना गरेको देखिन्छ ।

४.४.३ घनश्याम ढकालका उपन्यासको अध्ययन

प्रगतिवादी सांस्कृतिक आन्दोलनका निरन्तर साधक घनश्याम ढकाल उपन्यास विधामा पनि साधनारत छन् । उनको उपन्यास लेखन 'गाउँभित्र' (२०४७) उपन्यासबाट प्रारम्भ भएको छ । उपन्यास विधाका क्षेत्रमा ढकालका 'गाउँभित्र' (२०४७) र 'रातो आकाश' (२०६०) गरी दुई उपन्यास प्रकाशित भएका छन् । ढकालले 'गाउँभित्र' (२०४७)

र 'रातो आकाश उपन्यासका माध्यमबाट नेपाली समाज, नेपाली जनता र वास्तविकताको चित्रणलाई प्रस्तुत गर्न वर्गीय चरित्र र वर्ग सङ्घर्षलई अगाडि बढाएका छन् (सुवेदी, २०६४: ४८३) । ढकालले आफ्ना उपन्यासमा नेपाली सामाजिक, राजनीतिक, आर्थिक अवस्था देखाइ मान्छेलाई चेतनशील बनाउँदै तत्कालीन शोषक र शासकहरूको कुरूप यथार्थलाई सुरूप यथार्थमा परिवर्तन गर्ने उद्देश्य राखेका छन् । उनले आफ्ना उपन्यासमा शोषण, उत्पीडन, वर्गीय समाजमा देखिने विचारगत पक्ष तथा वर्गीय प्रतिनिधित्व गर्ने पात्र र तिनका क्रियाकलाप, द्वन्द्व, सङ्घर्ष आदिलाई समेत प्रस्तुत गरेका छन् । यिनै विविधतायुक्त विषयवस्तुलाई समेटेर रचना गरिउका ढकालका औपन्यासिक कृतिहरूको सरसर्ति  अध्ययन यसप्रकार गर्न सकिन्छ ।

### ४.४.३.१  "गाउ"भित्र' उपन्यासको अध्ययन

ढकालको 'गाउँभित्र' उपन्यासले पञ्चायतकालीन नेपाली समाजको आर्थिक, राजनैतिक, र सांस्कृतिक संरचनाको प्रभावमा पीडित गाउँले जीवनलाई विषयवस्तु बनाएको छ । वैचारिक जागरणको कलिलो प्रयत्न र औपन्यासिक कलाको समान्य प्रस्तुतिमा सिर्जत यस उपन्यासले ढकालको औपन्यासिक यात्रालाई उठाउन र स्थापित गर्ने प्रयत्न गरेको छ (सुवेदी, २०६४, ४०१) । ग्रामीण  परिवेश, शोषक र शोषितबीचमा बढ्दै गएको द्वन्द्व र त्यस द्वन्द्वका माझमा हुर्किएको विचार र राजनीतिक प्रतिबद्वता यस उपन्यास लेखनको प्रेरणा र पृष्ठभूमि बनेको छ । उपन्यासको भूमिका पृष्ठमा ढकालले स्वतन्त्रता र उन्मुक्त जीवनका वैरीहरूसँग र बर्षौंदेखि तिनीहरूका विरुद्व लड्दै आएका नवयुगीन चेतनाका योद्धाहरूसँगको सन्निकटताबाट उपन्यास सिर्जिएको विचार व्यक्त गरेका छन् ।

स्याङ्जा जिल्लाको सदरमुकाम नजिकैको गाउँमा केन्द्रित यस उपन्यासमा वसन्त जस्तो युवकको राजनीतिक प्रतिबद्धता र त्यसमा समर्पित जीवन अनि रुद्रनाथ र शोषक मण्डलीहरूको पर्दाफास हुँदै गएको कथ्यसन्दर्भबाट उपन्यासको विकास र अन्त्य भएको छ । यिनै घटनाक्रमलाई उपन्यासकारले परिवारिक इतिहास, वसन्त सुवेदी, अन्यायको चपेटामा, रुद्रनाथ तिवारी, जीविका र लक्ष्यबीचको अन्तविरोध, षडयन्त्र र गिरफ्तारी, विद्रोहको राँको र मनबहादुरको सहादत, विद्यालयबाट निष्कशान र गृहकलह, रमाकान्त भण्डारीको पुरूषार्थ,

चिहान माथिको ऐश्वर्य, रुद्रनाथको विकास प्रेम, कार्य क्षेत्रमा वसन्त, पण्डित कमलप्रसादको करामत, फेरी गिरफ्तारी, अमन-चयनको प्रयत्न, समर्पित जीवन, प्रतिशोध र अठोटका पाइलाहरू गरी १९ शीर्षकमा बाँडेका छन् जसको समग्र कथावस्तु यस्तो रहेको छ ।

'गाउँभित्र' उपन्यासको थालनी उत्तर दक्षिण फैलिएर रहेको लामो पहाडी शृङ्खलाको काखमा अवस्थित आँधिखोललाई उत्पत्तिकालदेखि नै आफ्नो आँखामा नचाउँदै हुर्किएको गाउँले जीवनको वास्तविक यथार्थबाट सुरू हुन्छ । गाउँमा जीवनकोपार्जन कष्टमय बनेपछि काम र मामको खोजीमा मुग्लान पसी दरवान्, पाले, कुल्ली, गोठालो, आदि काम गरी जीवनयापन गर्नुपर्ने बाध्यता उपन्यासमा पाइन्छ । उपन्यासमा नायक वसन्त सुवेदीको वंश-परम्परा र तिनले विदेशमा खेप्नु परेको दुःख प्रस्तुत भएको छ । सुवेदी परिवारको कान्छो वंश वसन्त सुवेदीको केन्द्रीयतामा 'गाउँभित्र' उपन्यासको कथावस्तु चित्रित छ ।

उपन्यासमा परदेशी बावुको मृत्यु भएपछि वसन्तको पुर्ख्यौली सम्पत्ति हत्याउने दाउमा शोषक रुद्रनाथ र प्रधानपञ्च लागिपरेका छन् । मरिसकेको बाबुले नलिएको ऋणलाई बाबुको कीर्ते तमसुक बनाएर शोषक रुद्रनाथले वसन्तको जग्गा हात पार्दछ । यही अन्याय र शोषणको पर्दाफास गर्न रुद्रनाथको कुकार्यको विरोध गर्दा वसन्त सुवेदी उसको आँखाको कसिङ्गर बन्दछ । गरिबहरूको उन्नती र प्रगतिको डाह गर्ने गाउँका शोषकहरू जोर गर्दुवाको विषयलाई लिएर षड्यन्त्रपूर्वक वसन्तको विवाह रोकिदिन्छन् । सामाजिक परिवर्तन र क्रान्तिका लहरहरूलाई सहन नसक्ने सामन्ती रुद्रनाथको अगुवाइमा वसन्तलाई अनेक लाञ्छना, आरोप लगाइ प्रहरी समक्ष बुझाइन्छ । निरङ्कुशताको विरोध र गरिबवर्गको मुक्तिका लागि जुट्ने साहसी नायक वसन्त भूमिगत जीवन सुरू गर्दछ । यतिमा मात्र चित नबुझेपछि रुद्रनाथजस्ता सामन्तहरूले वसन्तकी दोजिया श्रीमती रूपालाई समेत जेलमा थुन्छन् । जेलबाट छुटेपछि सामन्ती सत्ता ढाली समाज बदल्ने दृढ विश्वास लिई रूपाले वसन्तको साहसमा साथदिई अघि बढ्ने दृढकल्पना गरेपछि उपन्यासको कथावस्तु समाप्त हुन्छ । यसरी शोषक र शोषितका बीचमा बढ्दै गएको द्वन्द्व र त्यस द्वन्द्वका माझमा हुर्किएको विचार र राजनीतिक प्रतिबद्धतामा आएको दृढता यस उपन्यासको मूल पक्ष हो (शर्मा, २०६३ : १८) ।

४.४.३.२ "रातो आकाश' उपन्यासको अध्ययन

'रातो आकाश' (२०६०) ढकालको दोस्रो उपन्यास हो । २०४६ सालपछिको परिवर्तित परिवेशमा संरचित यस उपन्यासले सत्ता संरचनामा परिवर्तन भए पनि जनताले साँचो अर्थमा परिवर्तन महसुस गर्न नसकेको यथार्थलाई प्रस्तुत गरेको छ । २०४६ सालको परिवर्तन पछि विभिन्न दल बदलेर उनै अघिल्लो कालखण्डका पञ्चहरू बहुदलीय सत्तामा आरोहित भएर सत्ताको दुरूपयोग गरेका कारण उपक्षित र लक्षित वर्गले आफ्नो काम र योजना सम्पन्न गर्न नपाउनाले विद्रोही चेतना विकास भएको कथ्य उपन्यासले प्रस्तुत गरेको छ (सुवेदी, २०६४ : १८१-१८२) ।

'रातो आकाश' उपन्यासको कथावस्तु अविरलको परिवारिक जीवनहानीबाट सुरु हुन्छ । परिवारिक जीवनको कटु यथार्थ प्रस्तुत गर्ने क्रममा मजदुरी गरेर जीवननिर्वाह गरिरहेको श्यामलाल अचानक विरामी परी मृत्युवरण गर्न पुग्छ । पतिको मृत्युपछि उसकी श्रीमती आरतीमा आइपरेको छोराछोरीप्रतिको उत्तरदायित्व र जिम्मेवारीबोधले जीवन अझै दुःख र सङघर्षमा रूमलिन थाल्छ । स्थानीय शिक्षक सुवेदारको दुईसयको सापटी सहयोगले काजक्रिया सम्पन्न हुन्छ । एकदिन सूर्यकान्तको छोरो मणिकान्तको विवाहमा अविरलले भोग्नुपरेको पीडाबोध, अपमानबोधले उसको बालमस्तिष्कमा नराम्रो छाप पर्न जान्छ । स्कुलको फिस तिर्न नसकेकोले पढाइ छोड्नुपर्ने बाध्यताले अविरलको हृदय छियाछिया बन्नपुग्छ । ऋण खोज्न जाँदा सुइदारबाले दिएका अर्ति र उपदेशलाई मनन् गरेर ऊ देश र जनताका लागि केही गर्ने अठोट बोकेर अगाडि बढ्छ । विद्यालयबाट फर्किदा अचानक उसले कम्युनिष्ट पार्टीको झण्डा देख्छ र त्यसलाई स्वतन्त्रता र समानताको प्रतीक हो भन्ने बुझी त्यसप्रति उत्साहित हुन पुग्छ । चौतराको पिपलमा फर्फराहीरहेको कम्युनिष्ट पार्टीको झण्डालाई गाउँलेहरू र शिक्षाकहरूले मोह व्यक्त गर्छन् भने प्रधानाध्यापक पार्टी र झण्डाका विषयमा विद्यालयमा चर्चा गर्न पाइदैन भनी सामन्ती हैकमवादी प्रवृत्ति देखाउँछन् । अविरलले झण्डाको विषयमा बुझेपछि गगनलाई समेत  बुझाउँछ । झण्डा प्रकरणपछि गाउँमा स्थानीय सामन्ती सत्ताका बीचमा खैलाबैला मच्चिन्छ । प्रहरीहरू गाउँमा आएर खानतलासी गर्छन । स्थानीय जमिन्दार मणिकान्त सामन्ती प्रशासनसँग मिली गाउँलेहरूलाई अनावश्यक दुःख दिन थाल्छ । अविरलले विद्यालयबाट फर्किदा फेरि एकदिन क्रान्तिकारी कम्युनिष्ट पार्टीको पर्चा फेलापार्दछ । त्यसमा लेखिएका शब्दहरू पढेपछि सामन्तीवर्गको शोषणको अन्त्य गर्न सर्वहारा वर्गले एकभएर क्रान्ति गर्नु पर्ने रहेछ भन्ने बुझ्छ । त्यसपछि ऊ गगनकहाँ पुगेर पर्चाबारेमा गगनलाई बुझाइ विद्यालयमा समेत साथीहरूलाई बुझाउँछ । पर्चाबारेमा साथीहरूलाई बुझाएकोले विद्यालयमा प्रधानाध्यापकले

अविरललाई चेतावनी दिन खोज्छन् तर असमर्थ हुन्छन् । अविरल हेडमास्टरसँगै वर्गसङ्घर्ष र क्रान्तिको कुरा गर्दछ ।

अविरल र गगनले वर्गीयचेतना र वर्गसङ्घर्षजस्ता कुराहरू सुइदारबाट बुझी समाजपरिवर्तन गरी गरिब वर्गको मुक्तिका लागि सङ्घर्ष गर्ने विचार लिई अघि बढ्छन् । सुराकी गरी गरिब जनता समात्न लगाएर आनन्द लिने मणिकान्तले गगन वर्गसङ्घर्षमा लागेको थाहा पाएर उसको बाबु गङ्गाबहादुरलाई सचेत गराउन खोज्छ । तर पनि मुक्तिका लागि अघिबढिसकेका हुनाले मणिकान्तको हार हुन्छ । निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भई प्रजातन्त्रको प्रादुर्भाव भएको घोषणा भए पनि त्यसले जनतालाई धोका दिएको हुनाले गरिब जनताहरू मुक्तिका लागि जनयुद्धमा समर्पित हुन  चाहन्छन् ।

बुर्जुवा शिक्षाले जीवनस्तर नसुल्झिने भएपछि जनवादी वैज्ञानिक शिक्षाका लागि सर्वहारावर्ग व्यावहारिक शिक्षाहासिल गर्न चाहान्छन् । २०४७ सालको परिवर्तनले समेत सर्वहारा वर्गको उन्नतिलाई नकार्दै सामन्ती र शोषणका रूपहरू उस्तै रहेकोले वर्गसङ्घर्ष र क्रान्ति अपरीहार्य ठानी सबै साधारण जनताहरू सङ्घर्षमा सङ्गठित हुन थाल्छन् । अविरल, गगन, भविसरा, सुवेदार, समर, इमान, रवि, निर्मल लगायतका पन्ध्र जनाको दल चेतना अभियान कार्यक्रममा हिड्छन् । त्यस चेतना अभियानको मूल उद्देश्य मणिकान्तजस्ता शोषकको अन्त्य गरी वर्गसमानता कायम राख्नु रहन्छ । अभियान सफल पारी फर्किएपछि गगन र अविरलको दल कृषि विकास बैंकमाथि कार्वाही र प्रहरी चौकी कब्जा गर्छन् । तर मणिकान्तले सामन्ती प्रशासन लगाएर गाउँमा उत्पात मच्चाइ सुइदारबालाई विद्यालयबाट पक्राउ गराउँछ । सुइदारबा विद्यार्थीका प्रिय हुनाले विद्यार्थीहरूले उनलाई घेरा हाल्दछन् तर दमनकारी प्रशासन निर्दयी भएर गोली चलाउँछ । त्यस पछि गोलीबाट निर्दोष बालक सुन्दरको हत्या हुन पुग्दछ ।

स्कुल काण्डले सबैको मनमा भय, शङ्का, डर उत्पन्न गराउँछ । त्यसै राती प्रहरी प्रशासनले सर्चअभियान सुरू गर्दछ । प्रहरीहरूले गरिब जनताका घर भत्काइ, अन्न फ्याँकी हत्या, बलात्कारजस्ता आतङ्क मच्चाउँदै सर्चअभियानका नाममा गरिब जनताहरूलाई दुःख दिन थाल्छन् । सर्चअभियानमा प्रहरीहरूले आरती, गङ्गाबहादुर लगायत जम्मा एकसय दस जनालाई माओवादी आतङ्ककारीको अभियोगमा पक्राउ गर्छन् । प्रहरी दमन असह्य भएकोले बदला स्वरूप छापामार दल पुनः अर्को अभियानमा जुट्न थाल्छन् । छापामार दलले गाउँमा जुलुस, आमसभा गरिरहेका बेला मणिकान्तको सुराकीमा प्रहरीले घेराउ गर्छन् । त्यस घेराउमा अविरल

पक्राउ पर्छ । उसलाई जेलको कठोर यातना दिइन्छ र अदालतले बन्दीप्रत्यक्षीकरणको रिट आदेश जारी गरे पनि उसलाई छाडिदैन । अविरललाई छुटाउन पुनःअर्को प्रयास गरिन्छ । दोस्रो प्रयासमा अविरल प्रहरीबाट मुक्त हुन पुग्छ । अविरल छुटेपछि मणिकान्तलाई जनकार्वाही गर्ने मिति तोकिन्छ । मणिकान्तलाई मृत्युदण्ड नदिई भौतिक कार्वाही मात्र गरी माओवादी कम्युनिष्टहरू सहयोगीसमेत हुन्छन्  र फटाहाहरूलाई सुध्रिनका लागि मौकासमेत दिन्छन् भन्ने असल परिचय दिन्छन् । मणिकान्तको कार्वाहीपछि पार्टीका आवश्यक नीति निर्देशनमा छलफल गरी छापामारहरू इलाकाप्रहरी कब्जा गर्ने योजनामा तल्लीन हुन्छन् । इमान, भरत, गगन, अविरलजस्ता पात्रहरूको सक्रियतामा इलाकाप्रहरी माथि छापामारदलले विजय प्राप्त गर्दछन् तर कमरेड भरतले साहदात प्राप्त गर्दछन् । छापामार दलले भरतलाई अन्तिम श्रद्धाञ्जली दिएर वर्गयुद्ध जारी राख्ने कसम खाँदै लक्षित गन्तब्यमा पुग्न अघि बढ्छन् । भरतको साहदातको खबर उसको घरसम्म पुऱ्याएर थप कर्तव्यबोधसमेत पूरा गर्छन् ।

उता घाइते भएको मणिकान्त उपचारका नाममा तीन महिनासम्म काठमाण्डौं बस्छ । उपचारबाट फर्के पनि जिल्ला सदरमुकाममै प्रहरी प्रशासनको स्वागतमा रहन्छ । मणिकान्तको निर्देशन र योगेन्द्रको सुराकीमा गाउँमा पुनः खोज र मार (खोमा) अप्रेसन सुरू हुन्छ । त्यस अप्रेशनमा योगेन्द्रको संयोजकत्वमा गगनका निर्दोष भाइहरूलाई गोलीका सिकार र बहिनीलाई बलत्कार गरी मारेर फ्याँकिदिन्छन् । त्यसपछि सुइदारबालाई जङ्गलछेउ पुऱ्याइ गोली हानी जिल्ला सदरमुकाम तर्फ  लाग्छन् । अबेला घर आइपुगेका गगनका आमाबुवा छोराछोरीको पीडादायी यातना र हत्याबाट शोकमग्न अवस्थामा पुग्छन् ।

पुलिसदमन, हत्या, अत्याचारका विषयमा छलफलगरी छापामारदल चेतनाविस्तार, सङ्गठन, विस्तार र विद्रोह मूल योजना ठहऱ्याई भविसरा लगायतका दलहरू आ-आफ्नो कार्यक्षेत्रतर्फ अघि बढ्छन् । कम्रेड निर्मल सरहमा पुगी प्रहरी प्रशासनबाट जोगिएर आफ्नो कार्य क्षेत्र सम्हाल्न पुग्छ । प्रहरीबाट गरिएका नृसंश हत्याबाट क्रुद्ध भएर छापामारदल फेरी प्रहरी चौकीलाई निशाना बनाइ आक्रमण गर्न पुग्छन् । चौकीमा भएका हतियारहरू कब्जा गरी रात दिन मावादीका नाममा प्रहरीबाट लुटपाट गरेको रहस्योद्घाटन भएपछि छापामार दल सतर्क भएर अगाडि बढ्छन् । कमरेड रविको संयोजकत्वमा छापामार दल पुनः चेतना अभियानमा निस्कन्छन् । जुन गाउँमा जनचेतना फैलाउने लक्ष्य थियो, त्यहाँ बास नपाइ झडप बेहोर्नुपर्दा समेत निराश नभई वास्तविक यथार्थ पत्ता लगाइ रक्सी, जुवा, शोषण आदिको निर्मूल

पारी लक्ष्यमा अगाडि बढ्छन् । छापामारदलमा झपटेजस्ता कुतत्वको प्रवेशले सशक्त कमरेड इमानलाई प्रहरीले पक्राउ गर्छ । पीडा र यातना सहेर भए पनि इमानले सेल्टरबारे नबताई इमानदारिता देखाउँछ । इमानले जेलभित्रै बन्दीहरूलाई सङ्गठित पारी जेलविद्रोह गर्छ । प्रहरीहरूले पुनः गाउँमा सर्च गरी सहिदकी श्रीमती, बाबु र छोरालाई गोलीका सिकार बनाउँछन् । अविरलकी आमा आरतीलाई माओवादी सुराकीको नाममा हत्या गरी घरभित्रै आगो लगाइदिन्छन् । त्यो घटनाले अविरल र अनुपा विक्षुब्ध बन्न पुग्छन् । त्यही समयमा कम्रेड रवि पक्राउ पर्छन् । प्रहरी अत्याचार, दमन, पीडा आदिले गाउँहरूलाई असह्य भैरहेको समयमा पुनः युद्ध गरी छापामारहरूले प्रहरी प्रशासनमाथि विजय प्राप्त गर्छन् ।

युद्धमा विजय प्राप्त गर्दै अविरल एकदिन आफ्नो गाउँ पुग्छ । जहाँ आमा बुबाका स्मृतिहरू र भत्केको घरको भग्नावशेष देखी पीडाले व्याकुल बन्छ । तर पनि “युद्ध मैदानमा विजय प्राप्त नगरी नछोडनु है ?” भन्ने आमाका शब्दहरू चारैतिर गुञ्जयमान भएको ठानी आमाको अभिलाषा पूरा गर्ने अठोटका साथ अघि बढछ् । प्रहरी प्रशासने माओवादी बन्दीलाई सास्ती दिनुका साथै खानपानको समेत राम्रो व्यवस्था हुँदैन । कम्रेड रविलाई जताततैबाट खोजी भएको हुनाले प्रहरीहरूले उसलाई जेल सरूवाका नाममा गोली हानी मृत्यु उपहार दिन्छन् । श्रीमान्को बेपत्ताबाट रविकी श्रीमती सानो छोरालाई ससुराको जिम्मा लगाई मुक्तियुद्धमा समर्पित हुन्छे ।

गाउँ छोडेर सदरमुकाम बसेको मणिकान्त माओवादीले सदरमुकाम हान्न थालेपछि आफू असुरक्षित ठानी पैसाजति विदेशी बैंकमा जम्मा गरी बस्ने आश्वासनमा बाँचिरहेको हुन्छन् । छापामारहरू नयाँ सरकारको घोषणाका लागि जिल्ला सदरमुकाममा जुटिरहेका हुन्छन् । सभालाई सफल पार्न खटिरहेको अबिरलको हातमा अन्जनाको चिठी पर्छ । अञ्जनाको चिठीबाट गाउँमा जनआवाज उर्लिएको र झपटेजस्ता कुतत्वको हत्या भएको खबर पाई अविरल खुसीले गद्गद हुन्छ । चारैतिरबाट तयारी पूरा भएको जानकारी पाएपछि ग्रामीण जनसमूह जुलुस र नारासँग सदरमुकामतिर आइरहन्छन् । प्रहरी प्रशासन निरीह बनेर केही गर्न सक्तैन । आन्दोलनका योद्ध र सभा आयोजनाका उपस्थितिलाई बन्दी इमानले जेलभित्रैबाट सम्बोधन गरेर पठाएको पत्रको सम्बोधनबाट सभाको समापन हुन्छ र जनयुद्धका तथ्यहरू डायरीमा उतारिरहेको कुरा कुमार कोठामा पुगेर डायरीमा लेखेपछि उपन्यास टुङ्गिन्छ । शोषण र

सामन्तीको अन्त्यको लागि सहिदहरूले गरेको बलिदानको कदर गरी खुसीले गदगद हुँदै गाउँलेहरू आ-आफ्नो स्थानतर्फ लाग्छन् र उपन्यास समाप्त हुन्छ ।

४.४.४ घनश्याम ढकालका उपन्यासको प्रवृत्तिगत अध्ययन

नेपाली साहित्यको आख्यान विधामा कलम चलाउने घनश्याम ढकाल उपन्यास विधामा पनि साधनारत छन् । यिनका 'गाउँभित्र' (२०४७) र 'रातो आकाश' (२०६०) प्रकाशित औपन्यासिक कृति हुन् । 'गाउँभित्र' उपन्यासमा पञ्चायतकालीन समयको यथार्थ र गाउँले परिवेश आएको छ । शोषण र शोषितका बीचमा बढ्दै गएको द्वन्द्व र त्यस द्वन्द्वका माझमा हुर्किएको विचार र राजनीतिक प्रतिबद्धतामा आएको दृढता यस उपन्यासको मूल पक्ष हो (शर्मा, २०६३: २१८) । 'रातो आकाश' ढकालको दोस्रो उपन्यास हो । यो उपन्यास २०४७ सालदेखि २०६० सालसम्मको अवधिमा नेपालको इतिहासमा देखापरेको बहुदलीय राजनीतिक विसङ्गति र माओवादी द्वन्द्वले जन्माएको विसङ्गत पर्यावरण भित्रको कुरूप यथार्थलाई कथावस्तु बनाएर आख्यानवृत्तमा अड्न सफल बनेको छ (सुवेदी, २०६२: ५) । यसमा सशस्त्र युद्धका सन्दर्भमा जनप्रतिबद्धताको महान् गाथा छ । जनकारवाही, जनसेनाको निर्माण र कार्यक्रम, पार्टीको भूमिगत शैली, राजनीतिक प्रशिक्षण, सशस्त्र आक्रमणको चित्रण र नयाँ विचारको मूल्यबोध उपन्यासमा भएको पाइन्छ (शर्मा, २०६३: २१९) । यसरी ढकालका दुवै उपन्यासमा विचारधारा मूल रूपमा आएकाले यसैको केन्द्रीयतामा रही उनका उपन्यासको प्रवृत्तिगत विश्लेषण यसप्रकार गर्न सकिन्छ ।

४.४.४.१ जीवननिर्वाहको लागि विदेशिनु पर्ने बाध्यताको चित्रण

नेपाली समाजको सामन्ती सामाजिक संरचनाले गर्दा अधिकांश नेपाली जनताहरूको जीवनस्तर गरिबीको रेखामुनि रहेको छ । उनीहरू दस नङ्ग्रा खियाएर पनि सहजतापूर्वक हातमुख जोर्न सकिरहेका छैनन् । आफ्ना जहान परिवारलाई दुईछाक खुवाउन र वर्षमा एकजोर लुगा दिनका लागि तथा साहूमहाजनको ऋण तिर्नकै निम्ति भए पनि वर्षेनी हजारौं नेपालीहरू विदेशिइरहेका छन् । उपन्यासकार ढकालले पनि आर्थिक तथा सामाजिक कारणले विदेशिन

बाध्य भएका नेपालीहरू तथा विदेशिन बाध्य तुल्याउने भौतिक परिवेशको चित्रण आफ्ना उपन्यासमा गरेका छन् । यसैको ज्वलन्त उदाहरणका रूपमा 'गाउँभित्र' उपन्यासलाई लिन सकिन्छ । ऋणले चुर्लुम्म डुबेर वा जिविकाको उपाय नभएपछि हरिचरणका चारभाइ बाबुहरू विदेशिएका छन् । हरिचरणको जेठोबाबु जीविकोपार्जनकै निम्ति आसामको तेल कम्पनीमा चौकिदारी गर्न पुगेको छ । उसले त्यहाँ सम्पत्ति कमाउन नसके पनि रोग भने अवश्य कमाएको छ र घर फर्किएको छ महिनामै मृत्युको मुखमा परेको छ । यही नियतिको सिकार उसका तीनभाइहरू पनि भएका छन् । यसरी पैसा, कमाउने ऋण तिर्ने र घरको बन्दोबस्त मिलाउने उद्देश्य लिएर सुवेदी परिवारजस्ता हजारौ नेपालीहरू विदेशीरहेका छन् । यही आर्थिक तथा सामाजिक कारणले वर्षेनी नेपालीहरूलाई विदेशिन बाध्य तुल्याउने भौतिक परिवेशको चित्रण उपन्यासकार ढकालले 'गाउँभित्र' उपन्यासमा गरेका छन् ।

### ४.४.४.२ गोर्खा भर्तीकेन्द्रलगायत विदेशी भर्ती केन्द्रहरूको विरोध

निम्न आर्थिक अवस्था कारण नेपालीहरू धन कमाउन लाहुर जाने क्रममा विभिन्न विदेशी सेनामा भर्ती भएर जीवन गुजारा चलाइरहेका छन् । तत्कालीन शासकहरूले आफ्नो निजी स्वार्थ सिद्ध गर्नका लागि आफ्ना विदेशीहरू समकक्षीहरूसँग सम्झौता गरेर रोजगारीको नाममा विभिन्न राष्ट्रघाती भर्तीकेन्द्रहरू सञ्चालन गरिरहेका छन् । यिनै भर्तीकेन्द्रका माध्यबाट विदेशीहरूले 'बीर' र 'बहादुर'को पगरी गुथाएर नेपालीहरूलाई दाशताको साङ्लोमा बाँधेका छन् भने नेपालीहरू पनि वीरता र बहादुरी प्रदर्शन गर्ने नाममा विदेशका न्यायप्रेमी र क्रान्तिकारी जनताहरूलाई गोलीले भुटेर आफ्नो गौरवपूर्ण इतिहास माटोमा मिलाइरहेका छन् । प्रगतिवादी साहित्यकारहरू यस्ता क्रियाकलापहरूको विरोध आफ्ना रचनामा गर्दछन् । उपन्यासकार ढकालले पनि आफ्ना उपन्यासमा रोजगारीका नाममा खोलिएका गोर्खा भर्तीकेन्द्रलगायत सम्पूर्ण विदेशी भर्ती केन्द्रहरूको सशक्त विरोध गरेका छन् । 'गाउँभित्र' उपन्यासको वसन्त सुवेदी आफ्ना बाबुहरू जीविकोपार्जनका निम्ति लाहुर गए पनि आफू लाहुर जान मान्दैन बरु यसका विरुद्धमा चेतना जगाउने कायै गर्दछ । त्यसैले ऊ गोर्खा भर्ती भएका रणबहादुर घर्तीका छोराहरूलाई सम्झाउँदै भन्दछ–"जीविकाको निम्ति भर्ती हुन जानु बाध्यता हो, तर पनि तपाइँहरूले आफ्नै राष्ट्रको लागि रगत बगाएर बहादुरी कमाउनु भएको छ ? के कतै अन्यायको विरुद्धमा आवाज उठाएर लड्नु भएको छ ? आफ्नै पेटको निम्ति र केवल पैसाको लागि मानिसको शरीरमात्र होइन आत्मासमेत बिक्री गर्ने गोर्खा भर्तीलाई कुन देशभक्तले विरोध

गर्दैन ?" (गाउँभित्र : ६०) । यसरी 'गाउँभित्र' उपन्यासको वसन्त सुबेदी गोर्खा भर्तीको बिरोध मात्र होइन त्यसका विरुद्धमा सर्वसाधारण जनतामा चेतना जगाउने कार्य समेत गर्दछ । यसैगरी 'रातो आकाश' उपन्यासमा पनि सुबिदार रत्नबहादुरका माध्यमबाट गोर्खा भर्तीको विरोध उपन्यासकार ढकालले गरेका छन् । सुबिदार आफू गोर्खा भर्ती भएपनि आउँदो पिंढीलाई यसका विरुद्धमा सजग गराउँदै भन्दछन्–"तैले मेरो सिको होइन्, अमरसिंह थापाको सिको गर । इतिहास पढेको छस् नि ? उनी देशका लागि लड्ने बहादुर सिपाही  थिए । म जस्तो अर्काको लागि लड्ने भाडाका सिपाही थिएनन् । सकिस भने आफ्नै राष्ट्रका लागि लड्नु ............।" (रातो आकाश:८) । यसरी ढकालले आफ्ना उपन्यासमा गोर्खाभर्ती केन्द्रको विरोध मात्र होइन, त्यसका विरुद्धमा निम्न वर्गीय नेपालीहरूमा चेतना जगाउने कामसमेत आफ्ना उपन्यासमा गरेका छन् ।

४.४.४.३ पञ्चायती प्रशासकका कुकृत्यको चित्रण र त्यसको विरोध

पञ्चायतको आड लिएर समाजमा कुकृत्य गर्ने तथा समानता र स्वतन्त्रताका पक्षपाती न्यायप्रेमी जनताहरूले स्वतन्त्रता र न्यायका लागि आवाज उठाउँदा उनीहरूलाई अराष्ट्रिय तत्वको अभियोग लगाएर निर्मम दमन गर्ने पञ्चहरूले व्यक्तिगत स्वार्थ सिद्ध गर्नका निम्ति गरेका कुकृत्य र त्यसको विरोध प्रगतिवादी साहित्यकारहरूले आफ्ना रचनामा गरेका छन् । उपन्यासकार ढकालले आफ्ना उपन्यासमा पञ्चायतकालीन वितण्डा, पञ्च, शोषक, सामन्तहरू रातारात प्रजातन्त्रवादी तथा विकासवादी बनेर सर्वसाधारण जनताहरूमाथि गर्ने गरेको शोषणको चित्रण गर्दै त्यसका विरुद्धमा आवाज उठाउने काम गरेका छन् । 'गाउँभित्र' उपन्यासको रुद्रनाथ र समरबहादुर अनि 'रातो आकाश' उपन्यासको मणिकान्त पञ्चायती प्रशासकवर्गका मतियार हुन् । 'गाउँभित्र' उपन्यासको रुद्रनाथ वसन्तको मृतक बाबु हरिचरणको नाममा किर्ते तमसुक बनाएर उसको जग्गा कब्जा गर्न पुग्दछ। यसैको समर्थन प्रधानपञ्च समरबहादुरले यसरी गरेको छ–"न्याय भनेको न्याय नै हो । गरिब छ भनेर वसन्तलाई माया मानेर साहूलाई अन्याय गर्न मिल्दैन । वसन्तले अब जग्गामा आफ्नो दावी छोड्नु पर्छ (गाउँभित्र : २४) । पञ्चायती शासकवर्गको यही कुकृत्यको सशक्त विरोध वसन्तले यसरी गरेको छ– "अर्काको जग्गा कीर्ते तमसुक बनाएर यसरी खुलेआम खान अगाडिसर्छन् भने यिनीहरूले के बाँकी राखेका होलान् ? आज मलाई पर्यो भनेर मात्र होइन्, अत्याचारीहरूले भोली तपाईहरूलाई पनि छोड्ने छैनन्" (उही : २५) । यसरी पञ्चायतको आडमा रुद्रनाथले वसन्तमाथि गर्नसम्म थिचोमिचो गरेको छ ।

यसको विरुद्धमा गाउँलेहरूलाई सचेत गराउन खोज्दा उसलाई पञ्चायतको निर्णय नमान्ने अराष्ट्रिय तत्व घोषित गरेर प्रहरीद्वारा निर्मम यातना दिलाएको छ ।

उपन्यासमा रुद्रनाथले विकासका नाउँमा आएका सरकारी बजेट सि.डी.ओ.को मिलोमतोमा रुद्रनाथले विकासप्रेमी बनेर विकासका नाममा आएको बजेट भ्वाम् पारी सर्वसाधारण जनतामाथि ठूलो शोषण गरेको छ । रुद्रनाथको शोषणको सिकार पालैपालो गाउँका सबै भएका छन् । यसैको ज्वलन्त उदाहरण काले सार्की हो । काले सार्कीले दुई महिना लगाएर रुद्रनाथको घर तयार गर्यो तर उसको ज्याला निर्धारण रुद्रनाथले चलनचल्तिको दर भन्दा आधा तोकिदियो र त्यसको विरुद्धमा काले सार्की बोल्दा उसले नराम्रोसँग प्रहरी यातना सहनु परेको छ । यतिमात्र होइन व्यवस्थाकै आडमा रुद्रनाथले हाडनाता करणीसमेत गरेको छ भने वसन्तकी श्रीमती रूपालाई अर्काको गर्भ बोकेको आरोप लगाएर सर्वजानिक बेइजति गरी जेलको चिसो छिंडीमा थुनाउनसमेत पछि पर्दैन । यसैगरी 'रातो आकाश' उपन्यासको मणिकान्त पनि रुद्रनाथकै समकक्षी पात्रका रूपमा देखापरेको छ । पञ्चायतविरोधी गतिविधि गरेको अभियोगमा ऊ आफ्नै मित्र योन्द्रलाई गिरफ्तार गराउन समेत पछि पर्दैन । यसरी ढकालले आफ्ना उपन्यासमा पञ्चायतकालीन शासकीय कुकृत्यको विरोध गरी त्यसका विरुद्धमा सशक्त रूपमा आवाज उठाउने काम आफ्ना उपन्यासमा गरेका छन् ।

#### ४.४.४.४ धार्मिक अन्धवाद तथा रूढिवादको विरोध

सामन्तवादद्वारा सिर्जित धार्मिक अन्धवाद रुढिवादमा केन्द्रित रही धार्मिक अन्धता, रुढिवादी विविध आचरण र नियमहरूको चित्रण एवम् तत्जन्य सामाजिक विषम पक्षहरूको अभिव्यक्ति प्रगतिवादी साहित्यकारहरूले गर्दछन् । धर्मको नाउँमा नेपाली सामाजिक जीवनमा व्याप्त रहेको धार्मिक आडम्बर तथा हिन्दूवादद्वारा निर्मित मान्छे-मान्छेमा भेद, छूत-अछुत, निरर्थक वर्णवाद, टुना-मुना, मोहनी-मन्त्र जस्ता काल्पनिक एवम् अवैज्ञानिक विधि-विधान र भ्रमपूर्ण मान्यताहरूको विरोध उपन्यासकार घनश्याम ढकालले आफ्ना उपन्यासमा गरेका छन् । 'गाउँभित्र' उपन्यासमा रुद्रनाथको लैनो भैंसीले दूध नदिंदा लामाले पूर्वतिरको बोक्सीले दूध खाइदिएको ठहर गरेपछि रुद्रनाथका श्रीमतीहरूले जैसिनी बूढीमाथि आक्रमण गरी थला पारेका छन र लामाको मन्त्रले जैसिनी बूढी थला परेको अफवाह फैलाएका छन । समाजमा विकृति फैलाउने धार्मिक अन्धवादको विरोध उपन्यासकार ढकाले गरेका छन । पण्डित कमलप्रसादको धार्मिक अन्धवादको विरोध उपन्यासकारले वसन्तका माध्यमबाट यसरी गरेका छन्- "पशुवत

व्यवहारको निर्क्योल धर्म मान्नेहरूबाटै गरिनुपर्छ । रुद्रनाथले बहिनी स्याहारेको, मनिलालले भाइबुहारी समातेको, पूर्णमानले भाउजु लगेको, र बाबुसाहेबले सर्किनी उडाएकोलाई कुन धर्मअन्तर्गत राख्ने हो ? उनीहरू कुनै नास्तिक थिए र (गाउँभित्र : १२४) !" यसैगरी समाजमा अनैतिक कार्य गरेर त्यसबाट वच्नका लागि गरिने धार्मिक गुप्तदानको रहस्योद्घाटन उपन्यासकारले यसरी गरेका छन्-"पुरूषको मुख हेर्न हुन्न भन्ने शास्त्रको कठोर विधान हुँदाहुदै पनि बाईसवर्षे विधवाले कुन्निकोसँग हो सांसारिक आनन्द भोग्न पुगिछ । विधवाहहरूको परलोक सुधार्दै हिड्ने पण्डितले कताबाट हो यो कुराको सुँईको पाइसकेको रहेछ । धर्मको यसरी खुला उल्ङ्घन भएकोमा ऊ मूकदर्शक भएर बसिरहन सक्दैनथ्यो । धर्म रक्षाका निम्ति ऊ एकदिन बिहानै विधवाको घर  पुग्यो । प्रत्यक्ष नभने पनि प्रकारन्तरले विधवाको गोप्य कामको उल्लेख गरिदियो । यति मात्र होइन, यस किसिमका पातकीले मरेपछि भोग्नु पर्ने भयानक दण्ड विधानको पनि उल्लेख गरिदियो । मरेपछिको दण्डले भन्दा जिउँदै हुन सक्ने दण्डले विधवा डराउनथाली । "गोप्य कामको सुइँको पण्डितले पाइसकेको छ कि ?" उसलाई शंका लाग्यो । केही गमेर विधवाले भनी-"एकाहा लगाउँकी भनेर हजुरलाई लिन, सल्लाह गर्न घरै जान थालेकी थिएँ । भवावानले घरै ल्यादिनु भयो ।"

आफ्नो तीर विशानमै लागेको देखेर कमलप्रसादले दङ पर्दै पात्रो हेरेर एकाहाको दिन तोकिएयो । "पण्डितजी" हिड्नेबेलामा फेरी जिज्ञासा राख्दै बिधवाले सोधी-"जानेर त त्यस्तो पाप केही गरेकी छैन । अनजानमा त्यस्तो केही भएको भए पाप कटनी कसरी हुन्छ ?" आफ्नो गुप्त कर्मलाई पण्डितले थाहा पाएकै भए पनि उसले बुझ्ो लगाउन खोजी ।

"गोप्य पाप कटनी गर्नेमात्र होइन मनोवाञ्छित फल पाउन पनि गुप्त दानको व्यवस्था छ ।" प्रसन्न मुद्रामा थप आशाको लहर खेलाउदै पण्डितले जवाफ दियो । (पूर्ववत् : १२५-२६) । यसैगरी ढकालले यस उपन्यासमा मान्छे-मान्छेका बीचमा विद्यमान भेदभाव र छुवाछुतको प्रथालाई पनि चित्रण गरेका छन् । वसन्तले समानताको कुरा गरेर रने बूढालाई सम्झाउदा ऊ यसो भन्दछ-"हामी कमारा-कमारी भएर बस्दा तपाइँहरूले मान्छे भन्नु भएको थियो र यो त हामीलाई सिकाएकै कुरा हो । हाम्रै काँधमा नचढी तपाइँहरूको विहा हुदैन, भतेर पाक्दैन । हाम्रा चेलीबेटी चोखा हुन्छन्, हामी भने जुठा हुन्छौं । तल्लो जातका गनिन्छौं (उही : १६२-६३) ।" यसरी सामन्तवादी व्यवस्थालाई टिकाइ राख्न बनाइएका अनेकौ विधि-विधान र नीति-नियमहरूद्वारा बहुसंख्यक वर्गका मानिसहरू शोषित हुन्छन् भन्ने देखाउँदै धार्मिक नीति-नियम र

मान्छे-मान्छेमा विभेदता ल्याउने वर्णवादी व्यवस्थाको विरुद्ध ढकालले आफ्नो कलम चलाएका छन् ।

४.४.४.५ क्रान्ति र परिवर्तनप्रतिको अटल निष्ठा र राज्य आतङ्कको तीब्रतम विरोध

नेपाली जनताले त्याग, उत्सर्ग र बलिदान गरेर २०४६ सालको जनआन्दोलनलाई सफलताको शिखरमा पुऱ्याएर मुलुकमा प्रजातन्त्रको पूनः स्थापना गरे पनि सत्तासीन राजनीतिक दलहरूले जनहीतका लागि काम गरेको महसुस नेपाली जनताहरूले गर्न सकेनन् । जनताले आफ्नो ठानेको सरकार त झन्-झन् जनविरोधी, राष्ट्रविरोधी कार्यहरू गर्न थाल्यो र सरकारबाट जनताको मोहभङ्ग हुने क्रम प्रारम्भ भयो । महङ्गी, बेरोजागरी, अराजकता बढ्नुका साथै जनताको जीवन झन् कष्टकर बन्दै गयो । यस्तो जनविरोधी सत्ताको विरोध गर्ने जनतालाई प्रजातन्त्रविरोधी अभियोग लगाएर प्रजातान्त्रिक सरकार निर्मम जनदमनमा उत्रियो र 'सशस्त्र प्रहरी बल' गठन, 'किलोशेरा टु', 'खोज र मार' जस्ता अप्रेशन सुरुगरी निहत्था जनताको हत्या गर्न प्रजातान्त्रिक सरकार अगाडि सर्यो । राज्यआतङ्कको यस्तो दमनबाट लेखक, कलाकारदेखि लिएर सर्वसाधारण जनता, बाल, बृद्ध, बनिता कोही अछुतो रहेनन् । मुलुकमा पुलिस राज्य कायमा मात्र भएन, पुलिसद्वारा मानवअधिकार हनन्का घटनाहरू घट्न थाले । हत्या, लुट, बलात्कारका घटनाहरू पुलिसका लागि समान्य बने । राज्य-आतङ्कको यस्तो त्रासद स्थितिको चित्रण उपन्यासकार ढकालले आफ्ना उपन्यासमा गरेका छन् । उनले क्रान्तिचेत र अटल निष्ठाको माध्यमबाट प्रजातान्त्रिक व्यवस्थाको फासिवादी चरित्रलाई नङ्ग्याउने काम 'रातो अकाश' उपन्यासमा गरेका छन् । यस उपन्यासमा शान्तिसुरक्षा कायम गर्ने निहुँमा इन्सपेक्टर शम्भुको नेतृत्वमा गएको टोलीले शिक्षकलाई गिरफ्तार मात्र गरेन, निहत्था विद्यार्थीहरूमाथि निर्मम तरिकाले गोली चलाएको छ । यतिमात्र होइन इन्सपेक्टर शम्भुले साँझ पर्न लागेको समयमा गाउँमा आक्रमण गरेका छ । गाउँका निर्दोष मानिसहरूमाथि निर्मम यातना दिंदै उनीहरूले दुःखजिलो गरेर भेलापारेको रूपैयाँ-पैसासमेत झ्याप पार्न प्रहरी इन्सपेक्टर पछि परिको छैन । निदाएकाहरू बिउँझिनसमेत नपाई गोलीको सिकार भएका छन् । गाउँभरिका मानिसहरू गिरफ्तारीमा परेका छन् । बिनाकसुर उनीहरूलाई निर्मम यातना दिइएको छ र सार्वजनिक अभियोमा गिरफ्तार गरिएको छ । राज्य-आतङ्कको निर्मम चित्रण उपन्यासकार ढकालले इमानलाई आएको चिठीमा यसरी गरेका छन् :

आरती घरमा एक्लै थिई र भर्खरै पल्टेर झकाएकी थिई ।

"ठक ठक..............।" ढोका ढकठक्याएको आवाजले ऊ व्युँभिन पुगी ।
"को हँ?" नउठीकनै सोधी उसले ।
"हामी प्रहरी कार्यालयबाट ।" इनस्पेक्टरले बाहिरैबाट परिचय दियो । आरती उठेर ढोका खोली र बत्ती बाली । इन्सपेक्टर र अरु दुई तीन जना सरासर भित्र पसे ।
"बाबुहरूको केही काम थियो कि यति राती ?" डराइ डराई आरतीले सोधी ।
"हो कामैले आएका नत्र किन आउँथ्यौ ?" इन्स्पेक्टर बाउँठिन थाल्दै भन्यो ।
"कता पठाइएको छ छोराछोरीलाई आजभोलि ? पार्टीको काम खुबै गरिन्छ जस्तो छ नि ?"
"उनीहरू कहाँ छन् के काम गर्छन् मलाई केही थाहा छैन ।"

"बडो केही थाहा नपाएकी, केही नजानेकी हुन्छे हामीसित । पार्टीका मान्छेलाई दिन अविरलले दिउँसो पठाएको चिठी कता छ ? त्यो खुरुक्क दे नत्र भने गतिलो चाल हुने छैन ।" इनस्पेक्टरले मुख छोडिहाल्यो ।

आरती दङ्ग परी । अघिपछि उसलाई यस्तो कुरा कसैले सोध्दैन्थे ।
"कुन चिठी? यहाँ त पठाएको छैन उसले ।" आरतीले अनभिज्ञता जाहेर गरी । अज्ञात भयले उसको मुटु कमिरहेको थियो ।

"खोज । यसले त्यो चिठी कहाँ लुकाएकी छ ।" इनस्पेक्टरले आफैले पनि खोज्न लाग्यो र अरुले पनि खोज्न थाले । तिनले बाकस फुटालेर हेरे, ओछ्यान पल्टाए, गुन्द्रीका पत्रा टोटले, शरीर खानतलासी गरे, तर चिठी भेटिएन ।

"कहाँ राखेकी छस कुटिल बुढिया ? अभ्र दिन्नस ?" इनस्पेक्टरले आरतीको कपाल तान्दै गालामा नराम्रो भ्रापट दियो ।

"यहाँ कुनै चिठी छैन ।" आरतीले कडा प्रतिवाद गरी ।
"त्यसो भए कसलाई दिइस आउने बित्तिकै ?" "चिठी आएकै छैन ।" आरतीले फेरी प्रतिवाद गरी । "भन्दिनस अभ्र ?" इन्स्पेक्टर रिसले पागल भयो र आरतीको कपाल समातेर ढोकातर्फ जोडले धकेलिदियो । आरतीको टाउको दैलो ठेलामा ठोकियो र चोटले ऊ मूर्च्छा परी कति बेरपछि होसमा फर्की उसलाई थाहा भएन् ।

"को-को आउँछन् तेरा घर ? कस-कसका घर पुऱ्याउँछेस् चिठीपत्र ? कहाँ राखेका छन् बन्दुक ? छातीमा कुन्दाले पेल्दै असईले सोध्दै थियो ।

"मलाई केही थाहा छैन् ।" दाहा किट्दै उसले यतिमात्र भनी । भय र घृणा मिश्रित भावले पुलिसलाई हेर्न खोजी । किन्तु हेर्न अप्ठयारो हुँदै गएको थियो । आँखा चिम्ली छोराछोरी सम्झेर उसको आँखाबाट आँसु आए । असईले बुट र बन्दुकको कुन्दाले पेलिरहेको थियो । आरतीलाई सास फेर्न अप्ठयारो पर्न थाल्यो । फनफनी टाउको घुमेझैं भयो । थाप्लोमा केही गहुँगो वस्तु बजारिएझैं लाग्यो । अनि उसले केही पत्तो पाइन ।

"अझ भन्दिनस ? असईले उभ्याउन खोज्यो ! आरतीको शरीर लत्रिसकेको थियो ।

"सर ! यो त मरिसकिछ !" उसले हडबडाउँदै भन्यो ।

"हो र ? इन्स्पेक्टर आफैले जाँच्यो । आरती मरेसकेकी थिई । "सूचनास्रोत जोगाउन पर्थ्यो, उसलाई भित्रभित्रै डर पनि लाग्यो मरिछ ?" इन्स्पेक्टरलाई पछुतो लाग्यो ।

"माथिबाट खप्की आउने हो कि ?"

"सर ! यो लासलाई यही घर पोलेर डढाइदिए हुन्छ । कुनै झन्झटै गर्नु नपर्ने ।" सुराकीले जुक्ति फुरायो ।

"ठीक भनिस त्यसै गर्दै ।"

"आरतीले घरमा आगो झोसेर भित्र आत्महत्या गरी" त्यसपछि समाचार चारैतिर फैलाइएको थियो (रातो आकाश : ३१८-१९) ।

यसरी तत्कालीन सरकारले सिर्जना गरेको राज्य-आतङ्कको चित्रण गरी त्यसका विरुद्धमा सशक्त आवाज उठाउने काम ढकालले आफ्ना उपन्यासमा गरेका छन् ।

### ४.४.४.६ सरकारी रवैयाको आलोचना तथा कम्युनिष्ट अचरणको प्रस्तुति

प्रगतिवादी साहित्यकारहरूले आफ्ना रचनामा निर्भिक, इमान्दार सङ्घर्षशील निम्नवर्गका कम्युनिष्ट कार्यकर्ताहरूलाई मुख्य पात्र बनाई उनीहरूमा रहेको सेवाभाव, जनताका सुखदुखमा सहयोगी भावनाले नै सबैका मन जित्न सकेको यथार्थ एकातिर देखाउने गर्छन् भने अर्कोतिर जाली-फटाहा, सामन्त, दलाल र भ्रष्टहरूलाई सरकारले साथ दिने गरेको तथ्य खुलाउने

गर्दछन् । उपन्यासकार ढकालले पनि आफ्ना उपन्यासमा यही यथार्थको अभिव्यञ्जन गरेका छन् । 'गाउँभित्र' उपन्यासमा उपन्यासकार ढकालले पञ्चायती सरकार र त्यसको पक्षपोषक प्रधानपञ्च, मानीय, सि.डि.ओ. आदिले निम्नवर्गीय गरिब जनताहरूमाथि गरेको शोषणको चित्रण गरेका छन् । गरिब जनताहरूमा यसका विरुद्धमा साङ्गठनिक चेतना विकास हुँदै गइरहेको देखाएका छन् त्यस्तै 'रातो आकाश' उपन्यासमा पनि प्रजातान्त्रिक सरकारको जनविरोधी कदमको विरोध गर्दै कम्युनिष्ट कर्यकर्ताहरूमा पलाएको सेवा भावनाको प्रस्तुति गरेका छन् । यस उपन्यासमा कम्युनिष्ट कार्यकर्ताहरूको अभियान दलमाथि गाउँलेहरूले आक्रमण गर्दा पनि उनीहरूले प्रत्याक्रमण गरेका छैनन् । बरु रातको समयमा अभियान दललाई लखेट्ने हिड्दा ठेस लागेर घाइते भएको मानिसलाई घाउमा औषधी-पट्टी लगाई बोकेर घरसम्म पुऱ्याइदिएका छन् । अभियान दलले गाउँलेहरूलाई दाउरा काट्ने र खर काट्ने कार्यमा समेत सहयोग गरेको छ भने गाउँमा रहेका रक्सीभट्टी र जुवातासका अड्डाहरू समेत बन्द गराएर तथा गाउँका जाली, फटाहाहरूलाई सार्वजनिक रूपमा दण्ड-सजाय गराएर सर्वसाधारण गाउँले जनताहरूको मन जित्न सफल भएको छ । उनीहरू सेल्टरमा बस्दा पनि बिनाकाममा बस्दैनन् भन्ने कुरालाई उपन्यासकारले यसरी प्रस्तुत गरेका छन् :

> "कुरा पछि गर्दै गरौंला, बरू अहिले खाना खानुअगाडि केही काम सघाउन पटी लागौं । सेल्टरमा हामी पाहुनाजस्तै बसिरहौं, आश्रयदाताहरू मरीमरी हाम्रो सेवा गरुन् । यो भन्दा नराम्रो प्रवृत्ति अरु मलाई केही लाग्दैन । त्यसैले जहाँ बसे पनि एउटा न एउटा काम गर्न मन लाग्छ मलाई ।"
>
> "आप्ठयारो हुन्छ नै, कही काम गर्न दिने नदिनेको बीचमा विवाद पनि हुन्छ । नबुभ्ने बेलासम्म हो, पछि भने सहज हुन्छ ।"
>
> उनीहरू धन्सारबाट बाहिर निस्के । साँझ परिसके पनि घरवेटीका जहान परिवारहरू अझै जम्मा भइसकेका थिएनन् । बूढी आमा भान्सातिर व्यस्त थिइन । केटाकेटीहरू आगन र पिँढीमा खेलाबैला गर्दै थिए । रवि भैंसीको धन्दा गर्न गोठतिर लाग्यो । दिउँसोदेखिका जुठा भाँडा लथालिंगै थिए । अविवरलले ती सबै बटुलबाटुल पारेर जुठेल्नामा लागि माभ्न थाल्यो । भाडा माझिसक्दा पानी सकियो र ऊ गाग्री बोकेर पँधेरतिर लाग्यो । अध्यारो भए पनि त्यति धेरै टाढा थिएन ।

"भैंसीले अरुलाई दूध दिन्छ कि दिदैन होला?" रविले सोध्यो ।

"जो बसे पनि दिन्छ बाबु । म बूढीले थुन तान्न सक्दिन र हो ।"

"म दुहीहाल्छु नि दिन्छ भने खोइ दिनुहोस् दुहुने ठेकी ।"

रवि भैंसी दुहेर घर आइपुग्दा अविरल पानी बोकेर आइपुग्यो । अनि ती दुवै धन्सारतिर लागे । बूढी आमैले भान्सा तयार बनाएकी थिइन् (उही : २५१) ।

यसरी उपन्यासकारले ढकालले आफ्ना उपन्यासमा कम्युनिष्ट पार्टीको इमानदार कार्यकर्ताको चरित्रमार्फत नेपाली पिछिडिएका जनताको निस्वार्थ सेवामा जुटी आफ्नो लोकप्रियता बढाएको यथार्थलाई उजागर गर्दै सेवा र समर्पणले नै जनताको मन जित्न सकिन्छ अनि सङ्घर्षले नै परिवर्तन ल्याउन सकिन्छ भन्ने यथार्थ उद्घाटन गरेका छन् ।

४.४.४.७ परम्परागत बुर्जुवाशिक्षाको विरोध र नयाँ जनवादी शिक्षाको समर्थन

वर्तमान विश्व एक्काइसौं शताब्दीमा पुगिसक्दा पनि नेपालमा शिक्षाका क्षेत्रमा कुनै परिवर्तन भएको छैन । अहिलेको भौतिकवादी वैज्ञानिक युगमा पनि नेपालीहरू संस्कृत शिक्षाको कर्मकाण्ड पद्धतिमा भुलिरहेका छन् । प्रगतिवादी साहित्यकारहरूले आफ्ना रचनामा यही परम्परागत वुर्जुवा शिक्षा प्रणालीको विरोध गरी त्यसका ठाउँमा नयाँ जनवादी शिक्षाको समर्थन गरेका छन् । उपन्यासकार ढकालले 'रातो आकाश' उपन्यासमा वर्तमान परम्परागत शिक्षाप्रणालीका कमी कमजोरीहरूलाई खोल्दै शिक्षामा परिवर्तनको चाहनालाई यसरी प्रस्तुत गरेका छन् :

"हाम्रो उद्देश्य जनवादी शिक्षाको अधिकार प्राप्त गर्नु हो ।" उसले उभिएर भन्न थाल्यो- "वर्तमान शिक्षाले हाम्रो कलिलो मष्तिष्कमा सामन्तवाद र पूँजीवादको दास हुने शिक्षा दिएको छ । हामीलाई परजीवी बनाउदै श्रमलाई घृणा र अन्धविश्वासलाई श्रद्धा गर्न सिकाएको छ । हामी वैज्ञानिक शिक्षा चाहन्छौं, समाज र मानिसको मुक्ति चाहन्छौं । समाजका प्रत्येक व्यक्तिलाई जनवादी शिक्षा अनिवार्य गराइनु पर्दछ । मानिस मुक्त हुने दुइटा पाटा छन्, एउटा आन्तरिक र अर्को बाह्य । आन्तरिक मुक्ति अर्थात् आत्मिक मुक्ति विना सामाजिक मुक्ति सम्भव हुदैन । हामीलाई यस्तो शिक्षा चाहिएको छ जसले श्रमलाई जीवनको अभिन्न अंग बनाइदियोस् र हाम्रो व्यक्तित्व विकासको

चौतर्फी ढोका खोलिदियोस् । सामाजिक मुक्तिबाटै विद्यार्थीको शिक्षा प्राप्त गर्ने अधिकार प्राप्त हुने हुनाले जनवादी शिक्षाका लागि सङ्घर्ष गर्नु भनेको सामाजिक मुक्तिका लागि पनि सङ्घर्ष गर्नु हो । त्यसैले सामाजिक क्रान्तिमा लागिरहेका मजदुर किसानलाई विद्यार्थीले सहयोग गर्नुपर्दछ । वातावरण निकै जोशिएको थियो र विद्यार्थीहरूले लगातार ताली बजाइरहेका थिए । त्यसैले गर्दा विनोद केहीबेर रोकियो र फेरी भन्न थाल्यो- "हामी कुनै व्यक्तिको स्तुति होइन, राष्ट्र र जनताको गीत गाउँछौं, अनि जनमुक्तिको बन्दना गर्दछौं । शिक्षा सामाजिक चेतना हो र त्यसलाई निजी व्यापारको बस्तु बनाइनु हुँदैन (उही : ३६-३७) ।"

यसरी वर्तमान शिक्षा काम नलाग्ने भएको बी.ए., एम. ए. पढनेहरू बेरोजगार र अल्छि बनेका, शिक्षामा वर्ग स्थितिको प्रतिविम्बन भएको र धनीले बोर्डिङमा तथा गरिबले सरकारी स्कूलमा पढाउनु परेको र जबर्जस्ती संस्कृत शिक्षा लादिएको वर्तमान अवस्थामा शिक्षाको नयाँ पाटोको खोजि गर्नुपर्ने र त्यो पाटो जनवादी शिक्षा नै हो भन्ने आशाय ढकालको रहेको छ ।

### ४.४.४.८ सामाजिक यथार्थ र वर्ग-सङ्घर्षको चित्रण

नेपाली समाज अर्ध सामन्ती र अर्धपूँजीवादी समाज हो । त्यसैले नेपाली समाज शोषक र शोषित, धनी र गरिब, उच्च र निम्नजस्ता असमानतामा विभाजित रहेको पाइन्छ । सामन्तवादी र पूँजीवादी शक्तिद्वारा सिर्जित असमानता, वर्गीय विषमता एवम् शोषक र शोषितबीच रहेको भिन्नतालाई देखाउँदै समाजमा चर्किंदै गएको वर्गसङ्घर्षको चित्रण गर्नु प्रतिवादी साहित्यकारहरूको मूल ध्येय रहेको देखिन्छ । खासगरी नेपाली समाजका किसान, मजदुर, ज्यामी, हली, खेताला, गोठाला जस्ता पसिना चुहाई धर्ती उर्वरा पार्ने भोका-गरिब-सर्वहारा वर्गको जीवनभित्र प्रवेश गरेर प्रगतिवादी साहित्यकारहरूले यथार्थको चित्रण गरेको पाइन्छ भने त्यस वर्गभित्र रहेको विद्रोह, आक्रोशको प्रतिबिम्बनसमेत गरेको देखिन्छ (भण्डारी, २०५५ : १३१ ) ।

घनश्याम ढकाल पनि प्रगतिवादी उपन्यसकार भएकाले उनका उपन्यासमा पनि वर्गसङ्घर्षको चित्रण पाइन्छ । 'गाउँभित्र' उपन्यासको पहिलो खण्डमा नेपाली श्रमिक वर्गको वास्तविक परिवारिक इतिहास वर्णित छ । काम र मामको खोजीमा भारत-परदेशका विभिन्न ठाउँ-ठाउँमा पुगी गाई चराउने, गोठ राख्ने, कुल्ली र दर्वान बस्ने परम्परा अहिलेसम्म नेपाली

विपन्नवर्गले भोगिरहेकै वास्तविकता हो । यही वास्तविकतालाई उपन्यासकारले उपन्यासको प्रारम्भमा वर्णन गरी नेपाली वर्गविषम समाजको वर्गीय र सामाजिक चित्र उपस्थित गराएका छन् (भट्टराई, ३५४) । आफ्ना पति र पिता गुमाएका वसन्तका आमाछोराले लिएको ऋण र त्यही ऋणको सन्दर्भमा मरिसकेको बाबुले समेत ऋण लिएको थियो भनी झुटा कागज बनाउने रुद्रनाथ तिवारीसँगको अन्तर्विरोध नै उपन्यासमा द्वन्द्व सिर्जनाको कारक बनेको छ भने यिनीहरूकै दुई ध्रुवमा बाँडिएर शोषक वर्गीय र शोषित वर्गीय चरित्रहरूको निर्माण भएको छ ( उही : ३५५) । वसन्त शोषित वर्गीय चरित्र हो र उपन्यासमा उसले शोषित उत्पीडित वर्गको प्रतिनिधित्व गरेको छ भने रुद्रनाथ शोषक वर्गको चरित्र हो र उसले समाजका शोषक वर्ग र पञ्चायती निरंकुशताको प्रतिनिधिका रूपमा कार्य गरेको छ । शोषक वर्ग आफ्नो वर्गीय हीतको सुरक्षाका निम्ति राज्यका सम्पूर्ण संयत्रहरू प्रयोग गर्दछ भने शोषित वर्ग त्यसको अन्त्यका लागि चेतना जागृत गराउने कार्यमा लाग्दछ । यसरी वर्गसङ्घर्षको चित्रणका क्रममा सामन्तवादी समाजको भण्डाफोर, त्यसको पतनको सङ्केत, शोषित वर्गप्रति सहनुभूति र तिनका जीवनको कटु यथार्थ चित्रण 'गाउँभित्र' उपन्यासमा भएको देखिन्छ ।

'रातो आकाश' उपन्यास २०४६ साल पछिको अवधिमा विकसित जनविद्रोहको काथामा आधारित छ । यतिबेला जनयुद्ध सञ्चालन गर्ने र त्यसलाई दमन गर्ने दुबै पक्ष मैदानमा द्वन्द्वरत छन् । वर्गसङ्घर्षको यही यथार्थलाई नजिकबाट छाम्दै र चुम्दै ढकालको यस उपन्यासको सिर्जना भएको छ (उही : ३६०) । उपन्यासको पहिलो अध्यायमै नेपाली ग्रामीण समाज, त्यहाँको जनजीवन वर्गीय अवस्था र समाजमा सकारात्मक पात्रहरूको उपस्थित भएको देखिन्छ भने वर्गीय द्वन्द्व र वर्गसङ्घर्षको सुरुवात तेस्रो खण्डबाट भएको छ । उपन्यासमा मणिकान्त र योगेन्द्र शोषकवर्गको प्रतिनिधि पात्रका रूपमा आएका छन् भने अविरल र उसका साथीहरू शोषित वर्गका पात्रका रूपमा आएका छन् । यसै अध्यायमा उपन्यासकारले अविरलले स्कूलबाट घर फर्किंदा भेटेको पर्चामा वर्गीय चिन्तनलाई यसरी प्रकट गरेका छन्-"गरिबी, दुःख र ऋणबाट हामीले कहिल्यै मुक्ति पाउन सकेनौ ! बाँच्नका लागि स्वेदेशमा मात्र होइन विदेशमा समेत गएर हाड घोट्न परेको छ । यस्तो हुनुको कारण हामीले खोज्न र बुझ्न सकेका छैनौं । हाम्रो यही अज्ञानताबाट फाइदा उठाएर सामन्ती शोषकहरूले हामीमाथि रजाइँ गरिरहेका छन् । यस्तो नरकबाट मुक्त हुनका लागि पहिला हामीले आफैलाई बुझ्नु पर्छ, लुटेराहरूलाई चिन्नु पर्छ र क्रान्तिकारी कम्युनिष्ट पार्टीको झण्डामुनि एकत्रित हुनुपर्छ । सबै शोषित र पीडित जनता मिलेर आन्दोल चलाई क्रान्ति गरेपछि मात्र गरिबका दिन फिर्छन् (रातो आकाश : १७) ।"

यसरी उपन्यासकारले गरिब वर्गको हितकालागि कम्युनिष्ट पार्टीको झण्डामुनी एकत्रित भई वर्गसङ्घर्ष चर्काउन आग्रह गरेका छन् भने मणिकान्त पनि पञ्चायत गतिविधि विरुद्ध लागि परेकाहरूलाई सामाजिक बहिष्कार गरी गाउँबाट एक्ल्याएर लखेट्नु पर्छ, भन्ने अभिव्यक्ति सार्वजनिक ठाउँमा प्रकट गर्दछ । यसरी वर्गसङ्घर्षको चित्रण र त्यही वर्गीय समाजको यथार्थ प्रकटीकरणमा उपन्यास केन्द्रित रहेको छ ।

### ४.४.५ घनश्याम ढकालका निबन्धको अध्ययन

साहित्यकार घनश्याम ढकाल नेपाली साहित्यको निबन्ध विधामा पनि साधनारत छन् । २०२६ सालमा स्याङ्जाबाट प्रकाशित हुने 'मातृभूमिको गोरेटो' पत्रिका प्रकाशित निबन्ध (शीर्षक अप्राप्त) बाट साहित्य यात्रा आरम्भ गर्ने ढकालका 'नाम कमाउने रहरमा' (२०४२) र 'दरिद्रताबाट मुक्ति' (२०४५) गरी दुई निबन्धात्मक कृति प्रकाशित भएका छन् । प्रगतिवादी नेपाली साहित्यमा निब्नध विधा फस्टाउन नसकेकाले नै आफू निबन्ध विधामा केन्द्रित भएको मत यिनले व्यक्त गरेका छन् (ढकाल, २०४२, भूमिका) । आफ्नो लेखन यात्राको प्रारम्भिक चिन्तन प्रस्तुत गरेका ढकालका यी निबन्धात्मक कृतिको सरसर्ति अध्ययन यस प्रकार गर्न सकिन्छ ।

#### ४.४.५.१ "नामकमाउने रहरमा' निबन्धसङ्ग्रहको अध्ययन

'नाम कमाउने रहरमा' ढकालको पहिलो निबन्ध सङ्ग्रह हो । तेह्रवटा निबन्धहरू सङ्ग्रहित यस सङ्ग्रहमा ढकालले प्रगतिवादी जीवनदृष्टि भित्र रहेर गोर्खा भर्ती, जनसंस्कृति, इज्जतको आडम्बर, क्रान्तिकारी र प्रगतिशीलता आदि सामाजिक पक्षमा केन्द्रित रहेर आफ्ना विचार प्रस्तुत गरेका छन् । सरल भाषा र आकर्षक शैलीमा रचना गरिएका यी निबन्धहरू वर्तमानका विकृतिहरूप्रति व्यङ्ग्य गर्न र चिन्तनका क्षेत्रमा प्रतिबद्ध बनाउने उद्देश्यले लेखिएका ढकालका यी निबन्धहरूमा सरल र आकर्षक भाषाशैली प्रयोग भएको छ ।

४.४.५.२ "दरिद्रताबाट मुक्ति' निबन्धसङ्ग्रहको अध्ययन

दरिद्रताबाट मुक्ति ढकालको दोस्रो निबन्धसङ्ग्रह हो । तेईसवटा निबन्ध सङ्ग्रहीत यस सङ्ग्रहमा ढकालले साहित्यिक चिन्तनमा नभई बोक्रे प्रचारमा लाग्नेप्रतिको आलोचनासँगै सामाजिक विकृतिप्रति व्यङ्ग्य गरेका छन् । ढकालले यी निबन्धमा प्रतिबद्धताको प्रश्न, गीत-सङ्गीतको वर्गीय प्रश्न, बुद्धिजीविको भूमिका आदिबाट वर्गीय चिन्तनको वास्तविकता खोजेका छन् ।

यसैगरी पारिवारिक मर्मसँगै आर्थिक आधारमा गाँसिएका सम्बन्धहरू नाफा नोक्सानबाट माथि उठेको मानवीय जीवनको खोजी, अन्धविश्वासबाट मुक्त विवेकयुक्त वैज्ञानिक समाजको चाहना अनि सांस्कृतिक विकृतिको चित्रण, क्रान्तिप्रतिको विश्वास र साहित्यमा सौन्दर्यचिन्तन जस्ता विषय पनि यी निबन्धमा आएका छन् । डायरी, पत्रात्मक, संस्मरणात्मक र विश्लेषणात्मक शैलीमा लेखिएका यी निबन्धको भाषा सरल र आकर्षक रहेको छ ।

४.४.६ घनश्याम ढकालका निबन्धसङ्ग्रहको प्रवृत्तिगत अध्ययन

घनश्याम ढकाल निबन्ध बिधाका माध्यमबाट साहित्य लेखनको आरम्भ गर्ने स्रष्टा हुन् । 'मातृभूमिको गोरेटोमा' (२०२६) उनको पहिलो प्रकाशित निबन्ध हो । निबन्ध विधामा ढकालका 'नाम कमाउने रहरमा' (२०४२) र 'दरिद्रताबाट मुक्ति' (२०४५) नामक दुई निबन्धसङ्ग्रहरू प्रकाशित छन् । प्रारम्भिक लेखनयात्रामा आफ्ना प्रारम्भिक चिन्तनहरू प्रस्तुत गर्ने ढकालका यी दुई निबन्ध सङ्ग्रहमा जम्मा ३६ वटा निबन्धहरू सङ्कलित रहेका छन् । प्रारम्भिक लेखन भएपनि उनका यी निबन्धहरू सङ्ख्यात्मक, गुणात्मक र वैचारिक दृष्टिले राम्रा मानिन्छन् । प्राध्यापन पेशामा सङ्लग्न ढकाल प्रगतिवादी जीवनदृष्टिभित्र रहेर विभिन्न विषयवस्तुलाई निबन्धात्मक रूप दिन सफल भएका छन् ।

अभिव्यक्ति शिल्पका आधारमा निबन्धलाई वर्णनात्मक, विवरणात्मक, विचारात्मक र भावात्मक गरी चारप्रकारले वर्गीकरण गर्न सकिए तापनि ढकालका निबन्धात्मक रचनाको

वर्गीकरण गर्ने सन्दर्भमा विषयवस्तुलाई मूल आधार मानिएको छ । विषयवस्तुगत प्रवृत्तिका आधारमा उनका निबन्धको अध्ययन यसप्रकार गर्न सकिन्छ :

### ४.४.६.१ समाजमा विद्यमान कुसंस्कार, अन्धविश्वास र दाइजोप्रथाको विरोध

निबन्धकार ढकालले सामाजिक समस्याका रूपमा विद्यमान गरिबी, शोषण, अन्धविश्वास तथा दाइजोप्रथाको चर्को विरोध गर्दै त्यसको विरुद्धमा सबैलाई एकजुट भएर लाग्न आह्वान गरेका छन् । ढकालका यस प्रवृतिका निबन्धहरूमा 'जवाफ एउटा मित्रलाई', 'ऋणमुनिको संसार' 'भाग्यसँग घम्साघम्सी' 'अन्त्यदान', 'दाइजो' र 'इज्जत' जस्ता निबन्धहरू उल्लेखनीय रहेका छन् ।

'जवाफ एउटा मित्रलाई' निबन्धमा निबन्धकार ढकालले मित्र मेघराजलाई सम्बोधन गरी आत्मीय सम्बन्ध भएका आफन्तहरूले आफूप्रति गरेको व्यवहारलाई यथार्थ रूपमा उतारेका छन् । आफू आपतमा परेको बेलामा सहयोग गर्नुको सट्टा सम्पत्ति हडप्न आफन्तहरू कतिसम्म आत्मीयताको अभिनय गर्दा रहेछन् भन्ने कुरालाई ढकालले यसरी प्रस्तुत गरेका छन्- "एक्लोपनले विरक्तिएको र साहूले अत्याएको बेलामा भएको जेथावेची आफन्तहरूको अनुहार कहिल्यै पनि नदेख्ने ठाउँमा जान मलाई पनि मन लागेको थियो । यही कुरा मेलै प्रकाशमा ल्याएँ पनि यसले गर्दा मेरा आफन्त तथा मित्रहरूको मुटु छोएको छ । उनीहरू तत्काल म मर्ने हो भने सती जानसमेत तयार भए । भन्न सक्छौं-गाउँ छोडन लागेको हुनाले यति विध्न मलाई माया गरिएको थियो । अहँ त्यो कुरा पटक्कै थिएन । अब त मैले आफन्त तथा दाजुभाइलाई माया गरेर घर जग्गा मिलाएर दिनुपऱ्यो (दरिद्रताबाट मुक्ति : १०) ।" यसरी समाजमा सम्पत्तिका निम्ति आत्मीयता देखाउने प्रवृति सामाजिक समस्याको रूपमा रहेको छ भन्दै धनविना आत्मीयता रहन सक्दैन् भन्ने कुरालाई निबन्धकार ढकालले आलोचनात्मक रूपमा प्रस्तुत गरेका छन् ।

'भाग्यसँग घम्साघम्सी' निबन्धमा निबन्धकार ढकालले सामाजिक कुसंस्कार र अन्धविश्वासलाई प्रस्तुत गरेका छन् । निबन्धकारका विचारमा भाग्य भनेको शोषक, जाली-फटाहाहरूले निर्माण गरेका कुसंस्कार र अन्धविश्वासको उपज हो । विभिन्न जालझेल, षडयन्त्र र भ्रष्टाचार गरेर मान्छे अकूत सम्पत्ति कमाउँछ र आफूलाई भाग्यमानी सावित गर्दछ । न्यायपूर्ण प्रयत्नले मानिस भाग्यमानी बन्न सक्दैन् । त्यसैले भाग्य चोरी, डकैती, बेइमानी,

गुण्डागर्दी, जुवा, तस्करी आदिमा बस्ने गर्दछ । यसले समाजमा दह्रो जरो गाडेको भए पनि वर्तमान विश्वमा विकास भइरहेको विज्ञान र वैज्ञानिक भौतिकवादी चेतनाले अन्धविश्वासको उपज भाग्यलाई पराजित गर्ने छ भन्ने दृढ विश्वास निबन्धकारले व्यक्त गरेका छन् ।

'ऋणमुनिको संसार' निबन्धमा निबन्धकार ढकालले सामाजिक शोषणलाई प्रस्तुत गरेका छन् । समाजमा निम्नवर्गीय मानिसहरूले आपत विपतको समयमा ऋण खोज्दा पनि नपाउने र पाइहाले पनि चर्को व्याजदरको सामना गर्नु पर्ने सामाजिक समस्याको उद्घाटन ढकालले यस निबन्धमा गरेका छन् । यस्तो ऋण पनि आफ्नो चलअचल सम्पत्ति छ भने मात्र पाइन्छ भन्दै निबन्धकार ढकाल स्वयम् आफूले पनि यस्तो समस्या भोगेको तीतो यथार्थलाई यस निबन्धमार्फत यसरी प्रकट गर्दछन्-"मलाई क्रिया खर्चको खाँचो थियो । मसँग सम्बन्धित पैसाहुनेहरू भन्ने गर्थे-"तेरो के आम्दानी छ र पैसा तिर्छस् ? लौ त हामी नभै कोराबाट कसरी निस्किदो रहिछस् ? पानीबाट कसरी फुक्दो  रहिछस् ?" (उही : २२) ।" यस्तो ऋणबाट मुक्तिका लागि सामूहिक प्रयत्नको आवश्यकता रहेको चर्चा गर्दै मानिसहरू यसका विरुद्धमा किन लागि नपरेका होलान् ? भन्ने जिज्ञासालाई निबन्धकार ढकालले यस निबन्धमा व्यक्त गरेका छन् ।

'अन्त्यदान' निबन्धमा निबन्धकार ढकालले समाजमा विद्यमान दानधर्मसम्बन्धी सामाजिक अन्धविश्वास र कुसंस्कारलाई प्रस्तुत गर्दै दान-धर्मले मानिस मरेपछि स्वर्ग पुग्ने संस्कारलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । समाजमा पुरोहित वर्गले दान धर्मले मानिस मरेपछि स्वर्ग पुग्छ भनेर शोषण गरिरहेका छन् । बढी दान गर्नेले स्वर्ग पाउँछ र दान धर्म नगरी मृत्युवरण गर्ने घोर नर्कमा पर्दछ भन्ने हल्ला चलाएर उनीहरू आफूलाई स्वर्ग र नर्कको ठेकेदारका रूपमा प्रस्तुत गरिरहेका छन् । हाम्रो समाज यिनै ठेकदारहरूको चङ्गुलमा फसेको छ भन्दै दान थाप्न आतुर पुरोहित वर्गप्रति ढकालले यस निबन्धमा आक्रोश व्यक्त गरेका छन् भने दान गरेर आफ्ना बाबुआमालाई स्वर्ग पठाउने छोराछोरीप्रति यसरी व्यङ्ग्य कसेका छन्-"वृद्ध र असक्त बाबु-आमालाई आफ्नो हैसियतले भेटेसम्मको खान मन लागेको कुरा, लाउन मन लागेको कुरा र कतै जान मन लागेको कुरामा भुतभुते खरानी खन्याउने छोरा बुहारीहरूले मरेपछि अन्त्यदानको स्वाङ पार्नु एउटा विडम्वना मान्नु पर्छ (उही : ६१) ।" त्यसैले दान धर्मका नाममा सम्पत्ति गुटमुटचाउने यो प्रथा सामन्ती संस्कारको उपज हो भन्दै यस्ता कुसंस्कारबाट नेपाली समाजले कहिले मुक्ति पाउला भन्दै निबन्धकार ढकालले विवेकयुक्त वैज्ञानिक र समतामूलक समाज स्थापनाप्रति चासो यस निबन्धमा प्रस्तुत गरेका छन् ।

'दाइजो' निबन्धमा निबन्धकार ढकालले नेपाली समाजमा विद्यमान दाइजोप्रथालाई मूल विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । हरेक बाबु-आमाले आफ्ना छोरीको विवाहमा इज्जत राख्न सम्पत्तिको खोलो बगाउनु पर्ने दाइजोप्रथाको निबन्धकारले यसरी धज्जी उडाएका छन्- "आजभोलि गाउँघर तर्फ छोरीलाई केही मात्रामा भए पनि विद्यालयमा पढाउने गरिन्छ । यस्तो गर्नुको मूल उद्देश्य छोरीलाई पनि शिक्षादिक्षा दिनुपर्छ भन्ने आशयभन्दा विवाह गर्न केही सजिलो हुन्छ कि भन्ने आशमा हो । छोरीको उपेक्षा यसरी भइरहेको छ र सम्पत्ति खोज्नेहरूले छोरीको विवाह केटासँग होइन् केटीको बाबुले दिने सम्पत्तिसँग गर्दछन् (उही : ७०-७१) ।" यसरी निबन्धकार ढकालले छोराछोरी जसको विवाहमा पनि दाइजो प्रथाको विरोध गरी समाजमा चेतना फैलाउने उद्देश्य यस निबन्धमा राखेका छन् ।

'इज्जत' निबन्धमा इज्जतका निम्ति मानिस जस्तोसुकै घृणित कार्य गर्न पनि पछि पर्दैन भन्ने विषयवस्तु आएको छ । इज्जतका निम्ति मान्छे आफ्नो स्वास्नी र छोरीसमेत गुरुभेटी चढाउन पछि पर्दैन् । विवाहमा इज्जतदार कहलाउनेहरूको इज्जत दाइजोको ट्रकसँग हिँडेको छ भने आधुनिक युवतीहरूको इज्जत नाङ्गो तिघ्रा देखाउनुसँग छ भन्दै निबन्धकारले यस्तो इज्जतलाई प्रतिक्रियावादी सत्ताको उपजका रूपमा लिएका छन् । यस्तो इज्जतको मूल जड प्रतिक्रियावादी सत्ताको अन्त्यका लागि त्याग र बलिदान आवश्यक रहेको कुरालाई निबन्धकारले यस निबन्धमार्फत प्रष्ट पारेका छन् ।

### ४.४.६.२ क्रान्तिका नाममा हुने अवसरवादी, स्वेछाचारी एवम् भ्रष्टप्रवृतिको आलोचना

निबन्धकार ढकालले आफ्ना निबन्धको अन्तर्वस्तुका रूपमा सामाजिक यथार्थको चित्रण गरेका छन् । विशेषगरी वैचारिक रूपमा विचलित पतित र भ्रष्ट हुँदै गएका अवसरवादी साहित्यकार तथा नेताहरूको सिद्धान्तहीन, आस्थाहीन, विचारहीन प्रवृत्ति तथा क्रान्तिकारीताका नाममा देखिने स्वेच्छारी प्रवृत्ति तथा विकासका नाममा हुने गरेका भ्रष्टाचारी प्रवृत्तिको यथार्थ चित्रण गरेका छन् । ढकालका यस्ता निबन्धहरूमा 'क्रान्तिकारीहरूबाट पिटिंदा', 'नाम कमाउने रहरमा', 'ठूलो मान्छे', 'सफलताको सोपान', 'विकास प्रेमी,' 'विद्वान् असहमति र विरोध' 'दरिद्रताबाट मुक्ति', 'जनमतसंग्रहको सेरोफेरोमा', 'वुद्धिजीवी', 'पाठक र लेखक' जस्ता निबन्धहरू उल्लेखनीय रहेका छन् ।

'क्रान्तिकारीहरूबाट पिटिदा' निबन्ध क्रान्तिकारीताका नाममा हुने गरेका स्वेच्छाचारी प्रवृत्तिको चित्रण गरिएको निबन्ध हो । आफूलाई क्रान्तिकारी र प्रगतिवादी भन्नेहरू फरक विचार राख्नेलाई पिटेरै भएपनि तह लगाउन चाहन्छन् । यस निबन्धमा प्रगतिशीलताका नाममा देखिने विभिन्न विकृतिहरू, महिलामुक्तिका नाममा स्वास्नी बटुल्ने प्रवृत्ति र शोषण विरोधी नाराका रूपमा देखापरेका भ्रष्टाचारी प्रवृत्तिको यथार्थ चित्रण निबन्धकार ढकाले गरेका छन् । यसरी क्रान्तिकारीका नाममा देखापरेका यस्ता कुप्रवृत्तिहरूको विरोध निबन्धकारले गर्दा आफू उल्टै उनीहरूबाट पिटिनु पर्ने विवशताको तीतो महसुस उनी यसरी गर्दछन्-मैले क्रान्तिकारीहरूको सूत्रद्वारा नभै आफ्नै पराले राक्षसी काण्डको विरोध गरे । उनीहरूले घोषणा गरे-"हाम्रो सूत्रलाई नमान्ने, त्यो मण्डले हो । पिस्करकाण्डलाई समर्थन गर्यो । त्यसलाई हामीले पिटेर ठीक पार्छौं (नाम कमाउने रहरमा : २१) ।" यस्ता मण्डले क्रान्तिकारीहरूलाई तहलगाउन प्रगतिशील बौद्धिक शक्तिद्वारा निर्देशित शारीरिक शक्ति आवश्यक रहेको ठहर निबन्धकार ढकालले यस निबन्धमार्फत गरेका छन् ।

'नाम कमाउने रहरमा' निबन्धमा निबन्धकार ढकालले सिद्धान्तहीन, अस्थाहीन, विचारहीन व्यक्तिहरूको चित्रण गर्दै काम नगरी चर्चामा आइरहने गुदी नभएका बौद्धिक दरिद्रहरूप्रति प्रहार गरेका छन् । आफ्नो स्पष्ट धारणा बनाउन नसक्ने लेखकहरूले आफूलाई प्रगतिशील वैचारिक पङ्तिमा लामबद्ध गरेका छन् । सत्ताको आड र स्तुतिका भरमा भएका यस्ता लेखकहरू प्रतिपक्षको आलोचना खेप्न नसकेर समन्वयवादी दृष्टिकोण अँगालिरहेका छन् । यसको मुख्यकारण सस्तो लोकप्रियता कमाउने अभिव्यक्ति हो भन्ने दृष्टिकोण निबन्धकारको रहेको छ । त्यसैले प्रगतिवादी लेखकहरूले नाम कमाउने भन्दा पनि कर्तव्यबाट प्रेरित भएर कलम चलाउनुपर्छ भन्ने सुझाव निबन्धकारको रहेको छ ।

'ठूलो मान्छे' निबन्धमा बौद्धिक गुदी नभएका ठूला मान्छेहरूलाई प्रस्तुत गरिएको छ । धेरै पढेर प्रसस्त सम्पत्ति कमाउनु, आफन्तलाई जागिरको व्यवस्था गरिदिनु, र कसैलाई परीक्षामा पास गराउन सक्नेहरू नै समाजमा ठूलामान्छे कहलिएका छन् । यस्ता मान्छेलाई ठूलो मान्छे भन्न मिल्दैन भन्ने विचार निबन्धकारले यसरी प्रकट गरेका छन् : "आफ्नो देशको स्वतन्त्र अस्तित्वप्रति सजग नहुने वहुसङ्ख्यक थिचिएका जनताप्रति संवेदनशील नहुने पतित आत्माहरू सामन्त तथा शोषकको कलो खाएर उनीहरूकै स्तुतिगान गरी ठूलो मान्छेको भ्रम दिएर भुक्दै हिंडे पनि विद्वान भन्न मिल्दैन (उही : ५६) ।" यसरी सत्ता र पदीय आडमा ठूलो मान्छे बन्नु

भन्दा कुनै काम गर्न नसक्ने जुम्सो भई सामाजिक मार्गमा सहयोग पुऱ्याउनु नै वास्तविक ठूलो मान्छे हो भन्ने आशय निबन्धकार ढकाले यस निबन्धमा व्यक्त गरेका छन् ।

'सफलताको सोपन' निबन्धमा मान्छे आफूलाई सफल बनाउनका लागि कतिसम्म नीच कार्य गर्दछ भन्ने कुरालाई निबन्धकारले विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । आफू सफल साहित्यकार बन्नका लागि अन्य साहित्यकाहरूलाई आफ्नो पक्षमा पार्ने कोशिस गर्नु र नमानेको खण्डमा आफू समकक्षी साहित्यकार नै होइन भनी गलत प्रचार गर्नसमेत पछाडि नपर्ने साहित्यकारहरूको पर्दाफास यस निबन्धमा गरिएको छ । त्यसैले विचार तथा विश्लेषणबाट नभई जमातको धक्कुकै भरमा सफलताको शिखर चुम्न खोज्ने साहित्यकारहरू प्रति व्यङ्ग्य गर्नु यसको मूल उद्देश्य रहेको देखिन्छ ।

'विकास प्रेमी' निबन्ध विकास नाममा हुने गरेका भ्रष्टाचारलाई विषयवस्तु बनाइएको निबन्ध  हो । यस निबन्धमा निबन्धकार ढकालले विकासप्रेमीहरूले विकासको खोल ओढेर भित्र्याउने विकास रूपि कुप्रवृतिहरूलाई यसरी प्रष्टचाएका छन्-"विकासका साधन हामीकहाँ नभएका होइनन् भ्रष्टाचार छ, गाँजा छ, चरेश छ, मूर्ति छन्, रक्सी उद्योगहरू छन् जुवा छ, साथै रण्डीवाजी  छ । भारतमा लगेर बेच्न जता हेर्यो त्यतै चेलीबेटी छन् । विकासका बजेट छन् । यी तमाम विकासका साधनहरू अपनाएर विकास गर्न आफ्नो हुति छैन, अनि देशमा विकास भएन भनि एकहोरो शंख फुकेर मात्र हुन्छ र ? (दरिद्रताबाट मुक्ति : ६) ।" यसरी समाजमा प्रचलित कुत्सित प्रवृत्तिका साथै दातृ राष्ट्रहरूद्वारा प्राप्त सहयोगको सही सदुपयोग नगरी शासकवर्गहरूद्वारा गरिने दोहन शोषणको क्रियालाई निबन्धमा देखाउँदै आजका विकास प्रेमीहरूप्रति व्याङ्ग्य गर्न निबन्ध सफल रहेको छ ।

'विद्वान् असहमति र विरोध' निबन्ध विद्वान्को विद्वताका सम्बन्धमा असहमति र विरोधका स्वरहरू उरालिएको निबन्ध हो । धेरै पढेलेखेका मानिसहरू नै विद्वान् हुन् भनेर भ्रम पालेका मानिसहरू उनीहरूको नीचता र स्वार्थी प्रवृत्तिसँग परिचित हुँदैनन् । मान्छे विदेश गएर आफ्नो नामको अगाडि डा. झुन्ड्याउन मरिमेट्दछन् तर उनीहरूले राष्ट्र र समाजका निम्ति दिएको योगदान शून्य हुन्छ । यस्ता विद्वान् भनाउँदा व्यक्तिहरू स्वार्थका निम्ति आत्माको खरिदमा समेत पछि पर्दैनन् भन्दै राष्ट्रियता र सामाजिक चेतना तथा मानवीय मूल्यलाई आजका विद्वान्हरूले बिर्सिरहेका छन् भन्ने कुरा यस निबन्धमा निबन्धकार ढकालले प्रष्टचाएका छन् ।

'दरिद्रताबाट मुक्ति' जनता र राष्ट्रमा विद्यमान गरिबीलाई विषयवस्तु बनाइएको निबन्ध हो । यस निबन्धमा निबन्धकार ढकालले गरिबी निवारणका लागि पौराणिक, धार्मिक, र राजनीतिक प्रतीकहरूको प्रयोग आलोचनात्मक रूपमा गरेका छन् । सुदामाले गरिबी हटाउन कनिकाको पोको श्रीकृष्णमा चढाएका थिए भन्दै निबन्धकारले गरिबी हटाउने उपायहरूलाई यसरी प्रस्तुत गरेका छन्-"लागू पदार्थ मात्र होइन कोसेली धेरै किसिमका छन् । तपाइँ राष्ट्रियताको कोसेली टक्रयाउन सक्नुहुन्छ । युवायुवतीको कोसेली टक्रयाउन सक्नुहुन्छ । गण्डकी, कोशी, कर्णाली वा अरु नदीहरूको कोसेली टक्रयाउन सक्नुहुन्छ । बगेर जाने पानीले तपाईका सरवा कृष्ण खुसी हुन्छन् भने यो भन्दा अर्को सौभाग्य के चाहियो र ? (उही : ३६) ।" निबन्धकारले गरिबी हटाउने उपायकै रूपमा प्रजातान्त्रिक समाजवादलाई अगाडि सारेका छन् । यी विभिन्न उपायहरूद्वारा पनि गरिबी हटाउन नसकेमा भ्रष्ट शासकहरूको सत्ता परिवर्तन हुने सङ्केत निबन्धकारले यस निबन्धमा गरेका छन् ।

'जनमत सङ्ग्रहको सेरोफेरोमा' निबन्ध २०३७ सालको जनमतसङ्ग्रह अगाडिको क्रान्तिलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको निबन्ध हो । यस निबन्धमा निबन्धकार ढकालले क्रान्तिका नाममा देखापरेका स्वेच्छाचारी प्रवृत्तिलाई प्रस्तुत गरेका छन् । क्रान्तिको पनि सीमा हुन्छ, सीमा नाघेर गरिएको क्रान्तिकारीपनले क्रान्तिप्रति नकारात्मक प्रभाव पार्ने कुरालाई निबन्धमा निबन्धकारले यसरी प्रकट गरेका छन्-"धर्म अन्धपरम्पराको विरोध गर्ने नाममा रक्सी, रण्डीवाजी, जुवा तथा असिष्ठ तरिकाहरूलाई अगाडि सारियो । आन्दोलनकारी युवा तथा विद्यार्थीहरूले यौन मामिलामा भाउजू, बुहारी, र स्वास्नीको बीचमा कुनै भेद देख्न छाडे । सर्वसाधारणले यसको विरोध गरेमा धाक, धम्की र बलको भरमा आफूलाई चरित्रवान् देखाउने प्रयत्न गर्न थाले । अब अन्याय र अत्याचारको विरोधको ठाउँमा भ्रष्टहरूको पतित प्रवृत्तिहरूको ढाकछोपमा अगाडि वढ्नुपर्ने उनीहरूको माग हुन थाल्यो (उही : ५४) ।" त्यसैले क्रान्ति सही रूपमा गरिनु पर्दछ, सही रूपमा भएको क्रान्तिले नै सफलता पाउँछ, होइन भने क्रान्ति विफल मात्र होइन त्यसले समाजमा ठूलो विकृति र विध्वंश भित्र्याउँछ भन्ने कुरातर्फ पनि निबन्धकार सचेत रहेका छन् ।

'बुद्धिजीवी' निबन्धमा निबन्धकार ढकालले बुद्धिजीवीको परिचय दिदै उनीहरूको दलीय सङ्लग्नता र व्यक्तिगत स्वार्थसिद्धिलाई मूल विषयवस्तु बनाएका छन् । बुद्धिजीवीको खोल ओढेर आफ्नो स्वार्थ सिद्ध गर्ने यस्ता मानिसहरूलाई बुद्धिजीवी नभनेर अवसरवादी भन्नु उपयुक्त हुन्छ

भन्ने विचार निबन्धकारको रहेको छ । आफ्नो फाइदाको लागि सामाजिक हकहित नहेर्ने यस्ता बुद्धिजीवीहरूले जनतालाई कहिलेसम्म मूर्ख बनाइ रहन्छन् भन्दै बुद्धिजीवीहरूको करतुत एकदिन अवश्य समाजका अगाडि खोलिने छ भन्ने विश्वास निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् ।

'पाठक र लेखक' साहित्यपरक निबन्ध हो । यस निबन्धमा निबन्धकार ढकालले साहित्यका पाठकहरू चर्चित लेखकका रचनाप्रति मात्र आकर्षित हुने तथा नवोदित लेखकहरूले आफ्ना साहित्यिक रचनाहरू प्रकाशनका लागि चाकरी गर्नु पर्ने बाध्यतालाई प्रस्तुत गरेका छन् । आफ्नो मेहनत र लगानीमा नवोदित लेखकहरूले पुस्तक प्रकाशन गरे पनि समालोचकहरूले किनेर नपढिदिने, चाकरीसहित उनीहरूलाई पुस्तक उपहार चढाउनुपर्ने बाध्यताको उद्घाटन गर्दै आर्थिक क्षमताले भ्याएसम्म जुनसुकै लेखकहरूका रचना किनेर पढ्नुपर्ने कुरालाई निबन्धकारले यस निबन्धमा प्रष्टयाएका छन् ।

'खोलभित्र र खोलबाहिर' निबन्धमा मान्छे राष्ट्रियताको खोल आढेर कतिसम्म राष्ट्रघाती कार्य गर्दछन् भन्ने कुरालाई निबन्धकारले मूल विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । मान्छे आफ्नो सक्कली अनुहार आडम्बरीको खोलभित्र लुकाएर इमान्दार र देशभक्त जनताहरूलाई शासक वर्गले अराष्ट्रिय तत्वको अभियोग लगाएर निर्मम यातना दिइरहेका छन् । आफ्नो वास्तविक अनुहार राष्ट्रियताको खोलभित्र लुकाएर देश डुबाउन लागिपरेका यस्ता व्यक्तिहरू धेरै समयसम्म सुरक्षित रहन सक्दैनन् । सर्वसाधारण जनताहरू धैर्यता र इमान्दारिताका साथ अघि बढेको खण्डमा उनीहरूको वास्तविक अनुहार एकदिन अवश्य अगाडि आउनेछ भन्ने कुरा लेखकले यहाँ व्यक्त गरेका छन् ।

'सीमा नाघेपछि' निबन्धमा निबन्धकार ढकालले भेटघाटमा सिद्धान्तको कुरा गर्ने तर त्यसलाई व्यवहारमा उतार्न नचाहने दुई प्राध्यापकहरूका बीचको वहसलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । मानिसहरू घेटघाटमा यसो गर्न पाए हुन्थ्यो त्यसो गर्न पाए हुन्थ्यो भन्दछन् तर त्यस्ता सैद्धान्तिक वहसलाई व्यवहारमा उतार्न चाहँदैनन् भन्दै निबन्धकार ढकालले सैद्धान्तिक वहसमा रमाउने बौद्धिक वर्गहरूप्रति तीखो व्यङ्ग्य यस निबन्धमा गरेका छन् ।

### ४.४.६.३ सहिदप्रति सम्मान, शासकीय अत्याचारको विरोध र राष्ट्रिय भवनाको सम्प्रेषण

जनआन्दोलमा थुप्रै नेपाली वीरहरूले आफूलाई बलिदान गरे । यसरी आफूलाई बलिदान गरेर सहिद बनेका नेपाली बीरहरूलाई सरकार एवम् शासकले गरेको वेवस्तापूर्ण व्यवहारको विरोध गर्दै तमाम ज्ञात-अज्ञात सहिदहरूप्रति सम्मान दर्शाउनु प्रगतिवादी साहित्यकारहरूको मूल ध्येय रहेको देखिन्छ । निबन्धकार ढकालले पनि आफ्ना निबन्धमा सहिदप्रति सरकारको वेवास्तापूर्ण व्यवहारको आलोचना गर्दै सम्मान दर्शाएका छन् । 'सपनाभित्र' निबन्धकार ढकालको यसै प्रवृत्तिको निबन्ध हो । यस निबन्धमा निबन्धकार ढकालले सहिदप्रति सम्मान दर्शाउँदै आफ्ना राष्ट्रवादी भावनाहरू प्रस्तुत गरेका छन् । आफ्नो देशमा विद्यामान कुसंस्कार तथा भारतीय विस्तारवादीहरूका विरुद्धमा लड्दा-लड्दै आफूले बीरगति प्राप्त गरेको र यस लडाइँमा आफ्नो देशले विजय प्राप्त गरेको अनि आफू लडाइँमा मारिएको र आफ्नो परिवारको सम्पूर्ण जिम्मेवारी सरकारले लिएको देखेर आफू निकै खुसी भएको कुरालाई स्वैरकल्पनाका माध्यमबाट प्रस्तुत गर्दै वर्तमान परिप्रेक्ष्यमा सरकारले सहिदहरूप्रति गरेको वेवास्तापूर्ण व्यवहारलाई निबन्धकार ढकालले व्यङ्ग्यात्मक रूपमा यस निबन्धमा प्रस्तुत गरेका छन् ।

प्रगतिवादी लेखक-साहित्यकारहरूले २०१७ सालपछि नेपाली समाजमा पञ्चायती निरंकुश सामन्ती शासन व्यवस्थाका आडमा पञ्च, भलादमी, शोषक, सामन्त, जालिफटाहारूले गरेको अत्याचार र दुर्व्यवहारलाई प्रष्ट रूपमा आफ्ना रचनामा उल्लेख गरेका छन् । प्रगतिवादी साहित्यकार घनश्याम ढकालले पनि अन्याय, अत्याचारमा पिल्सिएका जनता तथा प्रगतिशील राजनीतिक कार्यकर्ताहरूले पञ्चायत शासनको मनपरीतन्त्रको विरोध गरी तत्कालीन शासकहरूको कुकृत्य तथा अत्याचारबाट पीडित नेपाली मानसिकतालाई आफ्ना निबन्धमा प्रष्टयाएका छन् । 'साथीको डायरीबाट' निबन्ध यसै प्रवृत्तिको निबन्ध हो । यस निबन्धमा पञ्चायत सरकारले आफैँ उद्धण्डताहरू सिर्जना गरेर आफ्ना विरोधीहरूलाई तह लगाउनका लागि चालिएको कुटिल चाल र त्यसबाट स्वयम् आफू पनि पीडित रहेको कुरालाई निबन्धकारले प्रष्टयाएका छन् ।

गरिबीको चपेटामा पिल्सिएका हजारौं नेपालीहरू आफ्नो आर्थिक अवस्था सुधार्ने उद्देश्य लिएर वर्षेनी विदेशीएका छन् । उनीहरू लाहुरे भएर विदेशी सेनामा भर्ती भइरहेका छन् । उनीहरूलाई विदेशीहरूले 'बीर' र 'बहादुर' को पगरी गुथाएर आफ्नो स्वार्थसिद्ध गरिरहेका छन् ।

यस्तो राष्ट्रघाती कार्य तत्कालीन राणाशासकको पालामा सुरू भएर हालसम्म पनि कायमै रहेको छ । शासकहरू आफ्नो स्वार्थसिद्धिका लागि देशमा यस्ता राष्ट्रघाती विदेशी भर्तीकेन्द्रहरू सञ्चालन गरेर रोजगारी बाँडिरहेका छन् । प्रगतिवादी साहित्यकारहरूले विदेशी भर्तीकेन्द्रहरूको विरोध गर्दै आफ्ना निबन्धमा यस्ता राष्ट्रविरोधी शक्तिप्रति घृणा प्रकट गर्दै राष्ट्रियताप्रति मोह प्रकट गरेका छन् । निबन्धकार ढकालले पनि आफ्ना निबन्धमा यस्ता कुप्रथाहरूप्रति तीव्र विरोध जनाएका छन् । ढकालको 'गोर्खा भर्ती-एक अनुभूति' यस्तै प्रवृत्तिको निबन्ध हो । यस निबन्धमा निबन्धकार ढकालले गोर्खा भर्तीका नाममा नेपालीहरू विदेशी साम्राज्यवादी र विस्तारवादीहरूको इसारामा आफ्नो गौरब र महिमालाई भुलिरहेका छन् । सत्तालोलुप स्वार्थी शासकहरूले गोर्खा भर्तीका नाममा नेपाली दाजुभाइलाई विदेशीहरूको हातमा बेचिरहेका छन् । यस्तो प्रथा तत्कालीन जहनिया राणाशासकहरूको पालामा प्रारम्भ भएर हालसम्म पनि कायम रहेको छ । 'बीर' र 'बहादुर' को पगरी गुथाएर नेपालीहरूलाई दाशताको साङ्लोमा बाँधेका छन् भने नेपालीहरू पनि बीरता र बहादुरी प्रदर्शन गर्ने नाममा विदेशका न्यायप्रेमी र क्रान्तिकारी जनताहरूलाई गोलीले भुटेर गौरबपूर्ण इतिहास बोकेको शान्तिको मुलुक नेपालको नाम माटोमा मिलाउन लागेका छन् । उनीहरूले भर्तीबाट फर्किदा भित्र्याएको लाखौँ रूपियाँको सदुपयोग नगरी बरु त्यसैसँग विभिन्न विकृति र विसङ्गति मात्र भित्र्याएका छन् भन्ने धारणा निबन्धकारको देखिन्छ । यस्ता कुप्रवृतिहरूको मुख्य जड तत्कालीन शासकहरूले रोजगारीका नाममा खोलेका भर्तीकेन्द्रहरू हुन् । त्यसैले स्वदेशमै रोजगारीको सिर्जना गरी सम्पूर्ण विदेशी भर्तीकेन्द्रहरू बन्दगरिनु पर्छ र यस कार्यका लागि आम नेपाली जनताहरू नै लागिपर्नु पर्दछ भन्ने मर्मस्पर्शी भावहरू निबन्धकार ढकालले यस निबन्धमा प्रकट गरेका छन् र नेपालीहरूमा राष्ट्रिय भावनाको सम्प्रेषण गराएका छन् ।

### ४.४.६.४ वैचारिक चिन्तनको प्रस्तुति

निबन्धकार घनश्याम ढकालले आफ्ना निबन्धमा जनआन्दोलन अघि र पछि शासनव्यवस्थाद्वारा सिर्जित उत्पीडनमय अवस्था, राष्ट्रघाती कदम, समाजका विसङ्गति र विकृतिहरू आदि विभिन्न कुराहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गरे तापनि उनका निबन्धको मूल पक्ष भनेको वैचारिक चिन्तन नै हो । ढकालले आफ्ना यस्ता निबन्धहरूमा प्रतिक्रियावादी शक्तिहरूको विरोध गर्दै प्रगतिवादी/समाजवादी चिन्तन, प्रस्तुत गरेका छन् । ढकालका 'जनसंस्कृतिको सन्दर्भ', 'प्रगतिशील साहित्यको गीत', 'आग्रहभित्रको पूर्वाग्रह', 'प्रगतिशीलता एक

फेशन कि यथार्थता', 'तीन कुराका विषयमा', 'जिउनुको अर्थ खोतल्दा', 'शत्रुता कमाउनु', 'मेरो गाउँ', 'खोलभित्र र बाहिर', 'प्रगतिशील लेखक सङ्घ औपचारिक कि वास्तविक', 'साहित्यमा सौन्दर्य', 'स्थापित लेखक', 'गीत र सङ्गीत', 'विगतको मूल्याङ्कन' जस्ता निबन्धहरू यसै प्रवृत्तिका प्रतिनिधिमूलक निबन्ध हुन् ।

'जनसंस्कृतिको सन्दर्भ' निबन्धमा निबन्धकार ढकालले जनसंस्कृति र प्रतिक्रियावादी संस्कृतिको तुलना गर्दै दुवैको वर्तमान स्थितिलाई देखाएका छन् । प्रतिक्रियावादी संस्कृति अध्ययात्मवादमा अडेको छ । यसमा शोषित जनमानस जीवनबाट मुक्तिका लागि मठमन्दिरमा आफ्नो दुःख बिसाउन पुग्छन् । यसले समाजको उत्थान मन्दिर धाउनाले हुन्छ भन्ने भावना प्रस्तुत गर्दछ । यसका विपरित जनसंस्कृति द्वन्द्वात्मक भौतिकवादलाई आधार भनेर अगाडि बढिरहेको छ । यसले समान्तवाद र साम्राज्यवादका विरुद्धमा अन्तहीन सङ्घर्ष गर्ने जुझारु नागरिक निर्माण गर्दछ । त्यसैले प्रतिक्रियावादी संस्कृतिलाई हटाएर जनसंस्कृतिको निर्माण गर्न सम्पूर्ण शोषित-पीडितहरू सचेत हुनु आवश्यक रहेको छ । नयाँ संस्कृतिको बलियो आधार तयार पारी सांस्कृतिक क्रान्तिलाई अघि बढाउन सकेको खण्डमा प्रतिक्रियावादी संस्कृतिको अन्त्य हुनेछ भन्ने विचार निबन्धकार ढकालले यस निबन्धमा व्यक्त गरेका छन् ।

'प्रगतिशील साहित्यको गीत' निबन्धमा निबन्धकार ढकालले प्रगतिशील साहित्यलाई मूल विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । प्रतिक्रियावादी धरातलमा उभिएर उठाइएका विसङ्गतिपूर्ण साहित्य प्रगतिवादी नभई मार्क्सवादलाई मार्गदर्शक मान्दै द्वन्द्वात्मक भौतिकवादी विचार अगाडि बढाउने साहित्य नै प्रगतिशील साहित्य हो भनेका छन् । यसले शोषण, उत्पीडनका विरुद्धमा मुक्तिका आवाजहरू उठाउन सक्नुपर्छ । प्रतिक्रियावादी साहित्यका विरुद्धमा चेतना जगाइ प्रगतिवादी कलासंस्कृतिको संरक्षणका निम्ति जनसमूहलाई सजग र सचेत बनाउनुपर्छ भन्ने विचार निबन्धकारको देखिन्छ ।

'आग्रह भित्रको पूर्वाग्रह' निबन्धमा निबन्धकार ढकालले मान्छेमा कुनै न कुनै वैचारिक आग्रह हुनै पर्छ भन्ने विषयवस्तुलाई निबन्धात्मक रूप दिएका छन् । पूर्वाग्रहरहित हुन चाहनेहरूले सामाजिक तथा वैचारिक वर्ग-सङ्घर्षको क्षेत्रमा प्रतिक्रियावादीहरूको प्रतिनिधित्व गरिरहेका छन् । यस्ता व्यक्तिहरू वैचारिक सङ्घर्षलाई चर्काउन चाहँदैनन् । उनीहरू प्रगतिवादको खोल ओढेर यसलाई व्यक्तिगत स्वार्थका निम्ति प्रयोग गर्दछन् तर सच्चा प्रगतिवादीहरू व्यक्तिगत स्वार्थका निम्ति सिद्धान्त प्रयोग गर्दैनन् । उनीहरू त समाजका हरेक

क्षेत्रमा परिवर्तन चाहन्छन् र सिद्धान्तलाई व्यवहारमा उतार्दछन् । त्यसैले हरेक प्रगतिवादीहरूले वैचारिक अडान राखी सिद्धान्तलाई व्यवहारमा उतार्नुपर्ने वैचारिक आग्रह निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् ।

'प्रगतिशीलता एक फेशन कि यथार्थता' निबन्धमा निबन्धकारले वर्तमान समयमा प्रगतिवाद एक फेशनको रूपमा मात्र प्रयोग भइरहेको तथ्यलाई उद्घाटन गरेका छन् । विशेषगरी विद्यार्थीवर्गहरूले प्रगतिशीलतालाई फेशनकै रूपमा अपनाइरहेका तर व्यावहारिक जीवनमा उनीहरूको प्रगतिशील दृष्टिकोण समाप्त भएको छ भन्दै प्रगतिशीलतालाई सही रूपमा अगाडि बढाउन फेशनको रूपमा नभई जीवनपद्धतिको रूपमा यसलाई अपनाउनु पर्छ भन्ने विचार निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् ।

'तीन कुराका विषयमा' निबन्धकार ढकालले प्रगतिशील चिन्तन र शोषणमुक्त समाज निर्माणका लागि आवश्यक तीन कुरालाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । नेपाली जनताका अगाडि अस्तित्वको समस्या, खानेबस्ने समस्या र सुख-समृद्धिका लागि अगाडि बढ्ने समस्याहरू रहेका छन् । यी समस्यामध्ये कतिपयले खानुलाई प्राथमिकतामा राखे पनि नेपालीहरूले बाँचेर खानुपर्छ भन्ने विचार निबन्धकारको रहेको छ । देश र जनताको रगत चुस्ने शोषक सामन्तहरू खाएर बाच्ने नै हुन् । यसको निराकरणका लागि मजदुरहरूको दरो सङ्गठनको कडा अनुशासनमा रहेको लडाकु दस्ताको आवश्यकता रहेको उल्लेख गर्दै मार्क्सवाद-लेनिलवादलाई वैज्ञानिक र व्यवहार अनुकूल बनाएमा उक्त समस्या समाधान हुने विचार लेखकले यस निबन्धमा व्यक्त गरेका छन् ।

'जिउनुको अर्थ खोल्दा' निबन्धमा निबन्धकारले जीवनसम्वन्धी चिन्तनहरूलाई विषयवस्तु बनाएका छन् । समाजमा मान्छे बाँच्न सकिरहेका छैनन् । यसको मुख्य कारण शोषण हो । शोषकसामन्तहरू श्रमजीवी जनताहरूमाथि शोषण गर्नु नै बाँच्नुको सार्थकता सम्झिन्छन् । शोषित, पीडित जनताहरू शोषक सामन्तहरूको सुख सुविधा जुटाईदिने साधनका रूपमा बाँचिरहेका छन् । अन्याय-अत्याचारको विरुद्धमा जबसम्म निर्धक्क भएर बोल्न सकिदैन तबसम्म बाँच्नुको अर्थ रहदैन भन्दै वास्तविक जीवन जिउनका निम्ति सम्पूर्ण नेपालीहरूलाई सचेत गराउनु निबन्ध रचनाको उद्देश्य देखिन्छ । यसरी वास्तविक जीवन जिउनुको अर्थ केलाउनु निबन्ध सफल रहेको छ ।

'शत्रुता कमाउनु' निबन्ध सामाजिक जीवनमा देखापर्ने व्यवहारलाई विषयवस्तु बनाइ लेखिएको वैचारिक निबन्ध हो । समाजमा शत्रुता व्यवहारिक र वैचारिक गरी दुई प्रकारका हुन्छन् । व्यवहारिक शत्रुता भन्दा वैचारिक शत्रुता आजको आवश्यकता हो । वैचारिक शत्रुता कमाउन नचाहने मध्यमार्गीहरूप्रति कसैको विश्वास रहँदैन र उनीहरूलाई जसले पनि आफ्नो स्वार्थअनुकूल प्रयोग गर्दछन् । त्यसैले शत्रुता भनेको वैचारिक हुनु पर्दछ, वर्गीय हुनुपर्दछ । वर्गीय शत्रुताको विकासले नै न्यायपूर्ण समाज स्थापना गर्दछ । निजी स्वार्थमा लिप्त रहनेहरू सिद्धान्तको दुहाई दिएर वर्गीय स्वार्थलाई बिथोलिरहन्छन् । त्यसैले समाज परिवर्तनका निम्ति वैचारिक तथा वर्गीय शत्रुता आवश्यक छ भन्ने विचार निबन्धकाले यस निबन्धमा व्यक्त गरेका छन् ।

'मेरो गाउँ' निबन्धमा निबन्धकारले आफ्नो गाउँमा विद्यमान समस्याहरूको प्रस्तुति गरेर देशकै समस्याहरूको उजागर गरेका छन् । आफ्नो गाउँ सामन्तशोषकहरूको अन्याय-अत्याचार, शोषण र दमनको जाँतोमा पिल्सिरहेको र यसबाट मुक्ति पाउनका लागि केही गरिब किसानहरू लागिपरे पनि शोषक सामन्तहरूले उनीहरूलाई सफल हुन नदिएको तथा त्यस्ता शोषकहरूले चुनाबका बेलामा विकासको फल फलाउने गरेको र वेरोजगारीले पनि जागिर पाउने गरेको तर चुनाबपछि ती सबै हराउने गरेको समस्या गाउँको समस्या मात्रै नभएर देशकै समस्याका रूपमा रहेको तथ्य निबन्धकारले उद्घाटन गरेका छन् । यसरी गाउँका मुट्ठीभर शोषक सामन्तहरूले केही समयसम्म जनतालाई अँध्यारामा राखे पनि यो सदाका लागि सम्भव छैन् । समय आएपछि यी सबै समाप्त हुनेछन् भन्दै गरिब तथा श्रमिक किसानहरूलाई दासता र शोषणको साङ्लो चुँडाउन निबन्धकारले आग्रह गरेका छन् ।

'प्रगतिशील लेखक सङ्घ औपचारिक कि वास्तविक ?' निबन्धमा निबन्धकार ढकालले प्रगतिशील र प्रतिक्रियावादी लेखकहरूको बारेमा चर्चा गरेका छन् । प्रगतिशील लेखकहरू एकजुट भएको देख्दा प्रतिध्रुवीय लेखकहरूको मनमा उथलपुथल नै भएको छ । यस्ता लेखकहरू आफ्नो प्रतिभा रचनात्मक कौशलबाट देखाउनुका सट्टा चाकरी चाप्लुसीका भरमा देखाउँछन् तर प्रगतिशील लेखकहरू यस कुराको विरोध गर्दछन् । प्रगतिशील लेखकहरूले सैद्धान्तिक साझा सवाललाई व्यापक छलफल गरी प्रगतिशील लेखक सङ्घलाई वास्तविक कर्मथलोका रूपमा लिनुपर्ने विचार निबन्धकारको रहेको छ । यसरी आपसी समझदारीका साथ सैद्धान्तिक कुराहरू छलफल गरी व्यवहारमा उतारेको खण्डमा प्रगतिशील लेखकहरूको कर्मथलोका रूपमा

प्रगतिशील लेखक सङ्घ स्थापित हुनेछ भन्ने विचार निबन्धकार ढकालले यस निबन्धमा व्यक्त गरेका छन् ।

'साहित्यमा सौन्दर्य' निबन्धमा सौन्दर्यपूर्ण साहित्यको वैज्ञानिक व्याख्या भौतिकवादले मात्र गर्न सक्छ भन्ने कुरालाई लेखकले विषयवस्तु बनाएका छन् । साहित्य वर्गीय हुनुपर्दछ । कलासाहित्य राजनीतिबाट स्वतन्त्र रहँदैन् । यो त राजनीतिबाट अभिप्रेरित र नियन्त्रित हुनु पर्दछ । जीवनका जटिलता र युगिन समस्याहरूको समाधान साहित्यकै माझबाट खोज्नु पर्छ भन्दै लेखकले साहित्यसम्बन्धी आफ्ना विचारहरू प्रस्तुत गरेका छन् ।

'स्थापित लेखक' निबन्धमा सफल लेखक बन्नका लागि लेखकहरूले अपनाउने गरेका उपायहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । लेखकहरू आफू सफल लेखक बन्नका लागि प्रतिक्रियावादी र प्रगतिवादी साहित्य लेखेर आफ्नो द्वैध चरित्र प्रस्तुत गरिरहेका छन् । यसरी स्थापित हुन खोज्नु भनेको प्रतिभाकै बेइज्जति गर्नु हो । प्रतिक्रियावादीहरू प्रगतिशील बन्दैमा उनीहरूको रचना प्रगतिवादी हुँदैन् । त्यसैले सत्ता, शक्ति र प्रचारका भरमा नभई बुद्धि, विचार र सिर्जनात्मकताका आधारमा साहित्य रचना गरी स्थापित लेखक बन्नु पर्दछ भन्ने विचार लेखकले यस निबन्धमा व्यक्त गरेका छन् ।

'गीत र संगीत' निबन्धमा निबन्धकार ढकालले गीत-संगीत सार्वभौम र साश्वत भए पनि यो वर्गीय हुन्छ भन्दै गीत-संगीतभित्र भित्रिएका विकृतिहरूप्रति सङ्केत गरेका छन् । नेपाली अस्तित्व र पहिचान झल्काउने लोकगीतमा अश्लीलता र विकृति भरी रेडियो नेपाल र अन्य गायकहरूले लोकगीतलाई धरासायी पार्ने काम गरिरहेका छन् । यसको नियन्त्रणका लागि जीवनवादी कलाकारहरू एकजुट भएर लाग्नु पर्दछ । गीत-संगीतलाई पश्चिमीकरण गर्नुभन्दा यसमा श्रमजीवी जनताको धुकधुकी भर्न सकेको खण्डमा यसले स्थायित्व प्राप्त गर्न सक्छ र त्यसपछि मात्र कलाकारहरूले उत्पीडितहरूमा नयाँ जीवन भर्न सक्छन् भन्ने विचार लेखकले यस निबन्धमा व्यक्त गरेका छन् ।

'विगतको मूल्याङ्कन' ढकालको कला-साहित्यको मूल्याङ्कन गरिएको निबन्ध हो । साहित्यले राष्ट्र र जनतालाई शोषणबाट मुक्ति दिलाउन सक्नु पर्दछ । प्रगतिशीलताका नाउँमा प्रतिक्रियावादीहरूले प्रगतिशील साहित्यलाई धोका मात्र दिइरहेका छन् । प्रगतिशीलताको मूल्याङ्कन चिन्तनका आधारमा नगरी सोचाइका आधारमा गर्ने परिपाटीले भ्रम सिर्जना गरेको

छ । यसको मूल्याङ्कन वैचारिक सङ्घर्षका आधारमा गर्नुपर्छ भन्दै प्रगतिशील साहित्य र साहित्यकारहरूको उचित मूल्याङ्कन र कदर गरिनुपर्ने धारणा निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् ।

४.४.६.५ आधुनिक शिक्षाका नाममा भित्रिएका विकृतिहरूको विरोध

आधुनिक शिक्षाप्रणालीका नाममा खोलिएका बोर्डिङ स्कूल र तिनीहरूले शिक्षाका क्षेत्रमा भित्रिएका विकृतिहरूलाई निबन्धकार घनश्याम ढकालले आफ्ना निबन्धमा चित्रण गरेका छन् । ढकालका यस्ता निबन्धहरूमा 'दूधेबालक अंग्रेजीमा कैद' 'अनावश्यक ज्ञान' जस्ता निबन्धलाई राख्न सकिन्छ ।

'दूधे बालक अंग्रेजीमा कैद' निबन्धमा निबन्धकार ढकालले वर्तमान शिक्षा प्रणालीलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । हाल स्तरीय शिक्षाका नाममा बालबालिकाहरू अंग्रेजी क्याम्पमा वन्द गरिएका छन् । महङ्गा-महङ्गा आवासीय विद्यालयहरू खोलिएका छन् । सरकारले पनि यस्ता स्कूलको संरक्षण गर्ने नीति लिएर वर्गीय शिक्षाको सुरुवात गरेको छ । यसले मातृभाषा र राष्ट्रभाषाको उपेक्षा भइरहेको छ । अंग्रेजी शिक्षा पाएका यस्ता बालबालिकाहरूमा नेपाली भाषाप्रति सम्मान जगाउन सकिएको छैन । उनीहरू विदेशी भाषा र संस्कृतिको दास भई आफ्नो मौलिक पहिचान गुमाउन सक्ने अवस्थामा पुगिसकेका छन् । त्यसैले अंग्रेजी सिक्ने नाममा त्यसैमा बग्नु भन्दा त्यसलाई समसामयिक ज्ञान आर्जनको माध्यम बनाउनु पर्छ भन्ने धारणा निबन्धकारको रहेको छ ।

'अनावश्यक ज्ञान' निबन्ध शिक्षाका सम्बन्धमा परम्परागत धारणालाई वर्तमान सन्दर्भमा व्याख्या गरिएर लेखिएको निबन्ध हो । यस निबन्धमा स्त्री, शूद्र, र पतीतका लागि वेदको अधिकार हुँदैन भन्ने वैदिक उक्तिलाई वर्तमान सन्दर्भमा निबन्धकारले प्रस्तुत गरेका छन् । यी तीन थरीका लागि वेद बन्देज भएझैं राणाहरूले पनि शिक्षालाई दरबारमै सीमित राखेर सर्वसधारणलाई शिक्षाको उज्यालो ज्योतिबाट बञ्चित गरेका थिए । यसैगरी विश्वका विकसित र शक्तिशाली राष्ट्रहरू पनि विज्ञान र प्रविधिका क्षेत्रमा यही उपाय अवलम्वन गरिरहेका छन् । यसरी आफूले प्राप्त गरेको ज्ञान अरुलाई नसिकाउने हो भने त्यसको कुनै उपादेयता रहँदैन भन्दै त्यास्तो ज्ञान अनावश्यक ज्ञान हो भन्ने धारणा निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् ।

### ४.४.६.६ शिल्पगत प्रवृत्ति

निबन्ध विश्लेषणको प्रमूख आधारका रूपमा शिल्पगत प्रवृत्तिलाई पनि लिन सकिन्छ । ढकालका निबन्धहरू चिटिक्क परेका छोटा स्वरूपका छन्, जुन निबन्ध विद्याका निम्ति आवश्यक मानिन्छ । निबन्धकारले बौद्धिक भाषाको प्रयोग गरी आफ्ना निबन्धमा आफूलाई उभ्याएका छन् । उनले आफ्ना प्रायः सबै निबन्धहरूमा आफ्नो दृष्टिकोण, चिन्तन र जीवनदृष्टि प्रस्तुत गरेका छन् । वस्तुजगत्को विश्लेषणमा नवीनता, तीखोपना र मिठास ल्याउनका लागि निबन्धकारले सहज लेखन भन्दा ध्वन्यात्मक लेखनशैली अँगालेका छन् । उनका निबन्धहरू चिन्तन अनुभव, जीवनजगत्को गहन सम्पर्क र अध्ययनजन्य बौद्धिकताले भरिएका छन् । उनले कहीं-कहीं काव्यात्मक भाषा प्रयोग गरेका छन् भने कुनै निबन्धमा स्वैर कल्पनात्मक शैलीको साहारा लिएका छन् । व्याङ्ग्यात्मक चेतका दृष्टिले ढकालका निबन्ध प्रखर रहेका छन् । निष्कर्षतः ढकालको निबन्धकारितामा विचारको प्रौढता, भावगत तीक्ष्णता, प्रयोजननिष्ठता, उद्देश्यपरकता जस्ता विशेषताहरू रहेका छन् ।

### ४.४.७ साहित्यकार घनश्याम ढकालका समालोचनाको अध्ययन

सहित्यकार घनश्याम ढकालको साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये समालोचक व्यक्तित्व पनि प्रमुख हो । साहित्यका क्षेत्रमा ढकालको स्रष्टा व्यक्तित्वसँगै समालोचक व्यक्तित्व पनि देखापर्दछ । समालोनात्मक पुस्तकाकार कृतिका रूपमा यिनको मार्क्सवादी 'सौन्दर्यशास्त्रको विवेचना' (२०५४) र 'ऐतिहासिक एवम् द्वन्द्वात्मक भौतिकवाद' (२०६४) गरी दुईवटा सैद्धान्तिक समालोचनात्मक ग्रन्थ प्रकाशित भएका छन् ।

### ४.४.७.१ 'मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना' को अध्ययन

'मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना' (२०५४) मार्क्सवादी सौन्दर्यचिन्तनको सैद्धान्तिक चर्चा गरिएको समालोचना ग्रन्थ हो । यस पुस्तकमा सौन्दर्यशास्त्र विषयक १३ वटा लेखहरू सङ्कलित रहेका छन् र ती क्रमशः 'मार्क्सवादी सौन्दर्यशास्त्रको विषय' कला र यसको प्रकृति,' 'सौन्दर्य र यसको प्रकृति', 'सौन्दर्यपरक प्रवर्ग', 'कलात्मक संज्ञान र प्रतिविम्बनको सिद्धान्त, 'कला-बिम्ब' 'कला र विचारधारा' 'अन्तर्वस्तु र रूप', 'समाजवादी यथार्थवाद' 'माओ र सौन्दर्यशास्त्र' तथा 'नेपाली साहित्यमा सौन्दर्य चिन्तनको विकास' शीर्षकमा प्रस्तुत छन् । जीवन र जगतको यथार्थ अन्तर्भेदन गर्ने कुरा मार्क्सवादी कलासिद्धान्तबाट मात्र सम्भव छ । उत्पीडित

श्रमजीवी, वर्गीय पक्षधरता र समाज रूपान्तरणकारी तत्वलाई अङ्गीकार नगर्ने मार्क्सवादको ट्रेडमार्क लगाएका कलासौन्दर्य चिन्तनहरू पुँजीवादी मूल्य मान्यताकै पिछलग्गु हुन् । सर्वहारा सांस्कृतिक क्रान्तिको सौन्दर्यचेतलाई आत्मसात् गर्ने र त्यसले गरेको दिशानिर्देश अनुरूपको सौन्दर्यचिन्तन मात्र असली सौन्दर्यचिन्तन हो भन्ने धारणा ढकालले विवेच्य कृतिमा प्रस्तुत गरेका छन् । त्यसैले मार्क्सवादी सौन्दर्यशास्त्रको चिन्तन परम्परालाई केलाउँदै वर्तमान परिप्रेक्ष्यमा यसको मूल्य स्थापित गर्न प्रस्तुत कृति केन्द्रित रहेको छ । ढकालले यिनै विषयलाई विभिन्न शीर्षकमा बाँडेर यहाँ अध्ययन गरेका छन् ।

ढकालले प्रस्तुत कृतिको पहिलो शीर्षकअन्तर्गत 'मार्क्सवादी सौन्दर्यशास्त्रको विषय' लाई उल्लेख गर्दै यसभित्र सौन्दर्यशास्त्रको व्युत्पत्तिगत अर्थ, दार्शनिक पृष्ठभूमि, पूर्वीय तथा पाश्चात्य चिन्तन परम्परा र यसको उद्भव तथा विकासका बारेमा प्रष्टचाउँदै समग्र जीवनजगत्लाई मार्क्सवादी सौन्दर्यशास्त्रले आफ्नो अध्ययनको विषय बनाएको छ भन्ने धारणा प्रस्तुत गरेका छन् । कला आन्तरिक मधु भएकाले यसको यथार्थका बारेमा खोजी गर्नु नै सौन्दर्यचिन्तन हो । सौन्दर्यशास्त्रले सौन्दर्यका विविध पक्षहरूका साथै कलाको प्रकृति, स्रोत, सार, इतिहास, र विकासका नियमहरूको अध्ययन गर्दछ । कलाको विचारधारात्मक पक्ष नै वर्गयुद्धको सौन्दर्यशास्त्रीय हतियार हो । त्यसैले कलामा विचारधारात्मक पक्ष कमजोर हुनु वैचारिक युद्धको हतियारमा खिया लाग्नु हो भन्ने धारणा पनि ढकालको रहेको छ । ढकालले थप स्पष्ट पार्दै मार्क्सवादी सौन्दर्यशास्त्रले वर्तमान र विगतका कलात्मक सिर्जनशीलताका साथै भावी जीवन र जगत्को सूक्ष्म कलात्मक निरीक्षण गर्दछ भनेका छन् । सौन्दर्य चेतनाले मानिसलाई जीवनको सौन्दर्यात्मक मूल्याङ्कन गर्न सक्षम बनाउछ अनि शोषण, दमनमा आधारित सौन्दर्यमूल्यलाई तिरस्कार गर्दछ र मानवीय सौन्दर्यमूल्यको स्थापना तथा संरक्षण गर्न समर्थ बनाउँछ भन्ने निष्कर्ष प्रस्तुत गर्दै मार्क्सवादी सौन्दर्यशास्त्रलाई सामन्तवादी-पूँजीवादी मूल्यमान्यतासँग समायोजन गराउने वर्गसमन्वयवादी प्रवृतिसँग जीवनमरणको युद्ध नगरेसम्म नेपालमा यसको विकास असम्भव रहेको छ भन्ने धारणा ढकालले प्रस्तुत गरेका छन् ।

दोस्रो 'कला र यसको प्रकृति' शीर्षकमा ढकालले कलासम्बन्धी पूर्वीय र पाश्चात्य व्युत्पत्तिगत अर्थ पूर्वीय तथा पाश्चात्य विद्वान्हरूको कला चिन्तनलाई प्रस्तुत गरेका छन् । प्रत्ययवादी धारका परिभाषाले कलाको छेउटुप्पो फेला पार्न सकेको छैन भन्दै ढकालले मार्क्सवादी सौन्दर्यशास्त्रले कलासम्बन्धी यथार्थ र विज्ञानसम्मत मार्ग अवलम्बन गरेको छ

भनेका छन् । कला सामाजिक चेतना र मानव-कार्यकलापको एउटा विशिष्ट रूप हो । उद्देश्यपूर्ण श्रम नै कलाको उद्गम श्रोत हो । कलाको कार्य जीवन र जगत्को सौन्दर्य बोध गराउनु हो । कलाले यथार्थलाई कलात्मक विम्बमार्फत प्रस्तुत गर्दछ । कलामा बस्तुगत यथार्थ सोभ्कै प्रतिबिम्बित नभई प्रतिबिम्बित यथार्थको विम्बात्मक पुनरचना समेत हुन्छ भन्ने आफ्नो कलामान्यता प्रकट गर्दै समाजमा वर्ग र शोषणको उदय भएर मानवीय व्यक्तित्वको विखण्डन भएपछि कला पनि खण्डित भएर वर्गीय हुन पुग्यो भन्ने धारणा ढकालको रहेको छ । कलाको सारलाई अज्ञेयवाद वा रहस्यवादमा टुङ्ग्याउने कुनै चिन्तन पद्धतिसँग मार्क्सवादको सम्बन्ध छैन । कला अनुभव र अनुभूतिको विज्ञान हुनाले रहस्यमय हुँदैन । कलात्मक आवेग र संवेदनलाई मानिसले सचेत रूपमा ग्रहण गर्ने हुनाले यो वास्तविक र साँचो हुन्छ । कला निरुद्धेश्य हुँदैन भन्दै ढकालले कलाको उद्देश्य जीवनको सौन्दर्यात्मक पुनः मूर्तीकरण हो भन्ने बेलिन्स्की र चर्निशेब्स्कीको मतलाई समेत प्रस्तुत गरेका छन् । कला समाज, वर्ग तथा जीवन निरपेक्ष हुन सक्दैन । आत्मसन्तोषको लागि कला सिर्जना गर्ने भन्ने बेतुकका तर्कहरू मार्क्सवादी सौन्दर्यशास्त्रभित्र पर्दैनन् । कला उद्देश्यमूलक हुनुपर्छ । त्यसमा हाम्रा विभिन्न विचार समाज, राष्ट्र सम्प्रेषित हुनपर्दछ । कलामा अन्तर्निहित सौन्दर्यको प्रकृतिमा वस्तुनिष्ठता, ऐतिहासिकता वर्गीयता र उपयोगिताजस्ता तत्वहरू समाविष्ट हुन्छन् भन्ने कलासम्बन्धी मार्क्सवादी चिन्तन ढकालको यस लेखमा अभिव्यक्त भएको पाइन्छ ।

'कलात्मक संज्ञान र प्रतिबिम्बन सिद्धान्त' शीर्षकको लेखमा ढकालले मार्क्सवादको उदयपछि प्रतिबिम्बन सिद्धान्तको सैद्धान्तिक आधार बनेको हो भन्दै मानिसको चेतनाले वस्तुजगत्को प्रतिबिम्बन मात्र नगरी त्यसको पुनर्सिर्जन पनि गर्दछ । मानिसले प्रकृतिको प्रतिबिम्बन गर्नु संज्ञान हो । संज्ञान र प्रतिबिम्बन निरपेक्ष हुँदैनन् । यी दुवै प्राकृतिक नियमका नजिक पुग्ने अन्तहीन साधन हुन् भन्ने लेनिनको मतलाई प्रस्तुत गर्दै अज्ञेयवादी प्रत्ययवादी सिद्धान्तले यसको विरोध गर्दछ भनेका छन् । मार्क्सवादी सौन्दर्यशास्त्रमा कलात्मक प्रतिबिम्बनको सिद्धान्त विशेष उल्लेखनीय रहिआएको छ भन्दै ढकालले बिम्बको कला र कलात्मक प्रतिबिम्बन सिद्धान्तबारे विशेष समीक्षा गरेका छन् । कलाको संज्ञानात्मक भूमिका पनि महत्त्वपूर्ण हुन्छ र त्यो भूमिका कलात्मक प्रतिबिम्बनबाट पूरा हुन्छ भन्ने निष्कर्ष मार्क्सवादी सौंन्दयशास्त्रको हो भन्ने कुरालाई यस शीर्षकको लेखमा ढकालले प्रष्ट पारेका छन् ।

ढकालले विवेच्य कृतिको अर्को लेखमा 'सौन्दर्य र यसको प्रकृति' का बारेमा चर्चा गरेका छन् । यसमा उनले सौन्दर्यको अर्थ, पर्याय, सौन्दर्यचिन्तन सम्बन्धी पूर्वीय तथा पाश्चात्य विद्वान्हरूको मत मतान्तरलाई उल्लेख गर्दै वस्तुगत प्रत्ययवादी, आत्मगत आदर्शवादी, रूपवादी र द्वन्द्वात्मक भौतिकवादी मान्यतासमेत व्यक्त गरेका छन् । वस्तुगत चेतनाबाट प्रत्ययवादीहरूले चेतनालाई नै सौन्दर्य मानेका छन् र वस्तुले नै सौन्दर्य प्राप्त गर्दछ भन्ने धारणा व्यक्त गरेका छन् भने आत्मगत आदर्शवादीहरूले सौन्दर्यचिन्तन चेतनामा हुन्छ, सौन्दर्यका लागि वस्तु आवश्यक हुँदैन भनेका छन् । यसैगरी रूपवादी चिन्तकहरूले सौन्दर्य वस्तुको गुण हो र रूपाकारमा निहित हुन्छ भनेका छन् । यसका विपरित द्वन्द्वात्मक भौतिकवादी दर्शनले वस्तुजगत्लाई स्वतन्त्र एवम् साश्वत ठानेर वस्तुसत्तामा नै सुन्दर असुन्दरको खोजी गर्दछ । रूपवादीहरूले कलाकृतिको संरचनात्मक रूपमा मात्र सौन्दर्य देख्दछन् तर वस्तुवादी धारणा अनुसार सौन्दर्य सम्बन्धी चेतनाको खोज द्वन्द्वात्मक भौतिकवादी दृष्टिबाट मात्र सम्भव छ भन्ने धारणा ढकालले व्यक्त गर्दै बस्तुनिष्ठता, समाजसापेक्षता, वर्गीयपक्षधरता, सामाजिकता, द्वन्द्वात्मकता र उपयोगिता जस्ता गुणहरू सौन्दर्यमा रहेको हुन्छ भन्ने निष्कर्ष समेत प्रस्तुत गरेका छन् ।

ढकालले प्रस्तुत कृतिको अर्को शीर्षक अन्तर्गत 'सौन्दर्यपरक प्रवर्ग' को बारेमा चर्चा गरेका छन् । यसमा प्रवर्गको दार्शनिक अर्थ, यसका बारेमा विद्वान्हरूले व्यक्त गरेका मत प्रस्तुत गर्दै मार्क्सवादी सौन्दर्यशास्त्रले प्रवर्गको रचना सामाजिक व्यवहारको ऐतिहासिक विकासका क्रममा भएको मान्दछ, यो मानिसको व्यवहारमा आधारित हुन्छ, सौन्दर्यको मापन गर्ने प्रमुख आधार सौन्दर्यपरक प्रवर्ग नै हो र यसले सौन्दर्यको परिचय र सौन्दर्यानुभूतिका विभिन्न चरणहरूको पहिचान गर्न प्रमुख भूमिका खेल्दछ भन्ने धारणा प्रस्तुत गरेका छन् । यस्तो सौन्दर्यबोध गर्ने प्रर्वगहरूमा सुन्दर, उदात्त, त्रासद र प्रहसन जस्ता प्रवर्गहरू पर्दछन् भन्ने कुरासमेत विवेच्य कृतिमा प्रस्तुत गरेका छन् । सौन्दर्यशास्त्रको सबैभन्दा व्यापक र महत्त्वपूर्ण प्रवर्गको रूपमा 'सुन्दर' रहेको छ भन्दै ढकालले सुन्दरका प्रवर्गलाई पन्छाएर सौन्दर्यात्मक सङ्घटनाको व्याख्या गर्न नसकिने कुरा बताएका छन् । सौन्दर्यको अर्को प्रवर्ग 'उदात्त' हो भन्दै यसले अत्याधिक सामाजिक महत्त्व राख्ने सङ्घटनाहरूको सारलाई अभिव्यक्त गर्दछ भन्ने कुरा प्रस्तुत गरेका छन् । प्रत्ययवादीहरूले 'उदात्त' दैवी सत्तामा खोज्दछन् तर मार्क्सवादहरूले 'उदात्त' जीवनजगत्लाई क्रान्तिकारी रूपान्तरण गर्ने क्रियाकलापमा खोज्दछन् । उदात्तले मानिसमा संवेदना तथा अनुभूतिहरू जगाउँछ र तुच्छ अनुभूतिबाट माथि उठाउँछ । समाजवादी

यथार्थवादी कलामा यो शोषण उत्पीडनबाट मुक्त सुन्दर जीवन सिर्जना गर्ने क्रियाकलापमा अभिव्यक्त हुन्छ । त्यसैले यो कलाकृतिमा छुट्टै नआई अन्य तत्वसँगै अन्तरघुलन भएर आउँछ भन्ने निष्कर्ष ढकालले यहाँ व्यक्त गरेका छन् । यसैगरी ढकालले 'त्रासद' शौन्दर्यशास्त्रको अर्को विशिष्ट प्रवर्ग हो भन्दै त्रासदका बारेमा पूववर्ती चिन्तकहरूका मतको विश्लेषण गरेका छन् र यसको वैज्ञानिक व्याख्या मार्क्सवादी सौन्दर्यशास्त्रले मात्र गर्न सक्छ भनेका छन् । मार्क्सवादी धारणाअनुसार त्रासदको मूल जड समाजिक ऐतिहासिक द्वन्द्व हो । परस्पर विपरित स्वार्थका शक्तिहरूको सङ्घर्षबाट त्रासद परिस्थिको जन्म हुन्छ । जीवनका भयानक चित्रहरूसँग यसको कुनै सम्बन्ध छैन । त्रासद वर्गसापेक्ष हुन्छ । त्रासद नायकले अज्ञानतामा कुनै पनि काम गर्दैन । यथार्थ जगत्को त्रासद टक्करले दुःख, रक्तपात, विनास निम्त्याउँछ भन्ने कुरासँग ऊ परिचित हुन्छ । यिनै परिस्थितिहरूका बीच रहेर वर्गसङ्घर्षको उद्घोष गर्नु त्रासद नायकको कर्तव्य हो । यस्तो त्रासदीय पक्षको चित्रण भएको कृति नै सुन्दर हुन्छ भन्ने मार्क्सवादी चिन्तनलाई ढकालले सौन्दर्यशास्त्रको प्रवर्गका रूपमा उल्लेख गरेका छन् । यसै गरी सौन्दर्यशास्त्रको अर्को प्रवर्गको रूपमा 'प्रहसन' रहेको चर्चा ढकालले गरेका छन् । प्रहसनका बारेमा विभिन्न विद्वान्हरूले विभिन्न मत व्यक्त गरे तापनि मार्क्सले समाज र जीवनको भौतिकवादी व्याख्या गरेर यसको आन्तरिक सार उद्घाटन गरेका छन् । उनले यसअन्तर्गत हाँसो, मजाक वा रसिकता, व्यङ्ग्य वा घोचपेच जस्ता कुराहरू पर्दछन् भन्दै प्रगतिवादी कलाकारमा सौन्दर्यात्मक आदर्शता नरहेमा ऊ कुनै पनि विसङ्गतिमा हाँस्न नसकी ऊ स्वयम् हास्यपात्र बन्दछ भन्दै सौन्दर्यको एउटा प्रवर्गका रूपमा प्रहसनलाई लिएका छन् । यसरी ढकालले सुन्दर, उदात्त र प्रहसनलाई मार्क्सवादी सौन्दर्यशास्त्रको प्रवर्गका रूपमा उल्लेख गरेका छन् ।

विवेच्यकृतिको अर्को शीर्षकअन्तर्गत ढकालले 'कला–बिम्ब'को चर्चा गरेका छन् । बिम्बको अर्थ वस्तुको रूप वा प्रतिमूर्ति भएपनि समान्य बिम्बसँग कला-बिम्बलाई दाज्न मिल्दैन भन्दै कला–बिम्बद्वारा यथार्थको पुनरूत्पादन गर्नु नै कला-बिम्बसम्बन्धी माक्सवादी सौन्दर्यशास्त्रको आधारभूत धारणा हो भन्ने निष्कर्ष ढकालको रहेको छ । ढकालले मार्क्सवादी ज्ञानसिद्धान्तले कला–बिम्बको दार्शनिक आधार प्रदान गर्दछ र प्रतिबिम्बन सिद्धान्तले यसको सारतत्वसम्म पुऱ्याउँछ भन्ने कुरालाई प्रस्तुत गरेका छन् । ढकालले पूर्ववर्ती कलासिद्धान्त र मार्क्सवादी कलासिद्धान्तका बीचमा पाइने फरक औंल्याउँदै प्लेटोको कलासिद्धान्त विचारको प्रतिबिम्बनमा आधारित छ भने मार्क्सवादी कलासिद्धान्त यथार्थको कलात्मकप्रति बिम्बनमा आधारित छ भन्ने विचार प्रस्तुत गरेका छन् । कलात्मक बिम्ब यथार्थबाट सौभ्कै प्रतिबिम्बन

नभई कलाकारको निरीक्षण र प्रभावबाट प्राप्त हुन्छ  र यो विशिष्ट हुन्छ भन्ने मत ढकालको रहेको छ । ढकालले कला बिम्बमा प्रारूप र वैयक्तिकताको द्वन्द्वात्मक सम्बन्ध हुन्छ । कला-बिम्ब प्रारूपित सत्य  हो । समान्यीकरणबिना कला जीवनको सत्य हुन् सक्दैन । यथार्थवादी कलाको धर्म जीवन सत्यको सोझो अभिव्यक्ति गर्नु मात्र नभएर त्यसको पुनसिर्जन गर्नु पनि हो, कलाकृतिभित्र कलात्मक सङ्केत हुन्छ । सङ्केत बिम्ब निर्माणको भाषा हो । कलाकारका सङ्केतहरू चिन्तनअनुरूप फरक-फरक हुने भएकाले वस्तुको अध्ययनका निम्ति भाषमा प्रवेश गर्नु पर्दछ । सङ्केत जति प्रभावकारी भयो वस्तु वा सङ्घटनालाई त्यति नै कलात्मक रूपमा प्रस्तुतीकरण गर्न सकिन्छ । कला-सङ्केत निरपेक्ष नभई सामाजिक ऐतिहासिक परिपेक्ष्यमा निर्माण हुँदै जानेहुनाले कला-बिम्बको निर्माण प्रक्रिया सरल नभएर ज्यादै जटिल छ । कलाकार जति सिर्जन कार्यमा गम्भीर बन्दै जान्छ त्यति नै उसले सुन्दर बिम्ब निर्माण गर्न सक्दछ भन्ने कुरालाई ढकालले निष्कर्षका रूपमा प्रस्तुत गरेका छन् ।

ढकालले अर्को शीर्षकमा ‘कला र विचारधारा’ को बारेमा चर्चा गरेका छन् । कला र विचारधारा सामाजिक चेतनाकै रूपहरू हुन् । कला सामाजिक चेतनाकै विशिष्ट रूप हुनाले सामाजिक चेतनाका अन्य रूपहरूले यसमाथि आफ्नो प्रभाव पार्दछ । जीवनको सौन्दर्यात्मक पक्षको उद्घाटन गर्ने हुनाले कलालाई विचारधाराका अन्य रूपहरूको नजिक राख्न मिल्दैन भने मतलाई ढकालले प्रस्तुत गरेका छन् र कला विचारधाराकै एउटा रूप हो भन्दै ढकालले कला र विचारधाराको सम्बन्धलाई पनि प्रष्टचाएका छन् । विचारधारको एउटा रूप राजनीति भएकाले कला र राजनीतिको सम्बन्धका बारेमा “साहित्य सर्वहारा वर्गको साझा उद्देश्यको एक अंग बन्नुपर्छ, समस्त मजदुर वर्गको सम्पूर्ण वर्गचेतन अग्रचेतन अग्रदलद्वारा सञ्चालित अभिन्न महान् सामाजिक जनवादी मेशीनको ‘दार पेच’ हुनु पर्छ” भन्ने लेनिनको मतलाई प्रस्तुत गर्दै ढकालले कला वर्ग-वर्ग बीचको लडाइँ हो, कलामा अभिव्यक्त विचारले वर्गीय लडाइँको प्रतिनिधित्व गर्दछ भनेका छन् । त्यसैले कला र राजनीति एकआपसमा विरोधी नभई अन्तरसम्बन्धित रहेका छन् । मार्क्सवादी सौन्दर्यशास्त्रका विरोधीहरूले मात्र कला र राजनीतिलाई एक अर्कोको विरोधी तत्वका रूपमा उभ्याएका छन् भन्दै मार्क्सवादी सौन्दर्यचिन्तनले कलालाई विचारधाराकै विशिष्ट रूपमा लिएको छ भन्ने कुरा ढकालले यहाँ निष्कर्षका रूपमा प्रस्तुत गरेका छन् ।

ढकालले अर्को शीर्षकको 'रूप र अन्तर्वस्तु' सम्बन्धी मार्क्सवादी धारणाका बारेमा पनि विश्लेषण गरेका छन् । ढकालले रूप र अन्तर्वस्तु कलाको मात्र नभई द्वन्द्वात्मक भौतिकवादको पनि महत्त्वपूर्ण प्रवर्ग हो भन्दै मार्क्सवादी सौन्दर्यशास्त्रले अन्तर्वस्तु र रूप एउटै सङ्घटनाका अभिभाज्य पक्ष मान्दछ भन्ने मार्क्सवादी धारणा पनि प्रस्तुत गरेका छन् । उनले कला साहित्यको निर्माण अन्तर्वस्तु र रूपको संश्लिष्ट एकताबाट मात्र हुन्छ भन्दै कला साहित्यको निर्माण र मूल्य निर्धारक तत्व अन्तर्वस्तु र रूप भएको धारणा प्रस्तुत गरेका छन् । पूँजीवादी सौन्दर्यशास्त्रीहरूले प्रतिगामी, प्रतिक्रियावादी, मानवद्वेषी र कलाविरोधी प्रवृत्तिलाई लुकाउन अन्तर्वस्तुलाई बहिष्कार गर्दै रूपलाई मात्र महत्त्व दिन्छन् भन्दै मार्क्सवादी सौन्दर्यशास्त्रले अन्तर्वस्तु र रूप दुबैलाई महत्त्व दिन्छ भन्ने अवधारणा पनि ढकालले यहाँ प्रस्तुत गरेका छन् । यति मात्र नभई कला साहित्यमा अन्तर्वस्तु र रूपबीच द्वन्द्वको स्थिति पनि रहन्छ । यसलाई एकतामात्र नभई पृथकतामा पनि बुझ्न सक्नुपर्छ भन्दै मार्क्सवादी सौन्दर्यशास्त्रले रूप र अन्तर्वस्तुको यर्थार्थ सम्बन्धलाई विश्लेषण गर्दै समाजवादी यथार्थवादी कला सिर्जना गर्दछ भन्ने अवधारणा ढकालले प्रस्तुत गरेका छन् ।

ढकालले 'समाजवादी यथार्थवादी' शीर्षकको लेखमा समाजवादी यथार्थवाद सौन्दर्यचिन्तन भन्दा पनि रचनाविधि र प्रक्रिया हो भन्दै मार्क्सवादी सौन्दर्यशास्त्रले पनि सिर्जनात्मक विधिको विश्लेषण र विकासलाई महत्त्व दिन्छ भनेका छन् । यथार्थवाद समाजवादी यथार्थवादको मेरुदण्ड हो । यथार्थ युगसापेक्ष हुन्छ, कलाकारको व्यक्तिगत र सामाजिक दृष्टिकोणबाट यथार्थ निर्धारित हुन्छ भन्दै ढकालले यथार्थवादको अर्थ कृत्रिम वर्णन नगरी जनताको जीवनको सत्य चित्रण गर्नु हो भन्ने गोर्कीको धारणा पनि प्रस्तुत गरेका छन् । ढकालले यर्थावादका विभिन्न रूपहरूमध्ये आलोचनात्मक यथार्थवाद पनि एउटा रूप हो र यसले पुरानो र नयाँका बीचको विषमताको विश्लेषण गर्दछ भन्ने जर्ज लुकासको धारणाप्रति सहमति जनाएका छन् र आलोचनात्मक यथार्थवादलाई समाजवादी यथार्थवादकै एक अभिन्न अवयवका रूपमा स्वीकार गरेका छन् । समाजवादी-यथार्थवाद एउटा सिर्जनविधि भएकाले यसको केन्द्रबिन्दु नयाँ समाजिक संरचना बनाउन सङ्घर्षरत श्रमिक जनसमुदाय, उसको क्रियाकलाप हो, यसमा पुरानोको ध्वंश र नवनिर्माणको प्रचण्ड आवेग हुन्छ र यसले एकै किसिमको कलात्मक शैली अपनाउन सक्दैन भन्दै कलाकारले आफ्नो विश्वदृष्टिकोणअनुसार कला अभिव्यक्त गर्दछ । यो विशिष्ट वर्गका लागि नभएर समग्र उत्पीडित वर्गका लागि हुने हुनाले यसमा जनप्रतिबद्वता हुन्छ । मार्क्सवादी शंसोधनवादसँग जुध्नु यसको विशेषता हो भन्दै

ढकालले मार्क्सवादभित्र विभिन्न रूपमा प्रकट हुने संशोधनवादसँग जुध्न नसकेको खण्डमा समाजवादी यथार्थवादी कलाकारले आफ्नो उद्देश्यअनुरूपको कला सिर्जना गर्न सक्दैन भन्ने धारणा यसमा प्रस्तुत गरेका छन् ।

ढकालले 'माओ र सौन्दर्यशास्त्र' शीर्षकको लेखमा सौन्दर्यशास्त्रमा माओका देन र स्थापनाको चर्चा गरेका छन् । उनले यथार्थको ऐतिहासिक विश्लेषणको शृङ्खलमा माओको सौन्दर्यचिन्तन आएको हो भन्दै कला क्रान्तिकारी मजदुर वर्ग र व्यापक जनसमूहको लागि हो भन्ने माओको धारणालाई उल्लेख गरेर कलामा वर्गीय चिन्तनलाई अगाडि सार्दै मार्क्सवादी सौन्दर्यशास्त्रले वर्गीय राजनीतिलाई सौन्दर्यात्मक तत्वका रूपमा ग्रहण गर्दछ भनेका छन् । समग्रमा माओले कलालाई मानिसको भावनात्मक रूपान्तरण गर्ने शक्तिशाली हतियारका रूपमा, श्रमजीवी वर्ग र जनतालाई प्रशिक्षण दिने प्रशिक्षकको रूपमा, क्रान्तिमा विजयको आधारका रूपमा र जीवनजगत्लाई सौन्दर्यात्मक अवबोधन गर्ने साधनकारूपमा लिएका छन् भन्ने कुरालाई ढकालले यस शीर्षकको लेखमा निष्कर्षका रूपमा प्रस्तुत गरेका छन् ।

ढकालले कृतिको अर्को लेखमा 'सौन्दर्यशास्त्रीय संशोधनवाद' को बारेमा चर्चा गरेका छन् । सौन्दर्यशास्त्रीय संशोधनवादको मूल स्रोत मार्क्सवादी दर्शन र राजनीतिमा आएको विचलन हो । सोभियत कम्युनिष्ट पार्टीको बीसौँ महाधिवेशनले मार्क्सवादी सिद्धान्त र सर्वहारा राज्यको विसर्जन गरेर सौन्दर्यशास्त्रीय संशोधनवादलाई विश्वव्यापी रूपमा विस्तार गरेको हो र यसपछि रूसी सौन्दर्यशास्त्रीहरूले निवर्गीय सोभियत कला मोडेल निर्यात गर्न थालेपछि सौन्दर्यशास्त्रीय संशोधनवाद अस्तित्वमा आएको हो भन्दै ढकालले "कलामा मार्क्सवादी लेनिनवादी सिद्धान्तहरूको परित्याग गर्नाले सौन्दर्यशास्त्रमा संशोधनवादले रूप ग्रहण गर्न पुग्दछ" भन्ने अब्नेर जीसको सौन्दर्यशास्त्रीय संशोधनवादी धारणा उल्लेख गरेका छन् । यसै क्रममा ढकालले विभिन्न विद्वान्हरूका विभिन्न कला मोडेलहरू प्रस्तुत गर्दै सौन्दर्यशास्त्रीय संशोधनवादको मूल मोडेलहरू प्रस्तुत छन् । सौन्दर्यशास्त्रीय संशोधनवादको मूल विशेषता भनेको मार्क्सवादको भ्रष्टीकरण वा निषेध हो र यस किसिमको भ्रष्टीकरण यथार्थवादको विरोधमा, पक्षधरताको त्यागमा, कलाको वर्गचरित्रको विरोधमा, वर्गचेतनाको विराधमा, मानव स्वभावको स्थापनामा, प्रतिबद्वताको विरोधमा, कला र राजनीतिलाई छुट्टयाउँदै वर्गीय राजनीतिको विरोधमा न्यायपूर्ण युद्धको विरोधमा क्रान्तिकारी स्वच्छन्दतावादको विरोधमा, कलाबाट विचारधारा र संज्ञानात्मक तत्वको बहिष्कारमा तथा रूपवादसितको मोहमा प्रकट हुन्छ

भनेका छन् । नेपालका सन्दर्भमा सौन्दर्य शास्त्रीय संशोधनवाद गम्भीर बहसको थालनी नभएको चर्चा गर्दै नेपालमा मध्यमार्गी प्रवृत्तिको थालनी र क्रान्तिकारी राजनीतिको विरोधमा, राजनीतिक प्रतिबद्धताको विरोधमा, कला साहित्यबारे माओद्वारा अभिव्यक्त सौन्दर्यशास्त्रीय धारणाहरूको विरोधमा र कलामा राजनीतिक विचारधाराको विरोधमा सौन्दर्यशास्त्रय संशोधनवाद अभिव्यक्त भएको छ भन्दै ढकालले यसको प्रतिकारका निम्ति मार्क्सवाद लेनिनवाद-माओवादको वैचारिक हतियार आवश्यक रहेको चर्चा गरेको छन् ।

'पूर्वीयचिन्तनमा सौन्दर्य' शीर्षकको लेखमा ढकालले पूर्वीय अर्थात् संस्कृत साहित्यमा रहेको सौन्दर्यचिन्तनको चर्चा गरेका छन् । ढकाल ऋग्वेदको उषसूक्तमा सबै भन्दा राम्ररी सौन्दर्यको वर्णन गरिएको छ भन्दै उषालाई सुन्दर मानवीको रूपमा चित्रण गरेर सौन्दर्यलाई कान्तिको रूपमा लिइएका छन् । लौकिक साहित्यमा वाल्मिकी रामायण र महाभारत सौन्दर्य वर्णनको एउटा उत्कृष्ट काव्यग्रन्थ मानिन्छ भन्दै ढकालले त्यहाँ सौन्दर्यसिद्धान्तको विवेचना नभए पनि सौन्दर्यको प्रयोग अत्यधिक गरिएको छ भन्दै सौन्दर्यानुभूतिका लागि सौन्दर्यचेतना खुल्नु पर्छ भनेका छन् । यसैगरी ढकालले भामहदेखि जगन्नाथसम्मका आचार्यहरूको सौन्दर्यचिन्तनसम्बन्धी मत उल्लेख गर्दै उनीहरूका विचारमा सौन्दर्य आध्यात्मिक, सामाजिक, नैतिक मूल्यसँग सम्बद्ध हुन्छ भन्ने कुरा प्रस्तुत गरेका छन् । दासयुगदेखि सामन्तवादका विकास र विस्तारमा पूर्वीय सौन्दर्यचिन्तन विकसित भएको हो र यसले देवताको दास हुन सिकाउँछ भन्दै मार्क्सवादी सौन्दर्यचिन्तनको आलोकमा कला सिर्जना गर्नु पर्छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

ढकालले कृतिको अन्त्यमा 'नेपाली साहित्यमा सौन्दर्यचिन्तनको विकास' शीर्षकको लेखमा सौन्दर्यचिन्तन स्थिर नभई यसले परिवर्तनशील चरित्रलाई आत्मसात् गर्दछ भन्दै नेपाली साहित्यमा विद्यमान सौन्दर्यचिन्तन परम्पराको चर्चा गरेका छन् । नेपाली साहित्यको प्राथमिक कालको वीरधारामा साम्राज्यवाद विरोधी राष्ट्रिय चेतनालाई सौन्दर्यतत्व बनाएर साहित्य सिर्जना हुनथालेपछि नेपाली साहित्यमा यसको आरम्भ भएको हो र यसको निरन्तरता सुगौलीसन्धि अथवा भिमसेन थापाको पतनसम्म कायम रहेको पाइन्छ भन्ने उल्लेख गरेका छन् । काल्पनिक चेतनामा यस कालको सौन्दर्य चेतना केन्द्रित रह्यो । यसपछि भक्तिकाल भानुभक्तले सामन्ती शोषण र दमनबाट विभत्स नेपाली जनजीवनमा सामन्त वर्गको स्वर्गीय वैभव र आनन्दलाई कान्तिपुर वर्णनमा अभिव्यक्त गरेकाले यतिबेला देखि नेपाली साहित्यमा सौन्दर्य वर्गीय आधारमा

प्रकट भएको छ भने माध्यमिक कालमा सौन्दर्य भोगवादी कामलिप्साका रूपमा प्रकट भएको छ भन्ने उल्लेख ढकालले गरेका छन् । यसपछि लेखनाथ पौड्यालले भाट प्रवृत्तिलाई अँगालेर साहित्य सिर्जना गरेका र उनका रचनाहरू सौन्दर्यशास्त्रीय दृष्टिले उल्लेखनीय नरहे पनि धरणीधर कोइरालाले युग चेतनाका सुधारवादी स्वर आफ्ना रचनामार्फत प्रस्तुत गरेकाले उनका रचनाहरू सौन्दर्यशास्त्रीय दृष्टिले उल्लेखनीय रहेको चर्चा गरेका छन् भने समको सौन्दर्य चेतना आदर्शवादी रहेको छ, दुःखबाट मुक्ति पाउन कल्पना डुब्नु देवकोटाको सौन्दर्य चेतना हो भन्दै ढकालले प्रथम विश्वयुद्धपछि राणविरोधी गतिविधिमा सौन्दर्य चेतनाको विकास भएको उल्लेख गरेका छन् ।

यसपछि २००६ सालमा कम्युनिष्ट पार्टीको स्थपना भएपछि सर्वहारा वर्गीय सौन्दर्य चेतनाको सुरुवात भयो र वास्तविक जीवनसौन्दर्य र मूल्यको खोजीतर्फ लेखकहरूलाई सचेत बनायो भने २००७ सालमा राणा शासनको अन्त्य भएर प्रजातन्त्र स्थपाना भए पनि त्यसले वर्गीय शासनमा अन्तर ल्याउन सकेन । २००७ सालपछि सौन्दर्य चेतनामा परिवर्तनको सङ्केत देखिन थाल्दछ । यतिबेला लेखकहरूले दिल्ली सम्झौताको विरोध गरेर राष्ट्रियतालाई नेपाली साहित्यको सौन्दर्यतामा प्रवेश गराएका छन् । २०१७ सालपछि नेपाली साहित्यमा भएका विभिन्न साहित्यिक आन्दोलनहरूले यथार्थको भ्रष्टीकरण गरेकाले सौन्दर्यचिन्तन विरोधी गतिविधि फस्टाएका छन् भने तीसको दशकमा आएर पारिजातको 'अनिदो पहाडसँगै' उपन्यासले समाजवादी यथार्थवादी चिन्तनको सुसंगत जग बसालेपछि लेखकीय प्रतिबद्धताको सुरूवात भएपछि यो धेरै समय टिकीरहन सकेन भन्दै २०४६ सालपछिको परिवर्तनपछि गणतान्त्रिक चेतनालाई लेखकहरूले स्थान दिन पुग्दछन् र जनयुद्धले यथार्थको नयाँ ढोका खोलेपछि समाजवादी यथार्थवादी सौन्दर्यचिन्तन जर्मुराउने प्रयास गर्दछ तर सम्पूर्ण कलाविरोधी चिन्तनका विरुद्धमा एकभएर नलडेसम्म यसले आवश्यक गति लिन सक्दैन भन्ने निष्कर्ष ढकालले यहाँ प्रस्तुत गरेका छन् ।

### ४.४.७.२ 'द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवाद' को अध्ययन

समालोचनासम्बन्धी 'द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवाद' (२०६४) घनश्याम ढकालको दोस्रो सैद्धान्तिक समालोचनात्मक ग्रन्थ हो । यस ग्रन्थमा दर्शन भनेको जीवन जगतलाई हेर्ने विश्व दृष्टिकोण हो भन्दै भौतिकवादी दर्शनले मात्र वुर्जवा चिन्तनको खण्डन गर्दै

दार्शनिक चिन्तनको विकास गर्दैछ भन्दै ढकालले आदर्शवाद, भौतिकवाद र द्वैतवाद गरी दर्शनलाई तीन भागमा बाँडेका छन् ।

भौतिकवादी चेतनाको विपरित दार्शनिक धारा धार्मिक जडसूत्रको नजिक रहेको छ र यसले रुढिवादी तथा प्रतिक्रियावादी वर्गको प्रतिनिधित्व गर्दछ । भौतिकवादी दर्शन आत्मगत र वस्तुगत प्रत्ययवाद गरी दुई प्रकारको हुन्छ भन्दै ढकालले भौतिकवादी जगत्का सम्पूर्ण घटनाहरूको अस्तित्व व्यक्ति चेतनालाई मान्ने दार्शनिक आधार आत्मगत प्रत्ययवाद हो भने व्यक्ति चेतनाबाट स्वतन्त्र निर्वैक्तिक चेतना वस्तुगत प्रत्ययवाद हो भनेका छन् । दर्शनको अर्को भेद भौतिकवाद हो । यसले वाह्यजगतको वस्तुगत उपस्थितिलाई स्वीकार गर्दछ भन्दै भौतिकवादलाई द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवाद र भँडुवा भौतिकवाद गरी यसलाई ढकालले दुई भागमा बाँडेका छन् । द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवादको चर्चा छुट्टै शीर्षकमा गरेका छन् भने भँडुवा भौतिकवादले सामाजिक परिवेशलाई वहिष्कार गर्दछ र चेतनालाई मस्तिष्कको उपजका रूपमा लिन्छ । यसैगरी द्वैतवादले भौतिक तथा आत्मिक चेतनालाई मूल तत्वका रूपमा लिन्छ र पदार्थबाट चेतनालाई छुटयाउने हुनाले यो पनि प्रत्यवादमै पुग्दछ भन्दै ढकालले दर्शन प्रत्ययवाद र भौतिकवाद गरी दुई प्रकारका मात्र छन् भनेका छन् ।

ढकालले कृतिको अर्को उपशीर्षकमा द्वन्द्वात्मक भौतिकवादको चर्चा गरेका छन् । दर्शनको मूल आधारका रूपमा रहेको द्वन्द्वात्मक भौतिकवाद क्रान्तिकारी मजदुर वर्गको विश्वदृष्टिको हो । यसले वास्तविक वस्तुजगत्लाई द्वन्द्वात्मक रहेको ठान्दछ र सामाजिक अध्ययन द्वन्द्वात्मक प्रक्रियाबाट गर्न सकिने मान्यता राख्दछ । मार्क्स र एङ्गेल्सले हेगेलको द्वन्द्ववाद र फायरवारको भौतिकवादको प्रत्ययवादी चिन्तनलाई हटाएर द्वन्द्वात्मक भौतिकवादको आरम्भ गरेका हुन् । द्वन्द्वात्मक भौतिकवादका अनुसार विकासका तीनवटा मौलिक नियम रहेका हुन्छन् ।

द्वन्द्वात्मक भौतिकवादको पहिलो नियम 'विपरितहरूको एकता र सङ्घर्ष' हो । यस नियमअनुसार सम्पूर्ण वस्तुभित्र विरोधी र अन्तरविरोधी पक्षहरू हुन्छन् र ती दुई पक्षहरूका बीचमा अन्तरसम्बन्ध र एकता तथा सङ्घर्ष हुन्छ अनि एकता र सङ्घर्षको यही नियमबाट वस्तुजगत्मा परिवर्तन आउँछ । यसरी विपरित पक्षका बीच एकता र सङ्घर्षको क्रम नै वस्तुजगत्को विकासको कारण हो भन्ने कुरालाई ढकालले प्रस्तुत गरेका छन् ।

'मात्राबाट गुणमा र गुणबाट मात्रामा परिवर्तन' द्वन्द्वात्मक भौतिकवादको दोस्रो नियम हो । वस्तुजगत्को परिवर्तनको क्रममा परिमाण गुणमा परिवर्तन हुन्छ, जुन परिवर्तनले भइरहेको वस्तु लोप भएर नयाँ वस्तुको जन्न गराउँछ ढकालले परिमाणात्मक परिवर्तनबाट वस्तुजगत्को परिवर्तन हुने कुरालाई यस नियमले देखाउँछ भन्ने कुरा निष्कर्षमा प्रस्तुत गरेका छन् ।

'निषेधको निषेध' द्वन्द्वात्मक भौतिकवादको तेस्रो नियम हो भन्दै ढकालले वस्तुजगत्मा देखिने विकासको नियमलाई 'निषेधको निषेध' नियमले जनाउँछ भनेका छन् । विकास वा परिवर्तन भनेको पुरानो नाश र नयाँको जन्म हो त्यसैले विकास अग्रगामी हुन्छ । निषेधको अर्थ पुरानोमा रहेको असल तथा सकारात्मक तत्वहरूको नष्ट गर्नु नभई पुरानोमा रहेका खराब कुराहरूको निषेध हो भन्ने कुरा ढकालले बताएका छन् । यसरी द्वन्द्वात्मक भौतिकवादले गतिशील तथा परिवर्तनशील वस्तुजगत्को अध्ययन गर्दछ भन्ने कुरा ढकालले निष्कर्षमा प्रस्तुत गरेका छन् ।

ढकालले कृतिको अर्को उपशीर्षकमा 'द्वन्द्वात्मक भौतिकवादका प्रवर्ग' का बारेमा चर्चा गरेका छन् । यस क्रममा उनले प्रवर्ग विश्वज्ञानको चरण हो भन्ने लेनिनको मतलाई उल्लेख गर्दै यसका प्रवर्गहरूको चर्चा गरेका छन् । द्वन्द्वात्मक भौतिकवादको पहिलो प्रवर्ग विशेष र सार्वभौम हुन्छ भन्दै व्यक्तिमा हुने गुण नै विषेण गुण हो र यो गुण सार्वभौम हुन्छ भन्दै ढकालले यी दुईका बीच द्वन्द्वात्मक सम्बन्ध रहेको हुन्छ भनेका छन् । द्वन्द्वात्मक भौतिकवादको दोस्रो प्रवर्ग अन्तर्वस्तु र रूप हो र यी एकआपसमा अभिन्न रूपले जोडिएका हुन्छन् र यी दुईका बीचमा द्वन्द्वात्मक सम्बन्ध हुन्छ र नयाँ अन्तर्वस्तु र पुरानो रूप हुने वित्तिकै तिनीहरूका बीचमा अन्तरविरोध उत्पन्न भई नयाँ रूपको जन्म हुन्छ । ढकालले द्वन्द्वात्मक भौतिकवादको अर्को प्रवर्गका रूपमा सार र आभासको चर्चा गरेका छन् । सार वस्तुको आन्तरिक पक्ष हो भने आभास सारको बाहिरी अभिव्यक्ति हो भन्दै ढकालले यी दुवै द्वन्द्वात्मक एकता हुन्छ भनेका छन् । द्वन्द्वात्मक भौतिकवादको अर्को प्रवर्ग कार्य र कारण हो । कारण नभई कार्य हुँदैन । द्वन्द्वात्मक भौतिकवादले व्याख्या गर्ने कार्यकारण सम्बन्ध वस्तुगत हुन्छ र यो धर्मको ठीक उल्टो हुन्छ । द्वन्द्वात्मक भौतिकवाद अर्को प्रवर्ग 'अनिवार्य र आकस्मिकता' हो । यी दुवै द्वन्द्वात्मक रूपले सम्बन्धित छन् । द्वन्द्वात्मक भौतिकवादको अर्को प्रवर्ग 'सम्भावना र वास्तविकता' हो भन्ने चर्चा ढकालले गरेका छन् । नयाँ वस्तुको जन्म हुनुभन्दा अगाडि त्यसमा देखिने परिवर्तन लक्षणलाई सम्भावना भनिन्छ र यिनै लक्षणहरू विकसित भएर परिपक्क भएपछि सम्भावना

वास्तविकतामा परिवर्तन हुन्छ । द्वन्द्वात्मक भौतिकवादले मूर्त र अमूर्त सम्भावना फरक गर्दछ । अमूर्त सम्भावना असम्भव हुन्छ र कहिल्यै वास्तविकतामा परिणत हुन सक्दैन भने मूर्त सम्भावना कुनै निश्चित ऐतिहासिक अवस्थामा वास्तविकतामा परिणत हुन्छ । सम्भावनालाई वास्तविकतामा बदल्न मानिसको सचेतन प्रयासको खाँचो पर्दछ भन्ने कुरा ढकालले बताएका छन् ।

ढकालले कृतिको अर्को उपशीर्षकअन्तर्गत 'द्वन्द्वात्मक भौतिकवादको ज्ञान सिद्धान्त' को बारेमा उल्लेख गरेका छन् । विश्वको ज्ञान कसरी प्राप्त गर्न सकिन्छ र त्यो कति पूर्ण छ भन्ने सवालको जवाफ दिने दृष्टिकोणलाई ज्ञानसिद्धान्त भनिन्छ । द्वन्द्वात्मक भौतिकवादले विश्वलाई ज्ञेय मान्छ भन्दै ढकालले अज्ञेयवादी ज्ञान सिद्धान्त, तर्क-बुद्धिवादी ज्ञान सिद्धान्त, शास्त्रीय आदर्शवादी ज्ञान सिद्धान्त, तत्वमीमाशीय भौतिकवादी सिद्धान्त र द्वन्द्वात्मक भौतिकवाद ज्ञान सिद्धान्तको उल्लेख गरेका छन् । यसैगरी समाज विकासमा ऐतिहासिक भौतिकवादीको चर्चा गर्दै यसले अध्ययन गर्ने उत्पादन पद्धति, आधार र उपरिसंरचना, वर्ग र वर्गसङ्घर्ष, राज्य र सामाजिक क्रान्ति, इतिहासमा जनता र व्यक्तिको भूमिका, सामाजिक चेतना र सामाजिक अस्तित्वजस्ता विषयहरूको उल्लेख गरेका छन् ।

ढकालले कृतिको अर्को उपशीर्षकमा 'राजनैतिक अर्थशास्त्र' को बारेमा चर्चा गर्दै नेता वा कार्यकर्तामा राजनीतिक अर्थशास्त्रको ज्ञान हुनुपर्छ र मालेमावादको अध्ययनमा यसको अहम्भूमिका रहेको जनाएका छन् । ढकालले एङ्गेल्सको अर्थशास्त्रले वस्तुको सम्बन्ध मात्र नभई मान्छेका वर्गहरूबीचका सम्बन्धको लेखाजोखा गर्दछ भन्ने धारणा उल्लेख गरेका छन् र यसले विभिन्न वर्ग र समूहका व्यवहारिक हितहरूमा विचार गर्दै सर्वहारा वर्गको सेवा गर्दछ र यो कम्युष्टि पार्टीको कार्यदिशा निर्धारण गर्ने सैद्धान्तिक आधार हो भनेका छन् ।

अन्त्यमा ढकालले वैज्ञानिक साम्यवादको उल्लेख गर्दै राजनीतिक लक्ष्य नै वैज्ञानिक साम्यवाद हो भन्दै सर्वहारा वर्गीय राजनीतिअन्तर्गत क्रान्तिद्वारा सत्ता हातमा लिनु सबै किसिमका शोषण दमनको विरोध गर्नु र समाजवादको निर्माण गर्दै साम्यवादतिर बढ्नुजस्ता कुराहरू पर्दछन् भने चर्चा गरेका  छन् । यसरी द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवादको संक्षिप्त सैद्धान्तिक परिचय दिन कृति सफल रहेको देखिन्छ ।

४.४.८ घनश्याम ढकालका कविताको अध्ययन

साहित्यकार घनश्याम ढकालद्वारा सिर्जना गरिएको 'फैसला हारजितको' (२०४४) कवितासङ्ग्रह उनको दोश्रो पुस्तकाकार कृति हो । माछापुच्छ्रे छापाखाना पोखराबाट प्रकाशित यस सङ्ग्रहमा वि.स. २०४४ सम्मका विभिन्न समय र परिवेशमा रचना गरिएका पाँचवटा गद्य कविताहरू सङ्गृहीत गरिएका  छन् । यसमा सङ्कलित केही कविताले वैयक्तिक जीवनमार्गको प्रतिबिम्बन गरेका छन् भने केही कविताले समाजमा विद्यमान शोषण, उत्पीडन, आर्थिक असमानता, धार्मिक विकृतिको प्रतिबिम्बन गर्नुका साथै परिवर्तनधर्मी चेतना सम्प्रेषण गरेका छन् । यसैगरी ढकालका 'गङ्गाकावेरी एक्सप्रेस चिठीलाई जवाफ' (२०४२), 'अभिवादन गर्छ सगरमाथा पेरुभियाली जनक्रान्तिलाई' (२०४३) जस्ता लामाकविता र 'भावनाका छालहरू' (२०६२) जस्तो शोककाव्य प्रकाशित भएको पाइन्छ । ढकालका यी सङ्ग्रहहरूमा मुख्यतया प्रगतिवादी स्वर मुखारित भएको पाइन्छ । तिनको परिचय यस प्रकार प्रस्तुत गर्न सकिन्छ ।

क) नया″ वर्षको शुभकामना

साहित्यकार घनश्याम ढकालद्वारा रचना गरिएको प्रस्तुत कवितामा क्रान्तिकारी भावधारा मुखारित भएको छ । नयाँ जीवनको चाहनाअनुरूप समसामयिक विकृतिको पर्दाफास गर्दै अन्याय, अत्याचार, अशिक्षा अज्ञानता, अन्धकार, शोषणको अन्त्य तथा जागरण, परिवर्तन र उन्मुक्तिको स्वर यस कवितामा व्यक्त भएको छ । कविले नयाँवर्षलाई नयाँ जीवनको चाहनाका सन्दर्भमा प्रयोग गर्दै क्रान्तिकारी आशावादी भाव प्रस्तुत गरेका छन् । प्रगतिवादी भावधारामा केन्द्रित भएर लेखिएको यस कवितामा ढकालले स्वभिमान् र प्रगतिशील समाजको निर्माणका लागि प्रगतिका बाधक सामन्तवादी शोषकहरूका विरुद्ध क्रान्ति अपरिहार्य रहेको तथ्यलाई विषयवस्तुका रूपमा प्रयोग गरेका छन् । कविले नयाँ वर्षलाई शोषण र अज्ञानताका विरुद्धमा हुने मुक्तियुद्धप्रति प्रतिवद्ध मुक्तियोद्धाहरूलाई लिएर आउन आह्वान गरेका छन् । कवि समयको अग्रगामी गति बनेर अगाडि बढेको नयाँ वर्षलाई पछि धकेल्न खोज्नेहरू इतिहासका गर्तहरूमा पुरिनेछन् भन्दै आफ्ना क्रान्तिकारी विचारहरू यसरी प्रकट गर्दछन् :

नयाँ वर्ष बढ अगाडि  
तेरो गतिलाई पछि तान्न खोज्नेहरू

पुरिनेछन् इतिहासको खण्डहरमा
अग्निवाण बनेर छातीमै वर्षिदे
अन्धकारका राक्षसहरूमाथि
आगोका लप्का बनेर लपलपाई दे
अस्थाको व्यापार गर्ने तस्करहरूमाथि

कवि ढकालले कविताको अन्त्यतिर शोषण, अज्ञानता र अशिक्षाका विरुद्धमा सम्पूर्ण शोषित पीडितहरूलाई मुक्तियुद्धमार्फत नयाँ जीवनको खोजी गर्ने सन्देश दिएका छन् ।

गद्य कवितात्मक संरचनाका ८९ पङ्क्ति संरचनाको आयाममा संरचित यस कवितामा कविले प्रथम पुरुष कथनपद्वतिका माध्यमबाट आफ्ना क्रान्तिकारी विचारहरू पस्केका छन् । पाँचदेखि बीस अक्षरसम्मको पङ्क्ति संरचनाको आयोजनाा गरिएको यस कविताको शीर्षक पदावलीका रूपमा तीनवटा शब्दद्वारा संरचित रहेको छ । अप्रस्तुत विषयलाई कविले विभिन्न बिम्ब र  प्रतीकहरूका माध्यमबाट प्रस्तुत गरेका छन् । विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग कवितामा गरिएपनि अर्थ सम्प्रेषणमा बाधा परेको देखिदैन । अभिधात्मक शीर्षक रहेको यस कवितामा शीर्षक र केन्द्रीय कथ्यका बीचमा सङगति रहेको देखिन्छ ।

ख) छोराछोरीलाई इतिहास पढाउ"दा

प्रस्तुस्त कवितामा कवि ढकाले अन्याय अत्याचार, शोषण, गरिबी, आर्थिक विपन्नता अनि आर्थिक विपन्नताकै कारण विदेश पलायन हुनु पर्ने वाध्यता जस्ता विभिन्न समाजिक समस्यालाई कवितामा मुख्य विषयवस्तु बनाएका छन् । सरल ग्रामीण जीवनमा अभाव, पीडा, समस्या, व्यथा, रोग, भोक, आदिले ग्रस्त गाउँले जीवनको यथार्थलाई कविले यस कवितामा उतारेका छन् । कवि ढकालले छोराछोरीलाई इतिहासमा देखिएका विभिन्न समस्याको कथा बताउदै त्यसबाट सचेत रहन अह्वान गरेका छन् । कवितामा सर्वसाधारण गाउँलेहरूले मेहनत र पसिनाको खोलो बगाएर आर्थिक वृद्धिका लागि गरेको सङ्घर्ष तथा त्यसका विरुद्धमा जाली, फटाहा, शोषकहरू कसरी लागी पर्दछन् भन्ने यथार्थको पर्दाफास एकातिर गरिएको छ भने अर्कातिर यस्तो इतिहासको विरोधमा जाइलाग्न नसकेको यथार्थ चित्रण गर्दै नयाँ इतिहास

निर्माण गर्नका लागि पुरानोको ध्वंश र नयाँको निर्माण आवश्यक रहेको कुरा पनि यसमा सङ्केत गरिएको छ ।

आर्थिक विपन्नताले ग्रस्त निम्नवर्गीय निमुखा गाउँलेहरूले विवाह, उपचार र काजक्रियासमेत ऋण लिएर गर्नु पर्ने अनि त्यही ऋण वापत शोषक सामन्तहरूले उनीहरूको पुर्ख्यौली सम्पत्ति हडप्छन् भन्ने यर्थाथलाई कवितामा कवि ढकाल यसरी प्रस्तुत गर्दछन् :

त्यो बारी र खरबारी
तिम्रा बाबुको बिहेमा ऋण हालेवापत
मुखियाले हत्याएको हो
ऊ त्यो जमिन
तिम्रा हजुरबा हजुरआमाको क्रिया खर्चवापत
जवरजस्ती छोडिएको हो ।

हरेक नेपालीहरूले पुर्ख्यौली सम्पत्तिको रूपमा ऋण र अज्ञानताको भारी बोकिरहेका छन् र यसबाट मुक्तिका लागि विदेसिएका मानिसहरू उतै बेपत्ता पारिएका छन्, मारिएका छन् भन्दै यसका विरुद्धमा सङ्गठित हुन आवश्यक रहेको कुरालाई कवि आफ्ना प्रगतिशील विचारमार्फत प्रस्तुत गर्दै आर्थिक असमानता र शोषणबाट मुक्तिका लागि एकजुट भएर अघि बढ्न अह्वान गर्दछन् ।

शोषण र उत्पीडनलाई मुख्य विषयवस्तु बनाएर लेखिएको यस कवितामा कविका प्रगतिशील विचारहरू व्यक्त भएका छन् । उक्त विचारको प्रस्तुतिका लागि कविले सरल सहज भाषाशैलीको प्रयोग गरेका छन् । अप्रस्तुत विषयलाई कविले विभिन्न बिम्ब र प्रतीकको माध्यमबाट प्रस्तुत गरेका छन् तापनि कवितामा कहीँकतै दुर्बोध्यता र क्लिष्टता पाइँदैन । यसलाई कविको निजी विशेषताका रूपमा लिन सकिन्छ । गद्य कवितात्मक संरचनाका १३६ पंक्तिका आयाममा संरचित यस कवितामा ४ देखि १८ अक्षरले बनेका पंक्ति संरचनाको आयोजना गरिएको छ । कवितामा शीर्षक र विषयवस्तुका बीच सङ्गति पाइन्छ । इतिहासकै प्रसंगमा विषयको विस्तार गरिएकाले शीर्षक पूर्णतः सार्थक देखिन्छ । कविता अनुच्छेद विधानमा नरही एकै अनुच्छेदमा संरचित छ । मुक्त लयको प्रयोग गरिएको यस कवितामा विभिन्न ठाउँमा अन्त्यानुप्रासको प्रयोग भएको पाइन्छ जसले गर्दा गद्य कविता पनि लयात्मक बनेको छ ।

ग) “फैसला हारजितको”

प्रस्तुत कवितामा मुख्यतः प्रगतिशील विचारधारालाई केन्द्रमा राखी अन्याय- अत्यचारको विरोध, समाजिक तथा वर्गीय असमानताका विरूद्धमा क्रान्ति र परिवर्तनको चाहनालाई प्रस्तुत गर्दै सत्ता र शक्तिका बलमा गरिने अन्याय तथा शान्तिका नाममा हुने गरेका हत्या-हिंसालाई कविताको मुख्य विषयवस्तु बनाइएको छ । शोषक र अत्याचारी सत्ताको अन्त्यका लागि क्रान्ति अनिवार्य छ भन्दै निरन्तर सङ्घर्षका माध्यमबाट परिवर्तनको चाहना राख्नु यस कविताको मुख्य उद्देश्य हो । यही उद्देश्यलाई साहित्यकार ढकालले कवितामा यसरी व्यक्त गरेका छन् :

त्यही बिहानीले तिम्रा यी अन्यायपूर्ण चित्कारहरूलाई
इतिहासको अजायब घरमा
सदाका लागि थन्क्याई दिइने छ
त्यसैबेला
न्याय र अन्यायको हारजितको
अन्तिम फैसाला पनि हुनेछ ।

यसरी शान्ति स्थापना गर्ने नाउँमा हत्या, हिंसा गर्दै न्यायको विश्वास भत्काउन खोज्नेहरूप्रति र सामाजिक कुसंस्कार तथा विद्यमान व्यवस्थाप्रति पनि कवितामा व्यङ्ग्य गरिएको छ । सम्पत्ति र सत्ताको बलमा शासकहरूले कयौंलाई चपाइसकेका छन्, शान्तिका नाममा हत्या, हिंशा बढेका छन्, न्यायका महलहरू भत्किएका छन् । यस्तो परिवेशलाई छिचोल्न अवश्य पनि परिवर्तन हुनेछ, न्याय अन्यायको हारजितको अन्तिम फैसला हुनेछ भनी कवि ढकालले यस कवितामा आफ्ना आशावादी भावहरू प्रस्तुत गरेका छन् ।

गद्य कवितात्मक संरचनाका ९० पङ्क्तिको आयाममा संरचित यस कवितामा ३ देखि २० अक्षरले बनेका पङ्क्ति संरचनाको आयोजना गरिएको छ भने सम्पूर्ण कविता पङ्क्ति आयोजनामै संरचित रहेको छ । कवितामा सरल, सहज भाषा शैलीको प्रयोग भएको छ । विभिन्न बिम्ब-प्रतीकको प्रयोग भए पनि अर्थ सम्प्रेषणमा दुरुहता र क्लिष्टता कहीकतै पनि देखिदैन । शीर्षक र विषयवस्तुका बीचमा समाञ्जस्यता पाइन्छ जसले गर्दा शीर्षक पूर्ण रूपमा सार्थक देखिन्छ । मुक्त छन्दको आयोजना र अन्त्यानुप्रास अलङ्कारको प्रयोगले कविता लयात्मक बनेको छ ।

घ) श्राद्ध बाबु आमाको

प्रस्तुत कवितामा नेपाली समाजमा विद्यमान धार्मिक-सांस्कृतिक श्राद्ध गर्ने परम्परा, बाबु आमालाई जिवित हुँदा वास्ता नगर्ने तर मरेपछि श्रद्वाञ्जलीका नाममा स्वाङ पार्ने प्रवृत्ति, अनि सर्वसाधारण निमुखा गाउँलेहरू औषधी उपचारको अभावमा कसरी मृत्युको मुखमा पुग्न बाध्य छन् भन्ने कुरालाई मुख्य विषयवस्तुको रूपमा प्रयोग गरिएको छ । यस कवितामा कवि ढकालले नेपाली समाजमा विद्यमान श्राद्ध गर्ने परम्पराको विरोध गर्दै आफ्ना बाबुआमाको सरल, परिश्रमी जिन्दगीको स्मरण गरेका छन् । त्यसैले यस कविताले कविको जीवनको यथार्थ प्रतिबिम्बन गरेको छ । अर्थात् कविले आफ्ना बाबुआमाप्रति यसरी  हार्दिक श्रद्धान्जली प्रकट गरेका छन् :

प्रभाकर कौशल्या
श्रमका प्रतिमूर्ति किसान
मेरा भौतिक अस्तित्वका पूर्व रूप
अर्थात् हुन् मेरा बाबुआमा
श्रद्धाको अथाह सागर उर्लन्छ
उनीहरूलाई सम्झदा

नौ वर्षको कलिलो उमेरमा पितृशोकमा डुबेका ढकालले यस कवितामा त्यसैको मर्म पोखेका छन् । कविताले मृत्युपश्चात् वेदीमा ठूला-ठूला पिण्ड लडाएर गरिने श्राद्धभन्दा मेहनत र परिश्रमले गरिने श्राद्ध नै आफ्ना बाबुआमाको साँचो श्राद्ध हो भन्ने भाव यहाँ व्यक्त गरिएको छ । अनि आफ्ना बाबुआमाको मुक्तिका लागि काशी, गया होइन रोग, भोक र उत्पीडनबाट मुक्तिको दीर्घ यात्रामा लाग्न कवि ढकालले सबै सुपुत्रहरूलाई आह्वान गरेका छन् ।

नेपाली समाजमा विद्यमान धार्मिक-सांस्कृतिक परम्परालाई आधार बनाएर लेखिएको यस कविताको भाषाशैली सरल, सहज रहेको छ । १५८ पङ्क्तिको बाह्य संरचनामा संरचित यस कविताले  ३ देखि १६ वर्णसम्मको पङ्क्तिहरूको संरचनागत चौडाइ निर्धारण गरेको छ । पदावलीको रूपमा शीर्षक रहेको यो कविता पङ्क्तिविधानको आयोजनामा संरचित रहेको छ । अप्रस्तुत विषयलाई विभिन्न बिम्ब-प्रतीकहरूको प्रयोगबाट प्रस्तुत गरिए तापनि सरल भाषाशैलीको प्रयोगले कविता सम्प्रेष्य बनेको छ । अभिधात्मक शीर्षक रहेको यस कवितामा कथ्य र विषय-वस्तुका बीचमा सङ्गति रहेको देखिन्छ जसले गर्दा शीर्षक सार्थक रहेको छ ।

मुक्त छन्दको प्रयोग गरिएको यस कवितामा अन्त्यानुप्रासको सहज आयोजनाले गर्दा कविता लयात्मक बनेको  छ ।

ङ) नर्सरी र बोर्डिङ स्कूलमा पढ्न गुनासो गर्ने छोराछोरीस”ग

साहित्यकार घनश्याम ढकालद्वारा रचित 'फैसला हारजितको' कविता सङ्ग्रहमा संकलित पाँचौ तथा अन्तिम कविता कविता हो–'नर्सरी र बोर्डिङ स्कूलमा पढ्न गुनासो गर्ने छोराछोरीसँग' । यस कवितामा कवि ढकालले देशको शिक्षानीति, भ्रष्टाचार, तस्करी, असमान समाजिक व्यहार आदि विषयहरूको प्रस्तुति गरेका छन् । कवि ढकालको यस कवितामा यथार्थको पुट पाइन्छ । गरिबी र अज्ञानताको जाँतोमा पिल्सिएका सर्वसधाराण नेपालीहरूका लागि बोर्डिङ र नर्सरी आकाशको फलसमान भएको छ, भन्ने कुरालाई कविताले प्रस्तुत गरेको छ ।

प्रस्तुत कवितामा स्तरीय शिक्षाको नाउँमा खोलिएका बोर्डिङ स्कूलहरू र तिनले शिक्षा जस्तो अनिवार्य आवश्यक वस्तुलाई कसरी व्यापारीकरण गरेका छन् भन्ने तथ्यलाई कविले मुख्य विषयवस्तुका रूपमा प्रयोग गरेका छन् । देशमा विद्यमान शिक्षा-नीतिले शिक्षालाई व्यापारीकरण गरेको छ । स्तरीय शिक्षा दिने नाउँमा विभिन्न देशी-विदेशी दलालहरू मोटो रकम असुलीरहेका छन् ।  बिहानबेलुका हातमुख जोर्न धौ-धौ पर्ने सर्वसाधारणले आफ्ना छोराछोरी यस्ता महङ्गा स्कुलमा पढाउन सकिरहेका छैनन् । यस्ता स्कुल त भ्रष्टाचार, कालाबजारी र तस्करीमा सङ्लग्न लुटेराहरूका छोराछोरीहरूका लागि मात्र हुन् भन्ने कुरालाई कविले यस कवितामा प्रष्ट पारेका छन् । स्वयम् शिक्षाको ज्योति फैलाउने शिक्षकका छोराछोरी आफूले पढाउने सामुदायिक विद्यालयहरूमा पढिरहेका छैन । उनीहरूलाई आफैले दिने शिक्षाप्रति विश्वास छैन । उनीहरू विद्यालय पढाउन गएका नभई जागिर खानका लागि गएका हुन् भन्ने विद्यमान शिक्षाप्रणाली र शिक्षकहरूलाई समेत उनी यस कवितामा यसरी व्यङ्ग्य गर्दछन् :

आफैले पढाउने विद्यालयमा
पढदैनन् शिक्षकका छोराछोरीहरू
विश्वास छैन उनीहरूलाई आफैमाथि
आफैले पढाउन सक्छु भन्ने
यहाँ त उनीहरू जागीर खान्छन्

त्यसैले ताक्छन्

नर्सरी र आवासीय विद्यालयहरू

गद्य कवितात्मक संरचनाका १२४ पङ्क्तिका आयममा संरचित यस कवितामा ६ अक्षरदेखि २० अक्षरले बनेका पङ्क्ति संरचनाको आयोजना गरिएको छ । पदावलीमा रहेको यस कविताको शीर्षक ८ शब्द र २३ वर्णहरूको मेलबाट बनेको छ । विषयवस्तु र केन्द्रीय कथ्यका बीच समाञ्जस्यता पाइन्छ जसले गर्दा शीर्षक सार्थक रहेको छ । गद्यलयको प्रयोगमा अन्त्यानुप्रासको आयोजनाले कविता लयात्मक बनेको छ ।

च) गङ्गाकावेरी एक्सप्रेस चिठीलाई जवाफ

प्रस्तुत कृति विभिन्न ठाउँमा खोजी गर्दा नपाइएको र शोधनायकसँग पनि नरहेकाले यसको अध्ययन यहाँ गरिएको छैन ।

छ) अभिवादन गर्छ सगरमाथा पेरुभियाली जनक्रान्तिलाई

प्रस्तुत कृति विभिन्न ठाउँमा खोजी गर्दा नपाइएको र शोधनायकसँग पनि नरहेकाले यसको अध्ययन यहाँ गरिएको छैन ।

ज) भावनाका छालहरू :

प्रगतिवादी साहित्य स्रष्टा घनश्याम ढकालद्वारा रचना गरिएको शोक-गीतिका 'भावनाका छालहरू' (२०६२) आफ्नो प्रियपुत्र विजय ढकाललाई नायक बनाएर लेखिएको गीति सङ्गालो हो । काव्यनायक विजय ढकालको जन्म पिता घनश्याम ढकाल तथा माता पारू ढकालको कोखबाट २०३३ साल साउन ३ गते स्याङजा जिल्लाको पुतलीबजार नागरपालिका-८सतौ ठूले पँधेरा नजिक भएको थियो (घनश्याम ढकाल 'भावनाका छालहरूमा भावना पोख्नु अघि) । २०५६ सालमा नेकपा। (माओवादी)को पूर्णकालीन कार्यकर्ताको रूपमा भूमिगत भई विद्रोही कम्युनिष्ट पार्टीमा लागेका विजय पछि 'विश्वास' का नामले जतातातै परिचित भएको पाइन्छ । महान उदेश्य प्राप्तिका लागि दुःख कष्टको राजनीतिमा प्रवेश गरेका ढकालले व्यक्तिगत स्वार्थका लागि कहिल्यै राजनीति गरेनन् । जीवनको अन्तिम अवस्थातिर विवाह गरेका विजय नव विवाहिता दुलही नमूना शर्मालाई आफ्नो घरमा परिचय गराउने अभिलाषा पूरा गर्न नपाउँदै

२०६१ साल पुष २९ गते कास्की जिल्लाको निर्मल पोखरीको सम्मी डाँडामा सुरक्षा फौजद्वारा उनको निर्मम हत्या गरियो (उही) । यसरी प्रस्तुत काव्य ढकालद्वारा पुत्रवियोगको पीडाजन्य परिवेशमा रचना गरिएको शोक गतिकाव्य हो ।

एकमात्र छोराका बाबु-आमाको शोकाकूल भावनाका छालहरू हो, प्रस्तुत शोकगीतिका । यसमा लोकलयका सातवटा गीतिकविताहरू सङ्गृहीत छन् । प्रस्तुत कृति जम्मा १९ पृष्ठमा संरचित छ । कृतिमा विषयवस्तु र कथ्यका बीच सङ्गति पाइन्छ । कृति पढ्दा भावनाका अनेक छालहरूमा तरङ्गित भइन्छ । यसमा युद्ध र बलिदान अनि आँसु, मर्म र जीवनको कथा जोडिएको छ । कवि ढकालकै भाषामा यो आँसुको श्रद्धान्जली हो । त्यसैले कृतिको शीर्षक पूर्णतः सार्थक रहेको छ ।

प्रस्तुत काव्यमा दानवीय, राक्षसी, पाषाण हृदयी, जल्लाद शाही सत्ता र त्यसैका भरौटेहरूप्रतिको चरम घृणा र तत्कालीन क्रान्तिकारी कम्युनिष्ट पार्टीप्रति समर्थन जनाउदै द्वन्द्वरत वर्तमान नेपाली समाजलाई विषयवस्तु बनाइएको छ । त्यसैले यसमा आँसु, वेदना, अत्यचार र त्यसबाट मुक्तिका लागि सुरू गरिएको जनयुद्ध र बलिदानका कथाहरू आएका छन् ।

युद्धभूमिमा वैवाहिक बन्धमा बाँधिएका विजय आफ्ना मातापितालाई विवाहको खबर दिंदै हत्या र हिंसाको ज्वाला फिंजाएर तैनाथ रहेका शाही सरकारका जल्लादहरूद्वारा हामी जातिवेला पनि मारिन सक्छौँ । तर हामी दुई-मध्ये जो बाँचे पनि क्रान्तिको दियो निम्न दिने छैनौं भन्ने छोराबुहारीका उदात्त भाव कवि ढकालले आफ्ना भावनामा यसरी व्यक्त गरेका छन् :

चारैतिर आँधी हुरी चटचाङकको बेला
भरछैन जिन्दगीको भरे के पो होला
निल्न सक्छ अजिङगर जतिवेला पनि
जो बाँचे नि सम्भनाको दियो बल्ने छ नी

(पृ. १ बाट)

प्रस्तुत काव्यमा कवि ढकालले विजयकी बहिनीको विवाहको प्रसङ पनि उठाएका छन् । विजय आफ्नी बहिनीको विवाहमा उपस्थित हुन नपाएकोमा गुनासो व्यक्त गर्दछन् । नारी हक-हितका लागि सामन्ती रीत तोड्नु पर्ने र समाजमा नारीहरू वासनापूर्तिको साधनका रूपमा उपयोग हुदै आएकोमा त्यसप्रति सचेत रहन बहिनीलाई आग्रह गर्दै विजय भन्दछन् :

मुक्तिविना पाईदैन नारी हक हित
तोड्नुपर्छ दासी हुने सामन्तीको रीत
मेरी बैनी सचेत भै बन्नू सभ्यनारी
पुतली भै वासनाकी नबन्नू भकारी

(पृ. ४ बाट)

प्रस्तुत काव्यमा कवि ढकाले विजय सुरक्षा फौजको घेरामा परेको प्रसङ्ग उठाएका छन् । सुरक्षा फौजको घेरमा परेपछि मृत्युको मुखमा पुगेका विजय बाँच्नका लागि कहिले पनि बेइमानी र गद्दारी नगर्ने तथा अन्याय अन्यचारका विरुद्धमा जहिले पनि आफू जीवन बलिदान गर्न तयार रहेको कुरालाई कवि ढकालकै भावनामा विजय यसरी व्यक्त गर्दछन् :

बेइमानी गरौँ भने सक्थे बाँचीराख्न
गद्दारीमा चाहिन म जिम्दो लास बन्न
अन्यायको कालो पर्दा च्यात्न बलिदानी
रोजी बाटो गरेँ मैले जीवन कुर्वानी

(पृ. ५ बाट)

यसैगरी यस गीतिकाव्यमा सत्य, न्याय र स्वाभिमानलाई धन ठानेर विचारको ज्योति अँध्यारामा बाल्न सकिन्छ भन्ने दृढता व्यक्त भएको छ । अन्याय, अत्यचार, शोषण र सामन्ती समाजको अन्त्य गर्न खुसीहरूको बलिदान गर्नु पर्ने तथा कर्ममुखी भई निजि स्वार्थहरू त्यानुपर्ने कुरा क्रान्तिनायक विजय ढकाल यसरी व्यक्त गर्दछन् :

अन्याय र अत्यचार अन्त गर्नलाई
बलिदान गरेँ मेरा सबै खुशीलाई
आँधीमय हुन गयो जीवनको गति
कर्ममुखी हुँदा छोडेँ निजी स्वार्थ जति

(पृ. ८ बाट)

यसरी अन्याय, अत्याचारको अन्त्यका लागि आफ्नो जीवन बलिदान गर्न आफ्नो पाटी, साथीभाई र आफ्नी प्रियालाई-समेत बलिदानीको रण छाडेर नभाग्न आह्वान गर्दै सबैसँग विदा माग्दै विजय मुक्तिका लागि मृत्यु अँगाल्न पुग्दछन् ।

विजयको मत्युको खबर थाहा पाएकी नमूना उनको मृत्युमा शोक विह्वल हुँदै क्रान्तिमा लागिरहने विचार यसरी अभिव्यक्त गर्दछिन्:

विवाहको बधाई पत्र नसिद्धिँदै
शोकपत्र आइहाले मुटु भत्काउँदै
शोकमग्न माछापुच्छ्रे शोकमग्न जन
रातो, फूल, हृदयमा सजाउँछ मन ।

(पृ. १३ बाट)

काव्यको अन्त्यतिर कवि ढकाल अन्याय अत्याचारबाट तथा वर्गीय विषमताबाट मुक्तिका लागि सम्पूर्ण विपन्न वर्गका जनतालाई मुक्तिकामी सङ्घर्षमा पखेटा फिजाएर लाग्न आहवान गर्दै भन्दछन् :

सधैँभरि अन्धकार हावी हुने छैन
दुखैदुख अभावको भावी लेख हैन
ब्युँज, उठ दुखी जति मान्छे बन्नलाई
मुक्तिकामी संग्राममा पँखेटा फिजाई ।

(पृ. १३ बाट)

यसरी प्रस्तुत काव्यमा कवि ढकालले सत्ता र शासकका बलमा हुने अत्याचारका विरुद्धमा आम जनतालाई मुक्तिकामी सङ्घर्षमा लाग्न प्ररेणा दिँदै आफ्ना क्रान्तिकारी भावनाहरू व्यक्त गरेका छन् ।

लोकलयका गीति छन्दमा रचना गरिएको प्रस्तुत काव्य बलिदानप्रति अथाह स्नेह र श्रद्धा जगाउन सफल देखिन्छ । सरल, सहज, ठेट नेपाली भाषा  र स्थानीय भाषिकाको प्रयोग यस काव्यमा भएको छ । क्रन्तिकारी बलिदानका भावनालाई व्यक्त गर्न विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग काव्यमा भएको छ । उपमा र अन्त्यानुपास अलङ्कारको प्रयोगले काव्यमा भाषिक मिठास सिर्जना गरेको छ जसले गर्दा कवितामा लयात्मक माधुर्य सिर्जना भएको देखिन्छ भने विभिन्न ठाउँमा प्रयोग भएका निपातहरूले भाषिक वैशिष्ठ्यको परिचय दिएका छन् ।

### ४.४.९ घनश्याम ढकालद्वारा सम्पादित समालोचनाको अध्ययन

नेपाली भाषा र साहित्यको श्रीवृद्धि गर्ने उद्देश्यले खोलिएको साहित्यक संस्था ‘गण्डकी साहित्य सङगम’ पोखराद्वारा प्रकाशित र साहित्यकार घनश्याम ढकालद्वारा सम्पापित ‘यथार्थवादी नेपाली समालोचना’ (२०६२) र ‘पोखरेली समालोचना’ (२०६५) नेपाली समालोचनाको इतिहासमा महत्त्वपूर्ण कृतिका रूपमा देखापरेको छ । यी दुई कृतिमा ढकालका विभिन्न विषयक व्यवहारिक समालोचना सङ्कलित रहेका छन् ।

#### ४.४.९.१ यथार्थवादी नेपाली समालोचना

आलोच्य कृतिको आमुख पृष्ठमा ढकालले ‘कला’ शब्दले साहित्य, संगीत, नृत्य, मूर्ति, वास्तु तथा चित्रकलाका रूपहरूलाई प्रतिनिधित्व गर्दछ । फ्रान्सेली साहित्यवाट विश्व साहित्यमा यथार्थवाद देखापरेका हो भन्दै यथार्थ निरपेक्ष नभई सापेक्ष हुन्छ भनेका छन् । साहित्य यथार्थको फोटोग्राफिक चित्रण नभई यथार्थको प्रतिबिम्बन हो, यथार्थवादी साहित्यले रचनाकार र वस्तुजगतको सहसम्बन्धको खोजी गर्दछ भन्ने धारणा ढकालले यहाँ राखेका छन् । यसैगरी ढकालले यहाँ स्वच्छन्दवादको विरुद्धमा यथार्थवादको प्रदुर्भाव फ्रन्सेली साहित्यबाट भएको हो भन्दै १९औं शताब्दीमा यथार्थवादले समाजगत वस्तुपरकतामा जोड दिएकाले यो समय यथार्थवादको उर्वर काल हो भनेका छन् । यथार्थवादको प्रकृति सुरुदेखि नै प्रगतिशील रहेको छ भन्दै ढकालले यो वर्तमान समयमा पूँजीवादी यथार्थको विरुद्धमा उभिनपुगेको छ र यसले सर्वहारा सांस्कृतिक क्रान्तिचेतनालाई आत्मसात गर्ने मार्क्सवादी दर्शनलाई अङ्गीकार गरेको छ भन्ने धारणा ढकालको रहेको छ । ढकालले अगाडि प्रगतिवादी समालोचना यथार्थवादको आधारमा विकसित भएको र प्रगतिवादले शोषित-उत्पीडित वर्ग तथा राष्ट्रको मुक्तिको पक्ष लिन्छ भन्दै नेपाली साहित्यमा पनि यथार्थवादको सुदृढ परम्परा रहेको छ भनेका छन् । खासगरी २००६ सालमा नेपाल कम्युनिष्ट पार्टीको स्थापनासँगै प्रगतिवादी समालोचनाको जन्म भएको हो र सामन्तवाद-साम्राज्यवाद विरोधी वैचारिक सेरोफेरोमा विकसित हुदै अगाडि बढेको हो भन्ने मत ढकालको रहेको छ । जीवन जगतलाई सही सौन्दर्यात्मक दृष्टिले विश्लेषण गर्न नसक्नु नै यसको मूल समस्या हो भन्दै ढकालले नेपाली साहित्यमा थुप्रै प्रगतिवादी समालोचक देखापरे पनि कहीले यो धारा छोडिसकेका छन् भने नवउदीयमान थुप्रै समालोचोकहरू यस धारमा कलम  चलाइ रहेका छन् भनेका छन् ।

विवेच्य कृतिलाई विषयवस्तुका दृष्टिले हेर्दा साहित्यका हरेक विधालाई समेट्ने बृहत कृति सावित भएको छ । ढकालले यसमा विभिन्न समालोचकका विभिन्न विधा सम्बन्धी थुप्रै व्यवहारिक समालोचना समेटेका छन् जसमध्ये ढकालकै आफ्ना कवितासम्बन्धी र उपन्याससम्बन्धी दुईवटा व्यवहारिक समालोचना समाविष्ट भएका छन् । 'पश्चिमाञ्चलको कवितात्मक परिक्रमा' शीर्षकको कवितात्मक समालोचनामा ढकालले कविताले सामाजिक जनजीवन भित्रका कुनै न कुनै वर्गका मानिसको भावना, विचार अभिवयक्त गर्ने हुँदा जीवन र जगतको परिवेशबाट कवि मन निर्माण भएको हुन्छ र यथार्थसँग कविको मन र भावना मिसिएर प्रस्फुटन भएको आवेगबाट कवितात्मक बिम्ब बन्दछ भनेका छन् । ढकालले पश्चिमाञ्चलको कवितात्मक पृष्ठभूमिका रूपमा आदिकवि भानुभक्त आचार्य, कविशिरोमणि लेखनाथ पौड्याल राष्ट्रकवि माधवप्रसाद घिमिरे, जनकविकेशरी धर्मराज थापा रहेका छन् र यिनीहरूका कवितामा शासक र सत्ता स्तुतीले प्रभाव पारेको छ भनेका छन् । यही पृष्ठभूमिमा पश्चिमाञ्चलको कवितात्मक अभिव्यक्ति सुरु भएको र यसलाई अगाडि बढाउन थुप्रै स्रष्टाहरू अझ पनि क्रियाशील रहेका छन् भन्दै प्रगतिवादी धाराका कविहरूका कवितामा सामाजिक जनजीवनको यथार्थ विसङ्गति बोध समसामयिकता, युगबोध, इतिहास बोध वर्गचेतना, समाज परिवर्तनको चाहना, शान्तिको कामना, राष्ट्रियता मानवता, निरङ्कुशता र समान्तवाद साम्राज्यवादको विरोध आदि समयसापेक्ष रूपमा प्रतिबिम्वित भएका छन् भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । यसैगरी उपन्यास विषयक 'औपन्यासिक चेतना विकासको सन्दर्भमा समयत्रासदी' शीर्षकको समालोचनामा ढकालले शून्यवादी तथा विसङ्गतिवादी उपन्यासकार सरुभक्तका उपन्यासमा व्यक्तिवादी पूजीवादी चिन्तन हावी भई यथार्थवादी चिन्तन शून्य रहेको अनि सरुभक्तका उपन्यास पुँजीवादी चिन्तन भएका व्यक्तिका लागि उपयोगी हुने निष्कर्ष निकलेका छन् र यथार्थवादको सही परिचय दिएका छन् । यसरी विवेच्य कृति प्रगतिवादी नेपाली साहित्यका नयाँ र पुरना साधकहरूको व्यक्तिगत स्थान निर्धारण गर्न अन्यन्त सफल रहेकी निष्कर्ष निकाल सकिन्छ ।

### ४.४.९.२ पोखरेली समालोचना

प्रगतिवादी नेपाली समालोचनामा 'गण्डकी साहित्य सङ्गम पाखराको प्रकाशन र घनश्याम ढकालको सम्पादनमा प्रकाशित 'पोखरेली समालोचना' (२०६५) अर्को महत्त्वपूर्ण समालोचनात्मक ग्रन्थ हो । ढकालकै भाषामा भन्नु पर्दा यस कृतिमा प्रगतिवादको केन्द्रीयतामा

यथार्थपरक र प्रगतिशील समालोचकीय दृष्टिलाई कृति विश्लेषण र मूल्याङ्कनको आधार बनाएको छ । यसको सम्पादकीयमा ढकालले प्रगतिवादी साहित्यले समग्र जीवनको सिर्जनात्मक प्रगतिबिम्बन गर्दै कुरूपतालाई सुन्दरतामा परिवर्तन गर्दछ अनि परिवर्तनको पक्षमा रहेका आन्दोलन, युद्ध र मुक्तिकामी सङ्घर्षलाई समर्थन गर्दछ भनेका छन् । नेपाली साहित्यमा प्रगतिवादी साहित्य सिर्जना विगत छ दशकदेखि भइरहेको छ । यसबीचमा थुप्रै साहित्यिक वादहरू आए गए तर संसारमा शोषण, दमन, अन्याय अन्याचार रहेसम्म र मानिसले सुन्दर भन्दा सुन्दर जीवनको खोजी गरेसम्म यो यात्रा चलिरहन्छ, भन्ने धारणा ढकालको रहेको छ । ढकालले यसमा पोखरा बाहिर र भित्र कर्मथलो बनाएका स्रष्टाहरूको सिर्जनाले पोखरेली साहित्य निर्माण भएको छ भन्दै पोखरेली साहित्यलाई तीन धारामा विभाजन गरेका छन् । पहिलो सामन्तवादी-स्तुतिवादी धारा हो र यस धाराका परिष्कृत कवि लेखनाथ पौड्याल हुन् । ईश्वरभक्ति, राजभक्ति र सामन्तवादी सत्ता समर्थन यस धाराका खास प्रवृत्ति हुन् । दोस्रो धारा रूपवादी धारा हो र यस धारामा तेजनाथ घिमिरे, सरुभक्त, तीर्थ श्रेष्ठ, रमेश श्रेष्ठ देखापरेका छन् र यी सबैले साहित्यलाई भाषा खेल ठान्दछन र प्रतिक्रियावादी विषयवस्तुलाई नयाँ रूप र शैलीमा अभिव्यक्ति दिने प्रयास गर्दछन् र तेस्रो धारा प्रतिवादी धारा हो र यस धारा अन्तर्गत रबिलाल अधिकारी, भवानीप्रसाद पाण्डे, नुमराज बराल, कुलबहादुर केसी घनश्याम ढकाल आदिले कलम चलाएका छन् र यिनीहरूले गतिशील यथार्थको पुनर्सिर्जन गर्दै सामाजिक रूपन्तरगका लागि साहित्य सिर्जना गरेका छन् भन्ने कुरा ढकालले यहाँ प्रस्तुत गरेको छन् ।

विवेच्य कृतिमा कविताविषयक, आख्यानविषयक, निबन्धविषयक र लोकसाहित्यविषयक समालोचनाहरू सङ्कलित रहेका छन् जसमा ढकालकै कविताविषयक र आख्यानविषयक गरी पाँचवटा समालोचना आएका छन् । ढकालले ‘तीर्थ श्रेष्ठ र उनका कविता’ शीर्षकको समालोचनामा तीर्थ श्रेष्ठले तरलतावादमार्फत कविताको परिभाषा दिन खोजे पनि उनी त्यसमा विफल रहेका छन् भन्दै श्रेष्ठको वैचारिक धरातल पुँजीवादी प्रजातन्त्र, स्वतन्त्रता र मानवताको अवधारणा हो । उनले सामन्ती भाट प्रवृत्तिको विरुद्धमा कलम चलाएका छन् तर विडम्बाना उनले व्यवहारिक जीवनमा सामन्ती भाटहरूलाई बोकेर हिंडेको पनि देखिएको छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

ढकालको अर्को काव्य विषयक समालोचाना ‘कवि रमेश श्रेष्ठ र उनका कविताको अर्न्तवस्तु’ हो । यसमा ढकालले श्रेष्ठका कविताको विषयवस्तुमा देश, प्रकृति, मन, मानसजगत,

बुद्धिविचार, साहित्यकार, विकृति, विसङ्गति, कल्पना र जीवनका विविध अनुभूति आएका छन् । उनका कविताले श्रमजीवी वर्गीय पक्षधरताको उदघोष गर्दैनन्, न कुरूप र अन्यायी संसारसँग विद्रोह गरेर नयाँ सिर्जनाको कामना नै गरेका छन् । उनले कवितामा अग्रगाम धारणा नराखेका होइनन् तर वर्गीय पक्षधरताको सवालमा उनी प्रष्टिन सकेनन् । त्यसैले उनका कविताको मूल समस्या विचारधारात्मक अस्पष्टता हो भन्ने धारणा ढकालले प्रस्तुत गरेका छन् ।

विवेच्य कृतिको अर्को समालोचनात्मक 'नेपालश्री' : एकविवेचना शीर्षकमा ढकालले माहाकाव्यीय मान्यताहरू चर्चा गर्दै नेपाली साहित्यमा थुप्रै महाकाव्य रचना भए पनि यसले महाकाव्यको विकासलाई सङ्केत गर्दैन र अझ पनि नेपालीमा महाकाव्यको विकास हुन सकेको छैन भन्दै 'नेपालीश्री' महाकाव्यको चर्चा गरेको छन् । नेपालीश्रीमा सामन्तवादी चिन्तन, संस्कार र संस्कृतिलाई आधार बनाइएको छ । यसको जीवनदृष्टि आर्दशवादी छ, प्रतिगामी र युगचेतना विपरित  छ । त्यो यथास्थितिको पृष्ठपोषक छ र समान्तवादको प्रवक्ताको रूपमा उपस्थिति भएको छ । राष्ट्रियता र विभिन्न सूचनात्मक ज्ञानका लागि यो सबल रहेपनि माहाकाव्यको अनुकरणसमेत 'नेपालश्रीले गर्न सकेन भन्दै यसले अग्रगामी दिशा होईन, प्रतिगामी दिशा समातेको छ भन्ने निष्कर्ष ढकालले प्रस्तुत गरेका छन् ।

विवेच्य कृतिको अर्को लेख 'पोखरेली कविता 'केही टिपोट' शीर्षकका समालोचनामा कविता युग जीवनको स्पन्दन हो, कविता कविताका लागि नभई जीवनका लागि हुनुपर्छ भन्दै पोखरेली कवि तथा गीतकारहरूको संक्षिप्त चर्चा गरेका छन् । यसमा उनले पोखरेली कविता विविधि प्रवृत्ति छन् भन्दै यहाँका कवितामा अन्याय, अत्याचार, विकृति वा विसङगतिको विरोध, सामाजिक जनजीवनको चित्रण, राष्ट्रियता, नारीमाथिको शोषण दमन र उत्पीडन जस्ता कुराहरू विषय बनेर आएका छन् र तिनमा सामाजिक परिवर्तनको स्वर अगाडि छन् भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

विवेच्य कृतिको आख्यान विषयक समालोचना 'पोखरेली आख्यान : सङ्क्षिप्त चिनारी' रहेको छ । यसमा ढकालले नेपाली आख्यान जनजीवन र समाजप्रति उत्तरदायी छ र यसले उद्रीयमान यर्थाथसहित जनयुद्ध, जनआनदोलन र समसायिक यथार्थका विविध पाटालाई आत्मसात गरेको छ भन्दै पोखरेली आख्यानको प्रवृत्तिगत पक्षमा चर्चा गरेका छन् । ढकालले यस क्षेत्रका थुप्रै आख्यानकारहरूको नाम उल्लेख गर्दै यहाँका आख्यानात्मक कृहिरू आँफूले प्रस्तुत गरेका प्रवृति प्रस्तुत गर्न अन्तर्वस्तु र रूप दुवैमा सबल छैनन् भन्दै पोखरेली आख्यानको

जीवनशील पक्ष आदर्शोन्मुख यर्थाथवाद, सामाजिक यर्थाथवाद, आलोचनात्मक यथार्थवाद र समाजवादी यथार्थवाद रहेको निष्कर्ष प्रस्तुत गरेका छन् ।

यसरी हेर्दा विवेच्य कृतिमा लामा-छोटा गरी ४२ वटा लेखहरू समावेश गरिएका छन्। यसमा विभिन्न विधाका लेखहरू समावेश भए पनि कविता विषयक लेखहरूकै बाहुल्यता देखिन्छ । नेपाली यथार्थवादी साहित्यको समालोचनाका क्षेत्रमा आफ्नो स्थान सुरक्षित राख्न कृति सफल रहेको छ ।

## ४.५ निष्कर्ष

२०२६ सालमा स्याङ्जाबाट प्रकाशित हुने 'मातृभूमिको गोरेटो' पत्रिकामा प्रकाशित निबन्धबाट साहित्यमा प्रवेश गरेका ढकालले कविता, कथा, उपन्यास, निबन्ध र समालोचनाजस्ता विधामा सफल कलम चलाएर प्रगतिवादी नेपाली साहित्यमा ठूलो योगदान पुऱ्याएका छन् । एकदर्जन भन्दा बढी रचना प्रकाशित गरेका ढकालद्वारा लिखित विविध विधाहरूको क्रमिक अध्ययनका आधारमा हेर्दा उनी सामन्तवादी-पूँजीवादी, साम्राज्यवादी शक्ति, वर्गीय असमानतायुक्त शासन व्यवस्थाप्रति व्यङ्ग्य र विद्रोह प्रकट गर्दै त्यसको अन्त्य तथा वर्गविहीन समतामूलक समाज निर्माणमा जोडदिने प्रगतिवादी साहित्यकार हुन् । सामन्तवादी-पूँजीवादी, पञ्चायती शासन व्यवस्थाका कुकृत्य, सामाजिक, आर्थिक, राजनीतिक, जातिगत समस्या र वर्गीय असमानताको यथार्थ चित्रण गर्दै आख्यान विधाअन्तर्गत कलम चलाउने ढकाल वर्गविहीन, न्यायमूलक, समतामूलक समाज निर्माणको स्वर प्रकट गर्ने समाजवादी-यथार्थवादी आख्यानकार हुन् । राष्ट्रिय तथा अन्तराष्ट्रिय विषयवस्तु विश्लेषण गरी देश निर्माणको दूरदर्शी चिन्तन तथा कलासंस्कृतिप्रतिको मोह प्रकट गर्दै राष्ट्र निर्माणको स्वर प्रकट गर्ने ढकाल वैचारिक निबन्धकार पनि हुन् । प्रगतिशील र मार्क्सवादी सौन्दर्यचिन्तनसम्बन्धी भ्रमलाई निवारण गर्दै शोषित-पीडित जनताको पक्षमा साहित्य सिर्जना गर्ने ढकाल सफल मार्क्सवादी समालोचक हुन् ।

# परिच्छेद पा“च

# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

स्याङ्जा जिल्लाको ढटुवालेमा २०१० साल माघ १४ गतेका दिन जन्मेका घनश्याम ढकाल पिता प्रभाकर ढकाल र माता कौशल्या ढकालका कान्छो सन्तान हुन् । ढकालले बाल्यकाल, किशोरावस्थाको जीवनका साथै एस.एल.सी. सम्मको अध्ययन त्यहीँबाट पूरा गरेका पाइन्छ । विभिन्न अभाव र विपन्न आर्थिक अवस्थासँग पौँठेजोरी खेल्दै पृथ्वीनारायण क्याम्पस पोखराबाट आई.एस्सी. तथा त्रि.वि. कीर्तिपुरबाट एम.एस्सी. सम्मको अध्ययन ढकालले पूरा गरेका छन् । २०२४ सालमा पारू बरालसँग वैवाहिक सम्बन्धमा बाँधिएका ढकालले आर्थिक स्रोत जुटाउन प्राध्यापन पेशामा सम्लग्न रहनुका साथै साहित्य सिर्जना र राजनीतिमा समेत क्रियाशीलता देखाएको पाइन्छ । ढकाल लेखन कार्यमा जति सक्रिय छन्, सामाजिक, राजनीतिक एवम् सांस्कृतिक रूपान्तरणका क्षेत्रमा पनि उत्तिकै सक्रिय रहेका पाइन्छन् । बहुविध क्षेत्रमा सक्रिय घनश्याम ढकालले नेपाली साहित्यका कथा, कविता, उपन्यास, निबन्ध र समालोचनाजस्ता विधामा कलम चलाए तापनि उनको लेखनको मूल विधा आख्यान र त्यसपछि समालोचना हो । सानै उमेरदेखि साहित्यप्रति रुचि भएको बताउने ढकालले २०२६ सालमा प्रथमपटक निबन्ध विधाबाट साहित्य यात्रा प्रारम्भ गरे पनि मार्क्सवादी सौन्दर्यशास्त्रबाट प्रभावित भएपछि यस क्षेत्रमा क्रियाशील हुँदै समाजमा विद्यमान आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा देखिएको विकृति र विसङ्गतिलाई मार्क्सवादी दृष्टिले हेरेका छन् । त्यतिमात्र होइन विभिन्न प्रकारका जनवर्गीय एवम् पेशागत सङ्घ-सङ्गठनमा सम्लग्न हुँदै ढकालले आफ्नो रुचि, क्षमता, क्रियाशीलता र भूमिकाको स्पष्ट पहिचान दिएका छन् । २०३६ सालदेखि प्राध्यापनलाई आफ्नो मूल पेशा बनाउँदै आएका ढकाल उपप्राध्यापक पदबाट २०५८ सालदेखि अवकाश प्राप्त जीवन बिताइरहेका छन् ।

मझौला कद, सुहाउँदो शरीर, गहुँगोरो वर्ण, दाह्रीजुँगा काट्न मनपराउने र सँधै शिरमा क्याप लगाएर सादा पहिरनमा सानो झोला भिर्न रुचाउने घनश्याम ढकाल शालीन, सौम्य र मृदुभाषी व्यक्तित्व हुन् । सरलता, मिलनसारिता, निष्कपटता र निर्भिकता उनमा रहेका गुण

हुन् । उनी वर्गीय पक्षधरताका साथ अन्याय-अत्याचार एवम् शोषण-दमन र दुराचारका विरुद्धमा कडाइका साथ प्रस्तुत हुने गर्दछन् । सिद्धान्त र व्यवहारमा सन्तुलित एवम् वैचारिक आस्था र निष्ठामा अविचलित ढकालका व्यक्तित्वका विभिन्न पाटाहरू छन् । उनी पेशाले प्राध्यापक, सिर्जनात्मक कर्मले आख्यानकार, समालोचक, निबन्धकार र कवि तथा चिन्तन र व्यवहारमा प्रगतिशील-प्रगतिवादी व्यक्तित्व हुन् । त्यतिमात्र होइन सामाजिक उत्तरदायित्व बोधबाट प्रेरित भएका ढकालले राजनीतिक, सांस्कृतिकलगायतका विभिन्न सङ्घसंस्थामा आवद्ध हुँदै र मार्क्सवादी सौन्दर्यशास्त्रतर्फ अभिरुचि बढ्दै गएपछि प्रखर प्रगतिवादी समालोचक एवम् सौन्दर्यचिन्तकका रूपमा आफ्नो स्पष्ट चिनारी दिएका छन् । प्रखर समालोचक भएकै कारण भूमिकालेखक व्यक्तित्वको निर्माण पनि ढकालले गरेका छन् तापनि मूल रूपमा उनको आख्यानकार व्यक्तित्व नै प्रभावशाली देखिन्छ ।

२०२६ सालबाट सिर्जनाका क्षेत्रमा प्रवेश गरेका ढकालको साहित्यिक व्यक्तित्व मार्क्सवादी वैचारिक दृष्टिबाट निर्मित रहेको प्रष्ट छ । उनी बहुसङ्ख्यक जनताका हितमा साहित्य सिर्जना गर्ने नयाँ जनवादी संस्कृतिका सम्वाहक साहित्यकार हुन् । उनका ‘भरिया र यात्री’ (२०४६), ‘शहीद मानचित्रमा नपरेको शहीद’ (२०४८), ‘समर्पणको बाटोमा’ (२०५१), ‘आजको महाभारत’ (२०५१) र ‘सहिदको सालिक’ (२०६६) गरी पाँचवटा कथासङ्ग्रह, ‘गाउँभित्र’ (२०४७) र ‘रातो आकाश’ (२०६०) गरी दुईवटा उपन्यास, ‘मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना’ (२०५४) र ‘द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवाद’ (२०६४) गरी दुई समालोचनात्मक ग्रन्थ, ‘नाम कमाउने रहरमा’ (२०४२), ‘दरिद्रताबाट मुक्ति’ (२०४५) जस्ता निबन्धसङ्ग्रह र ‘फैसला हारजितको’ (२०४४) कवितासङ्ग्रह अनि ‘भावनाका छालहरू’ (२०६२) जस्तो गीतिकाव्यले ढकाललाई प्रगतिवादी साहित्यकारको रूपमा स्थापित गराएको छ । यसरी साहित्यका विविध विधामा कलम चलाए तापनि ढकालले आख्यान विधामा विशेष सिद्धि हासिल गरेका छन् । आख्यानअन्तर्गत पनि उनले कथा र उपन्यास विधाबाट समाजलाई नियाली जीवन भोगाइका जटिल यथार्थहरू प्रस्तुत गरेका छन् ।

ढकालका कथामा राजनीतिका केन्द्रमा समाजका विभिन्न पक्षहरू अन्धविश्वास, राष्ट्रियता, शैक्षिक स्थिति, विकास कार्य, सहिदको अवमूल्यन, चेलीवेटी वेचविखन, संशोधनवादी चरित्रको प्रस्तुति, माओवादी जनयुद्धको सुरुवात र त्यसका कारण सिर्जित महासमर अनि यस क्रममा राज्यले सिर्जना गरेको आतङ्कपूर्ण व्यवहार, वेपत्ता परिवारको पीडा र विद्रोहको

अभिव्यक्ति भएको पाइन्छ । ढकालका अधिकांस कथाहरू रैखिक ढाँचमा संरक्षित रहेका छन् भने उनीका कथामा आन्तरिकभन्दा बाहय् द्वन्द्वको  सशक्त चित्रण पाइन्छ । वर्गीय दृष्टिले हेर्दा ढकालका कथामा उच्च र निम्नवर्गका पात्रहरूको प्रयोग पाइन्छ जसमा उच्चवर्गका पात्रद्वारा गरिएको शोषण र दमनको विरुद्ध निम्नवर्गका पात्रहरू सङ्गठित भइ सङ्घर्ष गरेको देखाइएको छ । सरल, सहज भाषाको प्रयोग गर्ने ढकालका केही कथा बाहेक अधिकांस कथाहरू अभिधामूलक रहेका छन् । उखानटुक्का, निपात, अनुकरणात्मक शब्द, कथ्य भाषा, आगन्तुक शब्द र उपमाको प्रयोगले कथामा भाषिक स्वभाविकता ल्याएको पाइन्छ ।

ढकालका उपन्यासमा गरिबीको मुक्तिका लागि सर्वहारा जनताले गरेको सङ्घर्ष र त्यो सङ्घर्ष दवाउन पूँजीपति शासक र प्रहरी प्रशासनले गरेको दमन अनि दिएको पीडालाई प्रस्तुत गरिएको छ । वर्गसङ्घर्षविना समतामूलक समाज निर्माण हुन् सक्दैन भन्ने ढकालले माक्सवादी वैचारिक चेतना विना सामाजिक मुक्ति सम्भव नहुने देखी उपन्यासमा वर्गद्वन्द्व प्रस्तुत गरेका छन् । उनका उपन्यासमा वर्गीयपक्षधरता, पार्टी प्रतिबद्धता, थिचोमिचोको विरोध, शोषक र शोषितहरूबीचको समस्या, द्वन्द्वात्मकता, श्रम र सङ्घर्षको समर्थनजस्ता विशेषताहरू पाइन्छन् ।

आख्यानकार व्यक्तित्वपछि ढकालको समालोचकीय व्यक्तित्व क्रियाशील रहेको पाइन्छ । प्रगतिवादी दृष्टिबाट आलोकित एवम् सामाजिक दायित्व बोधका साथ विश्लेषित उनका समालोचना सैद्धान्तिक र व्यवहारिक हुनुका साथै वैचारिक पनि रहेका छन् । ढकालको समालोचनाको आधार मार्क्सवाद हो । मार्क्सवादी सौन्दर्यचिन्तनका क्षेत्रमा उनको महत्त्वपूर्ण योगदान रहेको छ । ‘मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना’ (२०५४) र ‘द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवाद’ (२०६४) यस क्षेत्रको प्राप्ति हो । यी कृतिमा ढकालले मार्क्सवादी सौन्दर्यचिन्तन र दर्शनको व्याख्या गरेका छन् । यसैगरी ढकालले निबन्ध र कवितामा समेत कलम चलाएका छन् । उनी आफ्ना निबन्धमा वस्तुपरक र वैचारिक निबन्धकारका रूपमा अनि कवितामा जीवनवादी र आशावादी कविका रूपमा चिनिएका छन् ।

ढकाल शोषित-पीडित वर्गका समस्याको चित्रण गर्दै पुँजीवादी शासन सत्ताको पतन, वर्गीय विभेदको अन्त्य तथा न्याययुत्त समतामूलक समाज निर्माण जोडदिने समाजवादी-यथार्थवादी आख्यानकार मार्क्सवादी-प्रगतिवादी सौन्दर्यचिन्तक तथा समालोचक वैचारिक र वस्तुपरक निबन्धकार हुन् । उनले आफूले देखे-सुनेका र अनुभव गरेका विषयवस्तुलाई साहित्यका विभिन्न विधामार्फत प्रस्फुटन गरेका छन् । कथा, उपन्यास, निबन्ध र कविता

विधामा कलम चलाई प्रगतिवादी नेपाली साहित्यको विकासमा योगदान पुऱ्याएका छन् । यसरी विभिन्न विधाका साहित्यिक रचनाहरूको मूल्याङ्कनपछि घनश्याम ढकाल नेपाली साहित्यकै उत्कृष्ट साहित्यकार हुन् भन्न सकिन्छ ।

## ५.२ निष्कर्ष

'साहित्यकार घनश्याम ढकालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकमा गरिएको शोधपत्रको समग्र अध्ययन-विश्लेषणबाट निम्नलिखित निष्कर्ष प्राप्त भएका छन् :

१. स्याङ्जा जिल्लाको ग्रामीण परिवेशमा २०१० सालमा जन्मेएका ढकालले विभिन्न आर्थिक कठिनाइसँग पौँठेजोरी खेल्दै त्यहीँबाट माध्यमिक तहको अध्ययन पूरा गरी पृथ्वीनारायण क्याम्पस पोखराबाट आ.एस्सी. र बी.एस्सी. अनि त्रि.वि. कीर्तिपुरबाट एम.एस्सी. सम्मको अध्ययन सम्पन्न गरी प्राध्यापन र सिर्जनामा सम्लग्न हुँदै प्रगतिवादी खेमाका प्रखर साहित्यकारका रूपमा स्थापित हुन पुगेका ढकालको जीवन ज्यादै सङ्घर्षमय एवम् वेगवान् रहेको देखिन्छ ।

२. २०२६ सालबाट निबन्ध विधा र २०३८ सालबाट आख्यानका फाँटमा प्रवेश गरी हालसम्म सक्रिय रहेका ढकालका समालोचक, निबन्धकार, कवि, प्राध्यापक, सम्पादक, शिक्षक, भूमिकालेखक, राजनीतिक-सांस्कृतिक, साङ्गठनिक आदि व्यक्तित्वका पाटा भए पनि आख्यानकार व्यक्तित्व नै बढी प्रभावकारी रहेको पाइन्छ ।

३. ढकालको विधागत लेखनलाई सिंहावलोकन गर्दा आभ्यासिक लेखन निबन्ध र कविता रहे पनि आख्यान र समालोचनामा निरन्तर क्रियाशील रहेको पाइन्छ ।

४. ढकालका साहित्यिक रचना सङ्ख्यात्मक तथा गुणात्मक दृष्टिले सुन्दर एवम् उच्च-उदात्त रहेका छन् ।

५. घनश्याम ढकालले समाजवादी-यथार्थवादी धारामा रहेर प्रगतिशील चिन्तन प्रस्तुत गरेका छन् ।

६. ढकालका कथाले जनआन्दोलन अघि र पछिको परिवेशलाई समेटेका छन् र तिनमा राजनीतिका केन्द्रमा नेपाली समाजका विभिन्न पक्षहरू अन्धविश्वास, शैक्षिक स्थिति, राष्ट्रियता, सामन्ती प्रवृत्तिको विरोध, अवसरवादी चरित्र, चेलीवेटी वेचविखन, शोषक-सामन्तीहरूको अन्याय-अत्याचार, माओवादी जनयुद्धको पृष्ठभूमि, सहिदको अवमूल्यन र विद्रोहको अभिव्यक्ति पाइन्छ ।

७. प्रतिकूल परिवेशमा समेत द्वन्द्वरत अवस्थालाई विषय बनाइ उपन्यास रचना गर्ने ढकालले आफ्ना उपन्यासमा पूँजीपति शोषकवर्गको कुकृत्यको भण्डाफोर गरी मजदुर वर्गको विजयलाई प्रस्तुत गरेका छन् ।

८. ढकालका कथा, उपन्यास र कविता तथा संस्कृति र मार्क्सवादी सौन्दर्यसम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक समालोचनहरू देखिन्छन् ।

९. सैद्धान्तिक अध्ययनका क्रममा ढकालले मार्क्सवादी सौन्दर्यशास्त्रको व्यख्या तथा मार्क्सवादको दार्शनिक आधार प्रस्तुत गरेका छन् ।

१०. व्यवहारिक समालोचनाअन्तर्गत ढकालका कविता, कथा र उपन्यास विषयक समालोचना रहेका छन् तापनि कविताका तुलनामा अन्य विधासम्बन्धी अध्ययन न्यून रहेको पाइन्छ ।

११. ढकालले समसामयिक साहित्यिक-सांस्कृतिक घटना सन्दर्भका साथै तत्कालीन गतिविधिका बारेमा पनि समीक्षात्मक टिप्पणी एवम् विचार व्यक्त गरेका छन् ।

१२. ढकाल वस्तुपरक र वैचारिक निबन्धकार हुन् । उनले आफ्ना निबन्धमा सिद्धान्त विचलनको विरोध र सिद्धान्तनिष्ठता, व्यक्तिवादको विरोध र सामूहिकताप्रतिको निष्ठा एवम् आस्थाभावको अभिव्यक्ति प्रकट गरेका छन् ।

१३. घनश्याम ढकालले नेपाली साहित्यका कथा, उपन्यास, निबन्ध, कविता र समालोचना/सौन्दर्यचिन्तन जस्ता विधामा कलम चलाए पनि उनको योगदान कथा उपन्यासमा उल्लेखनीय रहेको छ ।

यो शोधपत्र 'साहित्यकार घनश्याम ढकालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन' मा केन्द्रित रहेको छ । भविष्यमा उनका साहित्यिक कृतिहरूलाई केलाएर शोध गर्न चाहने इच्छुक व्यक्तिले निम्नलिखित शीर्षकमा शोध गर्न सक्नेछन् :

१. घनश्याम ढकालका कथागत प्रवृत्तिको अध्ययन

२. घनश्याम ढकालका उपन्यासमा प्रगतिवादी चिन्तन

३. घनश्याम ढकालका उपन्यासको कृतिपरक अध्ययन

४. घनश्याम ढकालको निबन्धकारिताको अध्ययन

समाप्त ।